# शिक्षा

## कक्षा-१०

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
नेपाल

# शिक्षा

## कक्षा १०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७६

मुद्रण : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

ISBN : 978-9937-601-32-0

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीहरूमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान् अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्या सम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण, संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजकको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरण विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । विद्यार्थीको विशेष क्षमता उजागर गर्न ऐच्छिक विषयहरूको पनि व्यवस्था  गरिनुपर्छ । यही आवश्यकता पूर्तिका लागि माध्यमिक तह (कक्षा ९-१०) शिक्षा विषयको पाठ्यक्रम, २०७४, शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर क्रियाका निष्कर्षका साथै विभिन्न पृष्ठपोषणसमेतलाई आधारमानी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन डा. गणेश धमला र डा. जीवन खड्काबाट भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, डा. वासुदेव काफ्ले, डा. भरतविलाश पन्त, श्री माधवप्रसाद ढकाल, श्री मधु तिमिल्सिनाको विषेश योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन श्री प्रेम भट्टराई, श्री गणेशप्रसाद भट्टराई र श्री सरस्वती भट्टराई, भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरे, श्री चिनाकुमारी निरौला, चित्राङ्कन, टाइप सेटिङ र लेआउट डिजाइन सन्तोषकुमार दाहालबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, रुचिकर र सिकारु केन्द्रित बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिस्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७६ — पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| एकाइ | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | शिक्षाको परिचय | १ |
| २ | नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू | ९ |
| ३ | बाल विकास र बाल मनोविज्ञान | १७ |
| ४ | पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री | ३१ |
| ५ | शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन | ६१ |
| ६ | शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री | ७६ |
| ७ | विद्यार्थी मूल्याङ्कन | ९३ |
| ८ | असल शिक्षकका गुणहरू | ११२ |
| ९ | विद्यालयमा सञ्चालन गरिने पाठ्यान्तर क्रियाकलापहरू | १२६ |
| १० | सिकाइ र उत्प्रेरणा | १३२ |
| ११ | शिक्षक शिक्षा | १४० |
| १२ | शिक्षा र अधिकार | १४९ |
| १३ | विद्यालय प्रशासन र समुदाय सम्बन्ध | १५७ |
| १४ | शैक्षिक परियोजनाहरू | १६३ |
| १५ | नेपालका शिक्षा प्रशासनसम्बद्ध निकायहरू | १७० |

एकाइ
१

# शिक्षाको परिचय
(Introduction to Education)

## १. परिचय (Introduction)

शिक्षा व्यक्तिको सर्वाङ्गीण पक्षको विकास गर्ने माध्यम हो । व्यक्तिमा ज्ञान, सिप र धारणा वा अभिवृत्तिको विकास गर्ने माध्यम नै शिक्षा हो । यसले व्यक्तिको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराई मानिसलाई नैतिकवान्, चरित्रवान्, अनुशासित र कर्मशील बनाउँछ । यसको सहायताबाट नै जैविक प्राणीरूपी मानिसलाई सामाजिक प्राणी बनाउन सकिन्छ । शिक्षाले समाजका विभिन्न परिवर्तनसँगै मानिसलाई समयानुकूल ज्ञान, सिप तथा अभिवृत्ति प्रदान गरी समाजसापेक्ष समायोजन हुन सहयोग पुऱ्याउँछ । यसका लागि व्यक्तिले विभिन्न प्रकृतिको शिक्षा आर्जन गर्छ । यस एकाइमा शिक्षाको प्रकृति, शिक्षाका वैकल्पिक पद्धति तथा शिक्षामा आधुनिक चिन्तनसम्बन्धी विषयवस्तु समावेश गरिएका छन् ।

## १.१. शिक्षाको प्रकृति (Nature of Education)

शिक्षाको प्रकृति भन्नाले बालबालिकाले ग्रहण गर्दै आएका शिक्षाको स्वरूपलाई बुझाउँछ । शिक्षाको विकास मानव सभ्यताको विकास सँगसँगै भएको हो । मानिसले शिक्षा विभिन्न तरिकाले आर्जन गर्छन् । विद्यालय, घरपरिवार, समाज, वातावरणका साथै विभिन्न सामाजिक निकाय तथा माध्यमबाट शिक्षा लिने भएकाले यसको स्वरूपमा विविधता छ । यसको प्रकृतिका बारेमा विभिन्न शिक्षाविद्, दार्शनिक र समाजशास्त्रीहरूको धारणामा भिन्नता पाइन्छ । समाज विकासका क्रममा मानिसले जन्मदेखि मृत्युसम्मको अवधिमा लिने र दिने शिक्षाका आधारमा यसको प्रकृति निर्धारण गरिन्छ, जस्तै :

(क) औपचारिकताका आधारमा : औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अरीतिक शिक्षा

(ख) विशिष्टीकरणका आधारमा : साधारण र विशिष्ट शिक्षा

(ग) शिक्षकको उपस्थितिका आधारमा : प्रत्यक्ष र अप्रत्यक्ष शिक्षा

(घ) सहभागिताका आधारमा : वैयक्तिक र सामूहिक शिक्षा

### (क) औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अरीतिक शिक्षा

पूर्वनिर्धारित पाठ्यक्रम, योजना तथा नीतिनियममा आधारित भएर शिक्षण संस्थाको घेराभित्र प्रदान गरिने शिक्षालाई औपचारिक शिक्षा भनिन्छ । विद्यालय तथा विश्वविद्यालयहरूले प्रदान गर्ने शिक्षा औपचारिक शिक्षाका उदाहरण हुन् । यो नियमबद्ध, योजनाबद्ध र व्यवस्थित हुने गर्छ । यस किसिमको शिक्षामा निश्चित पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया हुन्छ । यो प्रमाणपत्र वितरणमा आधारित हुन्छ । यसलाई नियमित शिक्षा पनि भनिन्छ । यसर्थ यो साधारण प्रकृतिको हुन्छ ।

विद्यालय वा विश्वविद्यालयको औपचारिक घेराभन्दा बाहिर दिइने शिक्षाको स्वरूपलाई अनौपचारिक शिक्षा भनिन्छ । यो औपचारिक शिक्षाभन्दा लचिलो प्रकृतिको हुन्छ । यसले सिकारुमा सैद्धान्तिक ज्ञान र प्रमाणपत्र प्रदान गर्ने पक्षलाई भन्दा उनीहरूमा जीवनोपयोगी व्यावहारिक ज्ञान दिने कुरालाई प्राथमिकता दिन्छ । नेपालको सन्दर्भमा विभिन्न सचेतनाका कार्यक्रमहरू, सिपमूलक कार्यक्रम, साक्षरताका कार्यक्रम तथा प्रौढ शिक्षाका कार्यक्रमलाई  उदाहरणका रूपमा लिन सकिन्छ । विद्यालय प्रवेश गर्न नसकेका, साक्षर बन्न नसकेका तथा बिचैमा विद्यालय छाडेका व्यक्तिहरूका लागि अनौपचारिक शिक्षा उपयोगी मानिन्छ । यो औपचारिक शिक्षाको तुलनामा कम खर्चिलो, बढी लचिलो र व्यावहारिक हुन्छ ।

आकस्मिक रूपमा वा बिनायोजना सिकिने शिक्षालाई अरीतिक शिक्षा भनिन्छ । यो शिक्षालाई अनियमित शिक्षा पनि भनिन्छ । यसमा शिक्षा लिने नियम र सीमा हुँदैन । व्यक्तिले स्वयम् आन्तरिक प्रतिभाका आधारमा व्यक्ति वा वातावरणसँग अन्तरक्रिया गरेर सिक्छ । उदाहरणका लागि बाटामा हिँड्डुल गर्दा, हाटबजार घुमफिर गर्दा तथा सामाजिक सञ्जाल हेर्दा लिने शिक्षालाई अरीतिक शिक्षाका रूपमा लिन सकिन्छ । यसमा शिक्षाको निश्चित उद्देश्य, पाठ्यक्रम, समय र स्थान हुँदैन । क्रियाकलापका आधारमा स्वत: सिक्दै जाने हुन्छ । यो जीवनपर्यन्त चलिरहन्छ ।

## (ख) साधारण र विशिष्ट शिक्षा

ज्ञान विज्ञानका विभिन्न क्षेत्रका विषयवस्तुको ज्ञान प्रदान गराउने शिक्षा साधारण शिक्षा हो । यस किसिमको शिक्षाबाट व्यक्तिले कुनै पनि विषयवस्तुको क्षेत्रमा व्यापक र गहिरो ज्ञान आर्जन गर्न सक्दैन । यो ज्ञान र सिपको विकासका लागि समान रूपमा दिइने गरिन्छ, जस्तै : साधारण धारको माध्यामिक शिक्षा ।

कुनै विषयवस्तुको क्षेत्रमा व्यापक र गहिरो ज्ञान तथा सिप प्रदान गराई उक्त क्षेत्रको योग्य वा दक्ष व्यक्ति तयार गर्ने अभिप्रायले प्रदान गरिने शिक्षा विशिष्ट शिक्षा हो । उदारणका लागि डाक्टर, इन्जिनियर, वकिल, सङ्गीतकार, गायक आदि बन्नका लागि दिइने शिक्षा नै विशिष्ट शिक्षाका हो।

## (ग) प्रत्यक्ष र अप्रत्यक्ष शिक्षा

शिक्षकले प्रत्यक्ष रूपमा विद्यार्थीको अगाडि उपस्थित भएर प्रदान गर्ने शिक्षालाई प्रत्यक्ष शिक्षा भनिन्छ । यो पूर्वनिर्धारित योजनाअनुसार सञ्चालन गरिन्छ । यसबाट विद्यार्थीहरूले शिक्षकले दिएको ज्ञान र सिप सिक्नुका साथै शिक्षकको व्यवहारसमेत अनुकरण गरेर सिक्न सक्छन् । आफूलाई त्यसैअनुरूप ढाल्ने प्रयास गर्छन् । औपचारिक वा अनौपचारिक दुवै प्रकारका शिक्षा यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

व्यक्तिले आफ्नो इच्छा, रुचि र आवश्यकताअनुसार स्वतन्त्र रूपमा लिने शिक्षालाई अप्रत्यक्ष शिक्षा भनिन्छ । यसमा शिक्षक नै हुनपर्छ भन्ने छैन । यस स्वरूपको शिक्षामा पूर्वनिर्धारित योजना हुँदैनन् । सिकाइ व्यक्तिको आवश्यकता वा रुचिअनुसार स्वतन्त्र रूपमा भइरहेको हुन्छ, जस्तै : टिभी हेरेर, पत्रपत्रिका वा व्यक्तिको जीवनी पढेर प्राप्त गरिने शिक्षा अप्रत्यक्ष शिक्षाका रूपमा लिन सकिन्छ ।

### (घ) वैयक्तिक र सामूहिक शिक्षा

बालबालिकामा वैयक्तिक विभिन्नताहरू हुन्छन् । यस्तो वैयक्तिक विभिन्नताले उनीहरूको सिकाइ प्रक्रियामा प्रभाव पार्छ । यसरी बालबालिकाहरूको क्षमता, रुचि र आवश्यकतालाई ध्यानमा राखी दिइने शिक्षालाई वैयक्तिक शिक्षा भनिन्छ । सामाजिक आवश्यकताका आधारमा दिइने शिक्षालाई सामूहिक शिक्षा भनिन्छ । यसमा व्यक्तिको इच्छा, चाहना र आवश्यकतालाई भन्दा सामाजिक आवश्यकतालाई जोड दिइन्छ । सामूहिक र समान रूपबाट सबैलाई एकै किसिमको शिक्षा प्रदान गरिन्छ । यो शिक्षामा समाजका साझा संस्कृति तथा मूल्यमान्यताको स्थानान्तरणमा जोड दिइन्छ ।

## १.२. शिक्षाका वैकल्पिक पद्धतिहरू (Alternative Approaches to Education)

विद्यालयभित्र परम्परागत रूपमा दिइने शिक्षाले व्यक्ति र समाजका आवश्यकता पूरा गर्न नसकेपछि शिक्षाका वैकल्पिक विधि र पद्धतिहरू प्रचलनमा ल्याइएका हुन् । यसरी विद्यालय पद्धतिभन्दा फरक ढङ्गले प्रदान गरिने शैक्षिक विधि र प्रकियाहरू नै शिक्षाका वैकल्पिक पद्धतिहरू हुन् । अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षा जस्ता पद्धतिहरू शिक्षाका वैकल्पिक पद्धतिका केही उदाहरणहरू हुन् । यो वैकल्पिक शिक्षा पद्धतिमा शिक्षा आर्जन गर्ने रुचि, चाहना हुँदाहुँदै पनि भौगोलिक, सामाजिक वा आर्थिक कारणबाट विद्यालय शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि उपयोगी  मानिन्छन् ।

कुनै एक पद्धतिबाट मात्र शिक्षा प्रदान गर्दा सबै नागरिकलाई शिक्षाको मूल धारमा समाहित गर्न कठिन हुन्छ । त्यसैले शिक्षाका वैकल्पिक पद्धतिहरू महत्त्वपूर्ण मानिन्छन् । त्यसैले सबैलाई शिक्षाको अवसर प्रदान गर्नका लागि शिक्षाका वैकल्पिक पद्धतिहरू प्रयोगमा ल्याइएका छन् । यसप्रकारको शिक्षा पद्धतिमा व्यक्तिलाई आफ्नो अनुकूलतामा ज्ञानसिप आर्जन गर्ने अवसर प्राप्त हुन्छ । यस पद्धतिमा सिकारुलाई नियमित रूपमा विद्यालय नगई समयानुकूल शिक्षा प्राप्त गर्ने व्यवस्था गरिएको हुन्छ । वैकल्पिक शिक्षा पद्धतिहरू विभिन्न तरिकाबाट सञ्चालन गर्न सकिन्छ । केही वैकल्पिक शिक्षा पद्धतिहरूका बारेमा तल प्रस्तुत गरिएको छ :

### १.२.१. अनौपचारिक शिक्षा (Nonformal Education)

विद्यालयको औपचारिक शिक्षा लिनबाट वञ्चित रहेका व्यक्ति वा समूहलाई अनौपचारिकता शिक्षाको माध्यमबाट ज्ञान सिप प्रदान गर्न सकिन्छ । यो शिक्षा कुनै सिकारुको रुचि, चाहना र आवश्यकतामा आधारित रहेर प्रदान गर्न सकिन्छ । यसप्रकारको शिक्षालाई औपचारिक शिक्षाको सहयोगी शिक्षा मानिन्छ । यसमा उमेर वा पूर्वयोग्यताको सर्तसम्बन्धी लचकता अपनाइएको हुन्छ । यसप्रकारको शिक्षाले सिकारुको चेतनास्तर बढाउनुका साथै ज्ञान, सिप र क्षमता विकास गरी जीविकोपार्जनमा मदत पुऱ्याउँछ ।

नेपालमा अनौपचारिकता शिक्षाको प्रचलन त्यति पुरानो छैन । यो प्रौढ शिक्षाका रूपमा २०१३ सालदेखि योजनाबद्ध रूपमा सुरु गरिएको हो । हाल सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबाट अनौपचारिक

शिक्षाका क्षेत्रमा महत्त्वपूर्ण काम गरिँदै आएका छन् । नेपाल सरकारले अनौपचारिक शिक्षा नीति २०६३ स्वीकृत गरेपछि उक्त नीतिअनुसार साक्षरता कार्यक्रम, आधारभूत प्रौढ शिक्षा, महिला साक्षरता, निरन्तर शिक्षा कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा र आयमूलक कार्यक्रमहरू अनौपचारिक शिक्षाका रूपमा सञ्चालन गरिँदै आइएको छ ।

## १.२.२. खुला तथा दूर शिक्षा (Open and Distance Education)

खुला तथा दूर शिक्षा पनि शिक्षाका वैकल्पिक पद्धतिअन्तर्गत नै पर्छन् । खुला शिक्षा सिकाइ प्रक्रियाको सैद्धान्तिक पक्ष हो भने दूर शिक्षा सिकाइको विधि वा पद्धति हो । अध्ययनका लागि चाहिने पूर्वयोग्यता जस्ता सर्तहरू खुला शिक्षासँग सम्बन्धित पक्ष हुन् । विद्यालय नगई घरमै बसेर वा आफ्नो कार्यक्षेत्रमै रहेर विभिन्न स्रोत र साधनबाट शिक्षा प्राप्त गर्नु दूर शिक्षा हो । यसमा सिकारुको रुचि, आवश्यकता र फुर्सदको समयलाई ध्यानमा राखेर विभिन्न माध्यमबाट शिक्षण सिकाइको अवसर प्रदान गरिन्छ । खुला तथा दूर शिक्षा सिक्ने र सिकाउनेबिचको दुरी, सिक्ने समय, सिक्ने तथा सिकाउने तरिकामा लचकता जस्ता कारणहरूले परम्परागत प्रणालीभन्दा फरक छ । पत्रचार, पुस्तक, पत्रपत्रिका, सम्पर्क कक्षा, गोष्ठी, रेडियो, टिभी, इन्टरनेट आदि खुला शिक्षाका माध्यमहरू हुन् ।

खुला तथा दूर शिक्षामा सिकारुले आफूले के, कसरी र कहिले सिक्ने भन्ने आधारमा शैक्षिक कार्यक्रमको छनोट गरेर सिक्न सक्छन् । खुला शिक्षा दूर शिक्षा प्रणालीको सहायताबाट कार्यान्वयन गरिन्छ । दूर शिक्षामा सिक्ने र सिकाउनेबिचको दुरी टाढा हुन्छ । शिक्षण कार्यको समय पनि फरक हुन्छ । स्थानका दृष्टिले टाढा भए पनि विभिन्न माध्यमद्वारा शिक्षण सिकाइ प्रक्रिया सम्पन्न गर्न सकिन्छ । नेपालमा वि.सं. २०३५ सालदेखि रेडियो शिक्षक शिक्षासँगै दूर शिक्षा कार्यक्रम सुरु गरिएको हो । हाम्रो देशमा सचेतनामूलक कार्यक्रम, शिक्षक तालिम, खुला विद्यालय र उच्च शिक्षा तहका खुला तथा दूर शिक्षाका कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

विद्यालय स्तरमा आधारभूत तथा माध्यामिक पाठ्यक्रममा आधारित शिक्षासमेत सञ्चालन गरिएको छ । त्रिभुवन विश्वविद्यालयलगायत अन्य विश्वविद्यालयहरूले पनि केही विषयहरूमा खुला तथा दूर सिकाइमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गरेका छन् । २०७३ सालमा खुला तथा दूर शिक्षामा आधारित खुला विश्वविद्यालयको स्थापना गरिएको छ । हाल यस विश्वविद्यालयले स्नातक तहदेखि एमफिल तहसम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विगतमा यस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न अहिले जस्तो विद्युतीय साधनहरू उपलब्ध थिएनन् । हुलाकबाट पत्रचारको माध्यमबाट शिक्षण गरन्थ्यो । यसबारे तल छुट्टै वर्णन गरिएको छ :

### पत्राचार शिक्षा (Corresponadnce Eduaction)

निश्चित उद्देश्य पूरा गर्न पत्रका माध्यमद्वारा सञ्चालन गरिने शिक्षालाई पत्राचार शिक्षा भनिन्छ । पत्राचार शिक्षालाई खुला तथा दूर शिक्षाको सुरुआत मान्न सकिन्छ । व्यक्तिले विभिन्न कारणहरूले गर्दा औपचारिक

माध्यमबाट शिक्षा प्राप्त गर्न सकेका हुँदैनन् । त्यस्तो अवस्थामा पत्राचारलाई प्रयोग गरी सरल तरिकाबाट शिक्षा प्राप्त गर्न सकिने हुनाले यसको महत्त्व बढ्न गएको हो । पत्राचारका माध्यमबाट पनि ज्ञान तथा सिप प्राप्त गर्न सकिने हुनाले यसलाई शिक्षाको वैकल्पिक उपाय मानिएको हो । पिट्म्यान (Pitman) ले सन् १८४० को दशकमा इङ्ग्ल्यान्डमा सञ्चालन गरेको 'करेसपोन्डेन्स कलेज'लाई पत्राचार शिक्षाको सुरुआत मान्न सकिन्छ । नेपालमा पत्राचार शिक्षा व्यवस्थित रूपबाट चलाएको पाईँदैन । रेडियो शिक्षक शिक्षा र त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन गरिएको दूर शिक्षाअन्तर्गत पाठ्यसामग्रीहरू सिकारुलाई हुलाकमार्फत पठाउने गरिएको थियो ।

## १.३. शिक्षामा आधुनिक चिन्तन (Modern Thought in Education)

समयको गतिशीलतासँगै मानिसका इच्छा, आकाङ्क्षा र आवश्यकतामा परिवर्तन हुन थाल्यो । परम्परागत अर्थात् औपचारिक शिक्षा प्रणालीबाट यी असीमित इच्छा, आकाङ्क्षा र आवश्यकता पूरा हुन सकेनन् । 'एउटै नम्बरको जुत्ता सबैलाई ठिक हुन्छ ।' (One size fits all) भन्ने शिक्षाप्रतिको सोचमा परिवर्तन आउन थाल्यो । नयाँ नयाँ ज्ञान, सिप, विज्ञान र प्रविधिको विकासले पनि तत्कालीन शिक्षा व्यवस्था माथि पुनर्विचार गर्न  थालियो । शिक्षालाई व्यक्तिको अधिकारका रूपमा लिन थालियो । यसै पृष्ठभूमिमा शिक्षामा आधुनिक चिन्तनहरू आउन थालको पाइन्छ । यिनै आधुनिक चिन्तनहरूको परिणामस्वरूप शिक्षण सिकाइका विषयवस्तु र शिक्षण प्रविधिमा समेत परिवर्तन हुँदै आएको पाइन्छ ।

दोस्रो विश्वयुद्ध र खासगरी सन् १९६० पश्चात् शिक्षामा आधुनिक चिन्तनहरू विकसित भएका हुन् । तत्कालीन शिक्षा प्रणाली मानव जीवनका निम्ति पर्याप्त छैन भन्ने चिन्तनहरू अगाडि आए । शिक्षामा आधुनिक चिन्तनहरू विकास गर्नमा जीन पियाजे (Jean Piaget), बी. एफ. स्किनर (B. F. Skinner), जोन डिवे (John Deway), बी. एस. ब्लुम (B. S. Bloom),  पाउलो फ्रेरेरे (PauloFreire), माइकल फुकउ (Michel Foucault), इभान इलिच (Ivan Illich) र अन्य विद्वान्हरूको महत्त्वपूर्ण योगदान रहेको छ । शिक्षामा आएको आधुनिक चिन्तनअनुसार शिक्षाबाट वञ्चित सबैलाई शिक्षाको राष्ट्रिय मूल धारमा ल्याउनुपर्ने मान्यता विकसित भयो । त्यसका लागि सामाजिक न्यायका आधारमा शिक्षामा समान अवसर दिनुपर्ने मान्यता आउन थाल्यो । सीमान्तकृत वर्गसम्म शिक्षाको पहुँच पुऱ्याउन लगानी बढाउनुपर्ने, सिपमूलक शिक्षा, आर्थिक सहयोग, जनचेतना विकास जस्ता कुरामा जोड दिइयो ।

### १.३.१. शिक्षाका चार स्तम्भहरू (Four Pillars of Education)

२१ औँ शताब्दीमा शिक्षाको आधुनिक चिन्तनका रूपमा नवीन दृष्टिकोणहरू प्रतिपादन भएका छन् । आधुनिक चिन्तनका रूपमा युनेस्कोले शिक्षाका चार स्तम्भहरूमा जोड दिएको छ । युनेस्कोका अनुसार शिक्षाका चार स्तम्भहरू (Four Pillars of Education) यसप्रकार छन् :

(क) जान्नका लागि सिकाइ (Learning to know)

(ख) गर्नका लागि सिकाइ (Learning to do)

(ग) केही बन्नका लागि सिकाइ (Learning to be)

(घ) सँगै बाँच्नका लागि सिकाइ (Learning to live together)

### (क) जान्नका लागि सिकाइ (Learning to know)

जान्नका लागि सिकाइले जीवनका लागि अत्यावश्यक ज्ञान प्रदान गर्नमा जोड दिन्छ । शिक्षाले व्यक्तिको स्मरण, तार्किक क्षमता, कल्पना तथा निर्णय क्षमता विकास गर्नुपर्छ । शिक्षा नयाँ कुरा सिक्ने, ज्ञानको खोजी गर्ने माध्यमका रूपमा हुनुपर्छ । यसले नवीनतम ज्ञान दिनुपर्छ । शिक्षाले व्यक्तिको बौद्धिक क्षमताको विकास गर्नुपर्छ । व्यक्ति आफू, आफ्नो समाज र वरिपरिको वातावरणलाई बुझ्न सक्ने हुनुपर्छ । शिक्षाले व्यक्तिलाई स्वतन्त्र रूपमा न्याय गर्न सक्ने ज्ञान प्रदान गर्छ । व्यक्तित्व विकासका लागि आवश्यक वैज्ञानिक प्रक्रिया अवलम्बन गर्न सक्ने बौद्धिक क्षमता प्रदान गर्छ । व्यक्तिमा कुनै विषयमा केन्द्रित भएर सोच्ने त्यससम्बन्धी सही निर्णय गर्ने क्षमताको विकास गर्छ ।

### (ख) गर्नका लागि सिकाइ (Learning to do)

यस स्तम्भअनुसार शिक्षाले व्यक्तिको वैयक्तिक र सामाजिक क्षमता विकासमा जोड दिन्छ । जस्तै : सामाजिक व्यवहार निर्माण गर्नु, दायित्व वहन गर्न सक्नु, जोखिम उठाउन सक्नु, समस्या समाधान गर्न सक्नु र नयाँ परिस्थितिमा समायोजन हुन सक्नु । यसले ज्ञानलाई सिपसँग जोड्न प्राथमिकता दिन्छ । शिक्षा सिपबाट सक्षमतातर्फ केन्द्रित हुनुपर्छ । सिकाइपश्चात् व्यक्तिले आफ्नो सिपद्वारा व्यवहारमा केही न केही गर्न सक्नुपर्छ । कुनै न कुनै उद्योग वा व्यवसाय गर्न सक्ने ज्ञान, सिप तथा दक्षता प्रदान गर्ने शिक्षा हुनुपर्छ । शिक्षा आर्थिक उन्नतितर्फ केन्द्रित हुनुपर्छ । यही नै गर्नका लागि सिकाइ स्तम्भको मान्यता हो ।

### (ग) केही बन्न/हुनका लागि सिकाइ (Learning to be)

केही हुनका लागि सिकाइले व्यक्तिको सर्वाङ्गीण विकासमा जोड दिन्छ । शिक्षाले नै व्यक्तिलाई एउटा पूर्ण व्यक्तिका रूपमा विकसित हुन सहयोग पुऱ्याउनुपर्छ । शिक्षाले एउटा व्यक्तिलाई परिवार वा समुदायको सदस्य, एक नागरिक, व्यवसायी, विचारक, सर्जक, आविष्कारक वा नेता के हुने निश्चित गर्नुपर्छ । व्यक्तिको सिर्जनात्मक सोचाइको विकास शिक्षाले गर्नुपर्छ । शिक्षाले सबैखाले समस्याहरूको समाधान गर्न सक्ने बन्न सहयोग पुऱ्याउनुपर्छ । शिक्षाले न्याय अन्याय, सही गलत, उज्यालो अँध्यारो, खराब असल, सत्य असत्य सबै पर्गेल्न सक्ने क्षमताको विकास गर्नुपर्छ ।

### (घ) सँगै बाँच्नका लागि सिकाइ (Learning to live together)

आजको समाज विश्वव्यापी समाज हो । समाजमा सांस्कृतिक, धार्मिक, जातीय, भाषिक आदि विविधता

छन् । शिक्षाले सबैको विचार, धर्म, संस्कृति, मूल्य र मान्यताको जानकारी राख्न तथा तिनीहरूको सम्मान गर्न सक्ने गुणको विकास गर्न मदत गर्नुपर्छ । शिक्षाले यी विविधताका बिच सबै जनासँग मिलेर सद्भावका साथ बस्ने ज्ञान, सिप तथा क्षमता प्रदान गर्नुपर्छ । यसले सबैजना हाँसी, खुसी सम्मानका साथ सँगै बस्न सक्ने अवस्थाको सिर्जना गर्नमा सहयोग पुऱ्याउनुपर्छ । सामाजिक विकाससँगै विकृतिहरू पनि बढ्दो क्रममा छन् । शिक्षा समाजका विकृति, विसङ्गति र समस्याको सम्बोधन गर्ने खालको हुनुपर्छ । समाजमा रहेका सबै खाले द्वन्द्वको समाधानमा सहयोग पुग्ने खालको शिक्षा प्रदान गरिनुपर्छ । यी सबै सँगै बाँच्नका लागि सिकाइ स्तम्भको उद्देश्य हो ।

## सारांश

शिक्षा व्यक्तिको अन्तर्निहित प्रतिभा र क्षमतालाई प्रस्फुटन गराई ज्ञान, सिप र व्यवहारको विकास गर्ने माध्यम हो । समय गतिशीलतासँगै नवीनतम ज्ञान, सिप, विज्ञान र प्रविधि विकास भइरहेको छन् । यसको विकास सँगसँगै मानिस पनि जानकार हुँदै जानुपर्छ । आफूलाई परिवर्तिनसँगै समायोजन गर्नुपर्छ । परम्परागत शिक्षा प्रणालीबाट मात्र यो सम्भव नहुने भएकाले शिक्षामा आधुनिक चिन्तनहरू देखापरेका छन् । मानिसले विद्यालय, घरपरिवार, समाज, वातावरणका साथै विभिन्न सामाजिक सञ्जालहरूबाट आर्जन गर्छ । त्यस्तै अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षा पद्धतिहरूले पनि व्यक्तिलाई शिक्षाको मूल धारमा समाहित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । शिक्षामा आएको आधुनिक चिन्तनसँगै मानवको पूर्ण विकासका लागि युनेस्कोले पनि शिक्षाका चार स्तम्भहरूलाई जोड दिएको  छ । युनेस्कोका अनुसार शिक्षाका चार स्तम्भहरूमा जान्नका लागि सिकाइ, गर्नका लागि सिकाइ, केही बन्नका लागि सिकाइ र सँगै बाँच्नका लागि सिकाइ हुन्।

## *अभ्यास*

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) शिक्षाका विभिन्न प्रकृतिहरूको सूची तयार गर्नुहोस् ।

(ख) खुला तथा दूर शिक्षाबिच के फरक छ ?

(ग) अनौपचारिक शिक्षाका कुनै दुई उदाहरण दिनुहोस् ।

(घ) शिक्षाका चार स्तम्भहरू के के हुन् ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) अनौपचारिक शिक्षा र अनियमित शिक्षाबिचको फरक सङ्क्षेपमा लेख्नुहोस् ।

(ख) 'व्यक्तिलाई वैयक्तिक र सामूहिक दुवै शिक्षाको जरुरत पर्छ ।' यस भनाइलाई कारणसहित पुष्टि गर्नुहोस् ।

(ग) सामाजिक सञ्जाललाई कसरी शिक्षाको स्रोत मान्न सकिन्छ, लेख्नुहोस् ।

(घ) जान्नका लागि सिकाइले व्यक्तिको कुन कुन पक्षको विकासमा जोड दिन्छ, छोटकरीमा लेख्नुहोस् ।

### ३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) अनौपचारिक शिक्षा औपचारिक शिक्षाको सहयोगी माध्यम बन्न सक्छ । यस विषयमा आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

(ख) शिक्षाको आधुनिक चिन्तन र युनेस्कोले प्रस्तुत गरेका शिक्षाका चार स्तम्भहरूबिचको सम्बन्ध देखाउनुहोस् ।

(ग) हाम्रो देशमा खुला तथा दूर शिक्षा र पत्राचार शिक्षाले व्यक्तिलाई कसरी शिक्षाको मूल धारमा समाहित गर्न सहयोग पुऱ्याउँछ ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

## प्रयोगात्मक कार्य

तपाईँको समुदायमा विद्यालय जाने उमेरका शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित भएका व्यक्तिहरूको सूची तयार गर्नुहोस् । के कस्ता व्यक्तिहरूले कुन कुन प्रकारको शिक्षा पाउने अवसरबाट वञ्चित रहेछन् ? शिक्षाको अवसरबाट वञ्चित भएकालाई कसरी शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न सकिएला ? समुदायका व्यक्तिहरूसँग सोधपुछ गरी एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
२

# नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू
(Efforts for Education Development in Nepal)

## परिचय (Introduction)

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय, भौगोलिक तथा बहुधार्मिक विविधता भएको मुलुक हो । हाम्रो देश प्राचीनकालदेखि अस्तित्वमा रहेको एउटा पवित्र भूमि हो । नेपालमा औपचारिक शिक्षाको विकास धेरैपछि भए तापनि संस्कृत र बौद्ध धर्ममा आधारित परम्परागत शिक्षाको विकास प्राचीनकालदेखि नै भएको थियो । नेपाल विभिन्न ऋषिमुनिहरूको ज्ञानभूमि रहेको थियो । नेपालमा संस्कृत तथा पाली भाषाको माध्यमबाट शिक्षा लिने तथा दिने प्रचलन प्राचीनकालदेखि धेरैपछिसम्म चलेको थियो । नेपालमा भारत तथा तिब्बतबाट समेत विदेशीहरू आएर संस्कृत तथा बुद्ध शिक्षा लिने प्रचलन थियो । यसरी अगाडि बढेको शिक्षा बिस्तारै परिवर्तन हुँदै औपचारिक र आधुनिक स्वरूप लिएको छ । यस एकाइमा शिक्षामा आएको परिवर्तन र विकासलाई विभिन्न चरणमा विभाजन गरेर व्याख्या गरिएको छ ।

## २.१ वि.सं. २००७ सालपूर्वको शिक्षा (Education Before 1950 A.D)

नेपालमा प्राचीनकालीन शिक्षा आर्जन गर्ने र शिक्षा प्रदान गर्ने कुनै औपचारिक स्थान तथा त्यसलाई व्यवस्थापन गर्ने कुनै पनि निकाय नभए तापनि तत्कालीन अवस्थामा उपलब्ध स्रोत र साधनका आधारमा शिक्षा प्रणाली चलेको थियो । मानव जीवनका विशिष्ट उद्देश्यहरूलाई ध्यानमा राखेर प्राचीनकालीन शिक्षा प्रणलीको विकास भएको देखिन्छ । प्राचीनकालमा ऋषिमुनिहरूले जीवन र जगतका समस्याहरूलाई सुल्झाउनुलाई नै मानव जीवनमा शिक्षा लिनुको मुख्य उद्देश्य रहेको पाइन्छ । प्राचीनकालमा शिक्षा प्रदान गर्ने विभिन्न निकायको प्रयोग गरिन्थ्यो । त्यस्ता निकायहरू यसप्रकार थिए :

### गुरुकुल

वैदिक कालमा शिक्षा आर्जन गर्न गुरुकुल, ऋषिकुल, देवकुल तथा पितृकुलको प्रचलन थियो । यसमध्ये बढी प्रचलित विधि गुरुकुल हो । उपनयनपछि वटुकहरूले गुरुकुलमा गई गुरुको आश्रममा बसी ब्रह्मचर्य पालन गरी हिंसा, असत्य तथा रिस त्यागी पवित्र रही सन्तोषी बनेर तपस्या र यज्ञ अध्ययन गरी विद्या आर्जन गर्थे । हरेक दिन स्नानपछि नित्यकर्म सकी गुरुको समीपमा रही विद्या अध्ययन गरिन्छ । ब्राह्मणहरूले वेद, धर्मग्रन्थ, दर्शन, पुराण, ज्योतिष आदि अध्ययन गर्थे । क्षेत्रीहरूले धनुबाण, राज्य सञ्चालन , राजनीति, दण्डनीति आदि अध्ययन गर्थे । त्यस्तै गरी वैश्यहरूले पशुपालन, कृषि व्यापार आदि विषयमा विद्या आर्जन गर्थे ।

## गुम्बा शिक्षा

गौतम बुद्धको आदर्शबमोजिम भिक्षुहरूलाई ज्ञान दिने शिक्षालयलाई गुम्बा भनिन्छ । बौद्ध शिक्षा बुद्धको उपदेश तथा बौद्ध दर्शनमा आधारित शिक्षा हो । बौद्ध शिक्षामा जातीय वा लैङ्गिक विभेद हुँदैन । परिवारको बन्धन तोडेर भिक्षु बनेपछि महिला वा पुरुष दुवै शिक्षा ग्रहण गर्न योग्य हुन्छन् । अध्ययन केन्द्रहरू विहार, बहाल, मठ, भिक्षु भिक्षुणीहरूको सङ्घ आदिलाई गुम्बा शिक्षा भन्ने गरिन्छ । गुम्बामा पठनपाठन सङ्गापा र गेलुङ गुरुबाट हुने गर्छ । कलेजी रङको वस्त्र लगाउने साङ्गपा र पहेँलो वस्त्र लगाउनेलाई गेलुङ भनिन्छ । गुम्बामा रहेका भिक्षु भिक्षुणीहरूलाई खाने बस्ने व्यवस्था गुम्बा व्यवस्थापनले गर्थे । गुम्बामा गुरुहरूको कक्षा अनुशासनमा बसी उनीहरूले बुद्ध दर्शनमा आधारित शिक्षा लिने गर्थे । गुम्बामा बसेर अध्ययन गरुन्जेल उनीहरू अविवाहित हुनुपर्ने थियो । गुम्बा शिक्षा पूरा गरेपछि विवाह गरी गृहस्थ हुने वा पूर्ण रूपमा भिक्षु भिक्षुणी भई अगाडि बढ्ने दुई विकल्पहरू प्रदान गरिन्थ्यो । यसरी आफूलाई उचित लागेको बाटो रोजी अगाडि बढ्ने व्यवस्था गरिएको  हुन्थ्यो ।

## लिच्छविकालीन शिक्षा

लिच्छविकालीन नेपालमा पनि नेपालको प्राचीनकालीन गुरुकुल तथा गुम्बा शिक्षाको प्रभाव थियो । त्यस बेला राजभाषाका रूपमा संस्कृत भाषाको प्रयोग गरिन्थ्यो । बोलचालमा भने स्थानीय भाषा प्रयोग गरिन्थ्यो । समाजका विद्याप्रेमी दाताहरूको सहयोगमा शिक्षाकेन्द्रहरू सञ्चालन भएका थिए । त्यस्तो शिक्षण केन्द्रहरूको सञ्चालन र व्यवस्थापन गर्न अग्रहारको गठन भएको थियो । अग्रहारले शिक्षण संस्थाको रेखदेख गर्ने कार्य गर्दथ्यो । लिच्चछविकालीन शिक्षा संस्कृत ग्रन्थ साहित्य तथा बुद्ध दर्शनमा आधारित हुनुको अतिरिक्त कलाकौशलमा समेत केन्द्रित रहेको थियो । लिच्छविकालमा तिब्बत र भारतका ठुला विद्वान्हरूले समेत नेपाल भ्रमण गरेको हुँदा त्यति बेला नेपालको शिक्षा छिमेकी देशमा समेत प्रख्यात थियो । नेपालकी राजकुमारी भृकुटी र कलाकार अरनिकोले नेपाली कला तथा सभ्यतालाई विदेशसम्म प्रचार गरेका थिए ।

## मल्लकालीन शिक्षा

मल्लकालीन नेपालमा पनि प्राचीनकाल र लिच्छविकालमा जस्तै शिक्षाको व्यवस्था गरिएको थियो । शासक वर्ग, पण्डित वर्ग तथा अभिजात वर्गका मानिसहरूमा मात्र शिक्षाको अवसर थियो । सर्वसाधारण जनतालाई शिक्षा प्राप्त गर्न सजिलो थिएन । मल्लकालीन नेपालमा दुई थरी शिक्षा दिने प्रचलन थियो । पहिलो वेद, पुराण, धर्मशास्त्र, ज्योतिष, आयुर्वेद, तन्त्रशास्त्र आदि पर्छन् भने दोस्रोमा व्यावसायिक शिक्षा पर्दथे ।

सर्वसाधारणलाई उनीहरूको पेसाअनुसारको व्यावसायिक शिक्षा प्रदान गरिन्थ्यो । शास्त्रीय शिक्षा संस्कृत भाषामा र व्यावसायिक शिक्षा नेपाल भाषा (नेवारी भाषा)मा दिने गरिन्थ्यो । मल्लकालमा सर्वसाधरणका लागि भन्दा पनि कर्मकाण्ड (पौरोहित्य) गराउने ब्राह्मण र विहारका बौद्धाचार्यहरूलाई शिक्षा अनिवार्य थियो । दरबारमा रहने दैवज्ञ, धौभाजु, गुभाजु प्रधान, मास्के तथा भण्डारीहरू पढेलेखेका हुन्थे । यिनीहरूमध्येबाट

विद्वान्लाई राजदरबारमा राजकुमार तथा राजकुमारीलाई पढाउने काममा नियुक्ति गरिन्थ्यो । मल्लकालमा पढाइ हुने विषयहरूमा चतुर्दश विद्या, वेदाध्ययन, ज्योतिष, गणित, योग, राजनीतिशास्त्र, सङ्गीत आदिको अध्ययन गरिन्थ्यो । त्यति बेला संस्कृत, नेवारी र नेपाली भाषा प्रयोग गरिन्थ्यो । कण्ठ गर्ने घोक्ने विधिबाट पठनपाठन हुन्थ्यो । गुरुलाई अत्यन्त आदर गर्ने र ईश्वरका रूपमा हेर्ने चलन थियो । असल शिक्षकले दिने दण्ड स्वीकार्य र अमृत समान भनी व्याख्या गरिन्थ्यो भने खराब शिक्षकले शत्रुतापूर्वक दिने सजाय दण्डनीय हुने र त्यस्तालाई राज्यले सजाय दिने व्यवस्था गरिएको थियो ।

## शाहकालीन शिक्षा

मल्लकालीन शिक्षा पद्धतिलाई थप सुधार गर्दै शाहकालीन राजाहरूले सैनिक शिक्षासमेत सुरु गरेका थिए । यस कालको शिक्षालाई उपेक्षाको काल भनिए तापनि परम्परागत शिक्षालाई व्यवस्थित ढङ्गले सञ्चालन गरिएको थियो । राजा पृथ्वीनारायण शाहको शासनकालमा राजदरवारमा संस्कृत भाषाको चलन थियो । वरपर छिमेकी राज्यसग भने नेपाली भाषाबाट नै व्यवहार गरिन्थ्यो । पृथ्वीनारायण शाहले नेपाली भाषालाई राजभाषा वा राष्ट्र भाषाका रूपमा प्रयोगमा ल्याएका थिए ।

शाहकालीन नेपालका धेरैजसो पण्डितहरू त्यति बेला मथुरा, कासी, प्रयागमा अध्ययन तथा अध्यापन गरी फर्केका हुन्थे । ती पण्डितहरू आफ्नो निवास साँघुरो भएको खण्डमा उपवन तथा गङ्गा तटमा गएर पनि छात्रहरूलाई पढाउँथे । घरको पिढी, दलान, फलैंचा, बगैंचा, बोटवृक्षको छहारी तथा गोठमा समेत बसेर निःशुल्क शिक्षा दिने गर्दथे । पढ्न आउने छात्रहरूलाई गुरुहरू निःशुल्क पढाउथे । विद्वान् पण्डितहरू घरघरमा गई पढाउँदैनथे । शाहकालीन नेपालका धनी बाबुआमाहरू आफ्ना बालबालिकालाई लेखपढ गराउन शिक्षकहरू व्यवस्थापन गर्दथे । धेरै जनसङ्ख्या भएको ठाउँमा भने संस्कृत पाठशाला खोलिन्थ्यो । शाहकालीन शिक्षामा कलाकौशललाई पनि प्रथामिकता दिएको थियो । समाजमा उपयोगी ज्योतिष, तन्त्रशास्त्र पुराण, आयुर्वेदलाई प्राथमिकता दिएको थियो । शाहकालीन राजाहरू विद्वान्लाई सम्मान गर्दथे ।

## राणाकालीन शिक्षा

वि.सं. १९०३ मा जङ्गबहादुर राणा प्रधानमन्त्री बनिसकेपछि अङ्ग्रेजहरूसँग आफ्नो सम्बन्ध निकट बनाउन वि. सं. १९०६ माघ १ गते ६१ जनाको दलबलसहित बेलायत भ्रमण गरेका थिए । बेलायत भ्रमणबाट फर्केपछि उनले वि.सं. १९१० असोज २७ गते आफ्नै दरबार दाखचोक थापाथलीमा स्कुल स्थापना गरे, जसलाई दरबार स्कुल भनियो । यो नै नेपालको पहिलो स्कुल हो । यसैबाट औपचारिक शिक्षाको सुरुआत र नेपालमा पाश्चात्य शिक्षाको प्रवेश भएको मान्न सकिन्छ । उनको समयमा अर्को महत्त्वपूर्ण नारायणहिटी पाठशाला वि.सं. १९२७ मा खुलेको थियो । वि.सं. १९४२ सालमा स्थापना भएको संस्कृत पाठशालाहरू, वि.सं. १९५७ सालमा स्थापना भएका भाषा पाठशालाहरू र वि. सं. २००४ मा स्थापना भएका आधार पाठशालाहरू राणा शासनकालका महत्त्वपूर्ण उपलब्धिहरू हुन् । देशको विभिन्न ठाउँमा सरकारको अनुमति

लिएर विद्यालय खुलेका थिए । वि.सं. १९४८ सालमा दरबार स्कुल हालको ठाउँ रानीपोखरी पश्चिममा स्थापना गरिएको थियो । राणा शासनकालमा वीर पुस्तकालय, नाट्यशाला आदिको स्थापना भएको थियो ।

प्रधानमन्त्री रणोद्दीप शमशेरको पालामा संस्कृत पाठशाला र देवशमशेरको पालामा भाषा पाठशाला खुलेका थिए । चन्द्रशमशेरको समयमा वि.सं १९७५ त्रिचन्द्र कलेजको स्थापना, वि.सं. १९९० मा एस.एल.सी. बोर्डको स्थापना जस्ता महत्त्वपूर्ण कार्य राणाशासन कालमा भएका थिए । त्यस्तै गरी गोरखापत्रको प्रकाशन, प्राविधिक शिक्षालयको स्थापना, प्राथमिक विद्यालयको स्थापना, सैनिक स्कुलको स्थापना जस्ता महत्त्वपूर्ण कार्य त्यतिबेला भएका थिए ।

राणा प्रधानमन्त्री पद्म शमशेरले भारतको गान्धीवादी शिक्षाबाट प्रभावित भई वि.सं. २००३ मा आधार पाठशाला खोलेका थिए । आधार शिक्षक तालिम केन्द्रको समेत त्यति बेला स्थापना गरेको थियो । शिक्षा विभागको स्थापना, स्थानीय जनतालाई पाठशाला सञ्चालन गर्ने अनुमति दिएर विद्यालय व्यवस्थापन गर्ने कार्य भएको थियो ।

## २.२ वि.सं २००७ देखि २०२७ सम्मको शिक्षा (Eeducaton From 1950 to 1970 AD)

वि.सं. २००७ सालमा नेपालमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भयो । राणा शासनकालमा भएको शिक्षाको विकास सर्वसाधरण जनतालाई सजिलै प्राप्त गर्न सक्ने अवस्था थिएन । त्यसैले प्रजातन्त्रको स्थापनापछि जनताको ठुलो अपेक्षा शिक्षा आर्जन गर्नु रहेको थियो । त्यसैले जनताको अपेक्षाअनुसार शिक्षाको विकास गर्न देशमा तीव्र गतिमा विद्यालयको स्थापना भएको थियो । विद्यालयलाई व्यवस्थापन र सञ्चालन गर्नका लागि वि.सं. २००७ सालमा शिक्षा मन्त्रालयको स्थापना भएको थियो ।

भइरहेको शिक्षा पद्धतिलाई व्यवस्थापन गर्न र आगामी शिक्षाको नीति तयार गर्न वि.सं. २०१० सालमा राष्ट्रिय शिक्षा योजना आयोग बन्यो । सरदार रुद्रराज पाण्डेको संयोजकत्वमा ४६ सदस्य रहेको उक्त आयोगले नेपालमा शिक्षा नामक प्रतिवेदन २०११ सालमा नेपाल सरकारलाई बुझाएको थियो । उक्त प्रतिवेदनले प्राथमिक तह कक्षा १ देखि ५ सम्म र कक्षा ६ देखि १० सम्मलाई माध्यमिक शिक्षा भनी परिभाषित गरेको थियो । प्राथमिक शिक्षालाई नि:शुल्क बनाउनसमेत सिफारिस गरेको थियो । विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन, शिक्षकको योग्यता, तलब, विद्यार्थीको मूल्याङ्कन आदि प्रक्रियाबारे यस प्रतिवेदनले सिफारिस गरेको थियो । विद्यालयमा विद्यार्थीलाई देशभर एउटै पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नसमेत यस आयोगले सिफारिस गरेको थियो ।

वि.सं. २०१८ सालमा गठन गरिएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनले सिफारिस गरेअनुसार नेपालको शिक्षा प्रणालीमा थप सुधार गरिएको थियो । यस प्रतिवेदनले नेपालमा शिक्षा ऐन तथा नियमावलीको मस्यौदासमेत समावेश गरी सरकारलाई बुझाएको थियो । प्रतिवेदनमा शिक्षा प्रणालीमा एकरूपता, देशभर एउटै भाषाको माध्यमबाट पठनपाठन, व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिने जस्ता विषयवस्तु समावेश गरिएको थियो ।

वि.सं २००७ सालसम्ममा नेपालको दुई प्रतिशत मात्र जनता साक्षर थिए । देशभर २१ ओटा माध्यमिक विद्यालय र ३२१ ओटा प्राथमिक विद्यालय रहेका थिए । २०२७ सालसम्म आइपुग्दा प्राथभिमक विद्यालयको सङ्ख्या ७२७५ पुग्यो भने माध्यमिक विद्यालयको सङ्ख्या १०६५ पुगेको थियो । विद्यालय शिक्षाको विकाससँगै यस अवधिमा उच्च शिक्षामा पनि ठुलो परिवर्तन भयो । स्थापना कालमा कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालयबाट सञ्चालन भएको त्रिचन्द्र कलेजले उच्च शिक्षा दिने काम गरेको थियो । वि.सं. २०१६ सालमा नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यसले गर्दा नेपाली विद्यार्थी उच्च शिक्षाका लागि विदेश जान परेन भने नेपालको अन्य कलेज देशको विभिन्न भागमा खुलेका थिए ।

## २.३ वि.सं.२०२८ देखि २०४६ सम्मको शिक्षा (Education From 1971-1989 AD)

वि.सं. २०२७ सालसम्म आइपुग्दा नेपालको शिक्षा क्षेत्रमा ठुलो परिवर्तन देखिएता पनि शिक्षालाई आधुनिक ढङ्गले परिमार्जन गर्न सकिएको थिएन । शिक्षालाई व्यवस्थापन गर्ने कुनै नियम कानुन थिएन । त्यसकारण वि.सं. २०२८ सालमा शिक्षा ऐन र शिक्षा नियमावली तयार गरियो । ऐन र नियमावलीमार्फत समग्र शिक्षालाई व्यापक परिवर्तन गरियो । यसलाई राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ अर्थात् नयाँ शिक्षा पद्धतिको योजना भनियो । यस योजनाअनुसार प्राथमिक तह कक्षा १ देखि ३ सम्म निम्न माध्यमिक तह ४ देखि ७ र माध्यमिक तह ८ देखि १० र सोभन्दा माथिलाई उच्च शिक्षा भनी परिभाषित गरिएको थियो ।

विद्यालयको प्राथमिक तहदेखि माध्यमिक तहसम्म पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्न २०२८ भाद्र ५ गते पाठ्यक्रम विकास केन्द्रको स्थापना भयो । यसले हालसम्म विद्यालय तहको पाठ्यक्रम तयार गरिरहेको छ । शिक्षकलाई अनिवार्य रूपमा शिक्षक तालिमको व्यवस्थापन गर्ने कार्य यस अवधिमा भएको थियो । वि.सं. २०४० सालदेखि एस.एल.सी. अनुत्तीर्ण शिक्षकलाई प्राथमिक तहमा शिक्षक बन्न प्रतिबन्ध लगाइयो भने निम्न माध्यमिक तहका लागि प्रमाणपत्र तह तथा माध्यमिक तहका लागि स्नातक हुनुपर्ने नियम बनाइएको थियो ।

विद्यालय निरीक्षण र व्यवस्थापनका लागि प्रत्येक जिल्लामा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना भएको थियो । प्राथमिक विद्यालय अनुगमन गर्न प्राथमिक विद्यालय निरीक्षक, निम्नमाध्यमिक विद्यालयका लागि निम्न माध्यमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालयका लागि माध्यमिक विद्यालय निरीक्षकको व्यवस्था गरिएको थियो । समग्र जिल्लाको शिक्षाको व्यवस्थापन र अनुगमन जिल्ला शिक्षा निरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरिएको थियो ।

वि.सं. २०३६ सालमा भएको शिक्षा ऐन २०२८ को तेस्रो संशोधनले विद्यालय संरचना पुनर्संरचित गरी कक्षा १-५ प्राथमिक तह, ६-७ निम्न माध्यमिक तह र ८-१० माध्यमिक तह भनी परिभाषित गरिएको थियो । सोहीबमोजिम पाठ्यक्रम र पाठ्यपुस्तकको समेत संशोधन गरिएको थियो । २०४२ सालमा देशको जनताको जीवनस्तर एसियाली मापदण्डमा पुऱ्याउने योजनाअनुसार धेरै सङ्ख्यामा आधारभूत प्राथमिक विद्यालयहरू स्थापना गरिए । यसले ग्रामीण भेगका बालबालिकाहरू सजिलै विद्यालयको पहुँच विकास भएको थियो । यस अवधिमा विद्यालयको सङ्ख्यात्मक रूपमा वृद्धि भए तापनि शिक्षामा गुणात्मक विकास हुन सकेको थिएन ।

## २.४ वि.सं. २०४६ देखि हालसम्मको शिक्षा (Education from 1990 to Onwards)

वि.सं. २०४६ सालमा भएको संयुक्त जनआनदोलनको परिणामस्वरूप नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएको हो । प्रजातन्त्रको स्थापनापछि शिक्षा क्षेत्रमा परिवर्तन गर्नका लागि वि.सं. २०४७ मा राष्ट्रिय शिक्षा आयोग गठन भयो र यस आयोगले २०४९ मा आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको थियो । आयोगको प्रतिवेदनअनुरूप शिक्षा ऐन २०२८ को संशोधन गरी शिक्षाको संरचना बदलिएको थियो । कक्षा १-५ प्राथमिक तह , ६-८ निम्न माध्यमिक तह कक्षा ९-१० मा.वि. तह, कक्षा ११ र १२ लाई उच्च माध्यमिक तह भनी परिभाषित गरिएको थियो । सोहीअनुसार पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जनसहित तयार गरिएको थियो । यस्तो पाठ्यक्रम ०५६ सम्म कक्षा १० सम्म लागु भएको थियो । कक्षा १ देखि १० सम्मको व्यवस्थापन शिक्षा मन्त्रालयमार्फत सञ्चालन हुन्थ्यो भने कक्षा ११ र १२ को पूर्ण व्यवस्थापन गर्न उच्च माध्यमिक शिक्षा परिषद् गठन गरिएको थियो ।

वि. सं. २०५४ सालमा गठन भएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनअनुसार शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५८ मा भएको थियो । यसअनुसार विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई शिक्षण अनुमति पत्र अनिवार्य भयो । शिक्षकको छनोट, बढुवा तथा अनुमति पत्र प्रदान गर्नका लागि शिक्षक सेवा आयोगको गठन भएको थियो । त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको प्रमाणपत्र तह हटाई कक्षा ११ र १२ सञ्चालन गर्ने नीति सञ्चालन भयो । उच्च शिक्षा भन्नाले स्नातक, स्नाकोत्तर एम.फिल. तथा पी.एच्डी. लाई परिभाषित गरिएको थियो । यस अवधिमा देशमा विभिन्न विश्वविद्यालयको स्थापना भयो । त्रिभुवन विश्वविद्यालयको अतिरिक्त अन्य विश्वविद्यालयहरू स्थापना भएका छन् ।

शिक्षा ऐन २०२८ को आठौं संशोधनले उच्च माध्यमिक शिक्षा परिषद्को खारेज गरी विद्यालय तहको शिक्षा कक्षा १ देखि १२ सम्म शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालन गर्ने व्यवस्था गरेको छ । कक्षा आठको परीक्षा स्थानीय तहमा सञ्चालन गर्ने र माध्यमिक तहको परीक्षा सञ्चालन गर्न राष्ट्रिय परीक्षा बोर्डको गठन गरिएको छ । वि. सं १९९० देखि सञ्चालन हुँदै आएको कक्षा १० को अन्त्यमा लिइने परीक्षालाई एस.ई.ई. नामकरण गरी कक्षा १२ को अन्त्यमा मात्र एस. एल.सी. परीक्षा दिने व्यवस्था गरिएको छ । लामो समयदेखि विद्यालयमा सञ्चालन गरिएको अङ्कन पद्धतिलाई बदलेर अक्षराङ्कन पद्धति लागु गरिएको छ । शिक्षा व्यवस्थापन गर्न केन्द्रमा शिक्षा मन्त्रालय, प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ तथा गाउँ वा नगर शिक्षा कार्यालयहरू स्थापना गरिएको छ ।

## सारांश (Summary)

नेपालको प्राचीनकालीन शिक्षा अनौपचारिक पद्धतिमा सञ्चालनमा रहेको थियो । संस्कृत भाषालाई पठनपाठनका भाषाका रूपमा समावेश गरिएको थियो । शिक्षण पद्धति गुरुकुल वा गुम्बा शिक्षा पद्धतिबाट सञ्चालन हुने गरेको थियो । लिच्छविकालमा पनि गुरुकुल र गुम्बा पद्धतिलाई निरन्तरता दिइएको थियो ।

त्यस बखत कलाकौशलमा निपूर्णता ल्याउन शिक्षाको योगदान रहेको थियो । मल्लकालीन नेपालमा संस्कृत भाषाको अतिरिक्त नेवारी भाषामा पनि शिक्षा दिन थालिएको थियो । मल्लकालमा विविध विषयमा पठनपाठन हुने गरेको थियो । घोक्ने, कण्ठ गर्ने जस्ता विधि प्रयोग हुन्थ्यो । शाहकालीन नेपालमा विद्यार्थीलाई छात्रवृत्ति दिएर विदेश पढ्न पठाउने, सैनिकलाई शिक्षा दिने गुरुपुरोहितहरूको सम्मान गर्ने जस्ता कार्य भएको थियो । विभिन्न ठाउँमा विद्यालय खोल्ने कार्यसमेत भएको थियो ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि नेपालमा शिक्षा विकासले ठुलो गति लिएको थियो । राष्ट्रिय शिक्षा योजना आयोग, २०११ को प्रतिवेदनले शिक्षालाई व्यवस्थापन गर्न ठुलो सहयोग पुऱ्याएको थियो । वि.सं. २०१८ सालको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन तथा राष्ट्रिय शिक्षा पद्धतिको योजना वि. सं. २०२८ ले शिक्षालाई नयाँ ढङ्गले व्यवस्थित गर्न सहयोग पुऱ्याएको थियो । त्यस्तै गरी पञ्चायतकालमा देशमा ठुलो सङ्ख्यामा विद्यालय तथा कलेजहरू खुलेका थिए । वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि गठन भएको राष्ट्रिय शिक्षा आयोग २०४७ र उच्चस्तरीय शिक्षा आयोग २०५४ ले प्रतिवेदन पेस गरी शिक्षालाई आधुनिक, सर्वसुलभ, व्यावहारिक बनाई अगाडि बढाउन विभिन्न सुझाव तथा सिफारिस पेस गरेका थिए । उक्त आयोगका सिफारिसहरूको कार्यान्वयन गर्न शिक्षा ऐन तथा नियमावलीमा परिमार्जन गरी शिक्षामा सुधारका प्रयास गरिएको थियो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) लिच्छविकालमा विद्यालय हेर्ने कार्यालयलाई के भनिन्थ्यो ?

(ख) दरबार स्कुलको स्थापना कहिले भएको हो ?

(ग) त्रिचन्द्र कलेजको स्थापना कति सालमा भएको हो ?

(घ) आधार शिक्षक तालिम केन्द्रको स्थापना कहिले भएको थियो ?

(ङ) गौतम बुद्धको समयमा बोलिने भाषालाई के भनिन्छ ?

(च) गुरुको आश्रममा बसेर पढ्ने पद्धतिलाई के भनिन्छ ?

(छ) त्रिचन्द्र कलेजको स्थापना कालको नाम के हो ?

(ज) राष्ट्रिय शिक्षा पद्धतिको योजना सर्वप्रथम कहिले लागु भयो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) गुरुकुल भन्नाले के बुझिन्छ ?

(ख) मल्लकालीन शिक्षाको छोटो वर्णन गर्नुहोस् ।

(ग) २००७ देखि २०२७ सम्मको शिक्षाको छोटो वर्णन गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) २००७ साल पूर्वको शिक्षाको वर्णन गर्नुहोस् ।

(ख) २०४७ देखि हालसम्मको शिक्षा पद्धतिको वर्णन गर्नुहोस् ।

## प्रयोगात्मक अभ्यास

१. गणतन्त्रको स्थापनापछि शिक्षा क्षेत्रमा भएको परिवर्तनका संरचनाका सन्दर्भमा कक्षाकोठामा छलफल गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

एकाइ
३

# बाल विकास र बाल मनोविज्ञान
(Child Development and Child Psychology)

## परिचय (Introduction)

बाल विकास भनेको बालकको शारीरिक, मानसिक, संवेगात्मक र मनोवैज्ञानिक पक्षमा आउने परिवर्तन हो । बालकको शारीरिक र मानसिक विकास सँगसँगै सामाजिक, मनोवैज्ञानिक र अन्य पक्षको विकास हुँदै जान्छ । बाल मनोविज्ञानको अध्यायन गर्न बाल विकाससम्बन्धी ज्ञान हुन जरुरी छ । यस एकाइमा  बाल विकासको वैयक्तिक भिन्नता, बाल विकासका चरणहरू र त्यसका विकासात्मक कार्यहरू, बाल मनोविज्ञान र शिक्षण सिकाइका यसको महत्त्वबारे चर्चा गरिएको छ ।

## ३.१. बाल विकासको वैयक्तिक भिन्नता (Individual Difference in Child Development)

मानव जीवनको प्रारम्भ गर्भधारणबाटै सुरु हुन्छ । बच्चा गर्भाअस्थामा रहँदा उसकी आमाले उचित स्याहार, पौष्टिक खाना, उपचार, आराम, व्यायाम पाएमा गर्भमा रहेको भ्रूण स्वस्थ रहन्छ र बच्चा पनि स्वस्थ जन्मन पुग्छ । बच्चा स्वस्थ्य भएमा बाहिरको वातावरणमा सजिलै समायोजन हुन सक्छ । जन्मपश्चात् उसको परिवारिक, सामाजिक र अन्य बाह्य वातावरणका कारणले उसको समग्र विकासमा प्रभाव पार्छ । बाल विकासमा वातावरणको साथसाथै वंशाणुगत गुणको पनि उत्तिकै प्रभाव पर्छ । सबै बालबालिकाहरू एउटै वातावरण र उस्तै वंशाणुगत गुण भएका हुँदैनन् । यिनै कारणले बाल विकासमा वैयक्तिक भिन्नता देखा पर्छ । बाल विकासको वैयक्तिक भिन्नताले शारीरिक विकासका साथै मानसिक र संवेगात्मक क्षमतामा समेत फरक  पर्छ । मानव विकासको ढाँचामा समानता भए तापनि उसको वैयक्तिक विकासमा भिन्नता हुने गर्छ । बालबालिकामा देखा पर्ने वैयक्तिक भिन्नतालाई निम्नानुसार उल्लेख गरिएको छ :

### (क) शारीरिक विकासमा भिन्नता

आहारविहार, पालनपोषण, उसको पारिवारिक, सामाजिक र भौतिक वातावरणले बालबालिकाको शारीरिक विकासमा असर पार्छ । सबै बालबालिकाहरूमा वंशाणुगत गुणहरू तथा बाह्य वातावरण समान हुँदैन । त्यसैले एउटै उमेरका बालबालिकाहरूबिच शारीरिक वृद्धि र विकास एकैनासको हुँदैन । उनीहरूको उचाइ, तौल, मोटाइ वा रङमा भिन्नता हुन्छ । साथै हिँड्ने, कुद्ने, खेल्ने अर्थात् शारीरिक क्रियाकलापमा फरक पर्छ ।

### (ख) बौद्धिक विकासमा भिन्नता

शारीरिक विकासमा जस्तै बौद्धिक विकासमा पनि वैयक्तिक भिन्नता हुन्छ । बालबालिकालाई परिवार, समाज र उसको वातावरणमा अनुभव, अन्य व्यक्तिहरूसँग गरिने बौद्धिक क्रियाकलापले उसको बौद्धिक विकासमा प्रभाव पार्छ । बौद्धिक विकासमा उसको वंशाणुगत क्षमताले पनि असर पुर्‍याउँछ । यसकारण

बालबालिकाहरूको बौद्धिक क्षमता फरक हुन्छ । उनीहरूको सिकाइ क्षमता पनि एउटै हुँदैन । कुनै तीक्ष्ण बुद्धिका, कुनै सामान्य त कुनै सुधारयोग्य क्षमता भएका बालबालिका हुन्छन् ।

### (ग) व्यक्तित्व विकासमा भिन्नता

व्यक्तित्व विकास मानव विकासको अपरिहार्य पक्ष को । व्यक्तित्व उसको प्रेम, खुसी, स्नेह, सहानुभूति, ईर्ष्या, दु:ख आदि आन्तरिक गुण र शारीरिक बनोट, वेषभूषा, बाह्य व्यवहार आदि बाह्य गुणको संयुक्त रूप हो । व्यक्तित्व विकासमा शारीरिक तथा बौद्धिक विकासका साथै घरभित्र वा बाहिरका सदस्यहरूसँगको सम्बन्धले भिन्नता ल्याइदिन्छ । व्यक्तित्व विकासमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व प्रवृत्ति हो । बालबालिकामा सकारात्मक प्रवृत्तिको विकास भएका उसको असल व्यक्तित्व हुन्छ ।

बालबालिकाको वैयक्तिक भिन्नताले उसको समग्र विकासमा प्रभाव पार्छ । त्यसैले बाल विकासको अध्ययन गर्दा उसको वैयक्तिक भिन्नता तथा विभिन्न उमेरावस्थाको जानकारी हुन आवश्यक हुन्छ । बाल विकासका केही उमेरावस्थाका चरणहरू, पूर्व बाल्यावस्था, उत्तर बाल्यावस्था र यौवनावस्थाको विकासात्मक अवस्थाबारे तल वर्णन गरिन्छ :

## ३.२. पूर्व बाल्यावस्था (Early Childhood)

बाल्यावस्था शैशवास्थापछिको अवस्था हो । यो अवस्थामा शारीरिक विकासको तुलनामा तीव्र बौद्धिक र संवेगात्मक विकास हुन्छ । यो उमेर विद्यालय प्रवेशको तयारीको उमेर हो ।Elizabeth B. Hurlock का अनुसार पूर्वबाल्यावस्था बालबालिकाको २ वर्षदेखि ६ वर्षसम्मको अवधि हो । यस अवस्थालाई व्यक्तिहरूले विभिन्न नाम दिने गरेका छन् । आमाबाबुले समस्यामूलक उमेर, शिक्षाविद्हरूले विद्यालयपूर्वको उमेर र मनोवैज्ञानिकहरूले पूर्वबाल समूह, जिज्ञासु तथा अरूको नक्कल गर्ने उमेर भनेर नामकरण गरेका छन् । बालबालिकाहरू घरेलु वातावरणबाट विद्यालयको वातावरणमा समायोजन हुनुपर्ने हुँदा यो अवस्थालाई ज्यादै महत्त्वपूर्ण अवस्था मानिन्छ ।

### ३.२.१.पूर्व बाल्यावस्थाका विशेषताहरू (Characteristics of Early Childhood)

पूर्व बाल्यावस्थामा आउने शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक विशेषताहरू बारेमा मनोवैज्ञानिकहरूको फरक फरक धारणा छन् । समग्रमा यस अवस्थामा पाइने विशेषताहरूबारे यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

१. कम वृद्धि र तीव्र विकासको उमेर
२. आधार स्तम्भको उमेर
३. पूर्व विद्यालयको उमेर
४. रचनात्मक उमेर
५. खेलौनाको उमेर
६. नक्कल गर्ने उमेर

७. पूर्वबाल समूहको उमेर  ८. समस्यामूलक उमेर

९. अन्वेषण र जिज्ञासाको उमेर

उल्लिखित विशेषताहरूलाई छोटकरीमा छुट्टाछुट्टै रूपमा चर्चा गरिएको छ :

## १. पूर्व बाल्यावस्था कम वृद्धि र तीव्र विकासको उमेर

यस अवस्थामा बालबालिकाहरूको शारीरिक वृद्धि कम र मानसिक, संवेगात्मक, सामाजिक तथा क्रियात्मक पक्षमा भने तीव्र विकास हुन्छ । शारीरिक अङ्गप्रत्यङ्गको क्रियात्मक तथा मानसिक प्रक्रियाको तीव्र गतिमा विकास हुन्छ ।

## २. पूर्व बाल्यावस्था आधार स्तम्भको उमेर

यस अवस्थामा बालबालिकाले हासिल गर्ने सामाजिक, भावनात्मक तथा संवेगात्मक ढाँचाहरूले पछिल्लो विकासका चरणहरूमा कस्तो सामाजिक व्यवहार प्रदर्शन गर्ने भनी निर्धारण गर्छ । यही अवस्थामा बालबालिकाले कति सिर्जनात्मक कार्य गर्छ । अरूसँगको व्यवहार कस्तो हुन्छ भन्ने कुराको विकास हुन्छ । त्यसैले यो अवस्था व्यक्तित्व विकासका आधार स्तम्भ मानिन्छ ।

## ३. पूर्व बाल्यावस्था पूर्व विद्यालयको उमेर

यस उमेरका बालबालिकाहरू औपचारिक शिक्षामा प्रवेश हुन तयारी अवस्थामा हुन्छन् । यसका लागि बालबालिकालाई पूर्व प्रारम्भिक विद्यालयमा पठाउन सकिन्छ । औपचारिक रूपमा विद्यालयमा प्रवेशका निम्ति आवश्यक सिप तथा धारणाको विकास हुन्छ ।

## ४. पूर्व बाल्यावस्था रचनात्मक उमेर

यस अवस्थाका बालबालिका जिज्ञासु स्वभावका हुन्छन् । नयाँ नयाँ विषयवस्तु र क्रियाकलापका बारेमा अनुभव प्राप्त गर्छन् । आफ्नो वरिपरिका वस्तु वा घटनाका बारेमा प्रश्न गरिरहन्छन् । वस्तु, घटना वा सामग्रीलाई चिनेर धारणा निर्माण गर्ने कार्य गर्छ । यस अवस्थाको उमेरलाई प्रश्न गर्ने तथा अन्वेषणात्मक उमेर पनि भनिन्छ ।

## ५. पूर्व बाल्यावस्था खेलौनाको उमेर

यस अवस्थाका बालबालिकाहरूले अधिकांश समय आफ्नो मन पर्ने खेलौनासँग बिताउँछन् । आफ्नो उमेर समूहका बालबालिकासँग खेल खेल्न र रमाउन चाहन्छन् । काल्पनिक संसार निर्माण गरी बालबालिकाहरूले पुतली तथा खेलौनासँग बोल्ने तथा जिम्मेवारी दिने गर्छन् । त्यस्तै बालकहरू गाडी, बन्दुक, चङ्गा र साइकलसँग रमाउँछन् । उनीहरूको समय बिताउने मुख्य साधन खेलौना भएको हुँदा यसलाई खेलौनाको उमेर भनिएको हो ।

## ६. पूर्वबाल्यावस्था नक्कल गर्ने उमेर

यस अवस्थाका बालबालिकाहरू घरपरिवार तथा छरछिमेकले बोलेका राम्रा नराम्रा शब्दहरू नक्कल गर्ने कोसिस गर्छन् । देखेका वा सुनेका भाषा तथा क्रियाकलापहरू नक्कल गरी व्यवहारमा उतार्ने प्रयास गर्छन् । जस्तै : मोबाइल चलाउने, भाँडा माझ्ने, कुचो लगाउने, नाच्ने अथवा गीत गाउने कार्य गर्छन् । यसरी यस अवस्थाका बालबालिकाहरूले अरूले बोलेको र काम गरेको नक्कल गरेर धेरै कुराहरू सिक्छन् ।

## ७. पूर्व बाल्यावस्था पूर्वबाल समूहको उमेर

यस अवस्थामा बालबालिकामा सामाजिकीकरणका सिपहरूको विकास हुन थाल्छ । दाजुदिदी तथा भाइबहिनीसँगको अन्तरक्रियाले बालसमूहका निम्ति आवश्यक पर्ने सिपको विकास गर्छन् । यस अवस्थामा हुने भाषाको विकास, खेलको विकास, रुचि, शारीरिक तथा मानसिक परिपक्वताले बालसमूह निर्माणका आधार तय गर्छ ।

## ८. पूर्व बाल्यावस्था समस्यामूलक उमेर

आमाबाबुहरूले यस अवस्थालाई समस्यामूलक उमेरका रूपमा लिन्छन् । यस अवस्थाका बालबालिकाहरूले आमाबुबाका लागि थुप्रै समस्याहरू निम्त्याउँछन् । यस अवस्थामा बालबालिकाहरूको स्वास्थ्यसम्बन्धी समस्याभन्दा बढी व्यवहारगत समस्याहरू देखा पर्छन् । उनीहरू जिद्दी गर्ने, आफूभन्दा ठुलाले भनेको नटेर्ने, झोक्किने र छिटो रिसाउने गर्छन् । अरूको ईर्ष्या गर्छन्, आफू स्वतन्त्र हुन चाहन्छन् र आफूले गर्न नसक्ने कामहरू गर्न चाहन्छन् । उनीहरूलाई अनावश्यक रूपमा डराउनाले पनि थप समस्याहरू आउन हुन्छन् ।

## ३.३.२. पूर्व बाल्यावस्थाका विकासात्मक कार्यहरू (Developmental Tasks of Early Childhood)

पूर्व बाल्यावस्थामा बालबालिकाहरूमा विभिन्न विकासात्मक कार्यहरू हुन्छन् । यस अवस्थाका विकासात्मक कार्यहरू यसप्रकार छन् :

(क) आफ्नो खानेकुरा आफैँ खान सक्ने

(ख) दिसापिसाब नियन्त्रण गर्न सक्ने

(ग) हिँड्डुल गर्न र खेल खेल्न सक्ने

(घ) विद्यालय जान तयार हुन थाल्ने

(ङ) अरूलाई आफ्नो कुरा भन्न र अरूको कुरा बुझ्न सक्ने

(च) लुगा लाउन सक्ने जस्ता आफ्नो काम

(छ) सामान्य लैङ्गिक भिन्नता छुट्याउन सक्ने

## ३.३. उत्तर बाल्यावस्था (Late Childhood)

जन्मेको ६ वर्षदेखि १३ वर्षसम्मको उमेरलाई उत्तर बाल्यावस्थाको उमेर भनी छुट्याइएको छ । तर यस अवस्थामा केटा र केटीको उमेरमा भिन्नता छ । केटीहरूको उमेर ६ देखि १२ वर्षसम्म र केटाहरूको उमेर ६ देखि १३ वर्षसम्मको अवधिलाई उत्तर बाल्यावस्था भनिन्छ । यौन परिपक्वताभन्दा अगाडिसम्मको अवस्था नै उत्तर बाल्यावस्था हो । यस अवस्थाको सुरुआतसँगै औपचारिक शिक्षा प्राप्त गर्न थाल्छन् । समाजमा समायोजन हुन पनि यसै अवधिमा सिक्छन् । यो अवस्थामा बालबालिकाले पहिलेको अवस्थाभन्दा बढी औपचारिक र घरेलु वातावरणभन्दा बाहिरको वातावरणमा पनि अन्तरक्रिया गर्नुपर्छ । फलस्वरूप बालबालिकामा असामान्य स्थिति देखा पर्छ । यस अवस्थाको बालबालिकामा शारीरिक परिवर्तनका साथै प्रवृत्ति, मूल्य, मान्यता तथा व्यवहारमा पनि परिवर्तन देखा पर्छन् । केटाभन्दा तुलनात्मक रूपमा केटीहरूमा यस्ता परिवर्तनहरू चाँडो हुन्छन् ।

### ३.३.१ उत्तर बाल्यावस्थाका विशेषताहरू (Characteristics of Late Childhood)

उत्तर बाल्यावस्थाका बालबालिकालाई आमाबुबा, शिक्षाविद् तथा मनोवैज्ञानिकहरूले आआफ्नै दृष्टिकोणअनुसार नामकरण गरेका छन् । आमाबुबाहरूले उत्तर बाल्यावस्थालाई दु:ख दिने उमेर, फोहोरी उमेर तथा झगडालु उमेर भनेर नामकरण गरेका छन् । शिक्षाविद्हरूले प्रारम्भिक विद्यालय उमेर तथा नाजुक उमेर भनेका छन् । त्यस्तै गरी मनोवैज्ञानिकहरूले बालसमूह उमेर, रचनात्मक उमेर र खेलौनाको उमेर भनी नामकरण गरेका छन् । यिनै विश्लेषणका आधारमा उत्तर बाल्यावस्थाका विशेषताहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

१. बाल्यावस्था प्रारम्भिक विद्यालय उमेर
२. बालसमूह उमेर
३. फोहोरी उमेर
४. दु:ख दिने उमेर
५. झगडालु उमेर
६. नाजुक उमेर
७. सिर्जनात्मक उमेर
८. खेल उमेर
९. खुसीको उमेर

उल्लिखित विशेषताहरूलाई तल चर्चा गरिएको छ :

### १. उत्तर बाल्यावस्था : प्रारम्भिक विद्यालय उमेर

उत्तर बाल्यावस्थालाई प्राथमिक विद्यालयको उमेर भनिन्छ । विद्यालय प्रवेशसँगै उनीहरू जीवनका आवश्यक आधारभूत ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सुरु गर्छन् । मनोवैज्ञानिक दृष्टिकोणमा बालबालिकाहरूलाई पाँच वर्षको उमेरमा शारीरिक तथा मानसिक रूपले औपचारिक शिक्षाका लागि परिपक्व मानिन्छन् । यस अवस्थाका बालबालिकाहरू विद्यालय जान सक्ने, आफ्नो क्षमता बढाउन सक्ने, साथीहरूसँग खेल्न र बस्न सक्ने हुन्छन् । साथै शिक्षकले भनेका निर्देशन पालना गर्न सक्ने तथा धैर्य धारण गर्न सक्ने अवस्थाका हुन्छन् ।

## २. उत्तर बाल्यावस्था : बालसमूह उमेर

यस अवस्थाका बालबालिकाहरू समूह निर्माण गर्ने, समूहमा बस्ने, समूहमा खेल्ने, पढ्ने र सक्रिय भएर हिँड्ने गर्छन् । घरपरिवारको नियमभन्दा साथीहरूको निर्देशन र नियमलाई प्रमुख मान्छन् । यस अवस्थाका बालबालिकाहरूमा बाबुआमा तथा शिक्षकहरूको भन्दा समूहको प्रभाव बढी पर्छ । यस उमेरलाई बालबालिकाहरूको तीव्र सामाजिकीकरणको अवधि पनि मानिन्छ । समूह निर्मणमा लिङ्ग, योग्यता, समुदाय, उमेर, भाषा आदिका आधारमा बन्छन् । उनीहरू आफ्नो समूहका साथीहरूलाई सहयोग गर्छन् । बालसमूहबाट बालबालिकाले थुप्रै उपयोगी ज्ञान, सिप र धारणा तथा सामाजिक व्यवहार विकास गर्ने अवसर प्राप्त गर्न सक्छन् ।

## ३. उत्तर बाल्यावस्था : फोहोरी उमेर

यस अवस्थाका बालबालिकाहरू जथाभावी बस्ने, खेल्ने, सरसफाइ नगर्ने जस्ता व्यवहारहरू देखाउँछन् । अर्कोतर्फ बालबालिकाहरूमा जिम्मेवारीको बोध हुँदैन । यसकारण उनीहरू आफ्नो सामानको जतन गर्दैनन् तथा आफू सुत्ने कोठा तथा ओछ्यानको सरसफाइमा ध्यान दिँदैनन् । त्यसैले यस अवस्थाका बालबालिकालाई फोहोरी उमेर भनिएको हो ।

## ४. उत्तर बाल्यावस्था : दु:ख दिने उमेर

यस अवस्थाका बालबालिकाहरूले आमाबाबुले भनेको नटेर्ने, आमाबुबासँग झगडा गर्ने, सताउने र दु:ख दिने गर्छन् । त्यसैले यस अवस्थालाई दु:ख दिने उमेर पनि भनिन्छ । यस उमेरका बालबालिकाहरू बढी उपद्रो गर्ने, सामग्रीहरू फुटाउने तथा फाल्ने गर्छन् । कक्षाका साथीहरूको प्रभावमा परी विभिन्न वस्तुहरूको माग पनि गर्छन् । घरबाहिर निस्किरहने तथा खेलमा धेरै समय बिताउने हुनाले दु:ख दिने उमेर भनिन्छ ।

## ५. उत्तर बाल्यावस्था : झगडालु उमेर

यस अवस्थाका बालबालिकाहरू अभिभावकसँग अनावश्यक मागहरू राख्छन् । माग पूरा नभएमा झगडा गर्ने, सताउने र दु:ख दिने गर्छन् । साथीहरूसँग पनि विभिन्न निहुँ झिकेर झगडा गर्छन् । केटाकेटीहरू एकअर्कालाई गाली गर्ने, नाम काट्ने, भौतिक आक्रमण गर्ने, अश्लील शब्दहरू प्रयोग गर्ने जस्ता नकरात्मक कार्यहरू पनि गर्छन् । त्यसैले यस अवस्थाका बालबालिकालाई झगडालु उमेरको संज्ञा दिइएको हो ।

## ६. उत्तर बाल्यावस्था : नाजुक उमेर

यस अवस्थामा बसेका आदत वा बानी व्यवहारको प्रभावपछिसम्म पर्ने हुनाले यस अवस्थालाई नाजुक अवस्था भनिन्छ । यस अवस्थालाई बाल विकासको संवेदनशील अवस्था हो । बालबालिकाहरूले यस अवस्थामा हासिल गरेका प्रवृत्ति, व्यवहार र ज्ञानले भविष्यसम्म प्रभाव पार्छ । बालबालिकाहरूमा शैक्षिक रूपमा पनि निम्न, औसत वा उत्तम उपलब्धिको अवस्थामा देखा पर्छन् ।

### ७. उत्तर बाल्यवस्था : सिर्जनात्मक उमेर

यस अवस्थाका बालबालिकाहरू नयाँ नयाँ कुरा सिक्न तथा जान्न उत्सुक हुन्छन् । आफूले खेल्ने हरेक खेल तथा क्रियाकलापहरूबाट सिर्जनात्मकताको विकास गर्छन् । चित्रहरू कोर्ने, विभिन्न वस्तुका नमुनाहरू बनाउने आदि सिर्जनात्मक कार्यहरू गर्छन् । त्यसैले यस अवस्थालाई सिर्जनात्मक उमेर भनिन्छ । साथै यस अवस्थाका बालबालिकाहरू आफ्नो क्षमतालाई नवीन तथा रचनात्मक कार्यमा लगाउन चाहन्छन् । आफूले प्राप्त गरेको ज्ञानबाट नयाँ सोच, कल्पना र तर्क तथा धारणहरू निर्माण गर्छन् । सामान्य समस्याहरूको उपायहरू पत्ता लगाई प्रयोग गर्ने प्रयास गर्छन् ।

### ८. उत्तर बाल्यावस्था : खेल उमेर

यस अवस्थाका बालबालिकाहरूमा खेलप्रति मोह जाग्ने उमेर हो । यस उमेरका बालबालिकाहरू विद्यालयमा सिकेका र अन्य स्थान विशेषका खेलहरू पनि खेल्छन् । उनीहरू फुर्सद पाउनसाथ धेरै समय खेलमा बिताउन रुचाउँछन् । यस अवस्थाका बालबालिकाहरू एक्लाएक्लै समूह बनाएर पनि खेल खेल्ने गर्छन् । यस अवस्थामा केटाकेटीहरूमा खेलमा रुचि राख्ने र सहभागी हुने कारण यस अवस्थालाई खेल्ने उमेर भनिएको हो ।

### ९. उत्तर बाल्यावस्था : खुसीको उमेर

उत्तर बाल्यावस्थाका बालबालिकाहरू आफूलाई स्वतन्त्र, आत्मनिर्भर र खुसी राख्न चाहन्छन् । आफूलाई मन पर्ने र खुसी हुने प्रकारका कार्यहरू गर्न रुचाउँछन् । यसका लागि आआफ्नो समूहमा रही सधैँ खुसी रहने विभिन्न क्रियाकलापमा सहभागी हुन्छन् ।

## ३.३.२. उत्तर बाल्यावस्थाका विकासात्मक कार्यहरू (Developmental Tasks of Late Childhood)

उत्तर बाल्यावस्थामा विभिन्न विकासात्मक कार्यहरू हुन्छन् । यस बेलाका बालबालिकाहरू विद्यालय जाने र समूहमा खेल्ने उमेरका भएकाले उनीहरूको विकासात्मक कार्यहरू पूरा गर्न सकेमात्र उनीहरू सही बाटामा हिँड्छन् । यो अवस्थामा अभिभावक र शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । बालबालिकामा हुने विकासात्मक कार्यहरूका लागि उनीहरूको मनोभावना बुझ्नु र आवश्यकताअनुसार सहयोग गर्नुपर्छ । यस अवस्थामा देखिने मुख्य विकासात्मक कार्यहरू यसप्रकार छन् :

(क) साधारण खेलका लागि आवश्यक शारीरिक सिपहरू सिक्नु

(ख) आफ्नो बढ्दो शारीरिक अङ्गप्रत्यङ्गप्रति स्वस्थकर मनोवृत्ति विकास गर्नु

(ग) आफ्नो उमेर समूहका साथीभाइसँग घुलमिल गर्न सिक्नु

(घ) उपयुक्त लैङ्गिक तथा सामाजिक भूमिकाको विकास गर्न सिक्नु

(ङ) पढाइ, लेखाइ र अङ्कगणितसम्बन्धी आधारभूत सिपहरूको विकास गर्नु

(च) सामाजिक समूह तथा संस्थाहरूप्रति सकारात्मक धारणा विकास गर्नु

(छ) स्वतन्त्र रूपमा हिँड्डुल गर्न, सोच्न र विचार गर्न सिक्नु

(ज) खेलकुद, नाचगान तथा मनोरञ्जन गर्न रुचाउनु

(झ) दैनिक जीवनमा आवश्यक पर्ने सिपको विकास हुँदै जानु

## ३.४. यौवनावस्था (Puberty)

यौवनावस्थाको अङ्ग्रेजी रूपान्तर Puberty हो । यो ल्याटिन भाषाको Puberts बाट आएको हो । Puberts को अर्थ हुन्छ age of manhood अर्थात् मनुष्यको अवस्था । यो अवस्था सामान्यतया ११/१२ देखि १५/१६ वर्षसम्मको समयावीधलाई मानिन्छ । केटीहरूमा ११/१२ देखि १ पाँच वर्ष र केटाहरूमा १२/१३ देखि १६ वर्षको समयावधिलाई यौवनावस्था भनिन्छ । यस अवस्थामा बाल्यकालका विशेषताहरू लोप हुन्छन् र वयस्क उमेरका विशेषताहरू देखा पर्न थाल्छ । यो अवस्थामा शारीरिक वृद्धि तीव्र रूपमा हुने गर्छ । विशेष गरेर यौनजन्य अङ्ग प्रत्यङ्गमा तीव्र परिवर्तन देखा पर्छ । उनीहरूमा आउने शारीरिक तथा यौनसम्बन्धी परिवर्तनले  मनोवैज्ञाकि असरहरू देखा पर्छन् । अनुकूल वातावरण, आवश्यक सल्लाह, सुझाव, निर्देशन, प्रोत्साहन र माया ममता दिएर सम्भावित मनोवैज्ञानिक सङ्कटलाई कम गर्न सकिन्छ । यस अवस्थामा शिक्षक, बाबुआमा तथा अभिभावकले परामर्शदाताको भूमिका खेल्नुपर्छ ।

### ३.४.१ यौवनावस्थाका विशेषताहरू (Characteristics of Puberty)

यौवनावस्थाका उत्तर बाल्यावस्थाबाट सुरु भई किशोरावस्थामा पूरा हुने अवस्था हो । यो छोटो अवधिको भए तापनि तीव्र वृद्धि र परिवर्तनको अवस्था को । यस अवस्थाका पाइने मुख्य विशेषताहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

१. खप्टिएको अवस्था

२. छोटो अवस्था

३. विभक्त अवस्था

४. तीव्र वृद्धि र परिवर्तनको अवस्था

५. नकरात्मक अवस्था

६. विभिन्न उमेरमा देखा पर्ने अवस्था

उल्लिखित विशेषताहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

#### १. यौवनावस्था खप्टिएको अवस्था हो ।

यौवनावस्था उत्तर बाल्यावस्था र किशोरावस्थाबिच खप्टिएको अवस्था हो। यो उत्तर बाल्यावस्थाका पछिल्ला वर्षहरू र किशोरावस्थाका अघिल्ला वर्षहरूका गुण तथा विशेषताहरू पाइने अवस्था हो ।

### २. यौवनावस्था छोटो अवधिको अवस्था हो ।

यौवनावस्था अन्य अवस्थाभन्दा छोटो अवधिको हुन्छ । यो अवस्था ११/१२ देखि १५/१६ वर्ष उमेरसम्म हुने भएकाले दुईदेखि चार वर्षसम्मको अवधि रहने भएकाले यसलाई छोटो अवस्था मानिन्छ ।

### ३. यौवनावस्था विभक्त अवस्था हो ।

यौवनावस्था छोटो अवस्था भएर पनि तीन भागमा विभाजित छ । तीन अवस्थाहरू हुन् : प्रारम्भिक यौवनावस्था, यौवनास्था र पछिल्लो यौवनावस्था । प्रारम्भिक अवस्थामा यौन विशेषताहरूको सुरुआत हुने र पछिल्लो यौवनास्थामा ती विशेषताहरू परिपक्व अवस्थामा पुग्छन् ।

### ४. यौवनावस्था तीव्र वृद्धि र परिवर्तनको अवस्था हो ।

यौवनावस्थामा शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षमा तीव्र वृद्धि र विकास हुन्छ । यस अवस्थाको  सुरुआतसँगै बालकालिकाको मस्तिष्कमा रहेको पियुस ग्रन्थिको क्रियाकलापमा सक्रियाता आउन थाल्दछ । फलस्वरूप, वृद्धि रसको उत्पादन हुन थाल्दछ र शारीरिक वृद्धि तीव्र रूपमा हुन्छ । त्यसै गरी यौन उत्तेजना स्रावले यौन अङ्गलाई सक्रिय बनाउन थाल्दछ । फलस्वरूप केटाकेटीहरू वयस्क जस्ता देखिन थाल्छन् । यस अवस्थामा केटीहरूमा पहिलो पटक मासिक स्राव र केटाहरूमा स्वप्नदोष हुन्छ ।

### ५. यौवनावस्था नकरात्मक अवस्था हो ।

यौवनावस्थाको सुरुआतदेखि नै केटाकेटीहरूमा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले उनीहरूलाई अप्ठ्यारो महसुस हुन्छ । फलस्वरूप उनीहरूमा नकारात्मक असर देखा पर्न थाल्छ । यो अवस्थामा केटाकेटीहरू विरक्त मान्ने, दिक्क भएर बस्ने र अन्य यस्तै कारणले अप्रिय निर्णय गर्नसमेत पुग्छन् ।

### ६. यौवनावस्था विभिन्न उमेरमा देखा पर्छ ।

यौवनावस्थाका विशेषताहरू फरक फरक उमेरमा देखा पर्छ । सबै बालबालिकाहरूमा एउटै उमेर र क्रममा यौवनावस्था नहुन सक्छ । कसैमा यौन परिपक्वता छिटो, कसैमा ढिलो र कसैमा औसत रूपमा नै हुन्छ । यसको मुख्य कारण बालबालिकाहरूको वंशाणुगत गुण, उनीहरूले पाएको वातावरण, पारिवारिक तथा आर्थिक पृष्ठभूमि, पोषणयुक्त खानेकुराका साथै उनीहरूको स्वास्थ्य अवस्था हो ।

## ३.४.२. यौवनावस्थाका विकासात्मक कार्यहरू (Developmental Tasks of Puberty)

उत्तर बाल्यावस्थामा जस्तै यौवनावस्थामा पनि केही विकासात्मक कार्यहरू हुन्छन् । ती विकासात्मक कार्यहरूप्रति शिक्षक, बाबुआमा र अभिभावक सचेत रहनुपर्छ । उनीहरूमा आउनुपर्ने स्वाभाविक परिवर्तन नआएका त्यसप्रति ध्यान दिएर उपयुक्त वातावरण बनाइदिनुपर्छ । यौवनावस्थाका बालबालिकाहरूमा विकास हुने केही विकासात्मक कार्यहरू यसप्रकार छन् :

(क) बाल्यकालका लक्षणहरू क्रमश: हराउँदै जानु र वयस्क अवस्थाका लक्षणहरू क्रमश: देखा पर्न थाल्नु

(ख) प्रारम्भिक यौन परिपक्वता हासिल गर्नु र सन्तान उत्पादन गर्ने प्रारम्भिक क्षमता प्राप्त हुनु

(ग) यौनजन्य शारीरिक स्वरूप प्राप्त गर्नु र यौनिक भिन्नताका लक्षणहरू देखा पर्नु

(घ) केटीहरूमा प्रथम रजस्वला र केटाहरूमा स्वप्नदोष देखा पर्नु

(ङ) आआफ्नो यौन भूमिकाप्रति सचेत र सतर्क हुन थाल्नु

## ३.५. बाल विकासमा प्रभाव पार्ने तत्त्वहरू (Factors Affecting Child Development)

बालकको शारीरिक, मानसिक संवेगात्मक, सामाजिक पक्षमा आउने पर्ने परिवर्तन नै बाल विकास हो । मानव विकास गर्भावस्थाबाट नै सुरु हुने हुँदा गर्भावस्था वा सोपछिको वातावरण नै बाल विकासको मुख्य आधार हुन्छ । सबै बालबालिकाले एउटै वातावरण पाउँदैनन् । यही वातावरणको भिन्नताले एउटै गर्भबाट जन्मेका बच्चाहरूको विकास पनि फरक फरक हुने गर्छन् । बाल विकासमा प्रभाव पार्ने केही तत्त्वहरूको तल चर्चा गरिन्छ :

### (क) परिवारको सामाजिक र आर्थिक स्तर

बालबालिकाहरूको विकासमा प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्व परिवारको सामाजिक र आर्थिक स्तर हो । परिवारको राम्रो सम्बन्ध र सुसंस्कृत भएमा उनीहरूले राम्रा कुराहरू सिक्छन् । शिशुको परिवार शिक्षित र आर्थिकस्तर राम्रो भएमा बालबालिकाहरूको उचित पालनपोषण हुन्छ । यस्तो अवस्थाका बालबालिकाहरूले अभिभावकबाट भविष्यको विकासका लागि सानैदेखि उचित रेखदेख र उचित वातावरण प्राप्त गर्छन् । यस्तो परिवारका बालबालिकाहरूले माया ममता पाउँछन् । सानो उमेरदेखि शिक्षाको समुचित अवसर पाउँछन् र उनीहरूको समग्र विकासमा अनुकूल प्रभाव पर्छ ।

### (ख) अभिभावकको शिक्षा

बालबालिकाहरूको चौतर्फी विकासको निर्णायक भूमिका खेल्ने व्यक्ति भनेको अभिभावक नै हो । बालकको पहिलो विद्यालय घर र गुरु भनेको बाबुआमा हुन् । पहिलो विद्यालय र बाबुआमा गुरु हुने हुँदा बालबालिकाहरूको विकासमा अभिभावकको शिक्षाको ठुलो महत्त्व रहेको हुन्छ । शिक्षित बाबुआमा भएमा आफ्ना बालबालिकाहरूको चौतर्फी विकासका लागि रेखदेख, पथप्रदर्शन, नियन्त्रण र सही निर्देशन गर्छन् । यस्ता अभिभावकहरू भविष्यदर्शी र शिक्षाको महत्त्व बुझेका हुन्छन् । बालबालिकाको स्याहार र पोषणका सम्बन्धमा आधारभूत ज्ञान प्राप्त गरेका हुन्छन् । सोहीअनुरूप बालबालिकाको सन्तुलित विकासमा ध्यान पुऱ्याउँछन् । फलस्वरूप बालबालिकाको स्वर्णिम भविष्यको आधार तयार हुन्छ ।

### (ग) घरायसी कार्यको बोझ

आर्थिक अवस्था, व्यावसायिक वा अन्य कारणले परिवारका आमाबाबु वा अभिभावकलाई कामको बोझ बढी हुने गर्छ । कतिपय परिवारका जेठा बालबालिकाहरूले पढ्न पाउने अवसर पाउँदैनन् । व्यस्त रहने

बाबुआमाले बालबालिकाको शिक्षाको निम्ति सोच्ने फुर्सद पाउँदैनन् । कतिपय परिवारमा गर्भवती महिलाले पनि कामको बोझ उठाउनुपर्ने हुन्छ । यस्तो अवस्थामा गर्भभित्रको भ्रूणको वृद्धि र विकासमा समेत असर पर्छ । जन्मपश्चात् उचित स्याहार, सुसार, माया ममता, खानेकुरा, समय तथा मार्ग निर्देशन दिन नसक्दा बालबालिकाको विकासमा असर पर्छ । उनीहरूमा मानसिक, संवेगात्मक र क्रियात्मक समस्याहरू उत्पन्न हुन्छन् । यसर्थ घरायसी कार्य बोझको कारणले पनि बाल विकासमा असर पर्छ ।

### (घ) पोषणयुक्त खाना

पोषणयुक्त खानाले बालबालिकाको शरीरिक वृद्धि तथा विभिन्न रोगसँग लड्ने क्षमताको विकास गर्छ । आमाबाबुले बालबालिकाको शारीरिक तथा मानसिक विकासको निम्ति जन्मपूर्वदेखि नै पौष्टिक आहारको व्यवस्था गर्नुपर्छ । पोषणयुक्त खाना सानै उमेरदेखि प्राप्त गर्ने बालबालिकाहरू शारीरिक तथा मानसिक रूपले तन्दुरुत हुन्छन् । यस्ता बालबालिकाहरू शारीरिक रूपले तन्दुरुस्त तथा मानसिक रूपले सिर्जनशील हुन्छन् । विपन्न परिवारका बालबालिकाहरूले पोषणयुक्त खाना खान पाउँदैनन् । त्यसैले कुपोषणले ग्रसित हुन्छन् । विभिन्न रोगले सताइएका हुन्छन् । परिणामस्वरूप बालबालिकाको शरीर कमजोर तथा निष्क्रिय प्रकारको हुन्छ । उनीहरूको मस्तिष्क सुस्त र कम सिर्जनशील हुन्छ । त्यसैले पोषणयुक्त खाना बालबालिकाको वृद्धि र विकासमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व हो ।

### (ङ) बालबालिकाको अपेक्षा तथा आवश्यकताहरूको परिपूर्ति

बालबालिकाका अपेक्षा तथा आवश्यकताहरू उनीहरूका प्रेरक तत्त्वहरू हुन् । यी दुवै शारीरिक तथा मनोवैज्ञानिक प्रक्रियासँग आबद्ध हुन्छन् । अपेक्षा र आवश्यकताको परिपूर्तिले बालबालिकालाई आत्म सन्तुष्टि मिल्छ । जुन बालबालिकाको आवश्यकता पूरा हुँदै जान्छन् । उनीहरूमा आत्मविश्वास बढ्दै जान्छ । साथसाथै व्यक्तितत्व निर्माण हुँदै जान्छ । अपेक्षा र आवश्यकता पूरा नभएका बालबालिका भने आत्मबल कमजोर भएको ठान्ने र हीनताबोध गर्ने गर्छन् । जुन बालबालिकाको अपेक्षा र आवश्यकता पूर्ति हुँदैन । अन्तत दौँतरी, परिवार र समाजप्रति निराशा पैदा हुन्छ । बालबालिकाको विकासमा नैतिक विकास हुनुको सट्टा विकासात्मक विचलन देखा पर्छ । उनीहरू मानसिक रूपले तनावपूर्ण तथा संवेगात्मक रूपले आक्रामक मनस्थितिका हुन्छन् ।

### (च) सुरक्षाको अनुभूति

बालबालिकाको विकासमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्वहरूमध्ये सुरक्षाको अनुभूति पनि एक हो । उनीहरूले कुनै पनि वातावरणमा आफूलाई सुरक्षको महसुस गर्नुपर्छ । बालबालिकाहरू निर्भिकतापूर्वक विभिन्न क्रियाकलापमा संलन्न हुन बालबालिकालाई सुरक्षाको प्रत्याभूति दिलाउने, आत्मबल बढाइदिने काम विद्यालय र अभिभावकको हो । बालबालिकाले सिक्ने क्रममा सामान्य गल्तीहरू गर्दा गाली गर्ने, सजाय दिने गर्नु हुँदैन ।

यस्तो गरेको खण्डमा उनीहरूले आफूलाई असुरक्षित महसुस गर्न पुग्छन् । परिवारमा खुला र अन्तरक्रियात्मक वातावरण हुनुपर्छ । फलस्वरूप धारणा निर्माण गर्ने र संवेगात्मक सम्बन्ध स्थापना गर्न अवसर प्राप्त हुन्छ ।

### (छ) लिङ्गीय आधारमा बालबालिकाप्रति आमाबुबाको व्यवहार

महिला वा पुरुष भएको आधारमा गरिने विभेदपूर्ण व्यवहारले बालबालिकाको विकासमा प्रत्यक्ष रूपमा प्रभाव पर्छ । आमा र बाबुको छोराछोरीप्रतिको विभेदपूर्ण व्यवहारको कारण व्यक्तित्व विकासमा फरक पार्छ । छोरा र छोरीलाई घरको कामदेखि पढाइप्रति गरिने व्यवहार सन्तुलित हुनुपर्छ । अभिभावकले आफ्ना नानीहरूलाई कुनै जिम्मेवारी वा सुविधा दिँदा लिङ्गीय भेदभाव गर्नु हुँदैन ।

### (ज) शारीरिक अवस्था

बालबालिकाहरूको स्वाभाविक विकासलाई पत्यक्ष प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व शारीरिक अवस्था पनि हो । शारीरिक दोषहरू उत्पन्न हुनाले पनि मानसिक प्रक्रिया, शारीरिक क्रियाकलाप तथा संवेगात्मक सन्तुलनमा विचलन देखा पर्छ । केही बालबालिकाहरू जन्मँदाको अस्वाभाविक अवस्था तथा जन्मपश्चात् विभिन्न घटना र बिमारीपनको कारण अङ्गभङ्ग हुन सक्छन् । साथै शारीरिक अङ्गहरू निष्क्रिय हुने अवस्था आउन सक्छ । यस्ता बालबालिकालाई दौँतरी, परिवार र समाजमा समायोजन हुन कठिन हुन्छ । यस्तो अवस्था भएका बालबालिकालाई उत्साह र हौसलाको जरुरत पर्छ । उनीहरूको स्वाभिमानमा आँच आउने व्यवहार गर्नु हुँदैन । उनीहरूमाथि अन्य जस्तै काम गर्न सक्छन् भन्ने सोच राखेर व्यवहार गर्नुपर्छ ।

## ३.६. बालमनोविज्ञान अर्थ र यसको महत्त्व (Meaning of Child Psycholoy and its Importance)

बालबालिकाहरूको विकासात्मक अवस्थाको अध्यायन गर्ने विज्ञान नै बालमनोविज्ञान हो । उनीहरूको विभिन्न विकासात्मक पक्षहरूको अध्यायन गरी अपेक्षित परविर्तन ल्याउन बालमनोविज्ञानसम्बन्धी अध्यायन गर्न जरुरी हुन्छ ।

### ३.६.१. बालमनोविज्ञान अर्थ (Meaning of Child Psychology)

मनोविज्ञान अङ्ग्रेजी शब्द Psychology को रूपान्तरित रूप हो । मनोविज्ञानको अर्थ व्यक्तिको मष्तिष्क र व्यवहारको अध्यायन हो । व्यक्तिको मानसिक क्रियाकलाप उसको व्यावहारमा प्रकट हुने गर्छ । मनोविज्ञानले व्यक्तिको व्यवहारका विभिन्न पक्षको अध्ययन गर्छ । अत: मनोविज्ञान मानिसको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक समग्र पक्षको अध्ययन गर्ने विज्ञान हो । साथै मनोविज्ञानले व्यक्तिको व्यवहार परिवर्तन र यसका कारणहरू अध्ययन गर्छ । यसले व्यक्तिको बाल्यावस्थादेखि प्रौढावस्थासम्मको अध्यायन गर्छ ।

बाल्यावस्थाको विकासात्मक प्रक्रियाको अध्यायन गर्ने विषय नै बालमनोविज्ञान (Child Psychology) हो । यसले बाल्यावस्थाको मनोवैज्ञानिक प्रक्रियाको अध्यायन गर्छ । बाल्यावस्थामा हुने मनोवैज्ञानिक प्रक्रिया वयस्कावस्थाभन्दा कसरी फरक हुन्छन्, शैशवास्थादेखि किशोरावस्थासम्म कसरी विकसित हुँदै जान्छन्

भन्ने अध्यायन गर्छ । बाल विकासमा किन र कसरी वैयक्तिक भिन्नता हुन्छ भन्ने बालमनोविज्ञानको अध्यायनको विषय हो । यसले बालबालिकाहरूको शारीरिक वृद्धि वा विकासको मात्र अध्यायन गर्दैन बरु उनीहरूको बौद्धिक, संवेगात्मक र सामाजिक विकासको समेत अध्यायन गर्छ । बालबालिकाहरूलाई विद्यालय घरपरिवारमा कस्तो वातावरण दिने, कसरी उनीहरूको व्यवहारमा सुधार ल्याउन सकिन्छ बालमनोविज्ञान सहयोगी माध्यम हुन सक्छ ।

## ३.६.२. बालमनोविज्ञानको महत्त्व (Importance of Child Psychology)

बालबालिकाहरूको पारिवारिक, सामाजिक सांस्कृतिक पृष्ठभूमि पत्ता लगाई उनीहरूको व्यवहार परिवर्तन गर्न शिक्षक र अभिभावकमा बाल मनोविज्ञानको ज्ञान हुन जरुरी छ । कुनै पनि समुदायमा आर्थिक तथा जातजाति, वर्ग, समुदाय, रीतिस्थिति, धर्मसंस्कृतिमा भिन्नता भएकाले बालबालिकाहरूमा पनि भिन्नता हुनु सामान्य कुरा हो । बालमनोविज्ञानले फरक फरक विशेषता भएका बालबालिकाहरूलाई उचित व्यवहार गरी उनीहरूको व्यक्तित्व विकासमा मदत पुऱ्याउँछ ।

बालबालिकाहरूको व्यक्तित्व निर्माण गर्ने उचित थलो घरपरिवार र विद्यालय हो । विद्यालयमा बालबालिकाहरूको पृष्ठभूमि र तिनको वर्तमान अवस्थालाई ध्यानमा राखेर शिक्षण सिकाइ गर्न मनोविज्ञानले सघाउने गर्छ । शिक्षण सिकाइमा शैक्षिक उद्देश्य, शिक्षण विधि, क्रियाकलाप र मूल्याङ्कन कसरी गर्ने ? उपायहरू निकाल्नमा सहयोग पुऱ्याउँछ । साथसाथै बालबालिकाहरूलाई अनुशासनमा राख्न, शिक्षणप्रति आकर्षित गर्न, योजना निर्माण गर्न र त्यसअनुरूप शिक्षण गर्न बालमनोविज्ञानले महत्त्वपूर्ण उपायहरू सुझाउँछ । बालमनोविज्ञानको महत्त्वलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक पक्षको अध्ययनमा सहयोग पुऱ्याउँछ ।

(ख) बालबालिकाहरूको रुचि, इच्छा तथा चाहनानुसारका व्यवहार गर्न सहयोग पुऱ्याउँछ ।

(ग) उनीहरूको वैयक्तिक भिन्नता पत्ता लगाई तथा आवश्यकता पहिचान गरी सही मार्ग निर्देशन गर्न टेवा पुऱ्याउँछ ।

(घ) मनोवैज्ञानिकहरूले पत्ता लगाएका नयाँ नयाँ सिद्धान्तहरूको ज्ञान हासिल गरी त्यसलाई कक्षाकोठाको शिक्षण सिकाइ कार्यमा प्रयोगमा ल्याउन सहयोग पुऱ्याउँछ ।

(ङ) वैज्ञानिक ढङ्गले बालबालिकाहरूको सिकाइको स्तरको मूल्याङ्कन गरी समयमै शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन टेवा पुऱ्याउँछ ।

(च) व्यक्तिको सिकाइमा प्रभाव पार्ने तत्त्वहरूको ज्ञान हासिल गरी सिकाइ प्रक्रियामा आइपर्ने समस्याहरू समयमै हटाउन मदत पुऱ्याउँछ ।

(छ) उमेरअनुसारका बालबालिकाहरूको विशेषताहरू जानकारी लिई सोहीअनुसार शैक्षिक सामग्रीहरूको प्रयोग गरी सफल शिक्षण गर्न टेवा पुऱ्याउँछ ।

(ज) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा सहयोग पुऱ्याउँछ ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) बाल विकास भनेको के हो ?

(ख) पूर्व बाल्यावस्थाका कुनै तीनओटा विशेषताहरू लेख्नुहोस् ।

(ग) उत्तर बाल्यावस्थालाई किन 'दु:ख दिने उमेर' भनिन्छ ?

(घ) यौवनावस्थालाई किन खप्टिएको अवस्था भनिन्छ ?

(ङ) बालमनोविज्ञानको अर्थ लेख्नुहोस् ।

### २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) बालबालिकामा वैयक्तिक भिन्नता ल्याउने मुख्य तत्त्वहरू के के हुन्, लेख्नुहोस् ।

(ख) पूर्व बाल्यावस्था र उत्तर बाल्यावस्थाबिच के के फरक छ, लेख्नुहोस् ।

(ग) यौवनावस्थाका विशेषताहरू छोटकरीमा वर्णन गर्नुहोस् ।

(घ) वातावरणले बाल विकासमा कस्तो प्रभाव पार्छ, छोटाकरीमा लेख्नुहोस् ।

(ङ) शिक्षण सिकाइमा बालमनोविज्ञानको के महत्त्व छ ?

### ३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) बाल विकासमा प्रभाव पार्ने तत्त्वहरूको अध्यायनले शिक्षण सिकाइमा कसरी सघाउ पुऱ्याउँछ, प्रस्तुत गर्नुहोस् ।

(ख) उत्तर बाल्यावस्थामा देखिने नकरात्मक व्यवहारहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ, उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ग) बाबुआमा, शिक्षक र अभिभावकलाई यौवनावस्थाका विकासात्मक कार्यहरूको अध्यायनबाट कसरी सहयोग पुग्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

### प्रयोगात्मक कार्य

तपाईँले पढ्ने विद्यालयको प्राथमिक तहको कुनै एउटा कक्षाका विद्यार्थीहरूका क्रियाकलापहरूको अवलोकन गरी टिपोट गर्नुहोस् । उक्त व्यवहारहरू यस एकाइमा भएका उत्तर बाल्यावस्थाका विशेषताहरूसँग कत्तिको मेल खान्छन्, कक्षामा छलफल गर्नुहोस् ।

एकाइ
४

# पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री
(Curriculum, Text Books and Curricular Materials)

## परिचय (Introduction)

पाठ्यक्रम शैक्षिक क्रियाकलापको बृहत् योजना हो । यसले शिक्षण सिकाइ क्रियाकलापको निर्देशन गर्छ । पाठ्यक्रमबाट कुनै कक्षा वा तहका विद्यार्थीहरूलाई के सिकाउने ? किन सिकाउने ? कसरी सिकाउने ? उनीहरूले के कति सिके कसरी थहा पाउने ? जस्ता प्रश्नहरूको जबाफ पाउन सकिन्छ । यस एकाइमा पाठ्यक्रमसँग सम्बन्धित पाठ्यक्रमको अर्थ र परिभाषा, पाठ्यक्रम र पाठ्यपुस्तकको महत्त्व, पाठ्यक्रमका तत्त्वहरू, पाठ्यक्रम निर्माण प्रक्रिया र विद्यालय तहको वर्तमान पाठ्यक्रमलगायतका विषयमा चर्चा गरिएको छ ।

## ४.१. पाठ्यक्रमको शाब्दिक अर्थ (Etymological Meaning of Curricilum)

नेपाली बृहत् शब्दकोशअनुसार “पाठ्यक्रम” शब्दले पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापर क्रमलाई जनाउँछ । यो अङ्ग्रेजी शब्द Curriculum को रूपान्तरित रूप हो । Curriculum शब्द ल्याटिन भाषाको Currere बाट आएको हो । Currere शब्दको अर्थ 'to run' अर्थात् दगुर्नु भन्ने लाग्छ । यस अर्थमा Curriculum शब्दले धावन मार्ग वा दौडको मैदान भन्ने पनि बुझाउँछ । यसरी हेर्दा शिक्षा एक प्रकारको दौड र पाठ्यक्रम दौडको मैदान हो । यसमा विद्याार्थीले दौडेर आफ्नो उद्देश्य र लक्ष्य प्राप्त गर्छन् । पाठ्यक्रमलाई शाब्दिक रूपमा हेर्दा शिक्षाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने दिशामा डोऱ्याउने मार्ग हो ।

**पाठ्यक्रमको सङ्कुचित अर्थ :** सङ्कुचित अर्थमा पाठ्यक्रमको एक शैक्षिक अवधिमा शिक्षण गर्ने विषयवस्तुलाई बुझाउँछ । अर्थात् कक्षाकोठामा विद्यार्थीहरूलाई पढाइने विषयवस्तुको सूचीलाई बुझाउँछ । पाठ्यक्रमको सङ्कुचित अर्थलाई पाठ्यक्रमको परम्परागत धारणा (Traditional concept) का रूपमा पनि लिइन्छ । पाठ्यक्रमको सङ्कुचित अर्थले पाठ्यक्रमका चारओटा तत्त्वहरू उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनमध्ये विषयवस्तुलाई मात्र समेट्छ ।

**पाठ्यक्रमको व्यापक अर्थ :** व्यापक अर्थमा पाठ्यक्रमले शिक्षक अथवा विद्यालयको निर्देशनमा विद्यार्थीहरूले प्राप्त गर्ने सम्पूर्ण क्रियाकलाप र अनुभवलाई बुझाउँछ । विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक विकास गराउने योजनाबद्ध लिखित दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमको बृहत् अर्थले शैक्षिक उद्देश्य प्राप्त गर्नका लागि विद्यालयभित्र र बाहिर भएका शैक्षिक क्रियाकलापलाई समेट्छ । यस धारणाअनुसार कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, खेलमैदान र विद्यालयका अन्य व्यक्तिहरूसँगको अन्तरक्रियाबाट विद्यार्थीहरूले प्राप्त गरेका सम्पूर्ण सिकाइ अनुभवलाई पाठ्यक्रमले समेट्छ । यसरी विद्यालयभित्र र बाहिर विद्यार्थीले जेजति अनुभव र ज्ञान, सिप प्राप्त गर्छन् । यी सबै विषयहरू पाठ्यक्रमको व्यापक अर्थभित्र पर्छन् ।

## ४.२. पाठ्यक्रमको परिभाषा (Definition of Curriculum)

पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा विभिन्न पाठ्यक्रमविद् तथा निकायहरूले फरक फरक परिभाषा प्रस्तुत गरेका छन् । तिनीहरू निम्नानुसार रहेका छन् :

(क) पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो ।

- रा.शि.प.यो. २०२८

(ख) शैक्षिक कार्यक्रमहरू पूरा गर्न विकासात्मक, संवेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक साधनका रूपमा विद्यालयभित्र र बाहिर हुने सिकाइका अनुभवहरू समावेश गरिएको कार्यक्रम पाठ्यक्रम हो ।

- क्रो एन्ड क्रो

(ग) विद्यालयभित्र र बाहिर विद्यार्थीका अपेच्छित उपलब्धिहरू प्राप्त गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम सिकाइको योजना हो ।

– हिल्डा टावा

(घ) शैक्षिक उद्देश्य प्राप्तिका लागि विभिन्न योजनाबद्ध रूपमा विद्यालयहरूबाट निर्दिष्ट भई सिकेको सबै प्रकारका अनुभवहरू नै पाठ्यक्रम हो ।

- टेलर

माथि दिइएका परिभाषितहरूलाई नियाल्दा पाठ्यक्रमलाई विद्यालयभित्र र बाहिर शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको बृहत् शैक्षिक कार्यक्रम, मानिसको सम्पूर्ण ज्ञान तथा अनुभवहरूको सार, मानिसको समग्र विकासमा सहयोग पुऱ्याउने कार्य योजनाका रूपमा लिन सकिन्छ ।

## ४.३. पाठ्यक्रमको महत्त्व (Importance of Curriculum)

पाठ्यक्रम शैक्षिक कार्यक्रमकालाई निर्देशन गर्ने कार्ययोजना हो । यसले विभिन्न तह र कक्षाका विद्यार्थीलाई के, कति र कसरी शिक्षण गर्ने भन्ने विषयमा निर्णय लिन सहयोग पुऱ्याउँछ । विद्यार्थीले के कति शैक्षिक उपलब्धि हासिल गरे त्यसको मूल्याङ्कन गर्नसमेत मदत पुऱ्याउँछ । यसलाई सम्पूर्ण शैक्षिक गतिविधिको मेरुदण्डका रूपमा लिन सकिन्छ । पाठ्यक्रमको महत्त्वलाई तलका बुँदाहरूबाट थप प्रस्ट पार्न सकिन्छ :

(क) शिक्षाको राष्ट्रिय, तहगत र विषयगत उद्देश्य निर्धारण गरी सोअनुसार शैक्षणिक योजना निर्माणमा सहयोग पुऱ्याउँछ ।

(ख) पाठ्यक्रमले दिएका साधारण र विशिष्ट उद्देश्य प्राप्त गर्न उपयुक्त दैनिक शिक्षण योजना बनाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउँछ ।

(ग) शिक्षण योजनाअनुसार आवश्यक पर्ने शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने आधार प्रदान गर्छ ।

(घ) बालकेन्द्रित शिक्षण विधि तथा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापको छनोट र प्रयोग गर्न निर्देशन गर्छ ।

(ङ) निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणअनुरूप रचनात्मक शिक्षणमा बल पुऱ्याउँछ ।

(च) कमजोर विद्यार्थीको स्तर सुधार गर्नका लागि सुधारात्मक शिक्षण गर्ने आधार तयार गर्न मदत गर्छ ।

(छ) पाठ्यक्रमको मर्म र भावनाअनुसार शिक्षण गर्न सहयोग गर्छ ।

(ज) पाठ्यक्रमले तोकेका उद्देश्य प्राप्त भए भएनन् भनेर आँकलन गर्ने मुख्य आधार सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ ।

(झ) शिक्षकले आत्ममूल्याङ्कन गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सहयोग पुऱ्याउँछ ।

(ञ) शिक्षण सिकाइ प्रक्रियामा भएका कमी कमजोरी औँल्याई सुधार गर्न मदत गर्छ ।

(ट) विविध प्रकारका शिक्षण विधि प्रयोग गरी विद्यार्थीलाई सक्रिय तुल्याउन सहयोग पुऱ्याउँछ ।

यसरी पाठ्यक्रमले विद्यालयभित्र वा बाहिर गरिने सम्पूर्ण शैक्षणिक क्रियाकलाहरूको सफल कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

## ४.४. पाठ्यक्रमका तत्त्वहरू (Elements of Curriculum)

पाठ्यक्रम तयार गर्दा समावेश गरिने विभिन्न पक्षहरूलाई पाठ्यक्रमको तत्त्व भनिन्छ । पाठ्यक्रमको निर्माण र यसमा समावेश गर्नुपर्ने तत्त्वहरूका बारेमा विद्वान्हरू फरक फरक नमुनाहरू प्रस्तुत गरेका छन् । राल्फ टेलर (Ralph Tyler) को प्राविधिक वैज्ञानिक नमुनालाई प्रचलित नमुना मानिन्छ । यस नमुनाले पाठ्यक्रममा (क) उद्देश्यहरूको निर्धारण, (ख) सिकाइ अनुभवहरूको पहिचान, (ग) सिकाइ अनुभवहरूको सङ्गठन र (घ) उद्देश्यहरूको मूल्याङ्कन जस्ता पक्षहरू समावेश गर्नुपर्नेमा जोड दिन्छ । पाठ्यक्रमको निर्माण गर्दा खास गरी सैद्धान्तिक, व्यावहारिक र प्राविधिक पक्षमाथि विचार पुऱ्याउनुपर्छ । यसमा समावेश गरिने तत्त्वहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :


१. शैक्षणिक उद्देश्यहरू

२. विषयवस्तु

३. शिक्षण सिकाइ क्रियाकलाप

४. मूल्याङ्कन

पाठ्य्क्रमका यी तत्त्वहरूलाई निम्नलिखत चित्रद्वारा पनि प्रस्ट पार्न सकिन्छ :




## १. उद्देश्यहरू (Objectives)

कुनै पाठ वा एकाइको शिक्षणपछि अथवा कुनै कक्षा वा तह पूरा गरेपछि अपेक्षा गरिने शैक्षिक उपलब्धिलाई शैक्षणिक उद्देश्य भनिन्छ । शैक्षणिक क्रियाकलापको अन्त्यमा प्राप्त हुने नतिजा वा प्रतिफललाई उद्देश्यका रूपमा लिन सकिन्छ । यसलाई पाठ्यक्रमका तत्वहरूमध्ये पहिलो र महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । पाठ्यक्रमका उद्देश्यहरू दुई प्रकारका हुन्छन् : (क) साधारण उद्देश्य (ख) विशिष्ट उद्देश्य

### (क) साधारण उद्देश्यहरू (General Objectives)

साधारण उद्देश्य लामो समयको अन्तरालमा प्राप्त हुने अपेक्षा गरिएको हुन्छ । कुनै कक्षा वा तह पूरा गरेपछि अपेक्षा गरिने शैक्षिक सक्षमता नै साधारण उद्देश्य हुन् । यी उद्देश्यहरू मापन गर्न कठिन हुने, कम व्यावहारिक तथा बहुअर्थी हुन्छन् ।

### (ख) विशिष्ट उद्देश्यहरू (Specific Objectives)

विशिष्ट उद्देश्य कुनै पाठ वा सिकाइको अन्त्यमा प्राप्त हुने अपेक्षा राखिएको हुन्छ । यी उद्देश्यहरू छोटो समयमा पूरा सकिने प्रकारका हुन्छन् । यी उद्देश्यहरू मापनीय र व्यावहारिक र विशिष्ट प्रकृतिका हुन्छन् । यस्ता उद्देश्यहरूले राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य र विषयगत उद्देश्य पूरा गराउन मदत गर्छन् ।

## २. विषयवस्तु (Contents)

पाठ्यक्रमको उद्देश्य पूरा गर्न शिक्षक तथा विद्यार्थीले शिक्षण सिकाइमा प्रयोग गर्ने पाठ्यसामग्रीहरूको सूची नै विषयवस्तु हो । पाठ्यक्रम निर्माण गर्दा पाठ्यसामग्रीहरूको सूची बनाई सिकाउन खोजिएको ज्ञान, सिप र धारणा स्पष्ट पारिएको हुनुपर्छ । विषयसूचीको सहयोगमा विषयवस्तुको छनोट गर्न सजिलो हुन्छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्नका लागि उपयुक्त विषयवस्तुको छनोट गरी त्यसको क्षेत्र र क्रम मिलाइएको हुनुपर्छ । शिक्षण सिकाइको अन्त्यमा विद्यार्थीहरूमा के वा कस्तो किसिमको परिवर्तन गर्न खोजिएको हो, सोहीअनुसार विषयको छनोट गर्नुपर्छ । विषयवस्तुको छनोट गर्दा यसको वैधता, महत्त्व र रुचिपूर्णता, सान्दर्भिकता, उपयोगिता जस्ता कुरामा ध्यान दिनुपर्छ । विषयवस्तुको सङ्गठनमा पनि उत्तिकै ध्यान पुऱ्याउनुपर्छ । विषयवस्तुको सङ्गठन गर्दा लम्बीय र समतलीय समन्वयमा ध्यान पुऱ्याउनुपर्दछ ।

### ३. शिक्षण सिकाइ क्रियाकलाप (Teaching Learning Activities)

शिक्षण सिकाइ क्रियाकलाप पाठ्यक्रम निर्माणको तेस्रो तत्त्व हो । पाठ्यक्रममा समावेश गरिएका उद्देश्यहरू पूरा गर्न बालबालिकाहरूसँग विभिन्न क्रियाकलापहरू गरिन्छन् । शिक्षकले कक्षाकोठाभित्र वा बाहिर गर्ने सम्पूर्ण क्रियाकलापहरू नै शिक्षणसिकाइ क्रियाकलापहरू हुन् । विषयवस्तुलाई विद्यार्थीसमक्ष कसरी प्रस्तुत गर्ने भन्ने कला नै शिक्षण क्रियाकलाप हो । पाठ्यक्रममा विषयवस्तुको छनोट र सङ्गठन गरिसकेपछि शिक्षण सिकाइ क्रियाकलापको निर्धारण गरिन्छ । विषयवस्तुलाई प्रभावकारी रूपमा प्रस्तुत गरेमा मात्र विद्यार्थीले सजिलै ज्ञान, सिप र धारणा आर्जन गर्छन् । शिक्षण सिकाइ क्रियाकलापको छनोट गर्दा विद्यार्थीको उमेर, परिपक्वता, क्षमता, पूर्वअनुभव, पाठप्रतिको आकर्षण आदि कुराको ख्याल गर्नुपर्छ । साथै शिक्षण सिकाइ क्रियाकलाप गर्दा निरन्तरता, समावेशिता र बालमनोविज्ञान जस्ता पक्षहरूमा उत्तिकै ध्यान दिनुपर्छ ।

### ४. मूल्याङ्कन (Evaluation)

पाठ्यक्रमको चौथो वा अन्तिम तत्त्वका रूपमा मूल्याङ्कनलाई लिइन्छ । शैक्षिक कार्यक्रमको पूरा भएपछि पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य के कति पूरा भए भनी गरिने लेखाजोखालाई मूल्याङ्कन भनिन्छ । विद्यार्थीलाई प्रदान गर्न खोजिएको ज्ञान, सिप र धारणाको विकास कुन हदसम्म पूरा भयो भनी जाँच्ने प्रक्रिया नै मूल्याङ्कन हो । मूल्याङ्कनले पाठ्यक्रमको उद्देश्य, विषयवस्तु र शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारिता र औचित्यको मापन गर्नका साथै पृष्ठपोषण पनि दिन्छ । सामान्यतः मूल्याङ्कन दुई प्रकारका हुन्छन्: निर्माणात्मक र निर्णयात्मक । निर्माणात्मक मूल्याङ्कन विद्यार्थीहरूको कमीकमजोरी पत्ता लगाई उनीहरूको पढाइमा सुधार गर्ने कुरामा केन्द्रित हुन्छ । निर्णयात्मक मूल्याङ्कन शैक्षिक वर्षको अन्त्यमा गरिने मूल्याङ्कन हो । निर्णयात्मक मूल्याङ्कनबाट विद्यार्थीहरू उत्तीर्ण हुने वा नहुने सम्बन्धमा निर्णय लिन सहयोग पुग्छ ।

## ४.४. पाठ्यक्रम निर्माण प्रक्रिया (Process of Curriculum Development)

पाठ्यक्रमले बालबालिकाको सम्पूर्ण पक्षको विकास गर्ने उद्देश्य राख्ने भएकाले यसको निर्माण गर्दा विशेष ध्यान पुऱ्याउनुपर्छ । यसको निर्माण गर्दा शिक्षक, विद्यार्थी, विषयविज्ञ, मनोवैज्ञानिक र शिक्षाविद्हरूको संलग्नता हुनुपर्छ । हाम्रो देशमा विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने काम पाठ्यक्रम विकास केन्द्रले गर्छ । पाठ्यक्रम निर्माण र परिमार्जन गर्दा पाठ्यक्रम विकास केन्द्रले विभिन्न प्रक्रिया र चरणहरू अपनाएर गर्ने

गर्छ । पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका, २०७३ अनुसार पाठ्यक्रम विकास गर्दा सामान्यतय निम्नलिखित चरणहरू पूरा गरिन्छ :

(क) आवश्यकता पहिचान

(ख) नीतिगत निर्णय

(ग) पाठ्यक्रम विकास

(घ) पाठ्यक्रम स्वीकृति र कार्यान्वयन

(ङ) पाठ्यक्रम मूल्याङ्कन र सुधार

पाठ्यक्रम विकास गर्दा उल्लिखित चरणहरू विभिन्न प्रक्रियाबाट अगाडि बढाइन्छ । सर्वप्रथम मस्यौदा कार्यदलले पाठ्यक्रमको मस्यौदा तयार गरी आवश्यक छलफल, सुझाव र परिमार्जनका लागि शिक्षक कार्यशालामा प्रस्तुत गर्छ । उक्त कार्यशालाबाट प्राप्त सुझावहरूका आधारमा सुधार गरेर विषय समितिमा अध्ययन र स्वीकृतिका लागि पेस गरिन्छ । त्यसलाई समन्वय समितिले पुन: अध्ययन गर्छ । त्यसपछि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्समक्ष स्वीकृतिका लागि पेस गरिन्छ । अन्तमा नेपाल सरकारबाट स्वीकृति भएपछि कार्यान्वयनमा ल्याइन्छ ।

## ४.५. पाठ्यपुस्तक र यसको महत्त्व (Text Book and its Importance)

पाठ्यपुस्तक पाठ्यक्रममा समावशे गरिएका उद्देश्यहरू पूरा गर्न तयार गरिएको पाठ्यवस्तुको सङ्गठित रूप हो । यो शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण साधन हो । पाठ्यपुस्तक विद्यालयमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउन तयार गरिएको पाठ्यसामग्री हो । यो विषयवस्तुमा आधारित रहेर सामग्रीहरूको लिखित संरचनाका रूपमा तयार गरिन्छ । यो पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूरा गर्ने आधार सामग्री भएकाले विद्यार्थीको तह, कक्षा, स्तर, रुचि र आवश्यकतालाई ध्यानमा राखेर तयार गर्नुपर्छ । पाठ्यक्रमका उद्देश्यहरू पाठ्यपुस्तकको प्रयोगबाट मात्र पूरा हुँदैनन् । अन्य स्रोतसामग्रीहरूको पनि जरुरी हुन्छ । यद्यपि साधनस्रोतको अभाव भएका विद्यालयहरूमा पाठ्यपुस्तकलाई नै मुख्य सामग्री मानिन्छ । त्यसैले शिक्षण सिकाइ क्रियाकलापमा पाठ्यपुस्तकको विशेष महत्त्व रहेको छ । पाठ्यपुस्तकको महत्त्व निम्नानुसारका बुँदाहरूका आधारमा थप स्पष्ट पार्न सकिन्छ :

(क) पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य परिपूर्ति गर्न सहयोगी सामग्रीका रूपमा प्रयोग गर्न

(ख) विषयवस्तु विद्यार्थीसमक्ष पुऱ्याउने महत्त्वपूर्ण शैक्षिक सामग्रीका रूपमा उपयोगमा ल्याउन

(ग) शिक्षण योजना बनाउनुअगाडि विशिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षण क्रियाकलाप गर्न र गृहकार्य दिने सामग्रीका रूपमा प्रयोग गर्न

(घ) विद्यार्थीका लागि पूर्वतयारी गर्न र विषयवस्तुबारे जानकारी दिन

(ङ) अभ्यास र क्रियाकलापका माध्यमबाट विद्यार्थीमा सिर्जनशील बानीको विकास गर्न

(च) पाठ्यपुस्तकका आधारमा स्थानीय वातावरण र सामग्रीको प्रयोग गर्न

(छ) विद्यार्थी क्रियाकलाप, सामूहिक कार्य गर्न तथा एकआपसमा छलफल गर्न व्यवहारमा ल्याउने कार्यमा सघाउन

(ज) विद्यार्थी मूल्याङ्कनका लागि आधार सामग्रीका रूपमा प्रयोग गर्न

## ४.६. पाठ्यक्रम र पाठ्यपुस्तकबिचको सम्बन्ध (Relation between Curriculum and Text Book)

पाठ्यक्रम बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजना हो । यसमा विद्यालयभित्र वा बाहिर दिइने सम्पूर्ण अनुभवलाई समेटिएको हुन्छ । पाठ्यक्रमले शिक्षण सिकाइलाई मार्गनिर्देशन गर्नका साथै विद्यार्थीले हासिल गर्नुपर्ने उद्देश्य किटान गर्छ । उद्देश्यअनुरूपको क्रियाकलाप, शिक्षण विधि, तौरतरिकासमेत समावेश गर्छ । पाठ्यपुस्तकलाई पाठ्यक्रमले राखेका उद्देश्य परि पूर्ति गर्ने माध्यमका रूपमा लिइन्छ । यो शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण साधन हो । पाठ्यपुस्तकलाई विद्यार्थीहरूले औपचारिक रूपमा प्रयोगमा ल्याउने गर्दछन् । यसलाई पाठ्यक्रमको सहयोगी सामग्रीका रूपमा लिइन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकबिच रहेको सम्बन्धलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| पाठ्यक्रम | पाठ्यपुस्तक |
|---|---|
| पाठ्यक्रम शैक्षिक क्रियाकलापको योजना हो । | पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य पूरा गर्न मदत गर्ने साधन हो । |
| पाठ्यक्रममा सम्बन्धित विषयवस्तुको क्रम र क्षेत्र उल्लेख गरिएको हुन्छ । | पाठ्यपुस्तक पाठ्यक्रममा समावेश भएका विषयवस्तुको क्रम र क्षेत्रका आधारमा तयार पारिएको हुन्छ । |
| यो पाठ्यसामग्रीको स्रोत हो । | यो पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ सामग्री हो । |
| पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, क्रियाकलाप र मूल्याङ्कन विधि समावेश गरिएको हुन्छ । | पाठ्यपुस्तकमा विषयसूची, विषयवस्तु र मूल्याङ्कनका साधनहरू समावेश गरिएको हुन्छ । |
| पाठ्यक्रम आवश्यकताको छनोटका आधारमा तयार पारिएको हुन्छ । | पाठ्यपुस्तक आवश्यकता पपिूर्तितर्फ लक्षित हुन्छ । |
| पाठ्यक्रम शिक्षण सिकाइको विस्तृत योजना हो । | पाठ्यक्रममा समावेश भएको योजनालाई कार्यरूप दिन तयार पारिएको विषयवस्तुको विस्तारित रूप पाठ्यपुस्तक हो । |

| | |
|---|---|
| पाठ्यक्रम बालकबालिकाको सार्वङ्गीण विकासका लागि उसको उमेरगत शैक्षिक आवश्यकताका आधारमा तयार पारिएको हुन्छ । | पाठ्यपुस्तक अनुभव, खोज तथा प्रयोगबाट प्राप्त विषयवस्तुलाई सङ्कलन र छनोट गरी तयार पारिएको हुन्छ । |
| पाठ्यक्रम शिक्षण योजनाको सैद्धान्तिक पक्ष हो । | पाठ्यपुस्तक शिक्षण योजनाको प्रयोगात्मक पक्ष हो । |

### ४.७ विद्यालय तहको पाठ्यक्रम (School Level Curriculum)

पाठ्यक्रम शैक्षिक विकासको बृहत् कार्ययोजना भएकाले यसमा शिक्षाका उद्देश्य, विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन जस्ता शिक्षण सिकाइका अभिन्न अङ्गहरू समेटिएका हुन्छन् । यो विश्वव्यापी परिवेश, वर्तमान सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा प्राविधिक पक्षलाई ध्यानमा राखी तयार गरिएको हुन्छ । साथै बालबालिकाको रुचि, मनोविज्ञान र क्षमतालाई पनि उत्तिकै विचार पुऱ्याइएको हुन्छ । यसमा विद्यालयभित्र वा बाहिर विद्यार्थीले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरू समेटिएका हुन्छन् । नेपालको वर्तमान पाठ्यक्रमले पनि यिनै विषयहरूलाई आत्मसात् गरेको पाइन्छ ।

विद्यालय स्तरको पाठ्यक्रममा पनि समयसापेक्ष विकास र परिमार्जन हुँदै आएको छ । तल शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत सक्षमता, शिक्षाको तहगत संरचना र पाठ्यक्रमको ढाँचा समावेश गरिएका छन् :

### ४.७.१. शिक्षाका राष्ट्रिय उद्देश्य (National Objectives of Education)

शिक्षाका राष्ट्रिय उद्देश्यहरू देशको राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय परिवेश, समाज, व्यक्ति र राष्ट्रको आवश्यकताका आधारमा तयार गरिन्छन् । नेपालमा २०६२/०६३ मा भएको जनआन्दोलनले देशमा राजनीतिक परिवर्तन ल्यायो । देशमा भएको राजनीतिक परिवर्तनले शिक्षा क्षेत्रलाई पनि प्रत्यक्ष प्रभाव पाऱ्यो । त्यसपश्चात् पाठ्यक्रमलाई व्यवस्थित गर्ने उद्देश्यले तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ का आधारमा २०६४ सालमा नेपाल सरकारले शिक्षाका राष्ट्रिय उद्देश्यमा पनि परिवर्तन गऱ्यो । यसले शिक्षाका एघारओटा उद्देश्य बनायो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार हालको शिक्षाका राष्ट्रिय उद्देश्यहरू यसप्रकार छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने  वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने समयक्रमअनुसार शिक्षाका राष्ट्रिय उद्देश्यमा परिवर्तन हुँदै आएको छ । तत्कालीन शिक्षाका उद्देश्यहरूलाई परिमार्जन गरी व्यापक र व्यावहारिक बनाइएको छ । तहगत उद्देश्यहरूलाई पनि व्यावहारिक बनाउन तहगत सक्षमता भनेर नामकरण गरिएको छ । त्यसै गरी शिक्षाका तहगत संरचना पनि परिवर्तन गरिएको छ ।

### ४.७.२. शिक्षाका तहगत संरचना (Structure of Education)

वर्तमान विद्यालय शिक्षाको संरचनालाई आधारभूत र माध्यमिक तह गरी दुई तहमा विभाजन गरिएको छ । विद्यालय शिक्षा प्रारम्भिक बालशिक्षादेखि बाह्र कक्षासम्मलाई मानिएको छ । आधारभूत शिक्षाभन्दा अगाडि एक वर्षको प्रारम्भिक बाल विकास र शिक्षाको व्यवस्था गरिएको छ । हालको विद्यालय शिक्षाको संरचनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) आधारभूत शिक्षा (कक्षा १ देखि ८ सम्म) : यो तह ५ देखि १२ वर्ष उमेर समूहको हो ।

(अ) प्रथम चरण : कक्षा १ देखि ३ सम्म

(आ) दोस्रो चरण : कक्षा ४ देखि ५ सम्म

(इ) तेस्रो चरण : कक्षा ६ देखि ८ सम्म

(ख) माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) : यो तह १३ देखि १६ वर्ष उमेर समूहको हो ।

(अ) प्रथम चरण : कक्षा ९ देखि १० सम्म

(आ) दोस्रो चरण : कक्षा ११ देखि १२ सम्म

### ४.७.३. विद्यालय शिक्षाका तहगत सक्षमताहरू (Level wise Competencies of School Education)

शिक्षाका राष्ट्रिय उद्देश्यका आधारमा तहगत उद्देश्यहरू वा सक्षमताहरू निर्धारण गरिन्छन् । शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्नका लागि तयार पारिएको तहगत संरचनाअनुसार शिक्षाका तहगत सक्षमता निर्धारण गरिन्छ । वर्तमान विद्यालय शिक्षाका तहगत सक्षमताहरू यसप्रकार रहेका छन् :

### (क) प्रारम्भिक बाल विकास र शिक्षाका सक्षमताहरू

नेपालमा शिक्षा ऐन २०२८ को संशोधन (२०७३) को परिभाषाअनुसार पूर्वप्राथमिक विद्यालय भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने एक वर्षको बाल शिक्षा दिने विद्यालय भन्ने बुझिन्छ । चार वर्ष उमेर समूहकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भनिन्छ । यसलाई अर्को शब्दमा शिशु विकास शिक्षा पनि भन्ने गरिन्छ ।  अर्थात् चार वर्ष पूरा भएका र पाँच वर्ष पूरा नभएका बालबालिकालाई दिइने एक वर्ष अवधिको शिक्षा प्रारम्भिक बाल शिक्षा हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार प्रारम्भिक बाल विकास शिक्षाका सक्षमता निम्नानुसारका रहेका छन् :

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता

२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास

३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन

४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन

५. सिर्जनात्मक सोचको विकास

६. भाषिक तथा सञ्चार सिपको विकास

### (ख) आधारभूत शिक्षाका तहगत सक्षमताहरू (कक्षा १-८)

आधारभूत शिक्षाको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई

मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने अपेक्षा गरिएको छ । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम रहेका छन् :

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

आधारभूत शिक्षाअन्तर्गतको कक्षा (१-८) को शिक्षालाई बालबालिकाको सिकाइ क्षमतास्तरका आधारमा पहिलो तह (कक्षा १-३), दोस्रो तह (कक्षा ४-५) र तेस्रो तह (कक्षा ६-८) गरी तीन तहमा विभाजन गरिएको छ । यसअनुसार तीनै तहका सक्षमताहरू तल प्रस्तुत गरिएका छन् :

## (क) आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, गणितीय ज्ञान र सिप तथा जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने रहेको छ । यो तह पूरा गरेपछि उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम रहेका छन् :

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### (ख) आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरू निम्नानुसार छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास
२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
४. नैतिकता, अनूशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मुल्यमान्यता एवम् चारित्रिक गुणको विकास
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप तथा व्यवहारकुशल सिपको विकास
७. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### (ग) आधारभूत शिक्षा (कक्षा ६-८) सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम रहेका छन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास
२. लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान
३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्ति विकास र प्रयोग

६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास

८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग

९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास

१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार

१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## माध्यमिक शिक्षा (कक्षा ९-१२) का सक्षमता

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा निम्नलिखित विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु माध्यमिक शिक्षाको मार्गदर्शनका रूपमा प्रस्तुत गरिएको गरिएको छ :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह

३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग

४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचार हरूको आदान प्रदान

५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास

६. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग

७. व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग

८. वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग

९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन

१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता

११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

१२. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

१३. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी

१४. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

१५. उच्च तहमा अध्ययनको आधार विकास

यसका लागि माध्यमिक तहका विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह

३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग

४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचार हरूको आदान प्रदान

५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास

६. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग

७. व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग

८. व्यावहारिक वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग

९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन

१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता

११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

१२. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

१३. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी

१४. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

१५. उच्च तहमा अध्ययनको आधार विकास

## (क) माध्यमिक शिक्षा (कक्षा ९- १०) का सक्षमताहरू

माध्यमिक शिक्षा (कक्षा ९-१०) का सक्षमताहरू निम्नानुसार रहेका छन् :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लगि सचेत नागरिकको जिम्मेवारी वहन

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह

३. दैनिक क्रियाकलापमा आत्मविश्वासका साथ उपयुक्त र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग

४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान

५. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग

६. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को प्रयोग गर्दै समाज सापेक्ष व्यवहार

७. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता

८. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

९. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

१०. श्रमप्रति सम्मान गर्दै कामको संसारको तयारी

११. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

### (ख) माध्यमिक शिक्षा (कक्षा ११-१२) का सक्षमताहरू

माध्यमिक शिक्षा (कक्षा ११-१२) का सक्षमताहरू निम्नानुसार रहेका छन् :

१. मानवीय मूल्यमान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह

३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक एवम् सञ्चार सिपको प्रयोग

४. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास

५. जीवन, जीविका र वृत्ति एवम् सामाजिक सांस्कृतिक व्यवहारसँग तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को विकास

६. स्वस्थ्य जीवनशैलीको अवलम्बन एवम् वातावरण संरक्षण र दिगो विकासका लागि भूमिका निर्वाह

७. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

८. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वासको साथ प्रवेश

९. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

१०. उच्च तहमा अध्ययनका लागि विषयगत/विधागत आधार विकास

## ४.७.४. नेपालको विद्यालय तहको पाठ्यक्रम ढाँचा (Structure of School Level Curriculum)

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा व्यवस्था भएअनुसार नेपालको विद्यालय शिक्षाको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### १. प्रारम्भिक बाल विकास र शिक्षा

प्रारम्भिक बाल विकास र शिक्षा पाठ्यक्रमको मुख्य लक्ष्य बालबालिकाको सर्वाङ्गीण विकास गर्नु र उनीहरूलाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्नु हो । प्रारम्भिक उमेर समूहका

बालबालिकामा विकासात्मक उपलब्धिहरू हासिल गर्न देहायबमोजिमको पाठ्यक्रमको ढाँचाको व्यवस्था गरिएको छ :

| क्र. स. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप<br>सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप<br>सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | जम्मा | ५७६ |

उपर्युक्त तालिकामा उल्लेख भएका सिकाइका क्षेत्रका लागि छुट्याइएको वार्षिक कार्यघण्टाका अतिरिक्त मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय कम्तीमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टा वार्षिक समय थप हुनेसमेत व्यवस्था रहेको छ ।

## २. आधारभूत शिक्षा

आधारभूत शिक्षाको कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था रहेको छ :

### (क) आधारभूत शिक्षा (कक्षा १-३)

आधारभूत शिक्षा (कक्षा १-३) मा एकीकृत स्वरूपको पाठ्यक्रमको व्यवस्था गरिएको छ । यसमा सिकाइका क्षेत्रहरू (Themes) पहिचान गरी विषय र सिकाइका क्षेत्रका आधारमा बहुविषयात्मक (Multidisciplinary) तथा अन्तरविषयगत (Interdisciplinary) ढाँचामा आधारित पाठ्यक्रम तयार गरिएको छ । यसअनुसार एकीकृत विषयक्षेत्रहरूले समेट्न नसकेका सिकाइ उपलब्धिहरूलाई समेट्ने गरी विषयगत सिकाइ क्षेत्रहरूसमेत रहेका छन् । आधारभूत तह (कक्षा १-३) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक

शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू राखिएका छन् । एकीकृत सिद्धान्तअनुसार विषयसम्बन्धी क्रियाकलाप, पाठ्यघण्टा (Credit hour) र वार्षिक कार्यघण्टा निम्नानुसार राखिएका छन् :

| क्र. स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा (Annual working hour) |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

यसमा पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit hour) मानिएको छ । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरू समावेश गरिएको छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्ने छ । विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिएका छन् । यसै गरी सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवन उपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिएका छन् ।

स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप

पर्दछन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएको छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने व्यवस्था रहेको छ ।

### (ख) आधारभूत शिक्षा (कक्षा ४-५)

आधारभूत शिक्षा (कक्षा ४-५) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरी पाठ्यक्रम संरचना तयार गरिएको छ । यस तहमा रहने विषय पाठ्यघण्टा (Credit hour) र वार्षिक कार्यघण्टा  निम्नानुसार हुने छन् :

| क्र. स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

### (ग) आधारभूत शिक्षा (कक्षा ६-८)

आधारभूत शिक्षा (कक्षा ६-८) मा भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक, वातावरण, जनसङ्ख्या, मानवमूल्य, स्वास्थ्य शारीरिक तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू रहेका छन् । स्थानीय आवश्यकतामा आधारित अध्ययनअन्तर्गत विद्यार्थीहरूलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सिप इत्यादिमा आधारित विषयवस्तु समावेश गर्न सकिने व्यवस्था रहेको छ । साधारण जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरू, स्वसचेतना सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरू, निर्णय गर्ने सिपहरू, सूचना प्रविधिसम्बन्धी सिपहरू र द्वन्द्व तथा तनाव व्यवस्थापनसम्बन्धी सिपहरू एकीकृत गरी पाठ्यक्रम

विकास गरिने व्यवस्था रहेको छ । यस तहको पाठ्यक्रमको विषयगत संरचना निम्नानुसार छ :

| क्र. स. | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन र मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षा (कक्षा ६-८)

| क्र.स. | विषय | पाठ्यघण्टा (Cred-it hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि / संस्कृत व्याकरण | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा/कर्मकाण्ड | ५ | १६० |
| ६. | वेद वा नीति शास्त्र | ४ | १२८ |
| ७. | संस्कृत भाषा | ३ | ९६ |
| | जम्मा | ३२ | १०२४ |

## गोन्पा तथा विहार/मदर्सा शिक्षा (कक्षा ६-८)

| क्र.स. | विषय | पाठ्यघण्टा (Cred-it hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |

| | | | |
|---|---|---|---|
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन र मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा | ४ | १२८ |
| | उर्दू भाषा | | |
| ७. | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य | ३ | ९६ |
| | आचार शिक्षा (दिनियात)/कुरआन (अरेबिक) | | |
| | जम्मा | ३२ | १०२४ |

## ३. माध्यमिक शिक्षा

नेपालको विद्यालय तहको कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा भनिन्छ । माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुमलगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक तहमा एकलपथको पाठ्यक्रम संरचना कार्यान्वयनमा ल्याइएको छ । कक्षा ९ र १० को साधारण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययन गरी पाँचओटा अनिवार्य विषयहरू र दुईओटा ऐच्छिक विषयहरू रहेका छन् । यसै गरी कक्षा ११ र १२ को साधारण शिक्षातर्फ अनिवार्य विषयका रूपमा अङ्ग्रेजी र नेपालीलाई दुवै कक्षामा, सामाजिक अध्ययनलाई कक्षा ११ मा र जीवनोपयोगी शिक्षालाई कक्षा १२ मा समावेश गरिएको छ भने कक्षा ११ र १२ प्रत्येकमा ऐच्छिक विषय तीन तीनओटा समावेश गरिएको छ । यसको अतिरिक्त कक्षा ११ र १२ मा अतिरिक्त ऐच्छिक विषयका रूपमा थप एक विषय अध्ययन गर्न सक्ने व्यवस्था मिलाइएको छ । त्यसै गरी माध्यमिक शिक्षातर्फ कक्षा ११ र १२ मा सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा विषयअन्तर्गत न्यूनतम एक पाठ्यघण्टा बराबरको सूचना प्रविधिसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । माध्यमिक शिक्षा कक्षा ९-१० र ११-१२ को पाठ्यक्रमको संरचना निम्नानुसार छ :

## (क) साधारण शिक्षा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| क्र. स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

### (आ) माध्यमिक शिक्षा (कक्षा ११ - १२)

| क्र.सं. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २. | अङ्ग्रेजी | ४ | १२८ | ४ | १२८ |
| ३. | सामाजिक अध्ययन | ५ | १६० | – | – |
| ४ | जीवनोपयोगी शिक्षा | – | – | ५ | १६० |
| ५ | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| ७ | ऐच्छिक तृतीय | ५ | १६० | ५ | १६० |
| ८ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

## (ख) प्राविधिक तथा व्यावसायिक शिक्षा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| क्र. स. | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ३ | ६ |
| २. | अङ्ग्रेजी | ४ | १२८ |
| ३. | गणित | ३ | ९६ |
| ४. | विज्ञान | ३ | ९६ |
| ५. | सामाजिक अध्ययन | ३ | ९६ |
| ६. | विधागत विषय प्रथम | ४ | १२८ |
| ७. | विधागत विषय द्वितीय | ४ | १२८ |
| ८. | विधागत विषय तृतीय | ४ | १२८ |
| ९. | विधागत विषय चतुर्थ | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

प्राविधिक तथा व्यावसायिक धारमा समावेश गरिएका विधागत विषयहरूको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा ५० प्रतिशत कार्यघण्टा सैद्धान्तिक र ५० प्रतिशत कार्यघण्टा प्रयोगात्मक, व्यावहारिक र कार्यथलो अभ्यासमा आधारित हुनुपर्ने व्यवस्था रहेको छ ।

### (आ) माध्यमिक शिक्षा कक्षा ११- १२

| क्र. स. | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | अङ्ग्रेजी | ४ | १२८ |
| २. | नेपाली/सामाजिक अध्ययन | ३ | ९६ |
| ३. | प्राज्ञिक विषय प्रथम | ३ | ९६ |
| ४. | प्राज्ञिक विषय द्वितीय | ३ | ९६ |
| ५. | प्राज्ञिक विषय तृतीय | ३ | ९६ |
| ६. | विधागत विषय प्रथम | ४ | १२८ |

| | | | |
|---|---|---|---|
| ७. | विधागत विषय द्वितीय | ४ | १२८ |
| ८. | विधागत विषय तृतीय | ४ | १२८ |
| ९. | विधागत विषय चतुर्थ | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ कक्षा ११ मा नेपाली  र कक्षा १२ मा सामाजिक अध्ययन तीन तीन पाठ्यघण्टाको हुने व्यवस्था रहेको छ । शिक्षा कक्षा ९-१२ मा गरी जम्मा थप ३७.५ पाठ्यघण्टा (१२०० कार्यघण्टा बराबरको कार्यथलोमा आधारित व्यावहारिक अभ्यास हुने छ । कक्षा ९-१० मा जस्तै प्राविधिक तथा व्यावसायिक धारको कक्षा ११-१२ मा पनि विधागत विषयहरूको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा ५० प्रतिशत कार्यघण्टा सैद्धान्तिक र ५० प्रतिशत कार्यघण्टा प्रयोगात्मक, व्यावहारिक र कार्यथलो अभ्यासमा आधारित हुनुपर्ने छ ।

### (ग) परम्परागत शिक्षा : संस्कृत/वेद विद्याश्रम/गुरुकुल शिक्षा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| क्र. स. | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि/वेद/नीतिशास्त्र | ५ | १६० |
| ५. | संस्कृत भाषा तथा व्याकरण | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

वेद भन्नाले शुक्लयजुर्वेद वा सामवेद वा ऋग्वेद वा अथर्ववेदमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ । ऐच्छिक प्रथम विषयमा कर्मकाण्ड, फलित ज्योतिष, योग शिक्षा, वास्तुशास्त्र, आयुर्वेद, प्राकृतिक चिकित्सा र ऐच्छिक गणित विषयमध्ये  एक विषय छनोट  गर्नुपर्ने छ । ऐच्छिक द्वितीय पत्रमा संस्कृतका शास्त्रीय विषयमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ । तर विज्ञान तथा प्रविधि  विषयको सट्टामा वेद विषयको छनोट गरेमा ऐच्छिक द्वितीयमा वेद विषय छनोट गर्न पाइने छैन ।

(आ) माध्यमिक शिक्षा कक्षा ११-१२

| क्र.स. | | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २. | अङ्ग्रेजी/संस्कृत रचना | ४ | १२८ | ४ | १२८ |
| ३. | सामाजिक अध्ययन | ५ | १६० | – | – |
| ४. | जीवनोपयोगी शिक्षा | – | – | ५ | १६० |
| ५. | संस्कृत भाषा तथा व्याकरण | ५ | १६० | ५ | १६० |
| ६. | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ७. | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| ८. | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

(घ) परम्परागत शिक्षा : गोन्पा/मदर्सा

(अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| क्र. स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

यसअन्तर्गत सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने व्यवस्था रहेको छ । गोन्पा शिक्षाको ऐच्छिक

विषयका रूपमा साधारण शिक्षाका ऐच्छिक विषयका अतिरिक्त भोट भाषा र बौद्ध शिक्षा पठनपाठन गर्न सकिने छ । मदर्सा शिक्षाको ऐच्छिक विषयका रूपमा साधारण शिक्षाको ऐच्छिक विषयका अतिरिक्त अरेबिक भाषा साहित्य र व्याकरण, उर्दू भाषा साहित्य र व्याकरण एवम् दिनियात विषय पठनपाठन गर्न सकिने व्यवस्था रहेको छ ।

(आ) माध्यमिक शिक्षा (कक्षा ११- १२)

| क्र.सं. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १ | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २ | अङ्ग्रेजी/बौद्ध शिक्षा/उर्दू व्याकरण र साहित्य | ४ | १२८ | ४ | १२८ |
| ३ | सामाजिक अध्ययन | ५ | १६० | – | – |
| ४ | जीवनोपयोगी शिक्षा | – | – | ५ | १६० |
| ५ | ऐच्छिक प्रथम (बौद्ध दर्शन/कुरान) | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक द्वितीय (ज्योतिष, भैषज्य, शिल्प विद्या, बौद्ध कर्मकाण्ड, कम्प्युटर)/(हदिस र असुले हदिस) | ५ | १६० | ५ | १६० |
| ७ | ऐच्छिक तृतीय (अङ्गेजी, जापानिज, चाइनिज, पाली भाषा, भोट भाषा, संस्कृत र चना)/(मिरास विज्ञान) | ५ | १६० | ५ | १६० |
| ८ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

## ४.८. स्थानीय पाठ्यक्रमको अर्थ, आवश्यकता र प्रक्रिया (Meaning, Need and Development Process of Local Curriculum)

### स्थानीय पाठ्यक्रमको अर्थ (Meaning of Local Curriculum)

स्थानीय आवश्यकतालाई सम्बोधन गरी स्थानीय ज्ञान, सिप, प्रविधि जस्ता विषयवस्तुमा आधारित पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय सरोकारवालाले आफ्नो आवश्यकताअनुसार स्थानीय विषयवस्तुलाई समेटी स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्छन् । यो पाठ्यक्रम तयार गर्दा समुदायको आवश्यकता, सिकारुहरूको रुचि, उमेर, स्रोत र साधनलाई विशेष ध्यान दिनुपर्छ । स्थानीय पाठ्यक्रमले स्थानीय ज्ञान, सिप र प्रविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्न सहयोग गर्छ । स्थानीय पाठ्यक्रमले शिक्षण सिकाइलाई व्यावहारिक तथा जीवनोपयोगी बनाउन सहयोग गर्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा समय छुट्याइएको छ । स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको हो । स्थानीय तहले स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दछन् । स्थानीय तहबाट राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने, स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य गर्न सक्छन् । स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहले गर्दछन् भने पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा आवश्यक निर्णय गर्ने र कार्यान्वयन गर्ने कार्य विद्यालयले गर्दछ ।

### स्थानीय पाठ्यक्रमको आवश्यकता (Need of Local Curriculum)

स्थानीय पाठ्यक्रम स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित हुने भएकाले विविधतायुक्त नेपाली समाजको प्रतिनिधित्व गर्नुका साथै स्थानीय रुचि र आवश्यकताको सम्बोधन गर्न सहयोग पुऱ्याउँछ । स्थानीय पाठ्यक्रमको आवश्यकताहरूलाई तलका बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ:

(क) पाठ्यक्रमका विषयवस्तुलाई सान्दर्भिक बनाउन

(ख) विश्वव्यापी सोच स्थानीय कार्य (Think globally act locally) भन्ने धारणालाई मूर्त रूप दिन

(ग) स्थानीय सरोकारवालाहरूको सहभागितामा पाठ्यक्रम निर्माण गर्न

(घ) शैक्षिक विकेन्द्रीकरणलाई प्रवर्धन गर्न

(ङ) पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, सन्तुलित, खुला र स्थानीय मूल्यमान्यताअनुरूप लोकतान्त्रिक बनाउन

(च) स्थानीय मूल्यमान्यताको संरक्षण संवर्धनमा सहयोग पुऱ्याउन

(छ) स्थानीय तहको सरोकारवालाहरू र संस्थाको सक्षमता अभिवृद्धि गर्न

(ज) स्थानीय महत्त्वपूर्ण चाडपर्व, स्थान विशेष कलाकौशल, व्यवसाय घरेलु उद्योगको संवर्धन गर्न

### ४.८.३. स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया (Process of Local Curriculum Development)

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूको सहभागिता हुने गर्छ । स्थानीय पाठ्यक्रममा स्थानीय आवश्यकताका विषयवस्तुहरू समावेश गरिन्छन् । स्थानीय तहको पाठ्यक्रम निर्माण गर्दा विभिन्न चरणहरू अपनाउन सकिन्छ । मुख्य चरणहरू यसप्रकार छन् :

(क) आवश्यकताको पहिचान

(ख) उद्देश्यको निर्धारण

(ग) विषयवस्तुको छनोट

(घ) कक्षागत सिकाइ उपलब्धि निर्धारण

(ङ) शिक्षण प्रक्रिया (क्रियाकलाप र विधि)

(च) विद्यार्थी मूल्याङ्कन

(छ) समय निर्धारण

उल्लिखित चरणहरूलाई तल विस्तृत रूपमा चर्चा गरिन्छ :

#### (क) आवश्यकताको पहिचान

स्थानीय तहको पाठ्यक्रमको निर्माण गर्दा बुद्धिजीवी, सामाजिक कार्यकर्ता उद्योगपति, व्यापारी, अभिभावक, शिक्षक, सरकारी गैरसरकारी संस्थाका प्रतिनिधि साथै स्थानीय तहका प्रतिनिधिहरूलाई संलग्न गराउनुपर्छ । उल्लिखित गरिएका पदाधिकारी र संस्थाका अतिरिक्त स्थानीय सरोकारवाला व्यक्ति तथा संस्थाहरूको सहयोगमा स्थानीय पाठ्यक्रमको विषयवस्तु छनोट गर्नुपर्छ । विषयवस्तु छनोट गर्दा स्थानीय तहमा नै शिक्षण गर्न सकिने विषयवस्तु के के हुन सक्छन् भन्ने कुरा यकिन गर्नुपर्छ । त्यसपछि सङ्कलित सूचनाहरूलाई विशेषज्ञहरूको सहयोगले प्राथमिकीकरण गर्नुपर्छ । पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेका पाठ्यक्रममा समावेश भएकाबाहेक स्थानीय तहका लागि नपुग भएका विषयवस्तुहरू छनोट गर्नुपर्छ ।

#### (ख) उद्देश्य निर्धारण

स्थानीय तहका पाठ्यक्रमको उद्देश्य निर्धारण गर्दा आधारभूत शिक्षा पाठ्यक्रमको उद्देश्य वा सक्षमतासँग मेल खाने गरी साधारण उद्देश्य निर्धारण गर्नुपर्छ । स्थानीय तहमा प्रचलित परम्परागत व्यवसाय, सिपसम्बन्धी ज्ञान र त्यसको प्रवर्धन गर्न सकिने उद्देश्यहरू निर्धारण गर्नुपर्छ ।

### (ग) विषयवस्तुको छनोट

स्थानीय तहको पाठ्यक्रममा स्थानीय आवश्यकताको पहिचान गरी विषयवस्तु छनोट गरिन्छ । त्यसपछि विषयवस्तुको प्राथमिकताको क्रम निर्धारण गरिन्छ । प्राथमिकताको क्रम निर्धारण गरेर उद्देश्य निर्धारण गर्नुपर्छ साथै छनोट भएका विषयवस्तुको विस्तृतीकरण गर्नुपर्छ ।

### (घ) कक्षागत सिकाइ उपलब्धि निर्धारण

साधारण उद्देश्य र विषयवस्तुका आधारमा कक्षागत सिकाइ उपलब्धि निर्धारण गर्नुपर्छ । कुन कक्षामा के कति र कस्ता प्रकारका विषय शिक्षण गर्नुपर्ने हो । सो पक्षलाई ख्याल गर्नुपर्छ । सिकाइ उपलब्धि निर्धारण गर्दा विद्यार्थीको उमेर, उनीहरूको शारीरिक, मानसिक तथा मनोवैज्ञानिक पक्षलाई पनि उत्तिकै ध्यान दिनुपर्छ ।

### (ङ) शैक्षिक सामग्री

पाठको उद्देश्य पूरा गर्न आवश्यक पर्ने शैक्षिक सामग्री निर्धारण गर्नुपर्छ । पाठ्यसामग्री स्थानीय हुने भएकाले शैक्षिक सामग्री पनि स्थानीय स्तरमा उपलब्ध हुन सक्ने हुनुपर्छ । खर्च नलाग्ने वा कम खर्च लाग्ने सामग्रीहरू हुनुपर्छ । साथै उक्त सामग्रीहरू प्रयोग गर्न सकिने किसिमका हुनुपर्छ ।

### (च) शिक्षण विधि र प्रक्रिया

पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि प्रभावकारी शिक्षण विधिहरू र क्रियाकलाप उल्लेख गर्नुपर्छ । विद्यार्थीले गरेर सिक्ने, देखेर सिक्ने, प्रदर्शन गर्ने जस्ता क्रियाकलापको छनोट गर्नुपर्छ । साथै स्थानीय स्रोतव्यक्तिलाई आमन्त्रण गरेर कक्षा सञ्चालन गर्ने व्यवस्था पनि मिलाउनुपर्छ ।

### (छ) विद्यार्थी मूल्याङ्कन

स्थानीय पाठ्यक्रमअनुसार शिक्षण सिकाइ हुने विषयको प्रकृतिका आधारमा मूल्याङ्कन गर्नुपर्छ । यो पाठ्यक्रमअनुसार विद्यार्थीले आफैँले गरेर, अवलोकन गरेर, सहभागिता जनाएर सिक्न सक्छन् । आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन विधिलाई नै प्राथमिकता दिनुपर्छ । कक्षाकार्य, आयोजना कार्य, सहिभागिता र अवलोकन पनि विद्यार्थी मूल्याङ्कनका साधन हुन सक्छन् ।

## *अभ्यास*

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) पाठ्यक्रम भनेको के हो ?

(ख) पाठ्यक्रमका कुनै दुई परिभाषाहरू लेख्नुहोस्।

(ग) पाठ्यक्रमका मुख्य चार तत्त्वहरू के के हुन् ?

(घ) पाठ्यपुस्तकको कुनै दुईओटा महत्त्व लेख्नुहोस्।

(ङ) आधारभूत शिक्षाका तीन चरणहरू के के हुन् ?

(च) कस्तो पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ?

## २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) वर्तमान शिक्षाका राष्ट्रिय उद्देश्यहरूको सूची बनाउनुहोस् ।

(ख) प्रारम्भिक बाल शिक्षाका सक्षमताहरू के के हुन् ?

(ग) आधारभूत तहका सक्षमताहरू लेख्नुहोस् ।

(घ) स्थानीय तहको पाठ्यक्रम निर्माण गर्दा अपनाइने विभिन्न चरणहरू के के हुन् ?

## ३. तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :

(क) पाठ्यक्रम र पाठ्यपुस्तकको बिच के सम्बन्ध छ, बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(ख) पाठ्यक्रम निर्माण गर्दा पूरा गर्नुपर्ने चरणहरू क्रमबद्ध रूपमा उल्लेख गर्नुहोस् ।

(ग) आधारभूत शिक्षा कक्षा १-३ र कक्षा ४-५ को पाठ्यक्रम संरचनामा भएका समानता र भिन्नताबारे समीक्षा गर्नुहोस् ।

(घ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार माध्यामिक तह (कक्षा ९ र १०) को सक्षमताहरूको सूची बनाउनुहोस् । यसमा के के विषयहरू माथि जोड दिइएको छ, लेख्नुहोस् ।

## प्रयोगात्मक कार्य

नेपालको विद्यालय तहको वर्तमान पाठ्यक्रमको ढाँचा एउटा ठुलो कागजमा उतारी कक्षाकोठामा सबैले देख्ने ठाउँमा टाँग्नुहोस् ।

**एकाइ ५**

# शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन

(Instructional Planning and Classroom Management )

## परिचय (Introduction)

एक शैक्षिक सत्रमा विद्यालयभित्र वा बाहिर सञ्चालन गरिने क्रियाकलापहरूको योजना नै शैक्षणिक योजना हो । शैक्षणिक योजना के कस्ता क्रियाकलाप, कसरी, कुन समयमा, कसले गर्ने भन्ने विषयमा केन्द्रित हुन्छ । शैक्षणिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न कक्षाकोठाको उचित व्यवस्थापन हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख थलो कक्षाकोठा हो । त्यसैले शिक्षण क्रियाकलापको प्रभावकारिताका लागि कक्षाकोठा व्यवस्थापन महत्त्वपूर्ण पक्षका रूपमा रहन्छ । हामी यस एकाइअन्तर्गत यिनै विषयवस्तुका बारेमा छलफल गर्ने छौँ । साथै छलफलका अन्य शीर्षकहरू शैक्षणिक उद्देश्यका प्रकार, दैनिक पाठयोजना, दैनिक कार्यतालिका र शैक्षणिक सङ्गठन रहेका छन् । यिनीहरूका बारेमा छुट्टाछुट्टै उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

## ५.१. शैक्षणिक उद्देश्य/उद्देश्यका प्रकारहरू (Instructional Objectives and Types of Objectives)

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गराउनका लागि सञ्चालन गरिने कार्यकलाप नै शिक्षण हो । शिक्षण कार्यमा शिक्षक, विद्यार्थी, विषयवस्तु र वातावरणबिच अन्तरक्रिया हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि नै शिक्षण कार्य सम्पन्न गरिन्छ । पाठ्यक्रमले राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र विषयगत उद्देश्यहरू निर्धारण गरेको हुन्छ । राष्ट्रिय उद्देश्य र तहगत उद्देश्य साधारण प्रकारका हुन्छन् भने विषयगत उद्देश्य साधारण र विशिष्ट दुवै प्रकारका हुन्छन् । यिनीहरूका बारेमा एकाइ चारमा उल्लेख गरिसकिएको छ । शैक्षणिक उद्देश्यहरू सिकारुको ज्ञान, सिप र प्रवृत्तिसँग जोडिएको हुन्छ । यस अर्थबाट हेर्दा शैक्षणिक उद्देश्य मुख्यत: तीन प्रकारका छन् ।

### (क) संज्ञानसँग सम्बन्धित उद्देश्य

संज्ञानसँग सम्बन्धित शैक्षणिक उद्देश्यहरू नयाँ नयाँ ज्ञानहरू प्रदान गर्ने कार्यसँग सम्बन्धित हुन्छन् । सजीव र निर्जीवको बिचमा फरक देखाउनु, जोडा, घटाउ, गुणन, भाग जस्ता हिसाब गर्नु; शब्दहरूको अर्थ बताउनु, वस्तु वा ठाउँको नाम, उचाइ र अवस्थिति बताउनु आदि यस्ता उदाहरण हुन् ।

### (ख) सिपसँग सम्बन्धित उद्देश्य

सिप सम्बन्धित शैक्षणिक उद्देश्य नयाँ नयाँ सिपपरक कामसँग सम्बन्धित हुन्छ । यसले यस्ता कार्य गर्न सक्ने क्षमता प्रदान गर्न जोड दिन्छ। जस्तै : गति, यति र लय मिलाएर कविता वाचन गर्नु । मेच, गिलास,

भाँडो, चरा, त्रिभुज आदि वस्तुहरूको चित्र बनाउनु । दाँत माझ्नु, कपाल कोर्नु, जुत्ता लगाउनु विभिन्न खेल खेल्नु आदि ।

### (ग) अभिवृत्ति/व्यवहारसँग सम्बन्धित उद्देश्य

अभिवृत्तिसम्बन्धी शैक्षणिक उद्देश्यहरूले नयाँ नयाँ व्यवहार, बानी व्यहोरा वा धारणाहरूको विकासमा जोड दिन्छ । जस्तै : ताजा र सफा खानेकुरा खाने बानी बसाल्नु; शिष्ट र सभ्य बोली बोल्नु; सरसफाइमा ध्यान दिनु आदि ।

पाठ्यक्रममा निर्दिष्ट गरिएका उद्देश्यहरू सामान्यतया उल्लिखित तीन प्रकारका उद्देश्यहरूसँग सम्बन्धित हुन्छन् । शिक्षण सिकाइ क्रियाकलापबाट नै ती उद्देश्यहरू पूरा गर्न सकिन्छ । यसका लागि शिक्षकले व्यावहारिक शैक्षणिक योजना बनाउनुपर्छ ।

## ५.२. दैनिक पाठयोजना (Daily Lesson Plan)

दैनिक पाठयोजना भन्नाले दैनिक कक्षा शिक्षणका लागि गरिने पूर्वतयारी हो । दैनिक पाठयोजना विषय शिक्षकले बनाउने गर्छन् । दैनिक पाठयोजनाभित्र कुनै पाठमा के, कति, किन, कसरी सिकाउने भन्ने कुराको योजना बनाइन्छ । शिक्षण गर्दा दैनिक पाठयोजना बनाई शिक्षण गरिन्छ । पाठयोजना बनाउँदा पाठ्यवस्तुको उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, क्रियाकलाप, मूल्याङ्कन र गृहकार्य के राख्ने, कसरी गर्ने स्पष्ट गर्नुपर्छ । दैनिक पाठयोजना विषय शिक्षकले बनाउने गर्छन् । पाठयोजना बनाउँदा पाठयोजनाका अङ्गहरूलाई सिलसिलाबद्ध रूपमा राखेर बनाउनुपर्छ । दैनिक पाठयोजनामा एक घन्टीमा कति पढाउने, के के पढाउने, कति दिनमा एउटा पाठ सिध्याउने भनेर सीमा निर्धारण गर्नुपर्छ ।

दैनिक पाठयोजना बनाई शिक्षण गर्दा शिक्षकमा आत्मविश्वास बढ्छ । शिक्षण सिकाइ क्रियाकलाप रोचक र प्रभावकारी बन्छ । विद्यार्थीको सिकाइ दिगो हुन्छ । सिकाइको वातावरण मनोरञ्जनपूर्ण हुन्छ । अन्ततः दैनिक पाठयोजनाले शिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ ।

पाठयोजनाको महत्त्वलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) पाठयोजनाले विद्यार्थीलाई के, कसरी, किन, कति पढाउने भन्ने बारेमा स्पष्ट निर्देशन प्रदान गर्छ ।

(ख) शिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन मदत गर्छ ।

(ग) पाठयोजनाले शिक्षकको आत्मविश्वास बढाउँछ ।

(घ) शिक्षणलाई बढी व्यावहारिक बनाउन र पूर्व पाठसँग सम्बन्धित अनुभवको भूमिकालाई कायम राख्छ ।

(ङ) पाठयोजनाले शिक्षकको काम सङ्गठित तथा नियमित बनाउँछ ।

(च) विषयवस्तुको सङ्गठन गर्न सघाउ पुऱ्याउँछ ।

(छ) शिक्षणमा उद्देश्यको किटान, शैक्षिक सामग्रीको छनोट र प्रयोग, शिक्षण विधि छनोट तथा मूल्याङ्कनका साधनको छनोट गर्न सहयोग पुऱ्याउँछ ।

(ज) योजनाबद्ध शिक्षणले विद्यार्थीमा विश्वास र अनुशासनको भावना पैदा गराउँछ ।

(झ) विद्यार्थीलाई पूर्वज्ञानको स्मरण गर्न सहयोग पुऱ्याउँछ ।

(ञ) शिक्षण सिकाइलाई सरल, सङ्गठित तथा व्यवस्थित गर्न बल पुऱ्याउँछ ।

(ट) शिक्षण सिकाइको वातावरण मनोरञ्जनपूर्ण बनाउन टेवा पुऱ्याउँछ ।

(ठ) सिकाइ दिगो र स्मरणयोग्य हुन्छ ।

(ड) विद्यार्थीलाई सरल र सहज तरिकाबाट सिक्न सहयोग पुग्छ ।

## ५.२.१. दैनिक पाठयोजनाका अङ्गहरू (Components of Daily Lesson Plan)

पाठयोजना शैक्षणिक प्रयोजनका सम्बन्धमा प्रत्यक्ष सम्बन्ध राख्ने तत्त्वहरू समावेश गरिएको व्यवस्थित कार्यनिर्देशन हो । पाठयोजना निर्माण गर्दा एउटा निश्चित ढाँचा अवलम्बन गर्नुपर्छ । दैनिक पाठयोजनाका पनि विभिन्न अङ्गहरू छन् । अब तिनीहरूका बारेमा अध्यायन गर्ने छौँ ।

(क) विशिष्ट/व्यावहारिक उद्देश्य : कुनै पनि विषयवस्तुको शिक्षणपश्चात् विद्यार्थीमा कस्तो व्यावहारिक परिवर्तन ल्याउने भन्ने कुराको निर्धारण उद्देश्यले निश्चित गर्छ । त्यसैले उद्देश्यलाई पाठयोजनाको प्रमुख अङ्ग भनिन्छ । पाठयोजनाको प्रथम चरण नै उद्देश्य निर्धारण हो । शैक्षणिक उद्देश्यहरू व्यावहारिक र विशिष्ट हुनुपर्छ । विशिष्ट उद्देश्यअन्तर्गत कुनै पाठको शिक्षणपछि विद्यार्थीहरू के के र कुन कुन कुरा गर्नमा सक्षम हुन्छन् लेखिन्छ । विशिष्ट उद्देश्य पाठको प्रकृतिअनुसार ज्ञान, सिप र अभिवृत्ति पक्षलाई ध्यानमा राखी निर्धारण गरिन्छ । विशिष्ट उद्देश्य मापनीय रूपमा प्रस्तुत गर्नुपर्छ । विद्यार्थीमा आएको परिवर्तन मापन गर्न सक्ने वा यकिन गर्न सकिने हुनुपर्छ । त्यसैले विशिष्ट उद्देश्य लेख्दा दोहोरो, अनिश्चिता वा धेरै अर्थ लाग्ने बनाउनु हुँदैन । स्पष्ट रूपमा मापनीय र अवलोकन गर्न सकिने बनाउनुपर्छ ।

(ख) शैक्षिक सामग्री : व्यावहारिक उद्देश्य प्राप्त गर्नका लागि सहयोग पुऱ्याउने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीले शिक्षण क्रियाकलापलाई रोचक, प्रभावकारी र अर्थपूर्ण बनाउँछ । शैक्षिक सामग्रीहरू उद्देश्य, विषयवस्तु र विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्छ । शिक्षणलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षणलाई सहज र सरल बनाउनुका साथै सिकाइलाई दिगो वा स्थायी बनाउन शैक्षिक सामग्रीले सहयोग पुऱ्याउँछ । त्यसैले शिक्षण कार्यमा विभिन्न प्रकारका शैक्षिक सामग्रीहरू, जस्तै : छपाइ, श्रव्यदृश्य, विद्युतीय सामग्री प्रयोग गर्न सकिन्छ ।

(ग) शिक्षण क्रियाकलाप : शिक्षण सिकाइ क्रियाकलाप पनि पाठयोजनाको एउटा महत्त्वपूर्ण अङ्ग हो । पाठयोजनाले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न कक्षाकोठामा शिक्षक तथा विद्यार्थीले गर्ने क्रियाकलापहरू शिक्षण सिकाइ क्रियाकलाप हुन् । विषयवस्तु कसरी प्रस्तुत गर्ने, कुन क्रियाकलाप गराउने, शैक्षिक सामग्री कुन बेला प्रस्तुत गर्ने आदि कुरा यसमा छनोट गर्नुपर्छ । शिक्षणलाई प्रभावकारी बनाउन उपयुक्त शिक्षण विधिको छनोट गर्नुपर्छ । कक्षाको वातावरण जीवन्त बनाउने खालका क्रियाकलापहरू चयन गर्नुपर्छ । शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित हुनुपर्छ । यसो भएको खण्डमा विद्यार्थीहरू बढी सक्रिय र सहभागी हुन्छन् ।

(घ) मूल्याङ्कन : शिक्षण सिकाइ क्रियाकलापको अन्त्यमा विद्यार्थीले अपेक्षित उपलब्धिहरू हासिल गरे वा गरेनन् भनी मूल्याङ्कन गरिनुपर्छ । अपेक्षित उद्देश्यहरू के कति मात्रामा प्राप्त भए भनेर लेखाजोखा गर्ने कार्य नै मूल्याङ्कन हो । मूल्याङ्कन शिक्षण क्रियाकलापको बिच र अन्त्यमा गर्न सकिन्छ । मूल्याङ्कन गर्दा विभिन्न प्रकारका प्रश्न, अवलोकन वा अन्य तरिकाबाट गर्नुपर्छ । मूल्याङ्कनले शिक्षक विद्यार्थी दुवैको मूल्याङ्कन गर्छ । साथै मूल्याङ्कन गर्ने परम्पराले कक्षामा विद्यार्थीहरू अभिरुचिका साथ संलग्न हुन्छन् । मूल्याङ्कनले विद्यार्थीको कमजोरी पक्ष पत्ता लगाई सुधारात्मक शिक्षण गर्न पनि सहयोग पुऱ्याउँछ । तसर्थ शिक्षण क्रियाकलापमा मूल्याङ्कन निरन्तर रूपमा गरिनुपर्छ ।

(ङ) गृहकार्य : गृहकार्य पनि पाठयोजनाको एक अङ्ग हो । प्रत्येक कक्षा शिक्षणको अन्त्यमा शिक्षकले विद्यार्थीलाई घरबाट पढेर, लेखेर र केही वस्तु बनाएर, सङ्कलन गरेर वा अन्य कुनै काम गरेर ल्याउन लगाउनुपर्छ । यस कार्यलाई गृहकार्य भनिन्छ । गृहकार्यले सिकेका कुरा स्थायी बनाउन र व्यवहारमा उतार्न सहयोग पुऱ्याउँछ । गृहकार्य विद्यार्थीलाई स्वअध्ययन र मनन गर्न, सिर्जनात्मक क्षमताको विकास गर्न र विषयवस्तुका बारेमा खोजी गर्न सघाउ पुऱ्याउँछ । पाठयोजना विभिन्न प्रारूपमा तयार पार्न सकिन्छ । तल एक एकओटा पाठयोजनाको प्रारूप र नमुना प्रस्तुत गरिएको छ :

## पाठयोजनाको नमुना

कक्षा : विषय : पाठ :

मिति : समय : विद्यार्थी सङ्ख्या :

| व्यावहारिक उद्देश्य | शैक्षिक सामग्री | सहजीकरण कार्यकलाप | मूल्याङ्कन प्रक्रिया | गृहकार्य |
|---|---|---|---|---|
| | | | | |

## दैनिक पाठयोजनाको नमुना

तह : माध्यमिक

विषय : नेपाली मिति :

पाठ शीर्षक : म सडक बोल्दै छु कक्षा : १०

पाठ्यांश : कवि परिचय र म सडक बोल्दै छु कविता समय : ४० मिनेट

(क) विशिष्ट उद्देश्य : कक्षा कार्यकलापको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(अ) कवयित्री पारिजातको सङ्क्षिप्त परिचय बताउन

(आ) म सडक बोल्दै छु कविता गति, यति र लय मिलाई वाचन गर्न

(ख) शैक्षिक सामग्री

(अ) कवयित्री पारिजातको तस्बिर

(आ) कवयित्री पारिजात परिचयसम्बन्धी तालिका

(ग) सहजीकरण कार्यकलाप

शिक्षण सिकाइ कार्यकलापलाई दुई खण्डमा बाँडिएको छ । क्रियाकलाप १ ले पहिलो विशिष्ट उद्देश्य (अ) कवयित्री पारिजातको सङ्क्षिप्त परिचय बताउन र क्रियाकलाप २ ले दोस्रो विशिष्ट उद्देश्य (आ) म सडक बोल्दै छु कविता गति, यति र लय मिलाई वाचन गर्नलाई पूरा गर्न केन्द्रित हुने छन् ।

*क्रियाकलाप १*

१. शिक्षकले कवयित्री पारिजातको तस्बिर प्रदर्शन गर्ने । विद्यार्थीहरूलाई कवयित्रीको परिचय पढ्न लगाउने

२. कवयित्री पारिजातको परिचयसम्बन्धी तालिका कक्षामा प्रस्तुत गरी तालिकाको सहायताले कवयित्रीको विवरण (जन्म, प्रेरणा, कृति, पुरस्कार तथा सम्मान, मृत्यु आदि) बताउने, विद्यार्थीलाई तालिका हेर्न र ध्यानपूर्वक सुन्न लगाउने

३. दुई जना विद्यार्थीलाई कवयित्री पारिजातका बारेमा पाँच पाँचओटा बुँदा भन्न लगाउने

*क्रियाकलाप २*

१. शिक्षकले कविताको पहिलो श्लोक गति, यति र लय मिलाई वाचन गर्ने एवम् विद्यार्थीलाई आफ्नो पाठ हेर्न र ध्यानपूर्वक सुन्न लगाउने

२. शिक्षक र विद्यार्थी सबैले सामूहिक रूपमा उक्त श्लोक गति र यति मिलाई लय हाली वाचन गर्ने

३. शिक्षकले उक्त श्लोक पाँच छ जना विद्यार्थीहरूको समूह बनाई वाचन गर्न लगाउने र अन्य विद्यार्थीहरूलाई पाठ हेर्न र ध्यानपूर्वक सुन्न लगाउने

४. कुनै एक विद्यार्थीलाई उक्त श्लोक गति र यति मिलाई लय हाली वाचन गर्न लगाउने, अन्य विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा लेखिएको कविता हेर्न र ध्यानपूर्वक सुन्न लगाउने

५. शिक्षकले उक्त श्लोक पुनः गति, यति र लय मिलाई वाचन गर्ने र विद्यार्थीलाई पाठ हेर्न र ध्यानपूर्वक सुन्न लगाउने

६. शिक्षकले कविताका सबै श्लोकहरू गति, यति र लय मिलाई वाचन गर्ने

७. शिक्षक र विद्यार्थी सबैले सामूहिक रूपमा सबै श्लोकहरू गति, यति र लय मिलाई वाचन गर्ने

८. त्यसपछि शिक्षकले पाँच छ जना विद्यार्थीहरूको समूह बनाई कविताका सबै श्लोकहरू वाचन गर्न लगाउने र अन्य विद्यार्थीहरूलाई पाठ हेर्न र ध्यानपूर्वक सुन्न लगाउने

९. कुनै एक विद्यार्थीलाई उक्त कविता गति, यति र लय मिलाई वाचन गर्न लगाउने

१०. समय पुगेसम्म धेरै जना विद्यार्थीलाई एक एक जना गरी पूरै कविता वाचन गर्न लगाउने र आवश्यक परेको ठाउँमा शिक्षकले सुधार गरिदिने

(घ) मूल्याङ्कन

१. कवयित्री पारिजातको जन्म कहिले र कहाँ भएको थियो ?

२. कवयित्री पारिजातको कुनै तीन कृतिको नाम भन्नुहोस् ।

३. कविताको पहिलो श्लोक गति, यति र लय मिलाई वाचन गर्नुहोस् ।

(ङ) गृहकार्य

म सडक बोल्दै छु कवितामा प्रयुक्त नयाँ शब्दहरू कापीमा टिपेर ल्याउनुहोस् ।

## ५.३. विद्यालयको दैनिक कार्यतालिका (Daily Work Plan of School)

विद्यालयमा एक हप्ताभित्र प्रत्येक दिन कुन समय, कुन घन्टीमा, कुन विषय, कुन शिक्षकले पढाउने भन्ने विषयको योजनालाई दैनिक कार्यतालिका भनिन्छ । यसलाई साप्ताहिक कार्यतालिका पनि भनिन्छ । यसमा कुनै शिक्षकले हप्ताभरिमा कति घन्टी, कुन कुन विषय पढाउने, कुन विषयलाई कति पाठ्यभार दिने भनेर उल्लेख गरिएको हुन्छ । यसको निर्माण शिक्षकको सहायतामा प्रधानाध्यापकले गर्छन् । यसमा कति बेला बालबालिकाले खाजा खाने र खेल्ने जस्ता कुरा पनि प्रस्तुत गरिएको हुन्छ । दैनिक कार्यतालिकाले विद्यालयलाई व्यवस्थित रूपले सञ्चालन गर्न सहयोग पुऱ्याउँछ । साथै स्रोत र साधनको सही सदुपयोग हुन्छ । त्यसैले विद्यालय, शिक्षक र विद्यार्थीको सम्पूर्ण पक्षलाई व्यवस्थित, मर्यादित र योजनाबद्ध बनाउनका लागि दैनिक कार्यतालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ ।

दैनिक कार्यतालिका निर्माण गर्दा एक साताभित्र उपलब्ध हुने कार्य दिन वा घण्टालाई कति कति घन्टी वा समयमा विभाजन गर्ने हो, कुन विषय पहिले पढाउने, कुन पछाडि पढाउने, कुन शिक्षकले कुन विषय पढाउने आदि कुरालाई मध्यनजर गर्नुपर्छ । यसले विद्यार्थी शिक्षक तथा कर्मचारीहरूलाई समयप्रति सचेत गराउँछ । साथै उद्देश्यप्रति निष्ठावान्, नियमितता, कर्तव्यपरायण, अनुशासन जस्ता गुणहरूको विकास गर्नमा सहयोग पुऱ्याउँछ । दैनिक कार्यतालिका निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) विद्यालयमा प्रत्येक दिन कति घण्टा र हप्ताभरिमा जम्मा कति घण्टा अध्यायन अध्यापन गराइन्छ, सो यकिन गर्नुपर्छ ।

(ख) विद्यालयमा कति कक्षासम्म पढाइ हुन्छ र जम्मा कति वर्गहरू छन्, सो कुराको पनि निश्चित गर्नुपर्छ ।

(ग) विद्यालयमा कार्यरत शिक्षक सङ्ख्या तथा विषय विचार गरी समान कार्यबोझ पर्ने गरी समयतालिका निर्माण गर्नुपर्छ ।

(घ) विभिन्न कक्षामा पढाइ हुने विषयहरू ती विषयको अध्यापनमा पाठ्यक्रममा निर्दिष्ट गरिएअनुसारको पाठ्यभार र समयलाई ध्यान दिनुपर्छ ।

(ङ) विद्यालयमा पढाइ हुने प्रत्येक घन्टी कति मिनेटको हुने हो, सो कुरा पनि महत्त्वपूर्ण हुन्छ । सामान्यतया प्रत्येक घन्टी ४० देखि ५० मिनेटसम्मको बनाउने चलन छ ।

(च) कुन विषय कुन समयमा पढाउने भन्नेबारे पनि यकिन गर्नुपर्छ । कठिन विषयलाई सुरुमा र सरल विषयलाई बिच वा पछि पढाउने व्यवस्था मिलाउनुपर्छ ।

(छ) कार्यतालिका निर्माण गर्दा साधनस्रोत र भौतिक सुविधाको पनि ख्याल गर्नुपर्छ । कक्षाकोठा, फर्निचर, पुस्तकालय, खेलमैदान, प्रयोगशाला, हल आदिले पनि कार्यतालिका निर्माणमा प्रभाव पार्छ ।

(ज) विद्यार्थीको उमेर, रुचि, योग्यता तथा आवश्यकतालाई पनि कार्यतालिका निर्माण गर्दा ध्यान दिन सके दैनिक कार्यतालिका वैज्ञानिक र व्यावहारिक हुन्छ ।

दैनिक कार्यतालिको एउटा ढाँचा तल दिइएको छ :

दैनिक कार्यतालिका

शैक्षिक सत्र :..................................

| घन्टी/ कक्षा | प्रथम समय.. | दोस्रो समय.. | तेस्रो समय.. | चौथो समय | टिफिन समय.. | पाँचौँ समय.. | छैटौँ समय. | सातौँ समय.. | आठौँ समय.. |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा... | विषय/ शिक्षक | विषय/ शिक्षक | विषय/ शिक्षक | विषय/ शिक्षक | | विषय/ शिक्षक | विषय/ शिक्षक | विषय/ शिक्षक | विषय/ शिक्षक |

## ५.४. प्रभावकारी कक्षाकोठा व्यवस्थापन (Effective Classroom Management)

कक्षाकोठाभित्र सिक्नका लागि उपयुक्त वातावरण सिर्जना गर्नुलाई नै प्रभावकारी कक्षाकोठा व्यावस्थापन भनिन्छ । प्रभावकारी कक्षाकोठाको व्यवस्थापन भएमा मात्र अर्थपूर्ण शिक्षण सिकाइ हुन्छ । प्रभावकारी कक्षाकोठा व्यवस्थापनका लागि विभिन्न कुराहरूको व्यवस्थापन गर्नु अपरिहार्य हुन्छ । कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्था, हावा, प्रकाश, बत्ती, विद्यार्थीहरू आवतजावत गर्ने ठाउँ, शिक्षक घुम्न मिल्ने ठाउँ हुनुपर्छ । शैक्षिक सामग्री प्रयोग गर्ने र राख्ने ठाउँको पनि व्यवस्था हुनुपर्छ । विद्यार्थीलाई विभिन्न क्रियाकलापमा सहभागी गराउन, समूह निर्माण र विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ठाउँको पनि व्यवस्था हुनुपर्छ । कक्षाकोठा व्यवस्थापन कक्षाको आकार विद्यार्थीको सङ्ख्याका आधारमा हुनुपर्छ । कक्षाकोठा प्रभावकारी बनाउन कक्षाको सरसफाइ र सजावटमा पनि उत्तिकै ध्यानदिनुपर्छ । उल्लिखित कुराहरूमा ध्यान दिएको खण्डमा कक्षाकोठाको प्रभावकारी व्यवस्थापन हुन सक्छ । प्रभावकारी कक्षाकोठा व्यवस्थापन भएमा शिक्षण सिकाइ क्रियाकलाप अर्थपूर्ण प्रभावकारी, विद्यार्थीकेन्द्रित, उद्देश्यपूर्ण र व्यावहारिक बन्छ ।

कक्षाकोठा व्यवस्थापन गर्दा निम्नलिखित पक्षहरूमा ध्यान दिनुपर्छ :


(क) कक्षाकोठाको भौतिक व्यवस्थापन : कक्षाकोठाको भौतिक व्यवस्थापनअन्तर्गत भौतिक सामग्रीहरूको व्यवस्थापन गरिन्छ । कक्षाकोठामा फर्निचर, हावा, प्रकाश, बत्ती, विद्यार्थी आवतजावत गर्ने ठाउँ, शिक्षक घुम्न मिल्ने ठाउँ, विषय कुना आदिको राम्रो व्यवस्था हुनुपर्छ ।

(ख) शैक्षिक सामग्रीको व्यवस्थापन : कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्ने र राख्ने ठाउँको व्यवस्था हुनुपर्छ । शैक्षिक सामग्रीको प्रकृतिअनुसार राख्ने, आवश्यकताअनुसार झिक्न र राख्न सहज हुने गरी व्यवस्था गर्नुपर्छ । उक्त सामग्रीहरूको सुरक्षामा पनि उत्तिकै ध्यान दिनुपर्छ ।

(ग) शिक्षण क्रियाकलापको व्यवस्थापन : विद्यार्थीहरूलाई विभिन्न क्रियाकलापमा सहभागी गराउन र विविध क्रियाकलाप सञ्चालन गर्ने ठाउँको प्रबन्ध हुनुपर्छ । व्यक्तिगत रूपमा गरिने क्रियाकलाप, समूहगत रूपमा गरिने क्रियाकलाप, सामग्री प्रयोग गरेर गरिने क्रियाकलाप आदिमा ध्यान दिएर कक्षाकोठाको व्यवस्थापन गर्नुपर्छ ।

तलको चार्टमा कक्षाकोठा व्यवस्थापन गर्दा विचार गर्नुपर्ने विषयवस्तुलाई देखाइएको छ :

कक्षाकोठा व्यवस्थापन




## ५.४.१. कक्षाकोठा व्यवस्थापनको महत्त्व (Importance of Classroom Management)

व्यवस्थापन एउटा कला हो । शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन अति महत्त्वपूर्ण कार्य हो । कक्षाकोठा व्यवस्थापन राम्रो भएमा पाठ्यक्रमका उल्लिखित उद्देश्यहरू पूरा गर्न सहयोग पुग्छ । यसले शिक्षण सिकाइमा सहयोग पुऱ्याउँछ र सिकाइ दिगो तथा प्रभावकारी हुन्छ । शिक्षक र विद्यार्थीको सम्बन्ध बलियो बन्न हुन्छ । यसले कक्षाको परिवारमा असल संस्कार बनाउन मदत पुग्छ । कक्षाकोठा व्यवस्थापनको महत्त्वलाई तलका बुँदाहरूबाट थप प्रस्ट पार्न सकिन्छ :

(क) कक्षाकोठामा विद्यार्थी अनुकूलको सिकाइ वातावरण सिर्जना गर्न

(ख) कक्षाकोठमा जाडो, गर्मी, हावा, हुरी, पानी, होहल्ला आदिबाट सुरक्षित रहन

(ग) उपयुक्त ढङ्गले विद्यार्थी बसाइ व्यवस्थापन गर्न

(घ) फर्निचर र विद्यार्थी केन्द्रित क्रियाकलाप गर्ने ठाउँ व्यवस्थापन गर्न

(ङ) शैक्षिक सामग्रीको उपयुक्त ढङ्गले प्रयोग गर्न र तिनको ठिक ढङ्गले व्यवस्थापन गर्न

(च) विद्यार्थीहरूलाई कक्षाप्रति ध्यान आकृष्ट गर्न र अनुशासित बनाउन

(छ) शिक्षण सिकाइलाई उद्देश्यपूर्ण व्यावहारिक र अर्थपूर्ण बनाउन

(ज) शिक्षक र विद्यार्थीबिच अन्तरक्रिया गर्न

(झ) कक्षाकोठाको सजावट सिकाइ अनुकूल बनाउन

(ञ) कक्षाकोठालाई सिकाइप्रति उत्प्रेरित गर्न र सिकाइलाई सहज बनाउन ।

यसरी कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी र सिकाइ अनुकूल बनाउन मदत गर्छ । साथै विद्यार्थी केन्द्रित सिकाइ हुन्छ र कक्षाका सबै विद्यार्थी लाभान्वित हुन्छन् ।

## ५.५. शैक्षणिक सङ्गठन (Instructional Organization)

शैक्षिक क्रियाकलपका लागि उपलब्ध शिक्षक, कक्षाकोठा र समयलाई मध्यनजर गरी कक्षालाई विभिन्न ढाँचाअनुसार व्यवस्थित गर्ने प्रक्रियालाई शैक्षणिक सङ्गठन भनिन्छ । शैक्षणिक सङ्गठन भन्नाले अध्यापन कार्य सूचारु रूपले सञ्चालन गर्न विद्यार्थीको स्तर, तह, उमेर, क्षमता, विद्यालयको भौतिक अवस्था, शिक्षक सङ्ख्या, तथा शिक्षकको योग्यताका आधारमा अपनाइने कक्षाशिक्षणको व्यवस्था भन्ने बुझिन्छ । विद्यालयमा सञ्चालित कक्षा सङ्ख्या, उपलब्ध शिक्षक सङ्ख्या, विद्यालयको भौतिक सुविधा, विषयको प्रकृति, विद्यार्थीको रुचि, शिक्षकको विषयप्रतिको दक्षता आदि पक्षलाई ध्यान दिएर शैक्षणिक सङ्गठन छनोट गरिन्छ । केही शैक्षणिक सङ्गठनलाई तल चर्चा गरिएको छ :

### (क) विषय शिक्षण (Subject Instruction)

फरक फरक शिक्षकले फरक फरक विषय अध्यापन गराउनुलाई विषय शिक्षण भनिन्छ । यस व्यवस्थाअनुसार आफ्नो दक्षता भएको विषयमात्र विषय शिक्षकले पढाउने गर्छन् । वियष शिक्षण गर्दा विभिन्न कक्षामा कुनै एक शिक्षकले एउटै विषय पढाउँछ । यसका लागि समयलाई भने विभिन्न घन्टीमा बाँडिएको हुन्छ । वर्तमान अवस्थामा यो ढाँचा नेपालको परिप्रेक्ष्यमा व्यापक रूपमा प्रयोगमा ल्याइएको छ । यो ढाँचाअनुसार शिक्षण गर्दा विभिन्न फाइदाहरू हुने गर्छन् । विषय शिक्षक योग्य र दक्ष हुने हुँदा सिकाइ अर्थपूर्ण, प्रभावकारी, उद्देश्यमूलक र व्यावहारिक हुने गर्छन् । यद्यपि विषय शिक्षणका बेफाइदा पनि रहेका छन् । यसका सबल तथा दुर्बल पक्षहरू तल छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ :

| विषय शिक्षणका सबल पक्षहरू | विषय शिक्षणका दुर्बल पक्षहरू |
|---|---|
| - विषय शिक्षक बढी दक्ष र योग्य हुने<br>- विषय शिक्षकमा अध्यापन गर्ने विषयमा आत्मविश्वास बढी हुने<br>- एउटै मात्र विषय अध्यापन गराइरहँदा त्यो विषयमा ऊ पोख्त हुने<br>- विद्यार्थीको तहअनुसार शिक्षण हुने<br>- अध्यापन सामग्री तयारी गर्न समय उपलब्ध हुने<br>- कुनै एउटा विषयको शिक्षक कमजोर भए पनि अरू विषयमा असर नपर्ने<br>- विषयगत दक्षताको विकास हुने र सिकाइ सुनिश्चित हुने<br>- विषयमा दक्षताको कारण विविध प्रकारका शिक्षा विधिको प्रयोग हुन सक्ने<br>- शिक्षकलाई आफ्ना विषयमा विकसित भएका नयाँ तरिका, सामग्री र सूचनासँग परिचित हुने मौका प्राप्त हुने | - समग्र रूपमा मूल्याङ्कन निर्देशन, प्रतिवेदन जस्ता कार्यहरू गर्न कठिन हुने<br>- समयतालिका बनाउन कठिन हुने<br>- विद्यार्थी र शिक्षकबिच बलियो सम्बन्ध कायम नहुने<br>- विद्यार्थीका बारेमा गहिरो अध्ययन गर्न, क्षमता जाँच्न गाह्रो हुने<br>- धेरै विद्यार्थीलाई चिन्न, उसको क्षमतासँग परिचित हुन र विद्यार्थीसँग राम्रो सम्बन्ध कायम गर्न कठिन हुने<br>- विषयहरूबिचको एकीकरण हुने सम्भावना कम हुने<br>- विद्यार्थीको उपलब्धि राख्न, निर्देशन वा परामर्श सो दिन र वैयक्तिक शिक्षण गर्न कठिन हुने<br>- अन्य शिक्षकहरूका शिक्षण क्रियाकलापसँग कम समन्वय हुने |

### (ख) कक्षा शिक्षण (Class Instruction)

एउटा कक्षाका सबै विषयहरू एउटै शिक्षकबाट पढाउने शिक्षण व्यवस्थालाई कक्षा शिक्षण भनिन्छ । पूर्वप्राथमिक र प्राथमिक तहका कक्षाहरूमा यो शिक्षण अपनाइने गरिन्छ । यस व्यवस्थाअनुसार शैक्षिक सत्रभरि नै एउटै शिक्षकले एउटै कक्षामा सम्पूर्ण विषय अध्यापन गराउने गर्छन् । यस व्यवस्थाअनुसार शिक्षकले कक्षाको सम्पूर्ण जिम्मेवारी लिएका हुन्छन् । यो शैक्षणिक सङ्गठन शिक्षक र विद्यार्थीको सम्बन्ध निकट र प्रगाढ बनाउन सहयोगी हुन्छ । शिक्षकलाई विद्यार्थीहरूको प्रतिभा, अभिरुचि, चाहना, आवश्यकता र सिकाइ कमजोरीका बारेमा जानकारी प्राप्त हुन्छ । सोहीअनुरूप शिक्षण गरेमा विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव देखा पर्छ । कक्षा शिक्षणका पनि फाइदा र बेफाइदा दुवै रहेका छन् । यसलाई तल छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ :

| कक्षा शिक्षणका सबल पक्षहरू | कक्षा शिक्षणका दुर्बल पक्षहरू |
|---|---|
| - विद्यार्थीलाई अनुशासित तुल्याउन सजिलो हुने<br>- विद्यार्थीको कार्यक्षमता तथा शैक्षिक क्षमता पत्ता लगाई शिक्षण गर्न सजिलो हुने<br>- विद्यार्थीहरूको अभिरुचि पत्ता लगाउन सजिलो हुने<br>- विद्यार्थीको शारीरिक, बौद्धिक र शैक्षिक विकासअनुसार समूह निर्माण, बसाइको व्यवस्था र शिक्षण कार्य गर्न सजिलो हुने<br>- शिक्षकसँग घनिष्ट सम्बन्ध रहने हुँदा विद्यार्थीले आआफ्नो मनमा लागेका कुरा प्रकट गर्न सहज हुने<br>- शिक्षक बारम्बार अरू कक्षामा जानु नपर्ने हुँदा समयको बचत हुने<br>- विद्यार्थीको सिकाइमा प्रभावकारिता आउने<br>- शिक्षकमा कार्यगत जिम्मेवारी बोध हुने<br>- विद्यार्थीको वैयक्तिक भिन्नताका साथसाथै विद्यार्थीका सम्पूर्ण पक्षका बारेमा शिक्षकलाई जानकारी हुने<br>- विद्यार्थीको वास्तविक मूल्याङ्कन र पृष्ठपोषण दिन सजिलो हुने<br>- आवश्यकताअनुसार दैनिक कार्यतालिका लचिलो बनाउन मिल्ने । | - शिक्षकको दरबन्दी न्यून हुँदा कक्षा शिक्षण गर्न कठिन हुने<br>- कक्षा शिक्षक बिदामा बस्दा कक्षा खाली हुन सक्ने<br>- तालिम नपाएका शिक्षकबाट कक्षा शिक्षण प्रभावकारी नहुने<br>- शिक्षकलाई वर्षभरि र पूरा समय एउटै कक्षामा शिक्षण गर्दा दिक्क लाग्दो हुने<br>- शिक्षकले बन्धनमा परेको महसुस गर्ने<br>- शिक्षकको बौद्धिक विकास नहुने<br>- एउटै शिक्षकले सबै विषय समान रूपले पढाउन नसक्ने<br>- विद्यार्थीको सङ्ख्या बढी र कक्षाकोठा सानो भएमा शिक्षण प्रभावकारी नहुने<br>- दैनिक पाठयोजना र शैक्षिक सामग्री बनाउन कठिन हुने<br>- शिक्षक जवाफदेही नभएमा कक्षाको उपलब्धिमा असर पर्ने<br>- शिक्षकको अनपेक्षित व्यवहारको प्रभाव विद्यार्थीमा पर्न सक्ने । |

### (ग) बहुकक्षा शिक्षण (Multigrade Instruction)

एकै जना शिक्षकले एकभन्दा बढी कक्षामा एकै समयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुलाई बहुकक्षा शिक्षण भनिन्छ । दुई वा दुईभन्दा बढी कक्षाका विद्यार्थीहरूलाई एउटै कक्षाकोठामा राखी पठनपाठन

गराउने कार्य पनि बहुकक्षा शिक्षण हो । यो व्यवस्था कम शिक्षक भएको बेला बढी उपयोगी हुन्छ । विद्यार्थी सङ्ख्या कम भएको विद्यालयमा पनि यस किसिमको शिक्षण व्यवस्था उपयोगी हुन्छ । शिक्षक लामो बिदामा बस्दा वा बिरामी पर्दा वा तालिममा जाँदा पनि अन्य शिक्षकबाट विधि अपनाई कक्षा सञ्चालनमा सकिन्छ । नेपालको भौगोलिक विकटता, आर्थिक समस्याले प्रर्याप्त विद्यालय शिक्षक दरबन्दी नहुने, विद्यार्थी सङ्ख्या कम भएको विद्यालयमा र पर्याप्त कक्षाकोठा उपलब्ध नहुने अवस्थामा यो व्यवस्था उपयोगी साबित हुन्छ । बहुकक्षा शिक्षणका फाइदा र बेफाइदाहरू तल तालिकामा प्रस्तुत गरिएको छ :

| बहुकक्षा शिक्षणका सबल पक्षहरू | बहुकक्षा शिक्षणका दुर्बल पक्षहरू |
|---|---|
| - शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा शिक्षण गर्न प्रभावकारी हुने<br>- कम विद्यार्थी भएका विद्यालयहरूमा स्रोत र साधनको सही र उच्चतम उपयोग गर्न सकिने<br>- कक्षाकोठा कम हुँदा पनि शिक्षण गर्न सकिने<br>- शिक्षण प्रक्रिया क्रियाकलाप केन्द्रित भएकाले सिकाइलाई जीवन्त र रमाइलो बनाउन सकिने<br>- विद्यार्थीले एकअर्कालाई सिकाउन र सहयोग गर्ने हुनाले विद्यार्थीहरूबिच गहिरो सम्बन्ध विकास हुने<br>- विद्यार्थी नै बढी क्रियाशील हुने हुनाले विद्यार्थी केन्द्रित विधि प्रयोग गर्न सजिलो हुने<br>- विद्यार्थीले आफ्नो गतिमा सिक्न पाउने<br>- आफूभन्दा भिन्न र समान विशेषताहरू भएका साथीहरूबाट धेरै कुरा सिक्न सक्ने<br>- विषय शिक्षणको तुलनामा कम खर्चिलो हुने<br>- भौतिक सुविधा कम भएका र शिक्षक अनुपस्थित भएको अवस्थामा पनि कक्षा सञ्चालन गर्न सकिने | - विभिन्न कक्षाका विभिन्न स्तरका र विभिन्न क्षमताका विद्यार्थीबिच स्तर निर्धारण गर्न कठिन हुने<br>- दक्ष र तालिम प्राप्त शिक्षकले मात्र यस्ता<br>मिश्रित कक्षालाई पढाउन सक्ने<br>- शिक्षकलाई कार्यबोझ बढी हुने हुँदा वैयक्तिक शिक्षण गर्न कठिन हुने<br>- कक्षाकोठा ठुलो चाहिने र कक्षाकोठा व्यवस्थापन गर्न कठिन हुने<br>- ढिलो सिक्ने र चाँडो सिक्ने विद्यार्थीका लागि उपयुक्त खालको सामग्री र वातावरण दिन कठिन हुने<br>- सबै खाले विद्यालयमा लागु गर्न कठिन हुने<br>- बहुकक्षा शिक्षणको कार्यतालिका निर्माण गर्न कठिन हुने<br>- एउटै कक्षाकोठमा धेरै समूह कक्षाहरू राख्दा हो हल्ला हुने<br>- बहुकक्षा शिक्षण गर्ने शिक्षक तालिम प्राप्त दक्ष र अनुभवी नभएमा शिक्षण कार्य सफल नहुने |

### (घ) बहुकक्षा बहुस्तर शिक्षण (Multi Grade Multi Level Instruction-MGML)

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि पूर्ण रूपमा क्रियाकलापमा आधारित विधि हो । यसले शिक्षक विद्यार्थी, विद्यार्थी विद्यार्थी र विद्यार्थी अभिभावकसम्मको सिकाइलाई समेटेको हुन्छ । यसले हरेक विद्यार्थीलाई निरन्तर सक्रिय बनाई सिक्ने अवसर प्रदान गर्दछ । यस विधिमा कक्षाकोठाभित्रको सिकाइ, कक्षाकोठा बाहिरको सिकाइ, क्षेत्र भ्रमण, समुदाय सर्वेक्षण, नाटकीकरण जस्ता सिकाइका विभिन्न क्रियाकलापहरू सञ्चालन गरिन्छ । यस पद्धतिमा विभिन्न परियोजना कार्य, प्रयोगात्मक कार्य, अवलोकन कार्य, वातावरण सर्वेक्षण, दैनिक अनुसन्धान गर्ने, खोजी गर्ने, प्रदर्शन गर्ने, अनुभव बताउने, घटना बताउने आदि शिक्षण सिकाइ क्रियाकलाप समावेश गरिएको हुन्छ । यो विधि परम्परागत शिक्षण सिकाइ पद्धतिभन्दा केही फरक प्रकृतिको छ । यस विधिबाट कक्षा सञ्चालन गर्नका लागि कक्षाकोठा उपयुक्त व्यवस्थापन, फरक खालका सिकाइ सामग्री र सिकाइ क्रियाकलापहरूको आवश्यकता पर्दछ । यस विधिमा चार समुहमा विद्यार्थीहरूको बसाइ व्यवस्थापन गरिन्छ । एउटा सिकाइ उपलब्धि हासिल गरिसकेपछि विद्यार्थीहरू अर्को समुहमा समावेश हुन्छन् । यसरी यस विधिमा गतिशील समूहमा सिकाइ हुन्छ । यस विधिमा पाठ्यपुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा मात्र प्रयोग गरिन्छ । पाठ्यपुस्तकको विकल्पमा सिकाइ कार्डहरू तयार गरिएका हुन्छन् । कक्षामा फरक फरक सिकाइ क्षमता र स्तर भएका विद्यार्थीहरू हुन्छन् । यस पद्धतिअनुसार एकभन्दा बढी कक्षाका र फरक फरक सिकाइस्तर भएका विद्यार्थीहरूलाई सँगै राखी सिकाइन्छ । ती सबै प्रकारका विद्यार्थीहरू एकै ठाउँमा बसेर आआफ्नो सिकाइ गतिमा एक अर्कासँगको सहकार्यबाट सिक्न सक्छन् भन्ने मान्यता राखिएको हुन्छ ।

यस तरिकाबाट शिक्षण विद्यार्थीहरूको सिकाइ उपलब्धि हासिल गराउन विभिन्न किसिमका बालमैत्री र बालउपयोगी सामग्रीहरू विकास गरिएका हुन्छन् । रुजु सूची, सिकाइ सिँढी, सिकाइ कार्ड, समूह कार्ड र कार्य पुस्तिका आदि यस विधिमा प्रयोग गरिने मुख्य सामग्रीहरू हुन् । पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता र उपलव्धि हासिल गराउनका लागि विषयवस्तु नछुट्ने गरी पाठ्यक्रममा भएका कक्षागत तथा विषयगत सिकाइ उपलब्धिका आधारमा सिकाइका कोसेढुङ्गा (Milestone) तयार गरिएको हुन्छ । ती माइलस्टोनलाई आधार मानेर सिकाइ सिँढी (Learning Ladder) निर्माण गरिएको हुन्छ । यस विधिमा कक्षाका विद्यार्थीहरूले आफ्नो सिकाइ गतिविधि वा आफ्नो सिकाइ स्तरअनुसार माइलस्टोनमा रहेका प्रत्येक सिकाइ सिँढीका क्रियाकलापहरू व्यक्तिगत रूपमा पूरा गर्ने मौका पाउँछन् । विद्यार्थी विद्यालयमा अनुपस्थित भएको अवस्थामा पनि उनीहरूको सिकाइ क्रियाकलाप छुट्ने डर हुँदैन किनकि ती विद्यार्थी उपस्थित हुँदा सिकाइ क्रियाकलाप जुन सिँढीमा थियो, त्यहींबाट सो विद्यार्थीको क्रियाकलाप सुरु हुन्छ । यसले गर्दा विद्यार्थीको आफ्नो गतिअनुसार व्यक्तिगतरूपमा सिकाइ हुँदै जान्छ र सबै विद्यार्थीको सिकाइले पूर्णता प्राप्त गर्दछ । यसको प्रभावकारिताका लागि कक्षाकोठाको उपयुक्त व्यवस्थापन, शिक्षकको तालिम र सक्रियताको आवश्यकता पर्दछ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) शैक्षणिक उद्देश्य भनेको के हो ?

(ख) संज्ञानात्मक उद्देश्यका कुनै दुई उदाहरण लेख्नुहोस् ।

(ग) दैनिक पाठयोजनाका अङ्गहरू के के हुन् ?

(घ) कक्षाकोठा व्यवस्थाअन्तर्गत के के पर्छन् ?

(ङ) शैक्षणिक सङ्गठन भनेको के हो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) सिप र प्रवृत्तिसम्बन्धी उद्देश्यहरूमा के फरक छ ?

(ख) शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन पाठयोजनाको भूमिका उल्लेख गर्नहोस् ।

(ग) प्रभावकारी कक्षाकोठा व्यवस्थापन कसरी गर्न सकिन्छ, वर्णन गर्नुहोस् ।

(घ) कक्षा शिक्षणका दुर्बल पक्षलाई कसरी हटाउन सकिन्छ, यसका उपायहरू बताउनुहोस् ।

(ङ) बहुकक्षा शिक्षण भनेको के हो ? कस्तो अवस्थामा बहुकक्षा शिक्षण उपयोगी हुन्छ ?

(च) बहुकक्षा बहुस्तर शिक्षणको छोटो परिचय दिनुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) विषयगत शिक्षण र कक्षा शिक्षणमा तपाईं कुन शिक्षणलाई उपयोगी ठान्नुहुन्छ, तर्क प्रस्तुत गर्नुहोस् ।

(ख) दैनिक कार्यतालिकाले विद्यालयको शिक्षण कार्यलाई व्यवस्थित गर्न कसरी सहयोग गर्छ ?

### प्रयोगात्मक कार्य

तपाईंको आफ्नै विद्यालय वा नजिकको कुनै एक विद्यालयको कक्षाकोठाको व्यवस्थापनमा आधारित रहेर कुनै एक कक्षाकोठाको अवलोकन गर्नुहोस् । प्रभावकारी रूपमा कक्षाकोठाको व्यवस्थापन गरेको छ कि छैन, हेर्नुहोस् । छ भने के के छ ? छैन भने के के छैन, सो कुराबारे टिपोट गरी शिक्षकलाई देखाउनुहोस् ।

एकाइ
६

# शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री
(Instructioal Methods, Technology and Instructional Materials)

## परिचय (Introduction)

शिक्षण सिकाइ क्रियाकलापमा अपनाइने सम्पूर्ण विधि र कलाकौशलहरूलाई शिक्षण प्रविधि भनिन्छ । यसअन्तर्गत परम्परागत विधिहरूदेखि आधुनिक नवीनतम प्रविधिमा सूचना सञ्चार प्रविधिसमेत पर्छन् । यस एकाइमा आधुनिक शिक्षण प्रविधि, प्रविधिमैत्री शिक्षा, आत्मविकासका प्रविधि, शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग हुने विभिन्न शैक्षिक सामग्री तथा शिक्षण सिकाइका समस्या र समाधानका उपायहरू समावेश गरिएका छन् ।

## ६.१. शिक्षण प्रविधिको परिचय (Introduction to Instructioal Technology)

शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा अपनाउने विभिन्न उपाय तथा विधिहरूलाई शिक्षण प्रविधि (Teaching Technique) भनिन्छ । प्रविधिलाई अङ्ग्रेजीमा Technology भनिन्छ । Technology शब्द Greek भाषाको teknologia का रूपान्तर हो । यसलाई विभिन्न अर्थले बुझिने गरको भए तापनि शिक्षणमा यसको अर्थ कुनै काम पूरा गर्न अपनाइने विधि वा पद्धति भन्ने हुन्छ । शिक्षण सिकाइमा प्रयोग गरिने विधि वा पद्धति नै प्रविधि हो । शिक्षण प्रविधि, शिक्षण विधि तथा शिक्षण कौशल शिक्षणलाई प्रभावकारी बनाउने माध्यमहरू हुन् । यिनीहरूलाई एकअर्काका पूरकका रूपमा प्रयोग गर्ने गरिएको छ । यिनीहरूमा सामान्य भिन्नताहरू छन् । निर्धारित विषयवस्तु शिक्षकले विद्यार्थीसामु प्रस्तुत गरी बुझाउन अपनाउने विभिन्न विधि, तरिका, प्रश्नोत्तर वा शिक्षण सिकाइ क्रियाकलापलाई शिक्षण प्रविधि भनिन्छ । शिक्षकले विद्यार्थीलाई सहज र सरल ढङ्गले बुझाउन धेरै उपायहरू गर्छ । ती उपायहरू सबै शिक्षण प्रविधि हुन् । यसरी शिक्षक र विद्यार्थीका बिचमा शिक्षाको उद्देश्य पूरा गर्न गरिने सम्पूर्ण कक्षा क्रियाकलाप वा कार्य नै शिक्षण प्रविधि हो ।

कक्षामा शिक्षण गर्दा शिक्षकले सरलबाट जटिल, अमूर्तबाट मूर्त, र पूर्णबाट अंश जस्ता तरिकाहरू प्रयोग गर्न सक्छ । यी कार्यहरू गर्न शिक्षकले प्रवचन, व्याख्यान, प्रश्नोत्तर जुनसुकै विधिको प्रयोग गर्न सक्छ । शिक्षकले विद्यार्थीलाई उत्प्रेरित गर्न तथा शिक्षणलाई प्रभावकारी बनाउन शिक्षण सामग्री वा नवीनतम प्रविधिको प्रयोग गर्छन् । कक्षामा विद्यार्थीका निम्ति गरिने यी कार्यहरू सबै शिक्षण प्रविधिअन्तर्गत पर्छन् ।

## ६.२. आधुनिक शिक्षण प्रविधिहरू (Modern Instructional Technology)

शिक्षण एक प्राविधिक कार्य हो । यसलाई विज्ञान र कलाको संयुक्त रूप मानिन्छ । बालबालिकामा अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु गराउनु शिक्षकका लागि चुनौतीपूर्ण कार्य हो । त्यस्ता चुनौतीहरूको सामना गर्न शिक्षकले विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि विभिन्न प्रविधिको

प्रयोग  गर्नुपर्छ । अहिले सूचना र प्रविधिको विकाससँगै शिक्षणमा पनि नवीनतम प्रविधिहरू विकास गरिएका छन् । तिनै नयाँ प्रविधिलाई आधुनिक शिक्षण प्रविधि भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्न सकिने केही आधुनिक शिक्षण प्रविधिहरूको तल चर्चा गरिएको छ :

### ६.२.१. सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology)

वर्तमान एक्काइसौं शताब्दीको युगलाई सूचना र प्रविधिको युग पनि भनिन्छ । संसारको जुनसुकै ठाउँका बारेमा जानकारी पाउन सूचना र सञ्चारको महत्त्वपूर्ण भूमिका हुन्छ । यिनै साधनको प्रयोग गरी सिकाइ सहजीकरणको वातावरण सिर्जना गर्नुलाई सूचना तथन सञ्चार प्रविधि भनिन्छ । यो प्रविधि आधुनिक र वैज्ञानिक प्रविधि हो । विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नगरी गाउँ, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरका नयाँ नयाँ गतिविधिको जानकारी गराउन यो प्रविधि प्रभावकारी हुन्छ । टेलिभिजन, रेडियो, पत्रपत्रिका, कम्प्युटर तथा इन्टरनेटको माध्यमबाट विद्यार्थीहरूलाई नै सक्रिय बनाई आधुनिक प्रविधिबाट शिक्षण गर्न सकिन्छ । सूचना र सञ्चार प्रविधिअन्तर्गत केही माध्यमहरूलाई तल प्रस्तुत गरिएको छ :

(क) पत्रपत्रिका

(ख) कम्प्युटर तथा इन्टरनेट

(ग) फिल्म र टेलिभिजन

(घ) रेडियो तथा टेप रेकर्डर

यी प्रविधिहरूको छोटो परिचय तल दिइएको छ :

#### (क) पत्रपत्रिका

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा घटेका घटना एवम् अन्य विविध ज्ञानवर्धक जानकारीहरू पत्रिकाबाट प्राप्त गर्न सकिन्छ । ज्ञानविज्ञानमा देखा परेका नयाँ नयाँ आयामहरू गाउँसमाजमा भएका विकास र परिवर्तनहरू, समस्याहरू पत्रिकाबाट थाहा पाउन सकिन्छ । खेलकुद, शिक्षा, राजनीति, समाज, संस्कृति आदि सबै क्षेत्रका विभिन्न जानकारीहरू यी प्रविधिबाट लिन सकिन्छ । दैनिक, साप्ताहिक, मासिक वा वार्षिक रूपमा विभिन्न किसिमका रचनासहित प्रकाशन हुने पत्रिकाहरूबाट धेरै ज्ञान आर्जन गर्न सकिन्छ । विज्ञान र प्रविधिसम्बन्धी पत्रिका, शिक्षासम्बन्धी पत्रिका, बालसाहित्यलगायत धेरै किसिमका पत्रिकाबाट विभिन्न ज्ञान प्राप्त गर्न सकिन्छ ।

#### (ख) कम्प्युटर तथा इन्टरनेट

कम्प्युटर तथा इन्टरनेटलाई सूचना तथा सञ्चारको अत्याधुनिक प्रविधि मानिन्छ । अहिलेको मानव जीवनमा कम्प्युटर तथा इन्टरनेट मानिसको अभिन्न अङ्ग नै भइसकेको छ । सूचना र प्रविधिको विकासको क्रममा यसले विश्वभरि नै सञ्जालका रूपमा भूमिका निर्वाह गर्न सफल भएको छ । विभिन्न क्षेत्रका विभिन्न

जानकारीहरूलाई कम्प्युटरको वेबसाइट, युट्युब, ट्विटर आदिमा राखिन्छ । विभिन्न ज्ञानवर्धक सूचनाहरू सामाजिक सञ्जालका माध्यमबाट प्रवाह गरी शिक्षण सिकाइ क्रियाकलाप अझ प्रभावकारी बनाउन सकिन्छ ।

### (ग) फिल्म र टेलिभिजन

आधुनिक विद्युतीय सामग्रीका रूपमा फिल्म र टेलिभिजनलाई पनि लिन सकिन्छ । जसका माध्यमबाट निर्देशित विषयवस्तु विद्यार्थीलाई बुझाउन सकिन्छ । टेलिभिजनमा प्रसारण हुने समाचार सूचना तथा जानकारीहरू मात्र नभई यसबाट प्रसारण हुने फिल्महरू देखाएर विद्यार्थीलाई समाजका यथार्थ घटनाहरू बुझाउन सकिन्छ । सत्य तथ्य घटनामा आधारित फिल्म तथा चलचित्रले विद्यार्थीलाई सही मार्गमा ल्याउन प्रेरित गर्छ । समाजका विभिन्न विषय, ज्ञानविज्ञान, वातावरण, खेलकुद, शिक्षा, समाज, संस्कृति, राजनीति आदिका बारेमा बनेका फिल्महरू अहिलेको शैक्षिक जगतमा राम्रो र प्रभावकारी शिक्षण प्रविधिका साधनहरू हुन् । पुस्तकमा पढेका कुरालाई विद्यार्थीले फिल्मका माध्यमबाट आँखाले हेर्न पाउँदा लामो समयसम्म सम्झन सक्छन् ।

### (घ) रेडियो तथा टेप रेकर्डर

आधुनिक शिक्षण प्रविधिअन्तर्गत रेडियो तथा टेप रेकर्डर श्रव्य सामग्रीहरूका रूपमा लिइन्छ । कक्षा शिक्षणका क्रममा रेडियोबाट प्रसारण हुने जीवनोपयोगी जानकारी तथा शैक्षिक कार्यक्रम विद्यार्थीलाई सुनाउन सकिन्छ । महत्त्वपूर्ण कार्यक्रम रेकर्ड गरेर फेरि सुनाउन टेप रेकर्डको प्रयोग गर्न सकिन्छ । कक्षामा शिक्षकले एकोहोरो व्याख्यान विधि प्रयोग गर्दा कक्षा दिक्क लाग्दो हुन्छ । एकपटक सुनेको कुरा विद्यार्थीलाई सम्झन पनि कठिन हुन्छ । त्यसैले आफूलाई चाहिएको समयमा प्रयोग गर्न र कक्षाशिक्षण सहज र सरल बनाउन यस्ता प्रविधिको प्रयोग गर्न सकिन्छ । विद्यार्थीलाई कुनै विषयवस्तुमा बोल्न लगाई फेरि सुनाएर उनीहरूको कहाँ कमी कमजोरी रह्यो पृष्ठपोषण प्रदान गर्न पनि टेप रेकर्डरको प्रयोग गर्न सकिन्छ ।

यो विज्ञान र प्रविधिको समयमा विद्यार्थीलाई कक्षाकोठामा व्याख्यान तथा प्रश्नोत्तर विधिमा मात्र सीमित राख्न उचित हुँदैन । त्यसैले पाठ्यपुस्तकका साथै यस्ता सामग्रीको प्रयोगले विद्यार्थीमा सिर्जनशील हुने, कल्पनशील हुने वातावरण तयार हुन्छ । पाठ्यपुस्तक र विषयवस्तुका आधारमा पढेर जान्नुपर्ने कुराहरू आफैँले सुनेर वा गरेर जान्ने बुझ्ने अवसर प्राप्त गर्छन् । शिक्षकले थोरै समयमा धेरै विषयहरू सिकाउन सक्छन् । कक्षामा सबै विद्यार्थीहरू एउटै स्तरका हुँदैनन् । दोहोऱ्याएर सुनाउनुपर्ने विद्यार्थीलाई यस्ता सामग्रीको माध्यमबाट सजिलै सुनाउन सकिन्छ । विद्यार्थीले पनि यी प्रविधिबाट स्वयम् सिक्ने अवसर प्राप्त गर्छन् । तर यस्ता सामग्रीको छनोट र प्रयोगमा सतर्कता अपनाउनुपर्ने हुन्छ । विद्यार्थी तथा अभिभावक दुवैलाई यी सामग्रीको प्रयोगसम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक हुन्छ ।

## ६.२.२ प्रविधिमैत्री शिक्षा (Technology Friendly Education)

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापहरू प्रविधिको माध्यमबाट सञ्चालन गर्नु नै प्रविधिमैत्री शिक्षा हो । आधुनिक प्रविधिको उपयोग गर्दै विद्यालयको शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन प्रविधिमैत्री शिक्षा

दिनुपर्छ । मल्टिमिडिया र स्मार्ट बोर्डको प्रयोगबाट कक्षा सञ्चालन गर्दा कक्षा क्रियाकलाप प्रभावकारी हुन्छ । समयको सदुपयोग हुन्छ । कक्षा वा खेलमैदानमा सिसि क्यामेरा जडान गरेर विद्यार्थीको क्रियाकलापको अनुगमन गर्न सकिन्छ । गलत कार्य गर्नबाट विद्यार्थीलाई जोगाउन सकिन्छ । विज्ञान र प्रविधिको युगका रूपमा लिने गरिएको यो परिस्थितिलाई मध्यनजर गर्दै वर्तमान शिक्षा प्रणाली प्रविधिमैत्री हुन जरुरी छ । प्रविधिमा आधारित शिक्षा बनाउनका लागि शिक्षा क्षेत्रमा उपयोगी एपहरू तथा शब्दकोशका साथै विषयसँग सम्बन्धित युट्युबहरू डाउनलोड गरेर प्रयोग गर्न सकिन्छ । त्यस्तै विद्यालयमा प्रयोग गरिने डिजिटल हाजिरीले शिक्षकहरू समयमै उपस्थित हुने र समयमा विद्यालय छाड्ने प्रणालीको विकास हुन्छ । यसले शिक्षकलाई नियमित हुन मदत गर्छ । शिक्षकको नियमितताले विद्यार्थीहरूलाई सहयोग पुगिरहेको हुन्छ ।

विश्वव्यापीकरणको बढ्दो प्रभावको यस युगमा शिक्षालाई रोजगार, उत्पादन र श्रमसँग जोड्नका लागि शिक्षालाई प्रविधियुक्त बनाउनुपर्छ । यसबाट विद्यालयलाई स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म परिचित गराउन सकिन्छ । गाउँ, सहर सबै क्षेत्रमा शिक्षा प्रविधिमैत्री हुन जरुरी छ । पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुका आधारमा शिक्षण सिकाइलाई सहज र सरल रूपमा अघि बढाउन उपयोगी सामग्रीहरू विभिन्न एपहरू, भिडियोहरू वेबसाइटमा राख्ने गरिन्छ । त्यस्ता सामग्रीको प्रयोगबाट विद्यार्थीलाई धेरै कुरा सिकाउन सकिन्छ । कतिपय विषयहरू पुस्तकमा घोकाएर मात्र बुझ्न बुझाउन कठिन हुन्छ । यस्तो अवस्थामा प्रविधिमैत्री कक्षाबाट सम्बन्धित वेबसाइटहरू खोज्न तथा हेर्न लगाई अध्ययन गराउन सकिन्छ । आधुनिक प्रविधिबाट कतिपय विषयवस्तुहरू पाठ्यपुस्तकमा भएको भन्दा पनि बढी सिकाउन सकिन्छ । त्यसैले हाम्रा शिक्षण सिकाइहरू प्रविधिसँग जोड्न प्रविधिमैत्री शिक्षा हुन अपरिहार्य छ ।

## ६.३. शिक्षण प्रविधि छनोटका आधारहरू (Criteria for Selecting Instructional Technology)

परम्परागत शिक्षण शैली अपनाइने कथाकथन, प्रश्नोत्तर, व्याख्यान, प्रवचन विधिहरू बढी प्रभावकारी र उपलब्धिमूलक हुन सकेनन् । शिक्षकहरूले शिक्षण संस्थामा विशेष गरी कक्षाकोठामा भएको विविधताको व्यवस्थापन गरी सिकाइ सहजीकरणको वातावरण सिर्जना गर्नुपर्ने भएकाले किताबी ज्ञान र परम्परागत शिक्षण शैलीलाई आधुनिक र सहज बनाउनुपर्ने देखिन्छ । आधुनिक शिक्षणअन्तर्गत शैक्षिक वातावरण, कक्षाकोठाको उचित व्यवस्थापन, सरल र अर्थपूर्ण प्रस्तुति, शिक्षक र विद्यार्थीबिचको मैत्रीपूर्ण व्यवहार, विद्यार्थीको पूर्वज्ञानका आधार, उमेर, सिकाइ क्षमता आदिलाई ध्यान दिएको पाइन्छ । शिक्षण सिकाइमा प्रविधि छनोट गर्दा अपनाइनुपर्ने कही महत्त्वपूर्ण आधारहरू निम्नानुसार छन् :

(क) शैक्षिक उद्देश्य : शिक्षण प्रविधिको छनोट गर्दा शैक्षिक उद्देश्यलाई आधार बनाउनुपर्छ । शिक्षण प्रविधिहरू उद्देश्यहरू परिपूर्ति गर्ने प्रकारका हुनुपर्छ :

(ख) आर्थिक अवस्था : शिक्षण प्रविधिहरू विद्यालयको आर्थिक अवस्थाले व्यहोर्न सक्ने हुनुपर्छ । कुनै शैक्षिक सामग्री खरिद गर्न वा कुनै क्रियाकलाप सम्पन्न गर्न आर्थिक अवस्थामाथि ध्यान दिनु आवश्यक हुन्छ ।

(ग) सहज पहुँच : शिक्षण प्रविधिहरू शिक्षक र विद्यार्थीको पहुँचमा हुनुपर्छ । सबै शिक्षक र विद्यार्थी सहभागी हुन सक्ने र सबैले प्रयोग गर्न सक्ने शिक्षण प्रविधिहरूको छनोट गरिनुपर्छ ।

(घ) कक्षाको वातावरण : शिक्षण प्रविधि प्रयोग गर्न सकिने कक्षाको वातावरण, विद्यार्थी सङ्ख्या र उनीहरूको शिक्षण प्रविधिहरूमा सहभागी हुनका लागि चाहिने पूर्वयोग्यता जस्ता पक्षहरूलाई प्रविधि छनोटका आधार बनाइनुपर्छ ।

(ङ) सामाजिक परिवेश : सामाजिक परिवेश प्रविधि छनोटको अर्को महत्त्वपूर्ण आधार हो । शिक्षण सिकाइमा अपनाइने प्रविधिहरूलाई सामाजले कुन दृष्टिले हेर्छ, समाजमा चलनचल्तीमा छन् छैनन्, समाजले सहयोग गर्छ कि गर्दैन जस्ता पक्षहरू शिक्षण प्रविधिहरूका छनोट र प्रयोगका आधारहरू हुन् ।

(च) दिगोपन : शिक्षण प्रविधिहरूको बहुउपयोग र सान्दर्भिकता, आफ्नै शिक्षक वा जनशक्तिको उपलब्धता, न्यूनतम लागतमा सञ्चालन र मर्मतसम्भार जस्ता पक्षहरू दिगो विकासका आधारहरू हुन् । शिक्षण प्रविधिको छनोट गर्दा दिगो विकासका आधारहरूलाई ध्यान दिनुपर्छ ।

## ६.३.१. शिक्षण प्रविधिहरू

आधुनिक शिक्षण विधिले पाठ्यवस्तुमा निर्धारित उद्देश्य पूरा गर्नका लागि अभिनय, प्रदर्शन, अन्तरक्रिया, विद्यार्थी सहभागिता, सहपाठी अन्तरक्रियाका साथै प्रविधिमैत्री शिक्षण सिकाइलाई जोड दिन्छ । त्यसैअनुसार शिक्षणमा नयाँ प्रविधिको जागरण र विकास हुँदै आएको पाइन्छ । औपचारिक शिक्षामा प्रयोग भइरहेका प्रश्नोत्तर विधि, प्रयोग विधि, स्थलगत भ्रमण विधि, स्वअध्ययन विधि, खोज विधि, समस्या समाधान विधि, छलफल विधि, सूक्ष्म शिक्षण विधि आदि विधिहरू छन् । शिक्षणमा हाल प्रचलित केही शिक्षण प्रविधिहरूको छोटो परिचय तल दिइएको छ :

### (क) सहभागितामूलक शिक्षण प्रविधि (Participatory Instructional Technology)

शिक्षा औपचारिक र अनौपचारिक किसिमको हुन्छ । अनौपचारिक रूपबाट सुरु भएको विश्वको शिक्षा अहिले औपचारिक र आधुनिक रूप लिएको छ । यसका लागि विभिन्न शिक्षण विधिहरूको खोज अनुसन्धान गरी अवलम्बनसमेत हुँदै आएका छन् । विभिन्न अनुसन्धानबाट प्रभावकारी मानिएका शिक्षण विधिहरूमध्ये सहभागितामूलक शिक्षण प्रविधि एक प्रभावकारी शिक्षण प्रविधि हो । सहभागितामूलक शिक्षण प्रविधिमा विद्यार्थी स्वयम् हरेक क्रियाकलापमा सहभागी भएर सिक्न सक्छ । यस विधिमा शिक्षक सहजकर्ता मात्र भएर विद्यार्थीलाई नै काम गर्न निर्देशन गर्छ । यो विद्यार्थीले सुनेको कुरा चाँडै बिर्सन्छन्, देखेको कुरा सम्झन्छन् भने गरेर सिकेको कुरा कहिल्यै बिर्सँदैनन् भन्ने मान्यतामा आधारित छ । सहभागिता शिक्षण प्रविधि एक विद्यार्थी केन्द्रित शिक्षण विधि हो । कक्षामा शिक्षण गर्दा विद्यार्थी स्वयम् क्रियाशील भएर सिक्न सक्ने वातावरण सिर्जना

गर्नुपर्छ । यो विधिमा आफ्ना इच्छाअनुसार विद्यार्थीले आफैँ काम गरेर वा अभ्यास गरेर सिक्ने अवसर प्राप्त गर्न सक्छन् ।

### (ख) आत्मविकासका प्रविधिहरू (Instructional Technology for Self-Developmet)

विद्यार्थीहरूले आफ्नो अध्ययनलाई आफैँ बढाई आत्मविकास गर्ने प्रविधिलाई आत्मविकासका शिक्षण प्रविधि भनिन्छ । विद्यार्थीहरू शिक्षण सिकाइमा क्रियाशील रहेर स्वत: मौलिक र सिर्जनात्मक कार्यमा लाग्नुलाई आत्मविकास प्रविधिको राम्रो प्रयोग मानिन्छ । यस प्रविधिमा विद्यार्थीलाई कुनै समस्या आफैँ हल गर्न लगाइन्छ । एउटा विषयको कुनै शीर्षकमा एउटा लेख लेख्नुपऱ्यो भने निश्चित ढाँचा सिकाएर केही बुँदाहरू दियो भने विद्यार्थीले स्वयम् आफ्नै मौलिक शैलीमा त्यो लेख तयार गर्न सक्छ । यसबाट उसको आत्मविश्वास बढ्छ । साथै अरू नयाँ कुराहरू खोज गर्न हौसला मिल्छ । विद्याथीलाई मौलिकपन र सिर्जनशील बन्ने प्रेरणा पनि प्राप्त हुन्छ । आत्मविकासका केही प्रविधिहरू यसप्रकार छन् :

#### (अ) कक्षाकार्य

शिक्षकले कक्षामा दिएको काम गरिने कार्यलाई कक्षाकार्य भनिन्छ । निर्धारित पाठ शिक्षण गराइसकेपछि विद्यार्थीले कति बुझ्न सफल भए भनी पाठअनुसार विभिन्न काम कक्षाकार्यका रूपमा गराउन सकिन्छ । कक्षाकार्यमा विद्यार्थीको प्रत्यक्ष सहभागिता रहने हुनाले यसलाई आत्मविकासको प्रविधि भनिन्छ । विषयको प्रकृतिअनुसार अरू कार्यहरू बुँदा टिपोट, निबन्ध लेखन, वादविवाद, संवाद तथा मनोवाद लेखन, गणितीय समस्या समाधान आदि गर्न लगाउन सकिन्छ ।

#### (आ) गृहकार्य

पाठ पढिसकेपछि विद्यार्थीलाई अन्तमा गृहकार्य दिने चलन छ । यस प्रविधिलाई पनि विद्यार्थीको मौलिकता, शैक्षिक स्तर र आत्मोन्नतिका लागि राम्रो प्रविधि मानिन्छ । विद्यार्थीलाई गृहकार्य दिँदा शिक्षकले उमेर, स्तर र मनोभावना बुझेर मात्र दिनुपर्छ । उनीहरूलाई बोझ महसुस हुने गरी गृहकार्य गर्न दिँदा उनीहरूभित्र रहेको सिर्जना मर्न सक्छ । कुनै पनि काम दिँदा खुसी भएर मनोरञ्जनात्मक ढङ्गले गर्न प्रेरित गर्नुपर्छ ।

#### (इ) कार्यक्रमबद्ध शिक्षण

विद्यार्थीले सिक्ने सामग्रीहरूलाई साना साना चरणहरूमा विभाजन गरी सिकाइका लागि तयार गरिएको योजनाबद्ध शिक्षण कार्यक्रमलाई कार्यक्रमबद्ध शिक्षण भनिन्छ । यो शिक्षण पनि आत्मविकासका प्रविधिमध्ये एक प्रभावकारी शिक्षण प्रविधि हो । यस्तो प्रकारको शिक्षणले विद्यार्थीलाई अध्ययनका लागि प्रेरित गर्छ । सरलदेखि जटिलतिर उन्मुख रहने गरी बनेको यो शिक्षणमा विद्यार्थी आफैँ शिक्षक हुन सक्छ । विद्यार्थीले आफ्नो सिकाइको नेतृत्व गर्ने बानीको विकास गर्छ ।

### (ई) सिकारु नियन्त्रित शिक्षण

सिकारु आफैँले आफ्नो नियन्त्रणमा शिक्षण गर्ने प्रक्रियालाई सिकारु नियन्त्रित शिक्षण भनिन्छ । यस शिक्षणमा विद्यार्थी आफैँले सिकाइका चरणहरू निर्माण, कार्यकलाप निर्धारण, मूल्याङ्कन र पृष्ठपोषणसमेत उनीहरूका इच्छाअनुसार गर्छ । सिकारुले शिक्षण गर्नुपर्ने समस्या आफैँ तयार गरेर समाधानका लागि अध्ययन गरी निष्कर्ष निकाल्छ । यो अनौपचारिक शिक्षा प्रणालीको एक सिकाइ प्रक्रिया पनि हो ।

### (उ) पुस्तकालयीय पद्धति

पुस्तकालयका माध्यमबाट गरिने अध्ययन आत्मविकास प्रविधिको एक प्रभावकारी नमुना हो । सिकारुले यहाँ आवश्यकता र इच्छाअनुसार स्वअध्ययन गर्छ । कुनै विषयको निष्कर्षमा पुग्नका लागि सम्बन्धित सामग्रीको अध्ययन, खोज, अनुसन्धान गर्न सकिन्छ । कुनै विषयको खोजमूलक लेखहरू तयार गर्नुपर्‍यो भने विद्यार्थी पुस्तकालयमा गई सन्दर्भ सामग्रीहरू अध्ययन गरेर तयार गर्न सक्छ । त्यस्तै कुनै समसामयिक विषयको निष्कर्षमा पुग्न, पुराना तथ्यहरू अध्ययन गर्न एवम् कुनै विषयमा गहिरो अध्ययन तथा तुलना गर्न यो पद्धति प्रभावकारी तरिका हुन सक्छ ।

## ६.४. शिक्षण सिकाइका समस्या र समाधानका उपायहरू (Problems of Teaching Learning and their Solutions)

प्राचीन समयदेखि नै गुरु र शिष्यको प्रगाढ सम्बन्ध रहेको छ अर्थात् सिक्ने र सिकाउने व्यक्तिको सम्बन्ध रहेको हुन्छ । समय क्रमसँगै हिजोको शिक्षण सिकाइ प्रणाली र आजको शिक्षण सिकाइ प्रणालीमा धेरै फरक छ । आजको युग विज्ञान र प्रविधिको युग हो । यसलाई वैज्ञानिक युग पनि भनिन्छ । अब शिक्षण सिकाइ एउटा आश्रम वा कक्षाकोठामा मात्र सीमित हुन सक्दैन । विद्यार्थीलाई प्रत्यक्ष ज्ञान तथा अनुभव प्राप्तिका लागि खुला तथा रचनात्मक कार्यकलापहरूको आवश्यकता पर्छ । यसका साथै विषयवस्तुको उद्देश्य, विषयवस्तुको प्रकृति, सिकारुको स्तर, शिक्षण सामग्रीहरू, सिकारुको पृष्ठभूमिजस्ता कुराहरूलाई पनि ध्यान दिनुपर्छ । कक्षाशिक्षणसँग सम्बन्धित विभिन्न समस्याहरू अल्पविकसित र विकसित देशहरूमा फरक फरक हुन सक्छन् । सामान्यतया अल्पविकसित देशहरूमा विकसित देशभन्दा शिक्षण सिकाइ प्रक्रियामा धेरै समस्याहरूको सामना गर्नुपर्ने हुन्छ । यहाँ शिक्षण सिकाइसँग सम्बन्धित केही समस्याहरू र त्यसका समाधनका उपायहरूलाई निम्नानुसारका शीर्षकहरूमा चर्चा गरिएको छ :

### (अ) कक्षाकोठा व्यवस्थापनसम्बन्धी समस्याहरू

शिक्षण सिकाइ प्रक्रियामा कक्षाकोठा व्यवस्थापन महत्त्वपूर्ण पक्ष हो । यसमा विद्यालय व्यवस्थापन, विद्यालय प्रशासन र शिक्षकको धेरै भूमिका हुन्छ । कक्षाकोठा व्यवस्थापनका समस्याहरू बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) शिक्षकमा कक्षा व्यवस्थापन सिप कमी हुनु

(ख) विभिन्न रुचि, क्षमता, स्तर, योग्यता एवम् पृष्ठभूमिका विद्यार्थी एउटै कक्षामा हुनु

(ग) प्रयाप्त फर्निचर र विषय कुनाको अभाव हुनु

(घ) ताजा हावा र पर्याप्त उज्यालो नहुनु ।

### कक्षा व्यवस्थापनसँग सम्बन्धित समस्या समाधनका उपायहरू

(क) शिक्षकलाई कक्षाकोठा व्यवस्थापनको सिपमूलक तालिम दिनुपर्छ ।

(ख) समाहित वा समावेशी कक्षा व्यवस्थापन गर्नुपर्छ ।

(ग) कक्षाकोठामा पाठ्यक्रम र पाठ्यपुस्तकको सिर्जनात्मक प्रयोग गर्नुपर्छ ।

(घ) कक्षाकोठामा नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्छ ।

### (आ) शिक्षक र शैक्षिक वातावरणसम्बन्धी समस्याहरू

शैक्षिक वातावरण राम्रो हुन नसक्नु पनि शिक्षण सिकाइमा देखिएका समस्याहरू हुन्, जो निम्ननुसार रहेका छन् :

(क) सैद्धान्तिक र किताबी ज्ञानमा आधारित पठनपाठन

(ख) शैक्षिक तथा पाठ्यसामग्रीको अभाव

(ग) उपलब्ध पाठ्यसामग्री समयमै विद्यालयमा पुग्न नसक्नु

(घ) शिक्षा जीवनमुखी, उत्पादनमुखी र सिपमूलक बन्न नसक्नु

(ङ) अभिभावकबाट शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहयोग प्रदान गर्न नसक्नु

### शिक्षक र शैक्षिक वातावरणसम्बन्धी समस्या समाधनका उपायहरू

(क) शिक्षक एक नमुना व्यक्ति बन्नुपर्छ । उसले उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्न सहयोग गर्नुपर्छ ।

(ख) शिक्षकमा आफूले पढाउने विषयवस्तुको पूर्ण ज्ञान हुनुपर्छ । साथै वैकल्पिक पाठ्यसामग्रीको खोजी गर्नुपर्छ ।

(ग) शिक्षकमा पेसागत जिम्मेवारी वहन गर्न सक्ने गुण हुनुपर्छ । पेसाप्रति प्रतिबद्ध हुनुपर्छ । शिक्षालाई जीवनमुखी, उत्पादनमुखी र सिपमूलक बनाउन प्रयास गर्नुपर्छ ।

(घ) शिक्षकले शिक्षण पेसाप्रति सकारात्मक दृष्टिकोण राख्नुपर्छ ।

### (इ) मनोविज्ञानसम्बन्धी समस्याहरू

कक्षामा मनोविज्ञानको ठुलो भूमिका रहन्छ । यसले बालबालिकाको पठनपाठनमा असर पुऱ्याइरहेको हुन्छ । विद्यार्थीको मनोविज्ञानसम्बन्धी समस्या निम्नानुसार रहेका छन् :

(क) विद्यार्थीहरूको उमेरगत व्यवहारबाट आउने समस्याहरू पहिचान गरी त्यसअनुसारको शैक्षणिक व्यवहार गर्न नसक्नु

(ख) विद्यार्थी स्वयम्मा पढाइप्रति रुचि नहुनु

(ग) विद्यार्थीका लागि समयसापेक्ष मनोविज्ञानमा आधारित पाठ्यसामग्री नहुनु

(घ) बालबालिकाहरूको मनोविज्ञान नबुझी शिक्षण क्रियाकलाप गरिनु

### मनोविज्ञानसँग सम्बन्धित समस्या समाधनका उपायहरू

(क) उमेरगत रूपमा विद्यार्थीको व्यवहार पहिचान गरी उनीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्नुपर्छ ।

(ख) शिक्षकहरूले आपसी मित्रभाव र सहयोगात्मक एवम् सहकार्यत्मक व्यवहार गर्नुपर्छ ।

(ग) विद्यार्थीहरूलाई विषयप्रति अभिरुचि जागृत गर्न आवश्यक प्रेरणा प्रदान गर्नुपर्छ ।

(घ) प्रजातान्त्रिक शिक्षण पद्धति अँगाली विद्यार्थीहरूलाई स्वस्फूर्त रूपमा सिक्न सक्ने वातावरण तयार गर्नुपर्छ ।

### (ई) शैक्षिक सामग्री र प्रविधिसम्बन्धी समस्याहरू

पठनपाठनमा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य विषय हो । यसको प्रयोगले मात्र प्रभावकारी ढङ्गले अध्ययन अध्यापन गर्न गराउन सकिन्छ । यससम्बन्धी निम्नलिखित समस्याहरू रहेका छन् :

(क) शिक्षण सिकाइमा शैक्षिक सामग्रीलाई कम महत्त्व दिनु

(ख) शैक्षिक सामग्रीको निर्माण र प्रयोग कम हुनु

(ग) विषयगत शैक्षिक सामग्रीको प्रयोग कम हुनु

### शैक्षिक सामग्री र प्रविधिसँग सम्बन्धित समस्या समाधनका उपायहरू

(क) शिक्षण सिकाइ क्रियाकलापमा आधुनिक प्रविधिको प्रयोग गर्नुपर्छ ।

(ख) विद्यार्थीलाई पढाइमा अभिप्रेरित हुने खालका क्रियाकलाप गरिनुपर्छ ।

(ग) दैनिक पाठयोजनाको तयार गरी सोहीअनुसार शिक्षण गर्नुपर्छ ।

(घ) उपयोगी तथा उद्देश्यमूलक शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ ।

(ङ) आवश्यक शैक्षणिक योजनाहरूको निर्माण र प्रयोग गर्नुपर्छ ।

### (उ) मूल्याङ्कनसम्बन्धी समस्याहरू

शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी नहुनुमा विद्यार्थी मूल्याङ्कन प्रणाली पनि एक हो । हाम्रो देशमा रहेको मूल्याङ्कन प्रणालीमा देखिएको समस्या निम्नानुसार रहेका छन् :

(क) परीक्षालाई मात्र मूल्याङ्कनका साधनका रूपमा लिइनु

(ख) निरन्तर मूल्याङ्कनका साधनहरूको प्रभाकारी प्रयोग नहुनु

(ग) मूल्याङ्कन र परीक्षा प्रणाली वैज्ञानिक हुन नसक्नु

### मूल्याङ्कनसँग सम्बन्धित समस्या समाधनका उपायहरू

(क) मूल्याङ्कनलाई व्यावहारिक बनाउनुपर्छ ।

(ख) निरन्तर मूल्याङ्कन विधिको प्रयोग गर्नुपर्छ ।

(ग) परीक्षाबाहेक मूल्याङ्कनका अन्य साधनहरूको प्रयोग गर्नुपर्छ ।

(घ) परीक्षा र मूल्याङ्कनको अद्यावधिक अभिलेख राखी यसको शिक्षक, विद्यार्थी र अभिभावक सबैसँग बसेर शिक्षण सिकाइ सुधारका आधार बनाइनुपर्छ ।

विभिन्न समस्याहरूले गर्दा शिक्षण सिकाइ कार्य प्रभावकारी बन्न सकिरहेको छैन । यसकारण विद्यार्थीमा व्यावहारिक, चरित्रवान् र नैतिकवान् जस्ता चरित्रहरूको विकासमा समस्या हुन्छ । यस्ता समस्याहरू बेलैमा पहिचान गरी तिनको उचित समाधानको बाटो अवलम्बन गर्नुपर्छ ।

## ६.५. शैक्षिक सामग्रीको छनोट र प्रयोग (Selection of Instructional Materials and their use)

शिक्षणलाई सरल, प्रभावकारी र दिगो बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ । यसको अभावमा शिक्षण सिकाइ क्रियाकलाप पूरा हुन सक्दैन । विद्यार्थीले सिक्नुपर्ने पाठ्यवस्तु व्यावहारिक ढङ्गले सिक्न शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले विषयवस्तुअनुसार शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगमा ध्यान दिनुपर्छ ।

### ६.५.१.शैक्षिक सामग्रीको छनोटका आधारहरू (Selection of Instructional Materials)

शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्यमुखी र उपलब्धिमूलक बनाउनका लागि शैक्षिक सामग्रीहरूको प्रयोग गरिन्छ । वर्तमान अवस्थामा विद्यार्थीलाई जीवनमुखी तथा व्यावहारिक शिक्षाको खाँचो छ । यो खाँचो पूर्ति गर्न शैक्षिक क्रियाकलापमा शैक्षिक सामग्री महत्त्वपूर्ण आधार बन्न सक्छ । शैक्षिक सामग्रीको प्रयोगले पनि विद्यार्थीलाई दिगो सिकाइ हुन मदत गर्छ । सिकेको कुरा व्यवहारमा गरेर देखाउन पनि शैक्षिक सामग्रीको आवश्यक पर्छ ।

विद्यार्थीलाई देखेर सिक्नका लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य हुन्छ । शिक्षण समग्रीको प्रयोग नहुँदा पाठयोजनाको निर्धारित उद्देश्य प्राप्त गर्न कठिन हुन्छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा सन्दर्भ मिल्ने, सबैले देख्न सक्ने प्रकारका, विद्यार्थीको रुचिअनुसारका सामग्रीहरू छनोट गर्नुपर्छ । शिक्षण समग्री छनोटका आधारहरू निम्नानुसार छन् :

(क) शैक्षिक सामग्रीरू उद्देश्यमूलक अर्थपूर्ण र प्रयोग गर्न सकिने हुनुपर्छ ।

(ख) सामान्य तर आकर्षक र टिकाउ शैक्षिक सामग्री हुनुपर्छ ।

(ग) विद्यार्थीके रुचि, स्तर, अनुकूल र अभिप्रेरित गर्न सक्ने शैक्षिक सामग्री हुनुपर्छ ।

(घ) शैक्षिक सामग्री पूर्ण, सही आकृति र रङ भएको हुनुपर्छ ।

(ङ) शैक्षिक सामग्री कम खर्चिलो र सकेसम्म स्थानीय सामग्रीको प्रयोग गर्नुपर्छ ।

(च) शिक्षक र विद्यार्थी दुवैले प्रयोग गर्न सक्ने शैक्षिक सामग्री हुनुपर्छ ।

(छ) शैक्षिक सामग्री विषय र पाठ अनुकूल हुनुपर्छ ।

(ज) शैक्षिक सामग्री सबैले देख्न सकिने वा प्रयोग गर्न मिल्ने प्रकारको हुनुपर्छ ।

### शिक्षण सामग्री छनोट तथा प्रयोगका सिद्धान्तहरू

शिक्षण सिकाइ सफल र प्रभावकारी बनाउन शैक्षिक सामग्री प्रयोग गरिन्छ । यसको छनोट र प्रयोग गर्दा केही ध्यान दिनुपर्ने सैद्धान्तिक आधारहरू छन् । प्रसिद्ध शिक्षाविद् ग्राउटका अनुसार शिक्षण सामग्री छनोट तथा प्रयोगका सिद्धान्तहरू निम्नानुसार छन् :

(क) शैक्षिक सामग्री शैक्षिक साधनका रूपमा प्रयोग गर्नुपर्छ ।

(ख) शिक्षण सिकाइको उद्देश्यका आधारमा सामग्रीको छनोट गर्नुपर्छ ।

(ग) शैक्षिक सामग्री वैज्ञानिक रूपले विषयवस्तुअनुसार ठिक हुनुपर्छ ।

(घ) सामग्रीहरू आकर्षक हुनुपर्छ ।

शैक्षिक सामग्रीको छनोट गर्दा विषयको रुचि, आवश्यकता, विषयवस्तुको सन्दर्भ, उपलब्ध समय, कक्षाकोठाको अवस्था आदिलाई पनि ध्यान दिएर छनोट गर्नुपर्छ । निर्धारित विषयवस्तु र पाठयोजनामा उल्लेख भएअनुसार शैक्षिक सामग्रीको छनोट गर्न सक्नुपर्छ ।

## ६.५.२. शैक्षिक सामग्रीको प्रयोग (Use of Instructional Materials)

शिक्षण विषयवस्तुको प्रकृति तथा स्वरूपअनुसार शैक्षिक सामग्रीको छनोट गर्नुपर्छ । सबै शैक्षिक सामग्री एउटै किसिमका हुँदैनन् । विषयअनुसार विद्यालय तथा कक्षाकोठाभित्र र बाहिर, स्थानीय समुदाय र प्राकृतिक वातावरणमा पाइने ठोस वस्तुहरू र तयारी अवस्थामा रहेका विभिन्न वस्तुहरूलाई शैक्षिक सामग्रीको रूपमा

प्रयोग गर्न सकिन्छ । विभिन्न विद्युतीय सामग्रीहरूलाई पनि श्रव्यदृश्य सामग्रीको रूपमा प्रयोग गरिन्छ । कतिपय सामग्री शिक्षक आफैँले मिहिनेत गरेर बनाउन सक्छन् ।

## शिक्षण सामग्री प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

शिक्षकले शिक्षण सामग्री निर्माण गरिसकेपछि यसको प्रयोगमा पनि ध्यान दिनुपर्छ । शिक्षण सिकाइ उद्देश्यमूलक बनाउन तयार गरिएका शिक्षण सामग्री प्रयोगमा पनि ध्यान दिनुपर्ने कुराहरू निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

(क) विषयवस्तुअनुसारको शैक्षिक सामग्री हुनुपर्छ ।

(ख) शैक्षिक सामग्रीहरू आवश्यक पर्दा विद्यार्थी आफैँले पनि चलाउन सक्ने गरी सुरक्षित ठाउँमा राख्नुपर्छ ।

(ग) शैक्षिक सामग्रीमा सबै विद्यार्थीको पहुँच हुनुपर्छ ।

(घ) कक्षामा बसेका सबै विद्यार्थीले सजिलै देख्न तथा पढ्न सक्ने गरी प्रयोग गर्नुपर्छ ।

सबै विषयमा प्रयोग गर्न सकिने नमुनाका रूपमा केही शैक्षिक सामग्रीको प्रयोगका बारेमा तल प्रस्तुत गरिएको छ :

## (क) शैक्षणिक पाटी

सबै स्तरका विद्यालयमा प्रयोग गरिने पुरानो परम्परागत शैक्षिक सामग्रीका रूपमा शैक्षणिक पाटीलाई लिन सकिन्छ । यो पुरानो सामग्री भए पनि अझै यो सामग्री प्रयोग उत्तिकै प्रचलनमा छ । पाठ शीर्षक, पाठका बुँदाहरू, निष्कर्ष तालिका, तथा नक्सा कोर्न, गणितीय समस्या हल गर्नका लागि यसको प्रयोग गरिन्छ ।

सामान्यतय शैक्षणिक पाटी कालो रङको हुन्छ । पहिले काठमा कालो रङ पोतेर पाटी बनाइन्थ्यो भने हिजोआज कक्षाकोठाका भित्ताहरूमा सिमेन्टका पाटीहरू बनाएर पहेँलो तथा हरियो इनामेल लगाइएको हुन्छ । यसरी हेर्दा सिमेन्ट बोर्ड, प्लाइ बार्ड, चुम्बके पाटी, ग्राफिक पाटी जस्ता विभिन्न पाटीहरूसमेत प्रयोग गरिन्छ । सहरी क्षेत्रका साथै ग्रामीण क्षेत्रका विद्यालयहरूमा पुरानो शैक्षणिक पाटीर खरीको सट्टा सेतोबोर्ड एवम् मार्कर तथा स्मार्टबोर्डको प्रयोग हुन थालेको छ ।

## शैक्षणिक पाटीको प्रयोग

शैक्षणिक पाटीको प्रयोग निम्नानुसार गर्न सकिन्छ :

(क) पाठ शीर्षक एवम् मिति लेखी विद्यार्थीको ध्यान केन्द्रित गराउन

(ख) मुख्य मुख्य बुँदाटिपोट तथा विभिन्न चित्रहरू कोरी विद्यार्थीको ध्यान केन्द्रित गर्न

(ग) पाठमा भएका नयाँ शब्दहरू विद्यार्थीलाई टिप्न लागाई पाटीमा लेखी अर्थ बुझाउन

(घ) पाठको अन्त्यमा सारांश लेख्न

(ङ) महत्त्वपूर्ण पाठहरू लेख्न, दोहोऱ्याउन अभ्यास गराउन, गृहकार्य दिन र तथ्याङ्कहरू प्रस्तुत गर्न

(च) आन्तरिक मूल्याङ्कनका प्रश्नहरू लेखी विद्यार्थीलाई अभ्यास गराउन

(छ) विद्यार्थी स्वयम्लाई प्रश्नको हल गर्न लगाएर उनीहरूको आत्मविश्वास बढाउन

### शैक्षणिक पाटी प्रयोग गर्दा निम्नलिखित कुरालाई ख्याल गर्नुपर्छ :

(क) कालोपाटीमा लेख्दा नछेकिने गरी लेख्नुपर्छ ।

(ख) विद्यार्थीलाई पनि कुनै अभ्यास गर्न लगाउनुपर्छ ।

(ग) शैक्षणिक पाटीवा सेतोपाटीमा लेख्दा विद्यार्थीको ध्यानाकर्षण गर्नुपर्छ ।

(घ) अक्षर शुद्ध, स्पष्ट देखिने गरी र आकर्षक हुने गरी लेख्नुपर्छ ।

(ङ) आफूले लेखेको कुरा विद्यार्थीलाई सोधेर मात्र मेट्ने गर्नुपर्छ ।

(च) कक्षा छोड्नुभन्दा अगाडि पाटी सफा गरेर छोड्नुपर्छ ।

### (ख) फलाटिन पाटी

बाक्लो भुवादार फलाटिन कपडाबाट झुन्ड्याउन मिल्ने गरी बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । यस्तो पाटीमा शिक्षण गरिने विषयवस्तुहरूसँग मिल्ने विभिन्न चित्र, कटिङ पेपर, पोस्टर, तस्बिर, तालिका आदिलाई टाँसेर विषयवस्तुलाई स्पष्ट पारिन्छ ।

### कक्षाकोठामा फलाटिन बोर्ड प्रयोग

(क) विषयअनुसार आवश्यक चित्र तथा तथ्याङ्कहरू प्रदर्शन गर्न

(ख) सजिलैसँग निर्माण गर्न नसकिने चित्रहरू शिक्षण अगाडि नै निर्माण गरेर वा खोजेर टाँस्न

(ग) रङ्गीन तयारी सामग्रीहरू टाँसेर देखाउन

(घ) पत्रपत्रिकाका कटिङहरू पनि टाँस्न

(ङ) सामग्रीहरू क्रमिक रूपमा देखाउन

(च) विद्यार्थीका राम्रा रचना, लेख, चित्रहरू, हस्तलेखन आदि मौलिक सिर्जनाहरू टाँस्न

### (ग) पर्चा (Poster)

बाक्लो कागजमा ठिक किसिमले सूचना, सूची वा आवश्यक अन्य विषयवस्तु लेखेर तयार गरेको भित्तामा टाँसेर प्रदर्शन गर्न मिल्ने दृश्यसामग्रीलाई पर्चा भनिन्छ । कक्षामा विद्यार्थीहरूलाई उत्प्रेरित गराउन, छलफलका लागि आवश्यक वातावरण तयार गर्न सिर्जनात्मक अनुभवहरू आदानप्रदान गर्न तथा विचारको सञ्चारका लागि पर्चा उपयोग गरिन्छ ।

## कक्षाकोठामा पर्चाको प्रयोग

(क) विषयवस्तुसँग मिल्ने गरी तयार गरिएको पर्चालाई सबै विद्यार्थीले देख्ने गरी सेलो टेप वा थम्पिनका सहायताले सीधा पारेर टाँस्ने

(ख) विद्यार्थीलाई लामो पढ्न समय दिन

(ग) आवश्यकताअनुसार शिक्षकले व्याख्या तथा छलफल गरी निष्कर्ष निकाल्न ।

(घ) प्रदर्शन पाटी

विद्यार्थीले गरेका महत्त्वपूर्ण कार्य विवरण, चित्रहरू, विभिन्न सूचनाहरू, पत्रपत्रिकाका महत्त्वपूर्ण अंशहरू राखेर प्रदर्शन गरिने पाटीलाई प्रदर्शन पाटी भनिन्छ । यस पाटीको सहायताबाट विद्यार्थीलाई ताजा जानकारी प्रदान गर्न सकिन्छ ।

## प्रदर्शन पाटीको प्रयोग

प्रदर्शन पाटीको प्रयोग निम्नलिखित कार्यका लागि गरिन्छ :

(क) विद्यालयका महत्त्वपूर्ण सूचनाहरू विद्यार्थी र शिक्षकलाई जानकारी दिन

(ख) विद्यार्थीहरूले गरेका महत्त्वपूर्ण कार्यहरू प्रदर्शन गर्न

(ग) चित्रहरू तथा पत्रपत्रिका प्रदर्शन गर्न

(घ) भूगोल विज्ञान, साहित्य, इतिहास आदि विषयका बारेमा जानकारीहरू प्रदर्शन गर्न

(ङ) विद्यार्थीलाई सिर्जनशील हुन प्रेरणा प्रदान गर्न ।

## (ङ) तालिका

विभिन्न विषयको विवरण, सङ्ख्या प्रगतिको तुलनात्मक सम्बन्ध देखाउने तथ्याङ्क आदिलाई निश्चित नियमका आधारमा देखाउने साधनलाई तालिका भनिन्छ । कुनै पनि विवरणको तुलनात्मक अध्ययनका लागि यस किसिमका तालिकाहरू उपयोगी हुन्छन् ।

## तालिको प्रयोग

(क) विषयवस्तुसम्बन्धी तथ्यहरूलाई सङ्गठित रूपमा देखाउन

(ख) शिक्षकले घरमै बनाएर सामग्री कक्षामा प्रर्शन गर्न

(ग) सबै विद्यार्थीले देख्ने र स्पष्ट बुझिने गरी देखाउन

(घ) तथ्यहरूलाई सरल र उपयोगी हुने गरी देखाउन ।

### (च) ग्राफ

विभिन्न विषयवस्तुहरूलाई तुलनात्मक, विवरणात्मक, सङ्ख्यात्मक, विकासात्मक र अन्य विविध रूपमा निश्चित नियमका आधारमा देखाउनुलाई ग्राफ भनिन्छ । यो महत्त्वपूर्ण शैक्षिक सामग्री हो । गहन विषयलाई छोटो समयमा स्पष्ट रूपमा देखाई प्रभावकारी शिक्षण गर्न यसलाई बढी उपयोगी मानिन्छ । विज्ञान, गणित, शिक्षा, भूगोल, अर्थशास्त्र जस्ता विषयको शिक्षणमा यसको प्रयोग निकै उपयोगी मानिन्छ ।

### ग्राफको प्रयोग

(क) तथ्यहरूलाई स्केल र मात्रामा देखाउन

(ख) तथ्यहरूबाट प्रवृति र अनुमान गर्न

(ग) देखाउन खोजेका कुराहरू स्पष्ट बुझिने हरी देखाउन ।

### (छ) नमुना/प्रारूप

शिक्षाविद् रिचार्डका अनुसार नमुना भनेको वास्तविक वस्तुको त्रिआयमिक प्रतिरूप हो । वास्तविक वस्तु उपलब्ध नभएको अवस्थामा शैक्षिक सामग्रीका रूपमा त्यसको सट्टा ठुलो वा सानो नमुना प्रयोग गर्न सकिन्छ । शिक्षणको क्रममा कतिपय यस्तो अवस्था आउँछ, जसमा शिक्षकले वास्तविक वस्तुको प्रयोग गर्न सक्दैन ।सगरमाथा, रेलगाडी, पृथ्वी, मठमन्दिर, गुम्बा, मूर्ति, हवाइजहाज आदि थुप्रै वस्तुहरू यथार्थ रूपमा देखाउन सकिँदैन । यसका लागि नमुना प्रयोग गर्न नितान्त आवश्यक हुन जान्छ ।

## ६.६. स्थानीय शैक्षिक सामग्रीको प्रयोग (Use of Local Instructional Materials)

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । त्यसैले शैक्षिक सामग्रीको उद्देश्य कठिन विषयलाई सरल ढङ्गले बुझ्न सहयोग गर्नु हो । तसर्थ शैक्षिक सामग्री पनि सरल र सहज किसिमको हुन जरुरी छ । शैक्षिक सामग्री विद्यार्थीको दैनिक जीवनमा प्रयोग भएका र परिचित हुन आवश्यक छ । यसका लागि स्थानीय सामग्रीले सहयोग गर्छ । विद्यालयको आसपासमा पाइने विभिन्न स्रोत र साधन परिचालन गरी निर्माण गरिएका सामग्रीहरूलाई स्थानीय सामग्री भनिन्छ । महँगा तथा बढी मूल्य पर्ने सामग्रीहरू सबै विद्यालयले प्रयोग गर्न कठिन हुन्छ । हाम्रो देशमा हुने आधुनिक स्रोत र साधनको अभावलाई हामीले आफ्नै स्थानीय साधनबाट पूर्ति गर्न सक्छौँ । यस्ता सामग्रीहरूको खासै मूल्य नपर्ने भएकाले मूल्य नपर्ने सामग्रीका रूपमा लिने गरिन्छ । यस्ता समाग्रीको निर्माण तथा प्रयोग गर्दा शिक्षक र विद्यार्थी दुवै पक्ष सक्रिय हुनुपर्छ । यसबाट विद्यार्थीको विविध क्षमताको विकास हुन्छ । शिक्षण सामग्रीको प्रयोगमा पनि सरलता र सहजता प्राप्त हुन्छ ।

स्थानीय सामग्रीको महत्त्वलाई तलका बुदाँबाट अझ स्पष्ट पार्न सकिन्छ :

(क) शैक्षिक संस्थाहरूलाई आर्थिक भार पर्दैन ।

(ख) स्थानीय स्तरमा पाइने सामग्रीको सदुपयोग हुन्छ ।

(ग) स्थानीय जीवनसँग सम्बद्ध हुने गरी शिक्षण गर्न सघाउ पुग्छ ।

(घ) स्थानीय श्रम र सिपलाई व्यवहारमा उपयोग गर्न सकिन्छ ।

(ङ) शिक्षक र विद्यार्थी दुवैमा खोज गर्ने वा निर्माण गर्ने बानीको विकास हुन्छ ।

(च) सिर्जनात्मक क्षमता तथा हाते सिपको विकास हुन मदत पुग्छ ।

(छ) विद्यार्थीलाई बुझ्न र कक्षा शिक्षणलाई प्रभावकारी बनाउन सहयोग पुग्छ ।

(ज) विद्यार्थीले गरेर सिक्ने बानीको विकास हुन्छ ।

(झ) स्थानीय स्तरमा खेर जाने सामग्रीको सदुपयोग हुन्छ ।

(ञ) स्थानीय स्तरमा भएको स्रोत र साधनको महत्त्वबोध गराउन सकिन्छ ।

## सारांश

शिक्षण सिकाइ क्रियाकलापमा अपनाइने शिक्षण विधि र कलाकौशलहरू नै शिक्षण प्रविधि हुन् । परम्परागत विधिहरूदेखि आधुनिक नवीनतम प्रविधिहरू यसअन्तर्गत पर्छन् । शिक्षकले विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि त्यस्ता नयाँ नयाँ प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ । यसरी शिक्षणका आधुनिक प्रविधिको उपयोग गर्दै विद्यालयको शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन प्रविधिमैत्री शिक्षा दिनुपर्छ । प्रविधिको प्रयोग गर्दा विषयवस्तुको उद्देश्य, विषयवस्तुको प्रकृति, सिकारुको स्तर, शिक्षण सामग्रीहरू, सिकारुको पृष्ठभूमि जस्ता कुराहरूलाई पनि ध्यान दिनुपर्छ । कक्षाशिक्षण एक जटिल कार्य हो । शिक्षण सिकाइमा विभिन्न समस्याहरू आउने गर्छन् । शिक्षक, विद्यार्थी, विद्यालय र समुदायको सामूहिक प्रयासबाट धैरै हदसम्म ती समस्याहरू हल गर्न सकिन्छ ।

## *अभ्यास*

१. तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :

(क) शिक्षण प्रविधि भनेको के हो ?

(ख) आधुनिक शिक्षण प्रविधिका पाँचओटा उदाहरणहरू लेख्नुहोस् ।

(ग) प्रविधि मैत्री शिक्षा भनेको के हो ?

(घ) शैक्षिक सामग्रीको छनोटका आधारहरू के के हुन् ?

(ङ) कक्षामा शैक्षणिकपाटीको प्रयोग कुन कुन अवस्थामा गर्न सकिन्छ ?

## २. तलका प्रश्नहरूका छोटो उत्तर लेख्नुहोस् :

(क) परम्परागत र आधुनिक शिक्षण प्रविधिमा के फरक छ ?

(ख) सूचना तथा सञ्चार प्रविधिअन्तर्गत केकस्ता सामग्रीको प्रयोग गर्न सकिन्छ ?

(ग) शिक्षण सिकाइमा शैक्षिक सामग्रीको महत्त्व बताउनुहोस् ।

(घ) पत्रपत्रिकाबाट केकस्ता कुराको जानकारी प्राप्त गर्न सकिन्छ ?

(ङ) स्थानीय शैक्षिक सामग्रीका बहुपक्षीय फाइदाहरू के के हुन् ?

## ३. तलका प्रश्नहरूका लामो उत्तर लेख्नुहोस् :

(क) शिक्षण सिकाइ प्रभावकारी बनाउन परम्परागत तथा आधुनिक दुवै प्रकारका शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । यस कथनलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ख) तपाईंको विद्यालयमा प्रयोग भएका सूचना र प्रविधिको अवस्था कस्तो छ ? अरू सम्भावित प्रविधिहरू के के प्रयोग गर्न सकिन्छ, सुझाव दिनुहोस् ।

## प्रयोगात्मक कार्य

तपाईंको विद्यालयको परिवारको वृक्षतालिका बनाई कक्षमा प्रदर्शन गर्नुहोस् ।

एकाइ
७

# विद्यार्थी मूल्याङ्कन
(Student Evaluation)

## परिचय (Introduction)

निश्चित समयको शिक्षण सिकाइ क्रियाकलापपछि विद्यार्थीहरूमा अपेक्षित सिकाइ सक्षमता विकास भयो भएन भनी पत्ता लगाउन गरिने लेखाजोखालाई शिक्षाको क्षेत्रमा विद्यार्थी मूल्याङ्कन भनिन्छ। परीक्षा, कक्षाक्रियाकलाप, कक्षाअवलोकन, अन्तरक्रिया अथवा अन्य तरिकाबाट विद्यार्थीहरूको शैक्षिक उपलब्धिको मापन गरी मूल्याङ्कन गरिन्छ । परीक्षा मूल्याङ्कनको एक महत्त्वपूर्ण र प्रचलित साधन हो तापनि यिनीहरूबिचमा केही भिन्नताहरू छन् । यस एकाइमा मूल्याङ्कन व्यवस्थापन, परीक्षा र मूल्याङ्कनबिचको भिन्नता, प्रश्नपत्र निर्माणका आधारहरू र विभिन्न प्रकारहरू प्रश्नहरूका बारेमा चर्चा गरिएका छन् ।

## ७.१. मूल्याङ्कन व्यवस्थापन (Evaluation Management)

मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न गरिने क्रियाकलापहरूको व्यवस्थापन नै मूल्याङ्कन व्यवस्थापन हो । मूल्याङ्कन गर्नुअगाडि मूल्याङ्कनको प्रयोजनबारे स्पष्ट पार्नुपर्छ । यो निर्माणात्मक वा निर्णयात्मक कुन हो, निश्चित गर्नुपर्छ । मूल्याङ्कन गर्दा अपनाइने विधि र प्रक्रियाबारे निर्णय गर्नुपर्छ । केको मूल्याङ्कन गर्ने तथा परीक्षा, अवलोकन वा अन्य साधनहरू के अपनाउने भनी निर्क्योल गर्नुपर्छ । यी सम्पूर्ण कार्य कसले गर्ने, कहिले गर्ने भन्ने सम्पूर्ण कार्यहरूको व्यवस्थापन मूल्याङ्कन व्यवस्थापनअन्तर्गत पर्छ ।

मूल्याङ्कन व्यवस्थापनअन्तर्गत मूल्याङ्कनको विधि र प्रक्रियासम्बन्धी निर्णय लिने तथा त्यसको व्यवस्थापन गर्ने काम गरिन्छ । यसमा आवधिक वा निरन्तर कुन तरिका अपनाउने हो सोसम्बन्धी निर्णय लिइन्छ । मूल्याङ्कनका साधानहरू, जस्तैः लिखित, मौखिक वा प्रयोगात्मक परीक्षाको छनोट गरिन्छ । प्रश्नको निर्माण, परीक्षा सञ्चालन , उत्तरपुस्तिका परीक्षण, परीक्षाफलको विश्लेषण, परीक्षाको अभिलेखीकरण जस्ता विषयहरू मूल्याङ्कन व्यवस्थापनअन्तर्गत पर्छन् । मूल्याङ्कन व्यवस्थापनका केही विषयवस्तुहरू कक्षा नौमा नै समावेश गरिसकिएको छ । तल मूल्याङ्कन व्यवस्थापनका अन्य विषयवस्तुहरू प्रस्तुत गरिन्छ :

## ७.२. परीक्षा र मूल्याङ्कन (Test and Evaluation)

विद्यार्थीमा विकास भएको ज्ञान, सिप र अभिवृत्तिसँग सम्बन्धित सिकाइ सक्षमताको लेखाजोखा गर्नका लागि लिखित, मौखिक र प्रयोगात्मक परीक्षाहरूलाई माध्यमका रूपमा प्रयोग गरिन्छ । परीक्षा विद्यार्थीको ज्ञान, सिप, धारणा र सिकाइको व्यावहारिक पक्ष मापन गर्न प्रयोग गरिने साधन हो । विभिन्न परीक्षाहरूलाई साधनका रूपमा प्रयोग गरी विद्यार्थीको सिकाइ उपलब्धिको मापन गरिन्छ । परीक्षा सञ्चालन पछि विद्यार्थीले

दिएको उत्तरलाई पूर्वनिर्धारित नियमका आधारमा अङ्क प्रदान गरिन्छ । यो प्रक्रियालाई मापन भनिन्छ । मापनबाट प्राप्त भएको नतिजाका आधारमा मूल्याङ्कन गरिन्छ ।

मूल्याङ्कन बृहत् अवधारणा हो । मूल्याङ्कनले शैक्षिक कार्यक्रम र विद्यार्थीको प्रगतिको लेखाजोखा गर्छ । शैक्षणिक उद्देश्य पूरा तथा लगानीअनुसार प्रतिफल प्राप्त भए नभएको विश्लेषण गर्छ । नेपालका विद्यालयमा प्रचलनमा रहेको विद्यार्थी मूल्याङ्कनको एक प्रमुख साधन परीक्षा हो । अध्ययन अध्यापनको निश्चित अवधि पूरा भएपछि त्यो अवधिमा विद्यार्थीहरूले ज्ञान, सिप र अभिवृत्तिसँग सम्बन्धित के कति शैक्षिक उपलब्धि हासिल गरे भनी परीक्षा लिने गरिन्छ । एकाइ, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा यसका उदाहरणहरू हुन् । यसबाहेक पाठयोजनाअनुसार पाठको अन्तमा सोधिने प्रश्नहरू, कक्षाक्रियाकलाप अवलोकन, गृहकार्य जस्ता माध्यमहरूबाट पनि विद्यार्थीको मूल्याङ्कन गरिन्छ । यी सबै साधनको माध्यमबाट विद्यार्थीको उपलब्धि मापन गरिन्छ । परीक्षाको अङ्कमान र प्राप्ताङ्कको विश्वसनीयताबाट मात्र सिकाइ उपलब्धि सही मापन हुन्छ । अत: परीक्षा मूल्याङ्कनको एक साधन हो । मूल्याङ्कन प्रत्यक्ष रूपमा लिखित मौखिक वा प्रयोगात्मक परीक्षा लिएर गरिन्छ । कक्षा अवलोकन, कक्षा क्रियाकलाप र अन्तर्वार्ताबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । परीक्षालाई मात्र मूल्याङ्कन होइन । यिनीहरूबिचको अन्तरलाई यसप्रकार उल्लेख गरिएको छ :

| परीक्षा | मूल्याङ्कन |
|---|---|
| १. परीक्षा उद्देश्य र उपलब्धि मापन गर्ने एक साधन हो । | १. मूल्याङ्कन परीक्षाबाट प्राप्त नतिजाको लेखाजोखा गरी निर्णय लिने प्रक्रिया हो । |
| २. परीक्षा कहिलेकाहीँ मात्र हुने आवधिक कार्यक्रम हो । | २. मूल्याङ्कन निरन्तर रूपमा चल्ने प्रक्रिया हो । |
| ३. परीक्षा सीमित साधन र निश्चित परिधिमा आधारित हुन्छ । जस्तै: लिखित, मौखिक र प्रयोगात्मक परीक्षा । | ३. मूल्याङ्कन विभिन्न साधन र व्यापक परिधिमा आधारित हुन्छ, । जस्तै : विभिन्न परीक्षा, अवलोकन वा अन्तर्वार्ता |
| ४. परीक्षामा विद्यार्थीले आफ्ना उपलब्धि र क्षमताको प्रदर्शन गर्छ तर कमजोरी पहिल्याउन र सुधार गर्ने मौका पाउँदैनन् । | ४. मूल्याङ्कनमा विद्यार्थीले आफ्नो उपलब्धि र क्षमता थाहा पाउनका साथै आफ्नो गल्ती पहिल्याई सुधार गर्ने अवसर प्राप्त गर्छन् । |
| ५. परीक्षामा लब्धाङ्कको महत्त्व हुन्छ र ठाउँअनुसार बेग्लाबेग्लै अर्थ लाग्छ । | ५. मूल्याङ्कनमा विद्यार्थीको लब्धाङ्कलाई सामान्य आधार बनाइन्छ। |
| ६. परीक्षा मात्रले शिक्षण सिकाइ प्रक्रियामा खास सघाउ पुऱ्याउँदैन । | ६. मूल्याङ्कनले शिक्षण सिकाइ प्रक्रियामा सघाउ पुऱ्याउँछ । |

| | |
|---|---|
| ७. परीक्षाले विद्यार्थीको सिकाइमा उत्साह र हतोत्साह दुवै गर्छ । | ७. मूल्याङ्कनले विद्यार्थीको सिकाइमा प्रोत्साहन दिन्छ । |

यसर्थ मूल्याङ्कन र परीक्षा एउटै हेइनन् । मूल्याङ्कनको मुख्य साधन परीक्षा हो र परीक्षा मूल्याङ्कनपूर्वको कार्य हो । परीक्षाको मुख्य साधन प्रश्नपत्र हो । प्रश्नपत्रबाट लिखित परीक्षा लिने गरिन्छ भने मौखिक र प्रयोगात्मक परीक्षा भने भिन्न प्रकृतिका हुन्छन् ।

## ७.३. प्रश्नपत्रको परिचय (Introduction to Test item )

पाठ्यक्रममा उल्लिखित सक्षमताहरू विद्यार्थीहरूमा विकास भए नभएको मापन गर्नका लागि विद्यार्थीलाई सोधिने प्रश्नहरूको सँगालो प्रश्नपत्र हो । प्रश्नपत्रको माध्यमबाट विद्यार्थीको परीक्षा लिई मूल्याङ्कन गरिन्छ । तसर्थ प्रश्नपत्रहरू सही हुनुपर्छ । यदि प्रश्नपत्र सही भएन भने विद्यार्थीको मूल्याङ्कन पनि सही हुन सक्दैन ।

विद्यालयमा एक शैक्षिक सत्रमा लिइने परीक्षाका प्रकारअनुसार योजनाबद्ध रूपमा प्रश्नहरू तयार गर्नुपर्छ । पाठ्यक्रममा उल्लिखित उद्देश्यहरू मापन गर्न सक्ने प्रश्नहरू निर्माण गर्नुपर्छ । प्रश्नहरू उद्देश्यमूलक र उपलब्धिमूलक हुन आवश्यक छ । पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका उद्देश्य प्राप्त गर्नका लागि शिक्षणका क्रममा विभिन्न परीक्षाहरू लिन सकिन्छ । अङ्कभारअनुसार समय निर्धारण गरी लिइने यस्ता परीक्षाहरू वैध, विश्वसनीय, वस्तुनिष्ठ, व्यावहारिक र उद्देश्यमूलक हुनुपर्छ । परीक्षा स्तरीय बनाउन प्रश्नपत्र सुरुमै तयार गरी प्रश्नबैङ्क बनाउन सकिन्छ । यसरी बनाएर राखिएका प्रश्नहरू चाहिएको बेला तुरुन्त झिकी प्रयोग गर्न सकिन्छ ।

परीक्षा सञ्चालनका लागि प्रश्नपत्र अनिवार्य साधन हुने भएकाले यसको महत्त्व धेरै छ । विद्यार्थीको उमेर, तह र स्तरअनुसार प्रश्नहरू निर्माण गरी मूल्याङ्कन गरिने भएकाले यसले विद्यार्थीको सही मूल्याङ्कन गर्न मदत गर्छ ।

### ७.३.१. प्रश्नपत्र निर्माणका आधारहरू (Criteria of Test Item Construction)

परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन गरी उनीहरूमा रहेको कमीकमजोरी हटाउन तथा पृष्ठपोषण प्रदान गर्न सकिन्छ । त्यसैले प्रश्नपत्र निर्माण गर्दा विभिन्न पक्षमा ध्यान दिनुपर्ने हुन्छ । प्रश्नपत्र निर्माणका खास आधारहरू छन् । ती आधारहरूमा ध्यान दिएर प्रश्न निर्माण गर्नुपर्छ । निर्धारित विषयमा केन्द्रित भएर वैध र विश्वसनीय प्रश्नहरू तयार गर्नुपर्छ । पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूरा गर्न विषयवस्तु समेटेर बनाइएको प्रश्नहरूको सङ्ग्रह गर्दा उपयुक्त हुन्छ । यसो गर्दा पहिले नै प्रश्नपत्र हेरी त्यसको कठिनाइ स्तर, विभेदीकरण र वैधता सुनिश्चित गर्न सकिन्छ । प्रश्नपत्र निर्माण गर्दा निम्नलिखित आधारहरूमा ध्यान दिनुपर्छ :

### (क) पाठ्यक्रमको उद्देश्य परिपूर्ति

परीक्षाका प्रश्नहरू पाठ्यक्रमले राखेको साधारण र विशिष्ट उद्देश्य पूरा हुने गरी निर्माण गर्नुपर्छ । जुन उद्देश्य पूर्ति गर्न परीक्षा लिन लागिएको हो त्यो उद्देश्य पूरा हुने गरी प्रश्नपत्र निर्माण गर्नुपर्छ । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकभन्दा बाहिरबाट पनि प्रश्नहरू सोध्न सकिन्छ । यसले विद्यार्थीको बाह्य सामग्री पढ्ने बानीको विकास हुन्छ । पाठ्यक्रमको उद्देश्य पाठ्यवस्तुको प्रकृतिअनुसार ज्ञान, सिप, बोध वा प्रयोगसम्बन्धी क्षमता मापन गरी प्रश्नहरू निर्माण गर्नुपर्छ ।

### (ख) विद्यार्थीको उमेर, तह र स्तर

विद्यार्थीको उमेर, तह र स्तर ख्याल गरेर प्रश्न बनाउनुपर्छ । पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार भएको हुन्छ । त्यही पाठ्यपुस्तकबाट विद्यार्थीको बुझ्ने स्तर र लेखन क्षमता हेरेर प्रश्न बनाउनुपर्छ । विद्यार्थीको उमेर, तह एवम् स्तर नबुझी बनाइएको प्रश्नले विद्यार्थीको सही मूल्याङ्कन हुन सक्दैन । केही प्रश्नहरू उनीहरूको बाह्य अनुभवलाई समेट्ने किसिमको पनि बनाउन सकिन्छ ।

### (ग) विषयवस्तुको प्रतिनिधित्व

प्रश्नपत्र तयार गर्दा सबै विषयवस्तुको प्रतिनिधित्व हुनुपर्छ । तोकिएको विषयवस्तु समेटेर प्रश्नपत्र तयार गर्नुपर्छ । सबै पाठबाट विभिन्न खालका प्रश्नहरू तयार गर्नुपर्छ । प्रश्नहरू एउटै विषय वा पाठबाट दोहोरिनु हुँदैन । पाठबाट अपेक्षा गरिएका उपलब्धिहरू ज्ञान, सिप र अभिवृत्तिलाई समेट्ने गरी प्रश्नहरू निर्माण गर्नुपर्छ ।

### (घ) विविधता

प्रश्नपत्रमा विविधता पनि चाहिन्छ । विभिन्न ढाँचाका वस्तुगत प्रश्न, छोटो प्रश्न, लामो प्रश्न सोधेर परीक्षा लिन सकिन्छ । एउटै ढाँचाका प्रश्नबाट विद्यार्थीको सही मूल्याङ्कन हुन सक्दैन । विद्यार्थीको व्याख्या गर्ने सिप, तर्क गर्न सक्ने क्षमता, स्मरण क्षमता तथा विषयवस्तुको ज्ञान सबै किसिमको क्षमता जाँच गर्नका लागि प्रश्नमा विविधता हुन आवश्यक हुन्छ ।

### (ङ) विश्वसनीयता र वैधता

प्रश्नपत्र विश्वसनीय र वैध हुनुपर्छ । प्रश्नको एउटै अर्थ लाग्नु यसको विश्वसनीयता हो भने मापन गर्न खोजिएको गुण प्रश्नपत्रमा हुनु यसको वैधता हो । प्रश्न उद्देश्य मापन गर्न सक्ने हुनाका साथै सबैले एउटै अर्थ लगाउने प्रकारको हुनुपर्छ । यसले परीक्षण गर्दा पनि उस्तै अङ्क आउने विश्वासनीय प्रश्न हुनका लागि प्रश्नको प्राप्ताङ्कमा एकरूपता हुनुपदर्छ । यी दुवै गुण प्रश्नपत्रमा हुनुपर्छ ।

(च) सरलता र स्पष्टता

प्रश्नपत्र सरल र स्पष्ट हुनुपर्छ । प्रश्न तयार गर्दा सरलबाट जटिलतिरका क्रममा तयार गर्नुपर्छ । प्रश्नहरू बुझिने र स्पष्ट निर्देशन भएको हुनुपर्छ । प्रश्नको स्पष्ट निर्देशनले विद्यार्थी द्विविधामा पर्दैनन् ।

(छ) व्यावहारिकता

प्रश्नपत्र व्यावहारिक र उपयोगी हुनुपर्छ । यसको अर्थ समय र परिस्थितिअनुकूल हुने गरी प्रश्नपत्र तयार गर्नुपर्छ । परीक्षा सञ्चालनमा समस्या आउने खालका प्रश्नहरू समावेश गरेर प्रश्नपत्र तयार गर्नु हुँदैन । प्रश्नको उत्तर लेख्दा विद्यार्थीले आफ्नो जीवनसँग दाँजेर हेर्न सक्ने हुनुपर्छ । समाजका समसामयिक विषयहरू समेट्ने किसिमको हुनुपर्छ । साथै समयको पनि ध्यान दिनुपर्छ । तोकिएको समयभित्रै प्रश्नको उत्तर लेखेर सकिने हुनुपर्छ ।

(ज) गोपनीयता

प्रश्नपत्र निर्माण गर्दा गोपनीयताको ख्याल गर्नुपर्छ । यसको टाइप, छपाइ, भण्डारन जस्ता कार्य गर्दा सुरक्षित ढङ्गले गर्नुपर्छ । परीक्षा न्यायपूर्ण र पक्षपातरहित बनाउनका लागि यसमा गोपनीयता अनिवार्य हुनुपर्छ । परीक्षाको गोपनीयता रहे यसको महत्त्व रहन्छ । परीक्षार्थीहरूका बिचमा स्वस्थ प्रतिस्पर्धा रहन्छ । साथै जुन उद्देश्यले परीक्षा सञ्चालन गरिएको हो त्यो उद्देश्य पूरा हुन सक्छ ।

(झ) सन्तुलन

प्रश्नपत्रमा सजिला, मध्यम र कठिन सबै किसिमका प्रश्नहरू हुनुपर्छ । प्रश्नले कक्षामा भएका विद्यार्थीहरूलाई जान्ने वा कम जान्नेबिच छुट्याउन सक्नुपर्छ । कक्षामा सबै स्तरका विद्यार्थी हुने भएकाले सरदरमा सबै विद्यार्थीले हल गर्न सक्ने किसिमका प्रश्नहरू तयार गर्नुपर्छ ।

(ञ) विशिष्टीकरण तालिकाको प्रयोग

प्रश्नपत्र तयार गर्दा विशिष्टीकरण तालिकाको प्रयोग गर्नुपर्छ । विशिष्टीकरण तालिका पाठ्यक्रमको उद्देश्यअनुसार तयार गरिएको हुन्छ । यस तालिकामा कुन पाठ्यवस्तुबाट कति अङ्कको कतिओटा प्रश्नहरू सोध्ने, कुन प्रश्न लेख्दा कति समय दिने, त्यो प्रश्नको अङ्क कति दिने जस्ता कुराहरू उल्लेख गरिएको हुन्छ । प्रश्नले ज्ञान, सिप र अभिवृत्तिको मापन गर्न सक्ने गरी विशिष्टीकरण तालिकाको निर्माण गर्न सकिन्छ । त्यसका आधारमा प्रश्न तयार गर्दा सबै किसिमका विषयवस्तु र उद्देश्यको प्रतिनिधित्व गर्नका साथै प्रश्न वैज्ञानिक बन्दछ । प्रश्नहरूको विश्वसनीय र वैधताका लागि पनि यसको प्रयोग गर्नुपर्छ ।

(ट) उत्तर कुञ्जिकाको तयारी

उत्तरपुस्तिका परीक्षणमा एकरूपता ल्याउनका लागि उत्तरकुञ्जिका तयार गर्नुपर्छ । परीक्षकको फरक फरक भावनामा उत्तरपुस्तिका परीक्षण हुँदा परीक्षणमा एउटै प्रश्नको अङ्कमानमा धेरै भिन्नता आउन नपाओस्

भन्नका लागि यसको तयारी आवश्यक पर्छ । वस्तुगत प्रश्नको उत्तर परीक्षणमा द्विविधा हुँदैन तर विषयगत प्रश्नको परीक्षणमा कुन कुन विषय वा बुँदा समेटेको प्रश्नको उत्तरमा कति अङ्क प्रदान गर्ने भन्ने समस्या रहन्छ । उत्तर कुञ्जिका बनाएर उत्तरपुस्तिका परीक्षण गर्दा न्यायसङ्गत र पक्षपातरहित हुन्छ ।

यसरी प्रश्नपत्र निर्माणका माथिका आधारहरू अवलम्बन गरी प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्र व्यावहारिक र उपयोगी बन्न सक्छन् । प्रश्नपत्र राम्रो नभएमा परीक्षाले मूल्याङ्कनको उद्देश्य पूरा गर्न सक्दैन । परीक्षाबाहेकका मूल्याङ्कनका अन्य साधनहरूको पनि प्रयोग गर्नुपर्छ । कक्षा अवलोकन, श्रेणीमापन, घटनावर्णन अभिलेख, आत्ममूल्याङ्कन, व्यक्तिगत चिनारी, अन्तर्वार्ता, प्रयोगात्मक कार्य, पाठ्यान्तर क्रियाकलाप, कक्षा सहभागिता, गृहकार्य परीक्षाबाहेकका मूल्याङ्कनका अन्य साधनहरू हुन् ।

### ७.३.२. प्रश्नपत्रका प्रकारहरू (Types of Test Item)

परीक्षा विभिन्न प्रकारका हुन्छन् । परीक्षाअनुसार प्रश्नपत्र पनि फरक फरक हुन्छन् । विद्यार्थीको कक्षा, उमेर, स्तर, सङ्ख्या, विषय, उपलब्ध शैक्षिक सामग्री भौतिक वातावरण र सुविधामा आधारित प्रश्नपत्रहरू हुन्छन् । उमेरअनुसार कम उमेरका वा साना कक्षाका विद्यार्थीलाई मौखिक प्रश्न माथिल्लो उमेरका वा कक्षाका विद्यार्थीलाई लिखित प्रश्न सोधेर परीक्षा  लिन सकिन्छ । व्यावसायिक र प्राविधिक विषयमा भने मौखिक र लिखित प्रश्नले मात्र नभई प्रयोगात्मक प्रश्नको पनि आवश्यक हुन्छ । यसरी उमेर, तह विषयअनुसार फरक फरक किसिमको प्रश्नपत्र तयार गरी परीक्षा लिइन्छ । नेपालमा प्रचलनमा रहेका प्रश्नहरू लिखित प्रश्न, मौखिक प्रश्न र प्रयोगात्मक प्रश्न हुन् ।

### (क) लिखित प्रश्न (Written Test Item)

लिखित परीक्षाअन्तर्गत विषयगत र वस्तुगत दुई किसिमका प्रश्नहरू पर्छन् । विषयगत प्रश्न भन्नाले कुनै पनि विषयमा विद्यार्थीको ज्ञान केकस्तो छ, लेखनशैली कस्तो छ, आफ्नो व्यक्तिगत विचार केकसरी व्यक्त गर्छन् भन्ने जाँच गर्ने प्रश्न हो । यसमा छोटो उत्तर आउने र लामो उत्तर आउने प्रश्नहरू पर्छन् । विषयगत प्रश्नलाई निबन्धात्मक प्रश्न पनि भनिन्छ । त्यसै गरी ठिकबेठिक छुट्याउने, सही विकल्प छान्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, जस्ता प्रश्नहरू वस्तुगत प्रश्नहरू हुन् । यी दुवै किसिमका प्रश्नहरूप्रयोग गरी परीक्षा सञ्चालन गरेर विद्यार्थीको क्षमता, ज्ञान, सिप र व्यवहारको जाँच गर्न सकिन्छ । विषयगत र वस्तुगत प्रश्नहरूमा रहेको भिन्नतालाई तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

| विषयगत प्रश्न | वस्तुगत प्रश्न |
|---|---|
| १. निबन्ध जस्तो लामो उत्तर हुन्छ । | १. दिइएको उत्तरमा चिह्न लगाउने वा एक दुई शब्द लेखेर खाली ठाउँ भर्न लगाइन्छ । |
| २. प्रश्नहरू साधारण प्रकृतिका हुन्छन् । | २. प्रश्नहरू स्पष्ट र विशिष्ट हुन्छन् । |

| | |
|---|---|
| ३. विद्यार्थीको मौलिकता मापन हुन्छ । | ३.विद्यार्थीको स्मरण क्षमता मापन गर्छ । |
| ४. यसमा सिलसिलाबद्ध सङ्गठित उत्तर आवश्यक हुन्छ । | ४.सजिलोदेखि गाह्रो प्रश्नको क्रम हुन्छ तर उत्तर मा क्रमिकता आवश्यक हुँदैन । |
| ५. परीक्षकअनुसार विद्यार्थीको प्राप्ताङ्क फरक पर्न सक्छ । | ५.विद्यार्थीको सही उत्तरमा सही अङ्क आउने भएकाले फरक फरक परीक्षण भए पनि प्राप्ताङ्क उस्तै हुन्छ । |
| ६. महत्त्वपूर्ण विषयवस्तुमा मात्र प्रश्न निर्माण हुने हुनाले विद्यार्थीले पनि त्यसरी नै अध्ययन गर्छ । | ६. सम्पूर्ण विषयवस्तु समेट्ने गरी प्रश्न निर्माण भएको हुन्छ । |
| ७. प्रश्न निर्माणमा कम समय र परीक्षण गर्न बढी समय लाग्छ । | ७. प्रश्न निर्माणमा बढी समय तर परीक्षणमा कम समय लाग्छ । |
| ८. विद्यार्थीले अलि अलि आफ्ना अनुभवहरू लेखेर पनि अङ्क हासिल गर्छन् । | ८. विद्यार्थीले अन्दाजमा पनि कहिलेकाहीँ उत्तर मिलाउन सक्छन् । |
| ९. अङ्कमापनमा विश्वसनीयता कम हुन्छ । | ९. अङ्क मापनमा विश्वसनीयता बढी हुन्छ । |
| १०.बढी समय लगाएर थोरै ज्ञान, सिप तथा प्रवृत्ति जाँच गर्न सकिन्छ । | १०. कम समय लगाएर धेरै ज्ञान, सिप र प्रवृत्ति जाँच गर्न सकिन्छ । |

### (ख) मौखिक प्रश्न (Oral Test Item)

मौखिक प्रश्न तल्ला कक्षा तथा साना उमेरका विद्यार्थीहरूलाई उपयुक्त हुने प्रश्न हो । साना उमेरका विद्यार्थीले प्रश्न पढेर राम्ररी बुझ्न सक्दैनन् । बुझ्न सके पनि लेखन क्षमताको विकास भएको हुँदैन । त्यसैले त्यस्ता विद्यार्थीलाई मौखिक प्रश्न सोधेर पनि परीक्षा लिन सकिन्छ । यसरी परीक्षा लिँदा उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने झन्झट हुँदैन । साथै यो प्रश्न प्रयोग गरी लिइएको परीक्षा किफायती पनि हुन्छ । लिखित परीक्षामा सोधिने प्रश्न नै यसमा सोध्न सकिन्छ । थप प्रश्न सोधेर पनि उनीहरूको उपलब्धि जाँच गर्न सकिन्छ । विद्यार्थीको बोलाइ, सुनाइ र अभिव्यक्ति कलाको मापन गर्न यो उपयागी हुन्छ । मौखिक परीक्षाबाट बुझेका कुरालाई लेखेर मात्र होइन बोलेर पनि अभिव्यक्त गर्ने सिपको विकास हुन्छ । आफ्नो कुरालाई अरूको अगाडि स्पष्ट रूपमा राख्न सक्ने क्षमता र सिपको विकास हुन्छ ।

### (ग) प्रयोगात्मक प्रश्न (Practical Test Item)

कुनै विषयहरू प्रयोगका आधारमा मूल्याङ्कन गर्नुपर्छ । यस्ता विषयहरूको मौखिक र लिखित प्रश्नले विद्यार्थीको सिपको मूल्याङ्कन गर्न सम्भव हुँदैन । विज्ञान, कम्प्युटर विज्ञान, व्यावसायिक जस्ता विषयहरूमा प्रयोगात्मक परीक्षा लिने गरिन्छ । पाठ्यपुस्तकबाट सिकेका कुराहरू जाँच्न विद्यार्थीलाई प्रयोगशालामा

लगेर व्यावहारिक रूपमै प्रयोगात्मक प्रश्नहरू हल गर्न लगाएर प्रयोगात्मक परीक्षा लिन सकिन्छ । यसले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक सिप विकास गराउनमा मदत गर्छ । यस्ता प्रश्नले विद्यार्थीलाई जीवनमुखी, निर्वाहमुखी र व्यावहारिक बनाउन सहयोग गर्छ ।

## ७.४. परीक्षणको अङ्क तथा अभिलेखीकरण (Test Score and Record Keeping)

मूल्याङ्कन प्रक्रियामा परीक्षण अङ्कन र त्यसको अभिलेखीकरण महत्त्वपूर्ण विषय हो । यसअन्तर्गत परीक्षा अङ्कन, अभिलेखीकरण र त्यसको प्रयोगसम्बन्धी विषयमा उल्लेख गरिएको छ ।

### ७.४.१.परीक्षा अङ्कन (Test Score)

विद्यार्थीहरूको परीक्षा सञ्चालन पछि उत्तरपुस्तिका परीक्षण गर्ने कामलाई परीक्षण अङ्कन भनिन्छ । विद्यार्थीको शैक्षिक उपलब्धि मापनका लागि परीक्षा अङ्कन गरिन्छ । लिखित परीक्षामा विषयगत र वस्तुगत प्रश्नहरू समावेश गर्न सकिन्छ । विषयगत र वस्तुगत प्रश्नको उत्तरपुस्तिका अङ्कनमा धेरै भिन्नता छ । वस्तुगत प्रश्नको परीक्षण अङ्कनमा भने विषयगतभन्दा थोरै कमीकमजोरी रहन सक्छ । यस्ता प्रश्नका उत्तरहरू निश्चित हुने भएकाले अङ्कनमा सजिलो हुन्छ । तापनि उत्तरपुस्तिकाहरू धेरै भएर हतारमा गर्दा प्राप्ताङ्क योगमा गल्ती हुन सक्छ । विषयगत प्रश्नका उत्तरहरू विश्लेषणात्मक र व्याख्यात्मक हुन्छन् । यस्ता प्रश्नहरूको उत्तर दिँदा विद्यार्थीको लेखाइमा एकरूपता हुँदैन । उनीहरूको लेखनशैली, शब्दचयन, अभिव्यक्ति र मौलिकताअनुसार उत्तरहरू फरक फरक हुन सक्छन् । त्यसैले विषयगत प्रश्नको उत्तरपुस्तिका अङ्कन गर्ने कार्य त्यति सहज छैन । अङ्कनमा एकरूपता नआउँदा विद्यार्थीमाथि अन्याय हुन जान्छ । अङ्कनमा लापरबाही, पूर्वाग्रह र पक्षपात नहोस् भनी सम्परीक्षकको पनि व्यवस्था गर्न सकिन्छ । यसबाट पनि अङ्कनका सबै समस्या हल नहुन सक्छन् । त्यसैले विषयगत उत्तरको परीक्षण अङ्कनमा शुद्धता र एकरूपता होस् भनी निम्नलिखित कुरामा ध्यान दिनुपर्छ :

#### (क) प्रश्नको उत्तरका रूपरेखा पहिले नै तयार गर्नु

प्रश्नपत्रको तयारीसँगै उत्तरकुञ्जिकाको निर्माण गर्नुपर्छ । उत्तर परीक्षण गर्नुभन्दा पहिले त्यसको उत्तरको निधो हुँदा विद्यार्थीको फरक फरक उत्तरको सही अङ्कन हुन सक्छ । विद्यार्थीले दिएका उत्तरमा विषयवस्तुको सङ्गठन, विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, मौलिक भाषाको विषय भए शुद्धाशुद्धिलाई यति अङ्क दिने भन्ने निधो पहिले नै गरेको हुनुपर्छ । यसले अङ्कनमा एकरूपता ल्याउँछ ।

#### (ख) उपयुक्त अङ्कन विधिको प्रयोग

कतिपय विषयका प्रश्नको परीक्षण गर्दा बुँदाटिपोट गरेर पनि परीक्षा अङ्कन गर्न सकिन्छ । त्यसै गरी बुँदा टिप्न नमिल्ने उत्तरहरू राम्रो नराम्रो गरी समूह विभाजन गरेर पनि अङ्कन गर्न सकिन्छ । राम्रा र नराम्रा उत्तरहरू विभाजन गर्दा अङ्कनमा लापरबाही हुने सम्भावना रहँदैन । यसो गर्दा परीक्षा अङ्कनमा निष्पक्षता रहन्छ ।

### (ग) असम्बन्धित तत्त्वको निर्णय

परीक्षार्थीले उत्तर लेख्दा केही असम्बन्धित तत्त्वहरू पनि समावेश गरेका हुन्छन् । त्यसले उत्तरपुस्तिका अङ्कनमा समस्या ल्याउँछ । त्यसैले असम्बन्धित तत्त्वको निर्णय उत्तरपुस्तिका परीक्षण गर्नुअगाडि नै गर्नुपर्छ । विषयवस्तु राम्रो हुँदाहुँदै पनि लेख्यचिह्न, नराम्रो अक्षर, केरमेट वाक्य रचना आदिले असर पार्छ । यस्ता असम्बन्धित तत्त्वका बारेमा पूर्वनिर्णय गरी निष्पक्ष अङ्कन गरिनुपर्छ ।

### (घ) प्रश्नगत अङ्कन विधि

विद्यार्थीले उत्तर लेख्दा कुनै राम्रो र कुनै नराम्रो लेखेका हुन्छन् । सुरुमा लेखेको उत्तरले राम्रो नराम्रो जे भए पनि त्यसको अनुचित प्रभाव (Hallo effect) मा नपरी निष्पक्ष भएर परीक्षण गर्नुपर्छ । त्यसैले अङ्कनमा निष्पक्षता ल्याउनका लागि प्रश्नगत अङ्कन विधि अपनाउन सकिन्छ । एउटा प्रश्न एकै पटक जाँच्दा मापनमा समानता आउन सक्छ । एउटा प्रश्नको प्रभाव अर्को प्रश्नमा पर्ने सम्भावना कम हुन्छ । साथै उसले लेखेको उत्तरलाई उसका अन्य व्यवहारसँग तुलना नगरी जे उत्तर दिएको छ त्यसैको मात्र अङ्कन गर्नुपर्छ ।

### (ङ) नाम नहेरी जाँच्ने

विद्यार्थीको उत्तरपुस्तिका परीक्षण गर्दा विद्यार्थीको नाम र सङ्केत नम्बर नहेरी परीक्षण गऱ्यो भने निष्पक्ष हुनसक्छ । आन्तरिक परीक्षामा नाम थाहा भएर जाँच गर्दा शिक्षकलाई सजिलो हुन्छ । कक्षामा कुन विद्यार्थीको स्तर के रहेछ भन्ने कुरा थाहा हुन्छ । यसले पृष्ठपोषणमा सहयोग पुऱ्याउँछ । तर कहिलेकाहीँ नाम थाहा हुँदा गलत प्रभाव पर्ने सम्भावना पनि हुन्छ । बाह्य परीक्षामा यस्तो समस्या नआउने हुन्छ । उत्तरपुस्तिका परीक्षण गर्दा उत्तर पुरै पढेर अङ्क दिनुपर्ने हुन्छ । यसले अङ्कनको विश्वसनीयता बढाउँछ ।

## अक्षराङ्कन प्रणाली (Letter Grading System)

विद्यार्थीको उत्तरपुस्तिका परीक्षणपछि उनीहरूले हासिल गरेको उपलब्धि अङ्कलाई अक्षरमा मापन गर्ने प्रणाली अक्षराङ्कन प्रणाली हो । परीक्षामा कुन विद्यार्थीले कुन कुन विषयमा के कति शैक्षिक उपलब्धि हासिल गरेको छ भन्ने कुरा उल्लेख गर्नु अभिलेखीकरण हो । विगतदेखि लामो समयदेखि प्रचलनमा रहेको अक्षराङ्कन प्रणालीलाई हाल अक्षराङ्कन प्रणाली (Letter Grading System) मा परिवर्तन गरिएको छ । यसले थोरै अङ्कको फरक भएका कारणबाट प्रतिस्पर्धी विद्यार्थीले खिन्न हुनुपर्ने अवस्थाको पनि अन्त्य भएको छ । अक्षराङ्कन प्रणालीमा विद्यार्थीको सिकाइ उपलब्धिलाई श्रेणीमा राख्ने गरिन्छ । अहिलेको अक्षराङ्कन प्रणालीअनुसार ग्रेड र स्तरीकृत अङ्कको विवरण तल प्रस्तुत गरिएको छ :

### मूल्याङ्कनमा अक्षराङ्कन प्रणाली

| सि. नं. | प्राप्ताङ्कको वर्गान्तर (प्रतिशतमा) | ग्रेड | व्याख्या | स्तरीकृत अङ्क |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | A+ | सर्वोत्कृष्ट (Outstanding) | ४.० |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | A | उत्कृष्ट (Excellent) | ३.६ |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | ज्यादै राम्रो (Very Good) | ३.२ |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | B | राम्रो (Good) | २.८ |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | सन्तोषजनक (Satisfactory) | २.४ |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | C | स्वीकार्य (Acceptable) | २.० |
| ७ | ३० र सोभन्दा माथि ४० भन्दा कम | D+ | आंशिक स्वीकार्य (PartiallyAccept-able) | १.६ |
| ८ | २० र सोभन्दा माथि ३० भन्दा कम | D | अपर्याप्त (Insufficient) | १.२ |
| ९ | २० भन्दा कम | E | धेरै अपर्याप्त (Very Insuffi-cient) | ०.८ |

परम्परागत रूपमा प्रचलनमा रहको प्रणालीको अन्त गर्दै विद्यालय तहसम्म अक्षराङ्कन प्रणाली लागू गर्दा विद्यार्थीले आफ्नो क्षमताअनुसारको विषय छान्ने अवसर पनि प्राप्त भएको छ । परीक्षामा अनुत्तीर्ण हुने र अङ्क प्रणालीमा जस्तो थोरै अङ्कको फरकले राम्रो स्थान नआउने अवस्था हटेको छ । यसका पनि कमजोर पक्षहरू नभएका होइनन् तापनि परम्परागत प्रणालीको तुलनामा यो वैज्ञानिक प्रणाली मानिन्छ । अक्षराङ्कन प्रणालीले आफ्ना छोराछोरीहरू कुन समूहअन्तर्गत पर्छन् भन्ने कुरा अभिभावकलाई जानकारी हुन्छ । अनुत्तीर्ण भएर निराश हुनुपर्ने अवस्था आउँदैन । अक्षराङ्कनबाट देखिएको नतिजाअनुसारको विषय अध्ययन गर्ने सल्लाह अभिभावकले दिन सक्छन् । विद्यार्थीले आफ्नो रुचिको विषय पढ्न पाउने वातावरण पनि तयार हुन्छ ।

## ७.४.२. परीक्षा अभिलेखीकरण (Test Record Keeping)

परीक्षाका नतिजाहरू अभिलेख गरी राख्ने काम परीक्षा अभिलेखीकरण हो । विद्यार्थीले प्राप्त गरेको नतिजालाई व्यवस्थित ढङ्गले अभिलेख राखी उनीहरूको शिक्षण सिकाइमा पृष्ठपोषण प्रदान गर्न सकिन्छ । विद्यार्थीले विद्यालयमा प्रवेश गरेपछि उनीहरूले गरेको प्रगतिको निरन्तर मूल्याङ्कन हुन अति आवश्यक हुन्छ । यसको अर्थ परीक्षा अभिलेखीकरणका साथै प्रगति अभिलेखीकरण गर्न आवश्यक छ ।

हाम्रो देशमा विद्यार्थीको मूल्याङ्कन गर्ने प्रमुख साधन परीक्षा नै भएकाले परीक्षा अभिलेखीकरण गरी विद्यार्थीको ज्ञान, सिप र क्षमताको लेखाजोखा गर्नुपर्छ । विद्यार्थीहरूमा पनि आफूले गरेको प्रगतिको विवरण थाहा पाउने इच्छा हुन्छ । हरेक बाबुआमालाई आफ्ना नानीहरूले विद्यालयमा केकति सिके भन्ने कुराको चासो हुन्छ । यसको समाधान परीक्षा अभिलेखीकरणबाट पूरा गर्न सकिन्छ । त्यसैले हरेक विद्यालयले विद्यार्थीको परीक्षा अभिलेखीकरण गरी अभिभावकलाई जानकारी दिने कार्यलाई आफ्नो प्रमुख कर्तव्य ठान्नुपर्छ । यस कार्यले विद्यार्थीको सिकाइ सुधार गर्नका साथै प्रशासनिक प्रयोगमा मदत पुऱ्याउँछ । परीक्षा अभिलेखीकरण गर्नुपर्ने कारणहरू तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. विद्यार्थीहरूले उनीहरूले गरेको प्रगतिको जानकारी दिई पढाइमा अभिरुचि कायम राख्न र विद्यार्थीलाई प्रोत्साहित गर्न
२. कुनै एक कक्षा वा खास अवधिको अध्ययनले सफलतापूर्वक सम्पन्न गरेको वा नगरेको जानकारी प्राप्त गर्न
३. विद्यार्थीको प्रगति विवरणको जानकारी अभिभावकलाई दिन
४. अध्ययन गरिरहेको विद्यालय छाडी दोस्रो विद्यालय भर्ना गर्नुपरे विद्यार्थीको स्तर बोध गराउन
५. निश्चित तहको पाठ्यक्रमअनुसार पठनपाठन गरिने विभिन्न विषयहरूअनुसार पृष्ठपोषण दिन
६. विषय शिक्षकसँग परामर्श राख्नुपर्ने जस्ता विषयका बारेमा जानकारी प्राप्त गर्न
७. विद्यार्थीको उच्च शिक्षा अध्ययनका लागि कुन विषय उपयुक्त हुन सक्छ भन्ने कुराको जानकारी गराउन ।

परीक्षा अभिलेखीकरणबाट विद्यार्थी र अभिभावकलाई प्रगतिका बारेमा जानकारी हुन्छ । शिक्षण सिकाइ सफल र प्रभावकारी बनाउन यसको महत्त्व छ । यसबारे तल प्रस्तुत गरिएको छ :

### विद्यार्थीलाई आफ्नो प्रगतिको जानकारी

विद्यालय विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने ठाउँ हो । उनीहरूले उचित वातावरणमा आफूलाई झन् शक्तिशाली र मजबुत बनाउँदै लान्छन् । सिकाइको उचित वातावरण नहुँदा, शिक्षण सिकाइ सन्तोषजनक नहुँदा उनीहरूले

गर्नुपर्ने प्रगति गर्न सकिरहेका हुँदैनन् । विद्यार्थीलाई उत्सुक जागरुक भई निरन्तर प्रगति गर्ने प्रेरणा दिने प्रमुख साधन उनीहरूको प्रगतिको जानकारी हो । प्रगतिको जानकारीले उनीहरूलाई निम्नलिखित फाइदाहरू हुन्छ :

१. विद्यार्थीलाई आफ्नो स्तरको यथार्थ जानकारी हुन्छ । विद्यार्थीले आफ्नो जानकारी पाएमा हीनताबोध र महत्त्वाकाङ्क्षा दुवै हटेर जान्छ । आफ्नो वास्तविक क्षमतालाई स्वीकार गर्दै अरू प्रगति गर्न लालायित हुन्छन् । अरूको प्रगति पनि जानकारी हुने हुँदा उनीहरूबिचमा स्वस्थ प्रतिस्पर्धा हुन गई राम्रो नतिजा ल्याउन सफल हुन सक्छन् ।

२. विद्यार्थीलाई प्रगति दरको ज्ञान दिई बढी प्रगति गर्न प्रोत्साहन गर्न सकिन्छ । हरेक व्यक्तिलाई आफूले गरेको प्रगतिबाट अरू प्रगति गर्ने प्रेरणा प्राप्त हुन्छ । आफ्नो मिहिनेतको नतिजा राम्रो आएपछि अझ मिहिनेत गर्ने रुचि जाग्छ । त्यसैले विद्यार्थीले गरेको प्रगति विवरण उनीहरूलाई दिनुपर्छ ।

३. विद्यार्थीको यथार्थ स्तरको ज्ञान भएमा शिक्षक एवम् अभिभावकलाई परामर्श गर्न सजिलो हुन्छ । शिक्षक र अभिभावकको चाहना सबै विद्यार्थीले समान ढङ्गले प्रगति गरुन् भन्ने हुन्छ । यद्यपि विद्यार्थी फरक फरक क्षमता भएका हुन्छन् । कोही राम्रा कोही धेरै राम्रा हुन सक्दछन् । यस्तो अवस्थामा सबैको प्रगतिको स्तर समान हुँदैन । परीक्षाको प्रगति विवरणले उनीहरूको उपलब्धि स्तरको वास्तविकता देखाउँछ । यसले गर्दा विद्यार्थीले अभिभावक र शिक्षकबाट अनावश्यक दबाब सहनुपर्दैन । अभिभावक पनि आफ्ना छोरीछारीहरूको प्रगतिका बारेमा यथार्थ जानकारी प्राप्त गर्दछन् । शिक्षक अभिभावकलाई सही पृष्ठपोषण प्रदान गर्न मदत पुग्छ ।

## अभिभावकलाई विद्यार्थीको प्रगतिको जानकारी

विद्यार्थीको प्रतिभाअनुसार उसको प्रगति गराउने कुरामा विद्यालयसँगै अभिभावकको पनि ठुलो भूमिका हुन्छ । त्यसैले विद्यालयले समय समयमा विद्यार्थीको प्रगति विवरण अभिभावकलाई देखाउन जरुरी छ । घरको आचरणले विद्यालयमा प्रभाव पारे जस्तै विद्यालयको वातावरणले पनि घरमा प्रभाव पार्न सक्छ । यसबाट पर्ने नकारात्मक प्रभाव हटाउनका लागि प्रगति विवरणले राम्रो भूमिका खेल्छ । अभिभावकलाई आफ्ना छोराछोरीको प्रगतिको जानकारी नभए गलत निर्देशन हुन सक्छ । बालबालिकाको जीवनमा ऊ भविष्यमा के बन्न सक्छ भन्ने कुरा प्रत्येक अभिभावकलाई ज्ञान हुनका लागि पनि प्रगतिको जानकारी हुन आवश्यक छ । छोराछोरीको प्रगति गर्न घरमा कस्तो वातावरण बनाउन सकिन्छ भन्नेबारेमा निर्णय लिन सजिलो हुन्छ ।

अभिभावकलाई उनका छोराछोरीहरूको परीक्षा अभिलेखीकरणको जानकारी विभिन्न किसिमले गराउन सकिन्छ । अभिभावक दिवस, अभिभावक शिक्षक अन्तरक्रिया कार्यक्रम, फोन गरेर वा अनौपचारिक भेटघाट गरेर विद्यार्थीको शैक्षिक उपलब्धिको जानकारी गराउन सकिन्छ । विद्यार्थीले गरेका प्रगति विवरण राख्न र अभिभावकलाई दिन हरेक विद्यालयले प्रतिवेदन तयार गर्नुपर्छ । विद्यार्थीको प्रगति विवरण दिने विभिन्न फारामहरू हुन सक्छन् । त्यसमा सबभन्दा महत्त्वपूर्ण विवरण उसको लब्धाङ्क पत्र हो । लब्धाङ्क पत्र

तयार गर्दा हालको अक्षराङ्कन प्रणालीलाई ध्यान दिनुपर्छ । विद्यार्थीको प्रगति विवरण दिने फारामको एउटा नमुना तलको तालिकामा प्रस्तुत गरिएको छ :

## विद्यार्थीको प्रगति विवरण

विद्यालयको नाम ..................

विद्यार्थीको नाम.............................. कक्षा...............

ठेगाना......................................... उमेर...............

| क्र.स. | विषय | विषयको ग्रेड प्वाइन्ट | कक्षाको उच्चतम ग्रेड प्वाइन्ट | कक्षाको मध्यम ग्रेड प्वाइन्ट | कक्षाको न्यूनतम ग्रेड प्वाइन्ट | प्राप्त ग्रेड प्वाइन्ट |
|---|---|---|---|---|---|---|
| १. | नेपाली | | | | | |
| २. | गणित | | | | | |
| ३. | अङ्ग्रेजी | | | | | |
| ४. | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | | |
| ५. | विज्ञान<br>स्वास्थ्य तथाशारीरिक शिक्षा | | | | | |
| ६. | स्थानीय विषय मातृभाषा | | | | | |
| | जम्मा | | | | | |

विद्यार्थीको नाम ...................................

१. काम गर्ने बानी : (क) अति राम्रो (ख) राम्रो (ग) सुधार्नुपर्ने

२. सामाजिक बानी : (क) अति राम्रो (ख) राम्रो (ग) सुधार्नुपर्ने

३. स्वस्थ आचार : (क) अति राम्रो (ख) राम्रो (ग) सुधार्नुपर्ने

उपस्थित दिन............ अनुपस्थित दिन........

(क) मूल्याङ्कन परिणाम..............

(ख) कक्षामा विद्यार्थीको क्रम..................

कक्षा शिक्षकको राय..........................................................................................

प्रधानाध्यापकको सही कक्षा शिक्षकको सही

## ७.४.३. मूल्याङ्कन अभिलेखका रूपमा सञ्चित अभिलेख

विद्यार्थी विद्यालयमा प्रवेश गरेदेखि नै पाठ्यक्रम पाठ्यपुस्तकअनुसारको शिक्षण सिकाइ प्रक्रियाद्वारा विभिन्न कुराहरू सिक्दै गरेको हुन्छ । उसको शारीरिक, मानसिक साथै सामाजिक विकास हुँदै गरेको हुन्छ । यसरी विद्यार्थीका सम्पूर्ण पक्षको विकास कुन गतिले भइरहेको छ, उसको व्यक्तिगत जीवनमा कुनकुन घटनाले असर गरेको छ भन्ने कुराहरूको जानकारी राख्नका लागि सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गरी राखिएको अभिलेखलाई सञ्चित अभिलेख भनिन्छ । अथवा विद्यालयमा प्रवेश भएदेखि विद्यार्थीको विभिन्न पक्षमा भएका प्रगतिको लेखाजोखा राखिएको फाराम वा अभिलेखलाई सञ्चित अभिलेख भनिन्छ । यस अभिलेखमा विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक विवरण, स्वस्थ्य र आचरणसम्बन्धी विवरण उल्लेख गरिएका हुन्छन् । यी सबै विवरणहरू क्रमानुसार सञ्चित गरी राखिने अभिलेख नै सञ्चित अभिलेख हो । यो तथ्याङ्कले विद्यार्थीको प्रगतिमा सही परामर्श दिन सकिन्छ । कुन पृष्ठभूमिको विद्यार्थी कस्तो प्रगति गरिरहेको छ भन्ने कुराको अभिलेख रहँदा शिक्षण सिकाइमा सहज हुन पुग्छ । सुधार गर्नुपर्ने आवश्यक विषयहरू थाहा हुन्छ । तल एउटा सञ्चित अभिलेखको नमुना प्रस्तुत गरिएको छ :

### सञ्चित अभिलेख

१. विद्यार्थीको नाम................................

फोटो

२.विद्यार्थीको व्यक्तिगत विवरण

(क) जन्ममिति: ............

(ख) जन्मस्थान: ...........

(ग) ठेगाना: ..........

(घ) विद्यालय भर्ना मिति: .........

३. विद्यार्थीको स्वस्थ्य विवरण

| कक्षा | उचाइ | तौल | रोग भए |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४.विद्यार्थीको पारिवारिक विवरण

| नाता | शैक्षिक योग्ता | पेसा | कैफियत |
|---|---|---|---|
| बाबु | | | |
| आमा | | | |
| परिवार सङ्ख्या: ........<br>दाजुभाइ सङ्ख्या: ........<br>दिदीबहिनी सङ्ख्या: ........<br>विद्यार्थीको जन्मक्रम : ........ | | | |
| विद्यार्थीको संरक्षकको शैक्षिक योग्यता : ........ | | | |

५. विद्यार्थीको शैक्षिक विवरण

| क्र. सं. | विषय | कक्षा:............. | | | |
|---|---|---|---|---|---|
| | | निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख | | | आवधिक उपलब्धि परीक्षाको ग्रेड प्वाइन्ट |
| | | अतिउत्तम | उत्तम | सामान्य | |
| १. | नेपाली | | | | |
| २. | अङ्ग्रेजी | | | | |
| ३. | गणित | | | | |
| ४. | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | | | | |
| ६. | स्थानीय विषय/मातृभाषा | | | | |

६. विद्यार्थीको आचरण र स्वभाव विवरण

| विषय | कक्षा........ | | | कक्षा......... | | | कक्षा....... | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ए | म | सु | उ | म | सु | उ | म | सु |
| १. अनुशासन | | | | | | | | | |
| २. कार्य लगनशील | | | | | | | | | |
| ३. मैत्रीपूर्ण व्यवहार | | | | | | | | | |
| ४. सहयोगको भावना | | | | | | | | | |
| ५. सरसफाइ | | | | | | | | | |
| ६. स्वास्थ्य तन्दुरुस्ती | | | | | | | | | |
| ७. संवेग नियन्त्रण | | | | | | | | | |
| ८. अतिरिक्त कार्य | | | | | | | | | |
| ९. अनुशासन | | | | | | | | | |

| विद्यार्थी विवरण | कक्षा | | | | |
|---|---|---|---|---|---|
| १. विद्यालय चलेको जम्मा दिन | | | | | |
| २. विद्यार्थी हाजिर जम्मा दिन | | | | | |
| ३. विद्यार्थी गयल जममा दिन | | | | | |

उ- उत्तम, म- मध्यम, सु- सुधार गर्नुपर्ने

विद्यार्थीको अभिरुचि: ........

कुनै घटना भए त्यसको विवरण: ........

## सञ्चित अभिलेखको प्रयोग

सञ्चित अभिलेखको विवरणअनुसार विद्यार्थीका बारेमा धेरै सूचनाहरू पाउन सकिन्छ । पारिवारिक विवरणले विद्यार्थीको घरको परिस्थिति र वातावरणका बारेमा बोध गराउँछ । स्वास्थ्य विवरणले उसको शारीरिक

विकासका बारेमा थाहा हुन्छ । विभिन्न उमेर समूहका बालबालिकाहरूको शिक्षण सिकाइका साथै शारीरिक विकासका बारेमा जानकारी प्राप्त हुन्छ । यसरी अभिलेखका आधारमा उनीहरूलाई आवश्यक परामर्श र निर्देशन गरी उनीहरूको व्यक्तित्व विकासमा मदत गर्न सकिन्छ । विद्यालयमा प्रवेश गरेको सुरुको समयमा भएको आचरण, बानी व्यवहारमा केकस्ता परिवर्तन भए त्यसैका आधारमा उसलाई आवश्यक सहयोग गर्न सकिन्छ । विद्यार्थीको सम्पूर्ण व्यक्तिगत विवरणले शिक्षक तथा विद्यालयमा उसका लागि सही मार्गदर्शन गर्न सक्छ । त्यसैले सञ्चित अभिलेखको प्रयोग विद्यार्थीको विकास र प्रगतिका लागि मूल्याङ्कनको उपयोगी साधन हो । साथै अध्ययनरत विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण वा कक्षा वृद्धि भएर जाँदा स्थानान्तरण प्रमाणपत्रसँगै सञ्चित अभिलेख पनि त्यो विद्यालयमा पठाइन्छ । यसको प्रयोगद्वारा नयाँ विद्यालयमा विद्यार्थीले उचित सल्लाह र निर्देशन पाउन सक्छ ।

## ७.५. विद्यार्थी उपलब्धिको विश्लेषण र प्रयोग (Analysis and Use of Student Achievement)

विद्यार्थीको उपलब्धि अभिलेखीकरणमा विषयगत रूपमा छलफल गरी पृष्ठपोषण प्रदान गर्ने काम उपलब्धि विश्लेषण हो । यसबाट विद्यार्थीको सबल र कमजोर पक्षको निर्क्योल गर्न सकिन्छ । विद्यार्थी उपलब्धिको मूल्याङ्कन र विश्लेषण गरेपछि त्यसको प्रयोग पनि सही ढङ्गले गर्नुपर्छ । परीक्षा लिएर उत्तरपुस्तिका जाँच गरिसकेपछि विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्नका लागि यसलाई सुरक्षित राख्नुपर्छ । विद्यार्थीको उपलब्धिको विश्लेषण गर्नु भनेको परीक्षाफल विश्लेषण गर्नु हो । परीक्षाफलको विश्लेषणबाट विद्यालय, विद्यार्थी, शिक्षक र अभिभावकलाई फाइदा पुग्छ । साथै यसबाट पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन र सुधारमा समेत सहयोग पुग्छ ।

परीक्षाफलको विश्लेषण गर्दा प्रश्नहरूको स्तरीयता जाँच गर्नु पनि मुख्य विषय हो । यसअन्तर्गत प्रश्नको कठिनाइस्तर र विभेदीकरण पत्ता लगाइन्छ । यसबाट प्रश्नको कठिनाइस्तर र कक्षामा भएका राम्रा एवम् कमजोर विद्यार्थी छुट्याउने गुण भए नभएको थाहा पाउन सकिन्छ । त्यसैअनुसार प्रश्नमा सुधार ल्याउन सजिलो हुन्छ । विद्यार्थीको उपलब्धि विश्लेषण र प्रयोग उपयुक्त किसिमले गरिएमा निम्नलिखित लिखित फाइदाहरू हुन्छन् :

(क) परीक्षाफल राम्रो भएमा के कारणले भयो र नराम्रो भए के कारणले नराम्रो भयो भन्ने कुरा थाहा हुन्छ ।

(ख) विद्यार्थीहरूको सही लेखाजोखा भई सही पृष्ठपोषण प्रदान गर्न मदत पुग्छ । उनीहरूलाई आफ्ना गल्ती थाहा भएपछि सुधार गर्न सजिलो हुन्छ ।

(ग) परीक्षाफल प्रयोगका आधारमा प्रश्नपत्रको स्तर निर्धारण गर्न सकिन्छ ।

(घ) अप्ठ्यारा प्रश्नहरू, अस्पष्ट र जटिल प्रश्नहरूमा सुधार ल्याउन सकिन्छ । प्रश्नपत्र र परीक्षाफल प्रयोगका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनका विधिमा सुधार ल्याउन सकिन्छ ।

(ङ) पृष्ठपोषणद्वारा विद्यार्थीलाई शैक्षिक प्रगतिमा मदत गर्न र आत्ममूल्याङ्कन गराउन सकिन्छ ।

(च) उद्देश्यअनुरूप विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण भएका छन् छैनन् हेरे सो नभएका भए सुधार गर्न सकिन्छ ।

(छ) शिक्षण सुधार गरी सिकाइमा उत्प्रेरणा बढाउन सकिन्छ ।

(ज) अभिभावकले आफ्ना छोराछोरीहरूको पढाइमा सुधार गर्न सहयोग पुऱ्याउँछ ।

(झ) राम्रा उत्तरपुस्तिकाहरू कक्षामा नमुना उत्तरपुस्तिकाका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

विद्यार्थीको उपलब्धि विश्लेषण र प्रयोगले प्रश्न निर्माणमा भएका गल्तीहरू सच्याउन सकिन्छ । पाठ्यक्रमको उद्देश्य पूरा हुने किसिमले प्रश्नको निर्माणमा मदत गर्छ । पाठ्यपुस्तक र पाठ्यक्रममा आवश्यक सुधार गर्नमा मदत गर्छ । विद्यार्थीको उत्तरपुस्तिका कक्षामा प्रत्यक्ष रूपमा देखाई पृष्ठपोषण प्रदान गर्न सकिन्छ । यसरी विद्यार्थीको उपलब्धि विश्लेषणको प्रयोग सही ढङ्गले गर्नुपर्छ ।

## सारांश

विद्यार्थीको ज्ञान, सिप, धारणा र सिकाइको व्यावहारिक पक्षको मूल्याङ्कन गरिने औजार परीक्षा हो । लिखित, मौखिक र प्रयोगात्मक परीक्षाहरू लिएर विद्यार्थीको मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनको मुख्य साधन परीक्षा भएकाले यसमा उचित प्रश्नहरूको व्यवस्था गर्नुपर्छ । प्रश्नहरू विद्यार्थीको उमेर, तह र स्तर ख्याल गरेर बनाउनुपर्छ । प्रश्नपत्र बनाउने विभिन्न आधारहरू छन् । ती सबै ध्यानमा राखेर प्रश्न निर्माण गर्नुपर्छ । विद्यार्थीको परीक्षा लिइसकेपछि अङ्कन र अभिलेखीकरण गरी त्यसको प्रयोग पनि गर्नुपर्छ । परीक्षा अभिलेखीकरणको प्रयोगले विद्यार्थीलाई आफ्नो स्तरको यथार्थ जानकारी हुन्छ । आफ्नो वास्तविक क्षमतालाई स्वीकार गर्दै विद्यार्थीहरू अरू प्रगति गर्न लालयित हुन्छन् । आफ्नो मिहिनेतको नतिजा राम्रो आएपछि अझ उनीहरूमा मिहिनेत गर्ने रुचि जाग्छ । त्यसैले विद्यार्थीले गरेको प्रगति विवरण उनीहरूलाई दिनुपर्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस्:

(क) मूल्याङ्कन भनेको के हो ?

(ख) परीक्षाका प्रकारहरू के के हुन् ?

(ग) प्रश्नपत्र निर्माण गर्दा अपनाइने आधारहरू के के हुन् ?

(घ) विषयगत प्रश्नले विद्यार्थीहरूको कुन पक्षको मापन गर्छ ?

(ङ) अक्षराङ्कन परीक्षा प्रणाली भनेको के हो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :

(क) परीक्षालाई कसरी मूल्याङ्कनको साधन मानिन्छ ?

(ख) विषयगत र वस्तुगत प्रश्नका भिन्नताहरू के के हुन् ?

(ग) लिखित परीक्षाले मापन गर्न सकिने विषयहरू मौखिक परीक्षाबाट कसरी गर्न सकिन्छ ?

(घ) परीक्षा अभिलेखीकरण भनेको के हो ? यसले शिक्षण सुधारमा कसरी सहयोग पुऱ्याउँछ ?

३. तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्:

(क) प्रश्न निर्माण गर्दा अपनाउनुपर्ने आधारहरू उल्लेख गर्नुहोस् ।

(ख) अक्षराङ्कन प्रणाली अङ्काङ्कन प्रणालीभन्दा राम्रो प्रणाली हो भन्ने विषयमा आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

## प्रयोगात्मक कार्य

तपाईंको विद्यालयमा सञ्चित अभिलेख कसरी तयार गरिन्छ ? तपाईंको विद्यालयको कुनै कक्षाको सञ्चित अभिलेख अवलोकन गरी प्रतिवेदन तयार गर्नुहोस् । यसमा केके सुधार ल्याउन सकिन्छ, कक्षामा छलफल गर्नुहोस् ।

एकाइ ८

# असल शिक्षकका गुणहरू
(Qualities of a Good Teacher)

## परिचय (Introduction)

कुनै पनि पेसा गर्ने व्यक्तिहरूमा आफ्ना पेसागत गुणहरू हुन जरुरी छ । त्यस्तै शिक्षण पेसामा आबद्ध मात्र भएर मात्र हुँदैन, शिक्षकमा राम्रो आचरण हुनुपर्छ । साथै ऊ समाजको नमुना व्यक्ति हुनुपर्छ । उसको बानी, व्यवहार तथा बोलीवचन मिठो हुनुपर्छ । यस एकाइमा शिक्षकको परिचय, असल शिक्षक हुनका लागि चाहिने शिक्षकका व्यक्तिगत, पेसागत र सामजिक गुणहरू समावेश गरिएको छ ।

## ८.१ शिक्षकको परिचय (Introduction to Teacher)

शिक्षकलाई अङ्ग्रेजीमा Teacher र संस्कृतमा गुरु भनिन्छ । कुनै पनि विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति गुरु हो । अन्धकारबाट उज्योलोतर्फ लैजाने व्यक्ति गुरु हो । प्राचीन कालमा जस्तो सङ्गीतकला, गायत्री, वेदमन्त्र दिने व्यक्ति मात्र गुरु होइन विद्यालयमा शिक्षण गर्ने व्यक्ति पनि गुरु हो, शिक्षक हो । शिक्षक शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्ग हो । शिक्षक कक्षामा सहजकर्ता र विद्यार्थीको मार्गदर्शक हो । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, पाठयोजना र शिक्षण पद्धतिको महत्त्वपूर्ण भूमिका हुन्छ । यी सबै विषयको कार्यान्वयन गर्न शिक्षकको उपस्थितिबिना सम्भव छैन । कक्षामा गरिने शिक्षण सिकाइ क्रियाकलापको केन्द्रीय व्यक्ति शिक्षक नै हो । त्यसैले शिक्षकको जीवनमार्ग र उसको कर्तव्य सबैका लागि अनुकरणीय हुनुपर्छ । त्यसैले प्राचीनकालदेखि नै शिक्षकलाई सम्मान गरिन्छ त्यसैले शिक्षकसँग अनुकरण र सम्मान गर्न लायकका गुणहरू हुन आवश्यक छ ।

प्राचीनकालमा गुरुलाई सर्वज्ञ मानिन्थ्यो । संसारमा भएका ज्ञानले पूर्ण व्यक्ति गुरुलाई मानिन्थ्यो । पाश्चात्य शिक्षा प्रणालीको प्रवेशपछि पूर्वीय शिक्षण परम्परामा परिवर्तन भए पनि शिक्षकको स्थान समाजमा सम्मानजनक रहेको छ । अभिभावकले आफ्ना नानीहरू शिक्षककै जिम्मामा विद्यालय पठाउँछन्। शिक्षकले विद्यार्थीलाई अक्षरारम्भदेखि उच्च शिक्षा प्रदान गरिरहेको हुन्छ । शिक्षकले विद्यार्थीमा अध्ययनप्रति रुचि र उत्प्रेरणा जगाउँछ । नयाँ नयाँ ज्ञान, सिप र धारणा सिकाउँछ, विगतको अनुभव दिन्छ । वर्तमानमा परिश्रम गर्न सिकाउँछ र भविष्यको मार्गदर्शन गराउँछ । त्यसैले शिक्षक बालबालिकालाई सही मार्ग दिने मार्गदर्शक, भविष्य दिने भाग्यनिर्माता र राष्ट्रको आशा तथा भरोसाको केन्द्र हो । समयसापेक्ष शिक्षकले आफ्नो ज्ञान, सिप, शिक्षण कला र  प्रविधिमा परिचित एवम् सक्षमता हुन जरुरी छ । शिक्षक जिम्मेवार व्यक्ति असल भए मात्र शिक्षाको उद्देश्य पूरा हुन्छ । यसकारण असल शिक्षक हुन शिक्षकमा आदर्श गुणहरू हुनुपर्छ ।

## ८.२ असल शिक्षकका गुणहरू (Qualities of a Good Teacher)

असल शिक्षक हुनका लागि असल गुणहरू हुन आवश्यक छ । विशेषत: व्यक्तिगत, सामाजिक तथा पेसागत गुणहरू भएमा मात्र एउटा शिक्षक असल हुन सक्छ । चाट्स र वाल्पस भन्ने अमेरिकी व्यक्तिहरूको अनुसन्धानबाट निस्केको निष्कर्षअनुसार शिक्षकमा निम्न गुणहरू हुनुपर्ने बताएका छन् :

(क) अनुकूलता
(ख) आकर्षक चेहेरा
(ग) सावधान
(घ) सहानुभूति
(ङ) सहयोगी
(च) व्यवहारमा एकरूपता
(छ) कुशल
(ज) राम्रो स्वास्थ्य
(झ) इमानदारी
(ञ) नेतृत्व तथा आत्मविश्वास
(ट) स्वच्छता
(ठ) मौलिकता
(ड) प्रगतिशीलता
(ढ) नियम पालनाकर्ता
(ण) नम्रता तथा नैतिकता
(त) विद्वत्ता
(थ) जिम्मेवार कामप्रति बफादार
(द) तार्किक र छिटो निर्णय दिन सक्ने क्षमता
(ध) दयालु र धैर्यवान्
(न) कामप्रति निष्ठावान्

उल्लिखित गुणहरू तथा अन्य विद्वान्हरूले उल्लेख गरेका गुणहरूको विश्लेषण गर्दा असल शिक्षकका गुणहरूलाई निम्नानुसार तीन भागमा बाँड्न सकिन्छ :

| व्यक्तिगत गुणहरू | पेसागत गुणहरू | सामाजिक गुणहरू |
|---|---|---|
| ✓ राम्रो स्वास्थ्य<br>✓ आकर्षक शारीरिक व्यक्तित्व<br>✓ मिठो बोलीवचन<br>✓ रुचि एवम् उत्साह<br>✓ धैर्यता एवम् सहनशीलता<br>✓ प्रेम र सहानुभूति<br>✓ आत्मविश्वास तथा दृढ इच्छाशक्ति<br>✓ नैतिक तथा चरित्रवान्<br>✓ मौलिकता | ✓ विषयवस्तुको राम्रो ज्ञान<br>✓ शिक्षण कौशल<br>✓ बालमनोविज्ञानको ज्ञान<br>✓ शिक्षा पद्धतिको ज्ञान<br>✓ उत्तरदायित्व बोध<br>✓ शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान<br>✓ जिज्ञासु र अध्ययनशील<br>✓ प्रयोग र अनुसन्धानमा दक्षता<br>✓ सिकाइ प्रक्रियाको ज्ञान<br>✓ पाठ्यान्तर क्रियाकलापको ज्ञान | ✓ पक्षपातरहित<br>✓ स्पष्ट वक्ता<br>✓ सेवा र सहयोगी भावना<br>✓ मानवीय सम्बन्ध कायम गर्ने सिप<br>✓ क्रियाशील<br>✓ विनोदप्रिय<br>✓ नेतृत्व लिन सक्ने क्षमता<br>✓ समुदायको ज्ञान<br>✓ धेरै विषयको ज्ञाता |

### (क) व्यक्तिगत गुणहरू

शिक्षक विद्यार्थी र विद्यालयको मात्र नमुना होइन, ऊ पुरै समाजको नमुना व्यक्ति हो । त्यसैले शिक्षक एक नमुना व्यक्ति हुने प्रयास गर्नुपर्छ । आफ्नो समुदाय, राष्ट्र र मानव सभ्यतालाई योगदान दिने प्रतिष्ठित व्यक्ति शिक्षक हो । सुसंस्कृत, सभ्य र असल व्यक्तिगत गुण भएमा मात्र उसले अरूलाई मार्गदर्शन गर्न सक्छ । एउटा शिक्षकमा हुनुपर्ने व्यक्तिगत गुणहरू निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

#### (अ) राम्रो स्वास्थ्य

असल शिक्षकमा राम्रो स्वस्थ्य हुन जरुरी छ । शरीर स्वस्थ्य भए मात्र मन स्वस्थ्य हुन सक्छ । स्वस्थ व्यक्तिको सन्तुलित रूपमा शारीरिक, मानसिक तथा संवेगात्मक विकास हुन्छ । स्वस्थ व्यक्तिले मात्र कुनै पनि काम राम्ररी सम्पन्न गर्न सक्छ । राम्रो स्वास्थ्य भएको व्यक्तिमा राम्रो बुद्धि भए जस्तै राम्रो बुद्धि हुने व्यक्ति पनि स्वस्थ रहन सक्छ । त्यसैले असल शिक्षक स्वस्थ रहन जरुरी छ ।

#### (आ) आकर्षक शारीरिक व्यक्तित्व

शिक्षक विद्यार्थी र समुदायको नमुना व्यक्ति हुने हुनाले उसको शारीरिक व्यक्तित्व पनि आकर्षक हुनुपर्छ । मानिस झट्ट हेर्दा नै आकर्षक देखिनु जन्मजात गुण मात्र होइन, हरेक व्यक्तिले व्यक्तित्व निर्माण गर्न सक्नुपर्छ । सरसफाइ, पोसाक, हँसिलो अनुहार, शरीरमा फुर्ती, स्वयम्को बानी र व्यवहारले मानिसको व्यक्तित्व बन्छ । त्यसैले शिक्षक जहिले पनि जाँगरिलो फुर्तिलो र आकर्षक हुनुपर्छ ।

#### (इ) मिठो बोलीवचन

मिठो बोलीवचन सबै असल मानिसको गुण हो । अझ शिक्षकमा यो गुण अनिवार्य हुनुपर्छ । शिक्षकले विद्यार्थी तथा अभिभावकहरूसँग आफ्नो कुरा नरम र मिठो बोलीमा प्रस्तुत गर्नुपर्छ । संयमित रूपमा आफ्ना कुराहरू राख्ने बानी हुनुपर्छ । विषयवस्तु प्रस्तुतिमा परिस्थितिअनुसार आरोह अवरोह मिलाएर बोल्नुपर्छ । त्यसैले एक असल शिक्षक शिक्षण गर्दा सधैँ मायालु र मिठासपूर्ण भाषामा प्रस्तुत हुनुपर्छ ।

#### (ई) रुचि एवम् उत्साह

शिक्षकमा हुनुपर्ने अर्को व्यक्तिगत गुण रुचि र उत्साह हो । शिक्षकमा आफ्नोपेसाप्रति रुचि छैन, उत्साह छैन भने उसको शिक्षण क्रियाकलाप पनि उत्साहपूर्ण हुन सक्दैन । विद्यार्थीलाई पढाइप्रति प्रेरित गर्न, नयाँ जिज्ञासा गराई सिर्जनशील बनाउन शिक्षक पनि उत्साहित हुनुपर्छ । शिक्षक स्वयम् नै अल्छी र निरास भएर कक्षामा प्रवेश गर्दा त्यहाँको शिक्षण उत्साहपूर्ण हुन सक्दैन । शिक्षक सधैँ नयाँ नयाँ सिर्जनामा लाग्ने, खोज गर्ने जिज्ञासा राख्ने उत्साहपूर्ण व्यक्ति हुनुपर्छ ।

### (उ) धैर्य एवम् सहनशीलता

कक्षामा रहेका सबै विद्यार्थीहरू सामाजिक, आर्थिक र बुद्धिका हिसाबले एउटै स्तरका हुँदैनन् । एउटै उमेरका भए पनि फरक फरक स्तरका विद्यार्थीलाई शिक्षण सिकाइमा सहभागी गराउन धेरै समस्याहरू आउन सक्छन् । त्यस्तो अवस्थामा शिक्षक धैर्यवान् र सहनशील भएर प्रस्तुत हुनुपर्छ । यो उसको व्यक्तिगत गुण हो । कोही पढाएको कुरा एक पटकमा बुझ्ने हुन्छन् तर कोही भने एउटै विषयलाई धेरै पटक बुझाउनुपर्ने हुन सक्छ । एक किसिमले नभए अर्को किसिमले बुझाउन पनि सक्नुपर्छ । यस्तो अवस्थामा शिक्षक धैर्य भएर शिक्षण गर्नुपर्छ ।

### (ऊ) प्रेम र सहानुभूति

शिक्षकमा प्रेम, माया तथा सहानुभूति दिन सक्ने गुण हुनुपर्छ । यसले आफ्नो विद्यार्थीलाई प्रेम र स्नेहपूर्ण ढङ्गले पढाउँछ । विद्यार्थीले पनि उसैलाई हितैषी ठान्छन् । आदर गर्छन् । भनेको मान्छन् । गर्न दिएको काम गर्छन् । नजानेको कुरा विद्यार्थीले सहज ढङ्गले सोध्ने वातावरण पनि त्यो अवस्थामा मात्र हुन्छ जब शिक्षक र विद्यार्थीबिच मायालु र सद्भावपूर्ण सम्बन्ध हुन्छ । यी दुईबिचमा डरत्रासको वातावरण रहनु हुँदैन । बिनाहिच्किचाहट आफ्नो विचार राख्न सक्ने अवस्था बनाउनुपर्छ । यसका लागि शिक्षकमा प्रेम र सहानुभूति हुन जरुरी छ ।

### (ऋ) आत्मविश्वास तथा दृढ इच्छाशक्ति

शिक्षकमा आफ्नो विषयप्रति पूर्ण विश्वास हुनुपर्छ । शिक्षकमा आत्मविश्वास कम भएमा विद्यार्थीमा द्विविधा उत्पन्न भई कक्षामा गरिएको शिक्षण प्रभावकारी हुन सक्दैन । त्यस्तै शिक्षकमा दृढ इच्छाशक्ति पनि हुनुपर्छ । इच्छाशक्तिले मानिसलाई सिर्जनशील, प्रगतिशील र परिवर्तनशील बनाउँछ । नयाँ नयाँ कामको थालनी गर्ने जाँगर चल्छ । शिक्षकको यस्तो अवस्थाले विद्यार्थीलाई पढाइमा प्रेरित गर्न मदतपुग्छ । शिक्षक आफैँमा इच्छाशक्ति कम भयो भने उसले अरूलाई जागरुक गर्न सक्दैन । त्यसैले आफ्नो विषयवस्तुमा आत्मविश्वास र केही गर्नुपर्छ भन्ने दृढ इच्छाशक्ति हुन असल शिक्षकको महत्त्वपूर्ण गुण हो ।

### (ए) नैतिक तथा चरित्रवान्

हरेक समाजलाई आफ्नै मूल्य र मान्यताले बाँधेको हुन्छ । शिक्षक पनि त्यही मूल्यमा नैतिक तथा चरित्रवान् हुन जरुरी छ । समाजका हितका लागि बनेका मूल्यमान्यतामा अडिग भएर इमानदारीसाथ आफ्नो कर्मक्षेत्रमा लाग्नु असल शिक्षकको धर्म हो । शिक्षक समाजको पनि मार्गदर्शक हो । त्यसैले ऊ चरित्रवान् हुन जरुरी छ । नैतिकवान्, चरित्रवान्, कामप्रति निष्ठा, लगनशील, न्यायप्रेमी, निष्पक्षता यी सबै गुणहरू शिक्षकमा भयो भने मात्रै विद्यार्थीले पनि त्यही आचरणको अनुकरण गर्छन् साथै असल व्यक्ति बन्छन् ।

### (ऐ) मौलिकता

प्रत्येक व्यक्तिमा रहेको भिन्न मानिने गुण मौलिकता हो । त्यस्तै शिक्षकमा पनि मौलिकता हुनुपर्छ । समयअनुसार कक्षामा कस्तो क्रियाकलाप प्रभावकारी हुन्छ भन्ने कुरा सोच्न सक्ने हुनु मौलिकता हो । शिक्षकमा रहेको यो मौलिकताले शिक्षकलाई सिर्जनशील बनाउँछ । नयाँ सिर्जनाले विद्यार्थीलाई पनि प्रभाव पार्छ । त्यसैले शिक्षकमा हुनुपर्ने गुणहरूमा मौलिकता पनि हो ।

### (ख) पेसागत गुणहरू

शिक्षक एक पेसागत व्यक्ति हो । उसको मुख्य व्यवसाय वा पेसा अध्ययन र अध्यापन हो । आफ्नो पेसा राम्ररी सञ्चालन गर्न व्यक्तिमा पेसागत गुण राम्रो हुनका साथै प्राज्ञिक पक्षको ज्ञान हुन आवश्यक छ । शिक्षकमा विषयवस्तु, बालमनोविज्ञान, सामाजिक र शैक्षिक अवस्था, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया आदिको ज्ञान हुन पर्छ । शिक्षकमा हुनुपर्ने पेसागत गुणहरूलाई तल प्रस्तुत गरिएको छ :

### (अ) विषयवस्तुको राम्रो ज्ञान

शिक्षकले आफूले पढाउनुपर्ने विषयमा गहिरो जानकारी राख्नुपर्छ । विषयवस्तुको ज्ञानविना आफूमा भएको सिप र कलाले काम गर्न सक्दैन । एउटा अयोग्य चिकित्सक रोगीका लागि खतरनाक हो भने अयोग्य शिक्षक सिङ्गो राष्ट्रका लागि नै खतरनाक हुन सक्छ । शिक्षकलाई अनुसरण गर्ने विद्यार्थीहरू नै भोलि देशका जिम्मेवार ठाउँमा पुगेर देश बनाउने हुन्छन् । त्यसैले एक असल शिक्षकमा अध्यापन गर्नुपर्ने विषयको राम्रो ज्ञान हुन जरुरी छ ।

### (आ) शिक्षण कौशल

असल शिक्षकको अर्को महत्त्वपूर्ण गुण शिक्षण कौशल हो । विषयवस्तुको ज्ञान भएर मात्र हुँदैन, त्यो ज्ञान विद्यार्थीसामु पुऱ्याउने कौशलता हुन जरुरी छ । समयअनुसार परिवर्तन हुँदै गएका नयाँ नयाँ शिक्षण प्रविधि आत्मसात् गर्दै विद्यार्थीलाई अध्ययनमा अभिप्रेरित गर्नुपर्छ । विद्यार्थीमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउन शिक्षकमा राम्रो शिक्षण कौशल हुन जरुरी छ ।

### (इ) बालमनोविज्ञानको ज्ञान

शिक्षकमा हुनुपर्ने अर्को महत्त्वपूर्ण गुण बालमनोविज्ञानको ज्ञान हो । शिक्षकले बालकको स्तर, इच्छा, रुचि, प्रकृति र प्रवृत्तिहरूको जानकारी राख्नुपर्छ । बालकको मनोविज्ञानको ज्ञान राख्न नसक्ने शिक्षकले राम्रो शिक्षण गर्न सक्दैन । शिक्षकले बालकको मनोविज्ञानका आधारमा विषयवस्तुको छनोट, उपयुक्त शिक्षण विधिको अवलम्बन र शिक्षण प्रक्रिया अपनाई आफ्नो शिक्षणलाई व्यवस्थित बनाउन सक्छ ।

### (ई) शिक्षा पद्धतिको ज्ञान

शिक्षकले देशमा लागु भएको शिक्षा पद्धतिको विभिन्न पक्षहरूको जानकारी राख्नुपर्छ । समय समयमा परिवर्तन हुने शिक्षाका राष्ट्रिय उद्देश्यहरू, सक्षमताहरू, पाठ्यक्रम, मूल्याङ्कन र परीक्षा प्रणालीका बारेमा शिक्षक जानकार हुनुपर्छ । शिक्षकले शिक्षण पद्धति र यसभित्रका नीति नियम एवम् प्रक्रियाको ज्ञानबाट मात्र आफ्नो शिक्षणलाई उपलब्धिमूलक बनाउन सक्छ ।

### (उ) उत्तरदायित्व बोध

असल शिक्षकमा उत्तरदायित्वको बोध हुनुपर्छ । आफ्नो उत्तरदायित्व बोध गरी पेसाप्रति निष्ठावान् बनी सकारात्मक सोच राखी शिक्षण गर्नुपर्छ । कुनै शिक्षक आफ्नो पेसाप्रति गर्व महसुस गर्न नसके ऊ कामप्रति लगनशील हुन सक्दैन । कर्तव्यनिष्ठ भएर काम नगर्ने शिक्षकमा उत्तरदायित्व बोध हुने कुरै भएन । शिक्षक विद्यालयप्रति र खासगरी विद्यार्थीको पठनपाठनप्रति उत्तरदायी हुन जरुरी छ । उत्तरदायी शिक्षकले मात्र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्छ ।

### (ऊ) शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान

शिक्षकमा नयाँ नयाँ शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान हुनुपर्छ । विषय वा पाठको प्रकृति, बालकको सिक्ने क्षमता र समग्र शिक्षण वातावरणको ज्ञानबाट उपयुक्त शिक्षण विधि अपनाउनुपर्छ । यसका लागि विभिन्न शिक्षण विधिहरूको ज्ञान एक असल शिक्षकमा हुनुपर्छ । विषयवस्तुअनुसार शिक्षण सामग्रीहरू कसरी प्रयोग गर्ने ? कुन उद्देश्यका लागि कुन सामग्री प्रयोग गर्ने भन्ने कुराहरूको जानकारी हुनुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पाठ्यवस्तुको माध्यमबाट पूरा गर्नका लागि शिक्षण सामग्रीको उचित चयन गर्न सक्नुपर्छ । शिक्षकमा स्थानीय स्तरमा पाइने सस्तो र सरल सामग्री तयार गर्ने ज्ञान तथासिप पनि हुनुपर्छ ।

### (ऋ) जिज्ञासु र अध्ययनशील

शिक्षक सधैँ जिज्ञासु र अध्ययनशील हुनुपर्छ । दिनदिनै नयाँ नयाँ कुराहरूको खोज अनुसन्धान भइरहेको हुन्छ । जिज्ञासु र अध्ययनशील स्वभावले मात्र यस्ता कुराहरूमा शिक्षक जानकार हुन सक्छ । हरेक क्षेत्रमा भएका खोज अनुसन्धानहरूका बारेमा चासो राख्नुपर्छ । पाठ्यक्रमको उद्देश्यअनुसार पाठ्यपुस्तकमा मात्र सीमित नरही शिक्षकले प्रशस्त सन्दर्भ पुस्तकहरू र अन्य सामग्रीहरू अध्ययन गर्नुपर्छ ।

### (ए) प्रयोग र अनुसन्धानमा दक्षता

शिक्षक प्रयोगकर्ता र अनुसन्धानकर्ता पनि हो । विज्ञान, गणित, कम्प्युटर विज्ञानजस्ता विषयमा प्रयोगको ठुलो महत्त्व हुन्छ । सम्बन्धित विषयको शिक्षण व्यावहारिक रूपमा कसरी गर्न सकिन्छ भन्ने कुरा सधैँ चिन्तन गर्नुपर्छ । शिक्षण क्षेत्रमा भएका प्रभावकारी प्रयोग र अनुसन्धानको अध्ययन मात्र होइन, आफैँ पनि प्रयोग

र अनुसन्धान गर्ने कुरामा निपुण हुनुपर्छ । यसबाट शिक्षक आफू पनि एउटा अनुसन्धानकर्ता बन्न सक्छ र विद्यार्थीहरूमा पनि केही नयाँ खोज गर्ने बानीको विकास हुन्छ ।

### (ऐ) सिकाइ प्रक्रियाको ज्ञान

विद्यार्थीलाई आफूमा भएको ज्ञान सिकाउनु मात्र होइन, उसभित्र रहेको प्रतिभा बाहिर निकाल्न शिक्षकले सहजकर्ताको भूमिका खेल्नुपर्छ । शिक्षकमा बालकलाई सिकाइप्रति प्रेरित गर्न सिकाइ प्रक्रियाको ज्ञान हुन जरुरी छ । परम्परागत शिक्षण विधिमा विद्यार्थीलाई सुगा रटाइ गरिन्थ्यो । अहिले त्यो विधिभन्दा अन्य विधिहरूको अनुसन्धान र विकास भएका छन् । त्यसको जानकारी शिक्षकले राख्नुपर्छ । सिकाइ प्रक्रिया गलत भयो भने विद्यार्थीले सिक्नुपर्ने कुराहरू सिक्न सक्दैनन् । शिक्षकले विद्यार्थीकेन्द्रित शिक्षणमा जोड दिनुपर्छ । त्यसैले एक सफल शिक्षक हुन सिकाइका नियमहरू, प्रक्रिया र सूत्रहरूको ज्ञान हुनुपर्छ ।

### (ओ) पाठ्यान्तर क्रियाकलापको ज्ञान

असल शिक्षकका पेसागत गुणहरूअन्तर्गत पाठ्यान्तर क्रियाकलापको ज्ञान राख्नु पनि महत्त्वपूर्ण गुण हो । एउटा शिक्षकले शिक्षण सिकाइका साथै पाठ्यान्तर क्रियाकलापमा पनि विद्यार्थीलाई सहभागी गराउने क्षमता राख्न सक्नुपर्छ । यस्तो क्रियाकलापको अभावमा विद्यार्थीको व्यक्तिगत विकास हुन सक्दैन । सबै व्यक्तिको रुचि एउटै हुँदैन । उनीहरूको रुचि पहिचान गरी सही मार्गदर्शन गर्नका लागि शिक्षकमा विभिन्न सहक्रियाकलापका साथै पाठ्यान्तर क्रियाकलाप गर्न सक्ने ज्ञान र सिप हुन जरुरी छ ।

## (ग) सामाजिक गुणहरू

शिक्षक समाजका अन्य व्यक्तिहरूसरह एक सामाजिक प्राणी हो । उसले समाजका मूल्यमान्यतामा आफूलाई असल व्यक्ति बनाउन कोसिस गर्नुपर्छ । त्यसैले समाजअनुकूल आचरण गर्नु, समाजका समष्टि रूपमा रहेका संस्कृति तथा मूल्यमान्यताको पालना गर्नु एउटा शिक्षकको कर्तव्य हो । शिक्षक समाजको सचेत व्यक्ति पनि हो । उसले सम्पूर्ण बालबालिकाको भविष्य निर्धारण गर्ने अभिभारा लिएको हुन्छ । आफू जलेर अरूलाई उज्यालो दिने मैनबत्तीको उदाहरण पाएको शिक्षकले आफ्ना सामाजिक गुणहरूको पनि विकास गर्नुपर्ने हुन्छ । यहाँ केही सामाजिक गुणहरूको चर्चा गरिएको छ :

### (अ) पक्षपातरहित

विद्यार्थीहरूका बिचमा हुने पक्षपात उनीहरूको बौद्धिक विकासको ठुलो बाधक हो । विद्यालयमा विभिन्न समुदाय र विभिन्न पृष्ठभूमिका विद्यार्थीहरू आउँछन् । उनीहरूलाई शिक्षकले कुनै पनि किसिमको पक्षपातपूर्ण व्यवहार गर्नु हुँदैन । विद्यार्थीले उनीहरूमाथि भइहेको व्यवहारमा असमानता र पक्षपात थोरै पनि महसुस गराउनु हुँदैन । यदि त्यस्तो हुन गएमा शिक्षकप्रतिको श्रद्धा विद्यार्थीमा रहँदैन र सिकाउन खोजिएको कुरा पनि

विद्यार्थीले सिक्न सक्दैनन् । शिक्षक विद्यार्थीको शारीरिक, बौद्धिक, मनोवैज्ञानिक वा सामाजिक दृष्टिकोणबाट देखिने विविधता वा फरक क्षमताप्रति पक्षपातरहित हुनुपर्छ ।

### (आ) स्पष्ट वक्ता

शिक्षकमा हुनुपर्ने सामाजिक गुणमा स्पष्ट वक्ता पनि हो । विद्यार्थी वा अभिभावक जोसँग भए पनि कुनै छलकपट नराखी आफ्ना विचारहरू स्पष्ट रूपमा राख्न सक्ने हुनुपर्छ । सहीलाई सही र गलतलाई गलत भन्न सक्नुपर्छ । यसबाट विद्यार्थीहरूको पनि सही गलत निर्णय गर्ने बानीको विकास हुन्छ । आफ्नो कुरालाई अरूको अगाडि प्रस्तुत गर्ने क्षमताको विकास हुन्छ ।

### (इ) सेवा र सहयोगी भावना

शिक्षक विद्यार्थीको नजिकको साथी पनि हो । शिक्षण सिकाइमा कठिनाइ महसुस भएको बेला शिक्षक निस्वार्थ ढङ्गले सहयोग गर्ने हुनुपर्छ । कहिलेकाहीँ सानो समस्याले पढाइमा बाधा पुऱ्याइरहेको हुन्छ, । त्यस बेला शिक्षकले सहयोगीको भूमिका निर्वाह गरेर विद्यार्थीलाई सिक्न मदत गर्नुपर्छ । शिक्षक समाजको एक जिम्मेवार सदस्य हो । त्यसैले  ऊ विद्यार्थीका लागि मात्र होइन समाजका लागि सहयोगी हुनुपर्छ । शिक्षकमा अशक्तहरूप्रति सेवाको भावना राख्ने हुनुपर्छ ।

### (ई) मानवीय सम्बन्ध कायम गर्ने सिप

शिक्षकमा विद्यार्थी, अभिभावक तथा समाजका अन्य मानिसहरूसित मानवीय सम्बन्ध कायम गर्ने सिप हुनुपर्छ । सहयोगी भाव, सेवाको भाव, आत्मीयता जस्ता गुणले शिक्षकलाई समुदायमा घुलमिल हुन मदत गर्छ । अभिभावकसँगको राम्रो सम्बन्धले विद्यार्थीको समस्याका बारेमा थाहा पाउन र समस्या समाधान गर्न मदत गर्छ । विद्यार्थीसँग राम्रो सम्बन्ध राख्ने गुणले शिक्षकलाई उसको शिक्षणमा सकारात्मक प्रभाव पार्छ ।

### (उ) क्रियाशील

शिक्षक क्रियाशील हुनुपर्छ । शिक्षक विद्यार्थीको अनुकरणीय व्यक्ति हो । त्यसैले शिक्षकका हरेक गुणहरू विद्यार्थीले अनुकरण गर्न सक्छन् । क्रियाशील शिक्षक समुदायको उदाहरणीय व्यक्ति बन्न सक्छ । क्रियाशील शिक्षक जागरुक र जिज्ञासु हुन्छ । ऊ केही न केही नयाँ कुराको सिर्जना गर्ने स्वभावको हुनुपर्छ ।

### (ऊ) विनोदप्रिय

विनोदप्रिय मनोरञ्जन वा ख्यालठट्टा गर्ने स्वभाव हो । शिक्षक विनोदप्रिय हुन जरुरी छ । विद्यार्थीले त्रासपूर्ण वातावरणमाभन्दा मनोरञ्जनात्मक तरिकाले विभिन्न उदाहरण दिएर पढाएको रुचाउँछन् । शिक्षकको यस्तो स्वभावले कुनै पनि विद्यार्थीले आफ्नो प्रतिभा दबाएर राख्नुपर्ने अवस्था आउँदैन । अत: शिक्षकको स्वभाव रुखो नभई विनयशील हुनुपर्छ । विनयशील शिक्षकले समाजमा नै प्रभाव पार्न सक्छ ।  शिष्ट र नम्र व्यवहारले

सबैसँग राम्रो सम्बन्ध कायम गर्न सक्छ । विद्यार्थीलाई सकारात्मक सोचको विकास गर्न पनि शिक्षक विनयशील हुनुपर्छ ।

### (ऋ) नेतृत्व लिन सक्ने क्षमता

शिक्षकमा नेतृत्व लिन सक्ने क्षमता हुन जरुरी छ । विद्यार्थीलाई सही मार्गमा डोऱ्याउन, उनीहरूलाई सामूहिक कार्यमा सहभागी गराउन तथा सिर्जनशील क्रियाकलापमा सहभागी गराउन नेतृत्व गर्न सक्नुपर्छ । कक्षा व्यवस्थापनका लागि र आफूले भन्न चाहेका कुराहरू विद्यार्थीसामु भन्न पनि नेतृत्व शक्ति चाहिन्छ । शिक्षकले विद्यार्थीमा अन्तर्निहित प्रतिभाको पहिचान गरी सही मार्गदर्शन गर्न सक्ने नेतृत्वदायी  क्षमता हुनुपर्छ ।

### (ए) समुदायको ज्ञान

समुदायको रहनसहन, चालचलन, रीतिरिवाज, आर्थिक स्तर, सामाजिक अवस्था, संस्कृति र परम्पराहरू फरक फरक हुन्छन् । ती सबैको ज्ञान शिक्षकले राख्न सक्नुपर्छ । विद्यालयमा आउने विद्यार्थीहरू विभिन्न समुदायका हुन्छन् । उनीहरूलाई बुझ्नका लागि पनि समुदायको ज्ञान हुन जरुरी छ । समुदायका सबै मानिसहरूसँग सम्बन्ध कायम गरी काम गर्न सक्ने क्षमता राख्नुपर्छ ।

### (ऐ) धेरै विषयको ज्ञाता

शिक्षक एक भए पनि अनेक रुचि भएका विद्यार्थीलाई मार्गदर्शन गर्नुपर्ने भएकाले ऊ धेरै विषयको ज्ञाता हुन जरुरी छ । विद्यार्थी आफ्नो शिक्षक सबै विषयमा पोख्त होओस् भन्ने चाहन्छन् । त्यो इच्छा पूरा गरी विद्यार्थीको मनोबल उच्च राख्न शिक्षकमा यस्तो गुण हुन आवश्यक छ । सबै किसिमको रुचि र क्षमताको कदर गर्दै शिक्षणलाई सफल बनाउन शिक्षकमा यो गुण हुन आवश्यक छ । एउटै शिक्षकमा सबै विषयको गहन क्षमता नभए तापनि आवश्यक ज्ञान हुन भने जरुरी छ ।

शिक्षकमा सम्बन्धित विषयको गहन र अद्यावधिक ज्ञान हुनुपर्दछ । शिक्षण सिकाइका विभिन्न तौरतरिका र नवीनतम शिक्षण प्रविधिको जानकारी हुनुपर्दछ । उसमा बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासको अवस्थाको जानकारी राख्ने, उनीहरूमा भएको पूर्व ज्ञानको आकलन गर्ने, उनीहरूको वैयक्तिक भिन्नता र विशेष आवश्यकताको सम्बोधन गरी उनीहरूको सिकाइमा सहजीकरण गर्ने सक्षमता हुनु आवश्यक छ । शिक्षकले नयाँ नयाँ ज्ञान सिपको विकासका लागि अध्ययन अनुसन्धान गर्ने, आफ्नो विषय क्षेत्रमा भएका अध्ययन अनुसन्धान र नवप्रवर्तनहरूको जानकारी राख्ने, आफूले गरेका कामको स्वप्रतिविम्बन (Self-reflection) गर्ने र सहकर्मी, विद्यार्थी तथा अभिभावकहरूसँग छलफल, अन्तरक्रिया र सञ्चार गर्ने गर्नुपर्दछ । सिकाइका लागि जीवन पर्यन्त र निरन्तररूपमा  प्रयत्नशील रहने गर्नुपर्दछ । शिक्षण सिकाइका लागि आवश्यक र उपयोगी सूचना तथा सञ्चारका साधनहरूको प्रयोग गर्ने दक्षताको विकास गर्नुपर्दछ । कार्यान्वयनमा रहेका प्रचलित ऐन कानुन, आचार संहिता, पदीय मर्यादा र आदर्श पेसागत आचरणको जानकारी राख्नुका साथै सो अनुकूल व्यावहार प्रदर्शन गर्दै आफ्नो जिम्मेवारी र उत्तरदायित्व वहन गर्न सक्षम हुनुपर्दछ ।

## ८.२. शिक्षकको काम र कर्तव्य (Duties and Responsibilities of Teacher)

जिम्मेवारी लिने हरेक व्यक्ति वा पदाधिकारीको काम कर्तव्य हुन्छन् । उनीहरूले आफूले पाएको अधिकारसँगै काम र कर्तव्य पनि पालना गर्नुपर्छ । आफ्नो पेसाप्रति बफादार भई काम गर्नु र सङ्घीय, प्रादेशिक तथा स्थानीय निकायका शिक्षा ऐन, नियमावली, नियम, विनियममा दिएका निर्देशनहरूको पालना गर्नु शिक्षकको कर्तव्य हो । शिक्षकको प्रमुख कार्य कक्षाकोठामा इमानदारीपूर्वक उपयुक्त ढङ्गले विषयवस्तु विद्यार्थीलाई प्रदान गर्नु हो । विद्यालयमा उपयुक्त वातावरणको सिर्जना गरी पठनपाठन प्रक्रियालाई व्यवस्थित, योजनाबद्ध र व्यावहारिक बनाउने जिम्मा शिक्षकको हो । कक्षामा वा प्रयोगशालामा विद्यार्थीलाई प्रभावकारी शिक्षण गर्नु उसको कर्तव्य हो ।

पाठ्यपुस्तक, शैक्षिक सामग्री र कक्षाकोठाको वातावरण सही ढङ्गले व्यवस्थित गर्न शिक्षकको भूमिका हुन्छ । शिक्षक विद्यार्थीप्रति सधैँ सकारात्मक भएर यसलाई मार्गदर्शन गर्न सक्नुपर्छ । यसका साथै अभिभावकसँगको सम्बन्ध सुमधुर बनाउने जिम्मा पनि शिक्षककै रहन्छ । आफ्नो जागिर गर्ने मात्र होइन शिक्षण सिकाइ कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरामा शिक्षक दत्तचित्त भएर लाग्नुपर्छ । शिक्षक पनि आफ्नो पेसाप्रति बफादार भई सन्तुष्ट हुन सक्यो भने मात्र विद्यार्थीलाई सही मार्गदर्शन गर्न सक्छ । आफ्नो पेसाप्रति गर्व गर्दै उच्च मनोवलका साथमा समयअनुसार आफूलाई परिवर्तन गर्दै काम गर्नुपर्छ । यसरी हेर्दा मूलतः शिक्षण पेसामा शिक्षकले निम्नानुसारका काम र कर्तव्य पूरा गर्नुपर्छ :

(क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु

(ख) शिक्षण कार्यलाई रुचिपूर्ण र रमाइलो मान्नु

(ग) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र इमानदारीलाई प्रोत्साहन दिनु

(घ) विद्यालयमा काम गर्दा गर्दै अरू थप जिम्मेवारी वहन गर्नुपर्ने भए तयार हुनु

(ङ) सकारात्मक सोच र सेवाको भाव राख्नु

(च) पेसागत छलफल, गोष्ठी, बैठक अन्तरक्रिया कार्यक्रममा उत्सुकताका साथ सहभागी हुनु

(छ) सहकार्यमा सधैँ विश्वास गर्नीम होइन हामी भन्ने भावना राख्नु

(ज) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना नदिई सकारात्मक व्यवहार गर्नु

निष्कर्षमा शिक्षक पेसागत, व्यक्तिगत र सामाजिक गुणले युक्त हुनुपर्छ । शिक्षक आदर्श र प्रेरणाको स्रोत बन्न सक्नुपर्छ । शिक्षक कक्षाकोठामा मात्र सीमित हुने व्यक्ति होइन । देशका हरेक क्षेत्रमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने व्यक्ति भएको हुनाले शिक्षक समाजको नमुना व्यक्ति बन्नुपर्छ ।

## ८.३. शिक्षकको आचार संहिता (Code of Teacher)

आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्नका लागि निश्चित नियमहरू पालना गर्नुपर्छ । राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था शिक्षण पेसामा पनि हुनुपर्छ । शिक्षकमा हुनुपर्ने विभिन्न गुण, काम, कर्तव्यलाई लिएर शिक्षा नियमावली, २०५९ को आठौँ संशोधन २०७१ ले शिक्षकले पालना गर्नुपर्ने आचार संहिताको व्यवस्था गरेको छ, जो निम्नानुसार छन् :

(क) निर्धारित समयमा नियमित रूपमा आए गएको समय जनाई हाजिर हुनुपर्ने

(ख) आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न प्रयत्न गर्न नहुने

(ग) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनुपर्ने

(घ) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सत्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने

(ङ) कुनै भाषा समुदाय तथा धर्मविरोधी भावना अन्य शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने

(च) विद्यालयमा शिक्षकले व्यवस्थापन समिति वा शिक्षा अधिकारीको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालयबाहिर काम गर्न नहुने

(छ) विद्यायलय वा शैक्षिक संस्थाका माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउने काम गर्नुपर्ने

(ज) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशमा शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा र विरोध हुने गरी प्रदर्शन, थुनछेक तथा घेराउ गर्न नहुने

उक्त आचार संहिता पालना भए नभएका बारेमा अभिलेख राख्नका लागि शिक्षा नियमावलीमा शिक्षकका लागि प्रधानाध्यापक र प्रधानाध्यापकका हकमा व्यवस्थापन समितिलाई तोकिएको हुन्छ । शिक्षकहरूले उक्त आचार संहिता पालना नगरेको भए त्यसको विवरण सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था शिक्षा नियमावलीले गरेको छ ।

## ८.४. शिक्षकका पेसागत समस्या र सामाधान (Teachers' Professional Problems and Solution)

शिक्षण पेसालाई एक आदर्श पेसा मानिन्छ । विकसित राष्ट्रमा शिक्षकलाई राज्य र समाजले उच्च सम्मान गरेको पाइन्छ, यो विषयमा हाम्रो देशमा निरासाजनक अवस्था छ । यद्यपि यसमा पनि क्रमिक सुधार आएको

देखिन्छ । तथापि यो पेसा पनि समस्याबाट टाढा रहन सकेको छैन । विज्ञान र प्रविधिमा आएको नवीनतम परिवर्तनले नेपालका धेरै जसो विद्यालयका शिक्षकहरूले निकै समस्या भोग्नुपरेको छ । सबै शिक्षकहरू विज्ञान र प्रविधिसँग परिचित छैनन् । सहरी क्षेत्रका विद्यालयहरूमा प्रविधिको सही सदुपयोग गर्न नसक्ता पनि समस्या नै देखिएको छ । सामाजिक सञ्जालबाट विद्यार्थीहरू आफ्नो अध्ययनभन्दा अन्य काममा व्यस्त हुन्छन् । फोन मोबाइलको प्रयोगले विद्यार्थीहरूमा एकोहोरोपनको विकास भई साथीभाइ, परिवार र समाजसँग घुलमिल हुन नसक्ने समस्या बढ्दै गएको छ । यसले विद्यार्थीको शिक्षण सिकाइमा पर्ने नराम्रो प्रभावले शिक्षण पेसा चुनौतिपूर्ण बनेको छ ।

शिक्षक तालिमको व्यवस्था राम्रै भए पनि कक्षासम्म पुर्‍याउने वातावरण नबन्दा कक्षा क्रियाकलापहरू सन्तोषजनक हुन नसकेको देखिन्छ । कतै विद्यार्थीको चाप बढी, कतै अति न्यून रहेको अवस्थाले पनि कक्षाकोठाको व्यवस्थापनमा धेरै समस्या छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू नियमित रूपमा कक्षामा उपस्थित नहुने र कक्षा बिचमै छोड्ने समस्या पनि देखिन्छ । त्यसै गरी शिक्षकहरूमा पाठ्यक्रमको ज्ञान कम हुनु, सबै विद्यालयमा पाठ्यपुस्तकहरू समयमा नपुग्नु अनि कोर्स पूरा गर्न नसक्नु, नियमित पठनपाठन नहुनु आदि समस्याहरू छन् । यिनै कारणले नतिजा कमजोर हुनु शिक्षण पेसाको सम्मानमा कमी आउनु, सामुदायिक विद्यालयका शिक्षकहरूको शिक्षण पेसामा देखिएका समस्याहरू हुन् ।

नेपालको शिक्षामा दोहोरो नीति रहेका कारण शिक्षकका पेसागत समस्याहरू धेरै छन् । सामुदायिक र निजी विद्यालय वा सरकारी र संस्थागत विद्यालय भनेर सञ्चालनमा रहेका विद्यालयहरूमा शिक्षकले पाउने सेवासुविधामा एकरूपता छैन । सामुदायिक विद्यालयका शिक्षकले सामना गर्नुपर्ने समस्या निजी विद्यालयका शिक्षकका पनि समस्याहरू हुन् । यसका साथै निजी विद्यालयमा कार्यरत शिक्षकले पाउने सेवासुविधा उनीहरूको अर्को समस्या हो । व्यक्तिगत रूपमा धेरै पुँजी लगानी गरी सोहीमुताबिकका भौतिक पूर्वाधार तयार गरेर पढाइ हुने केही निजी विद्यालयमा पढाउने शिक्षकले राम्रै सेवासुविधा पाएका छन् । कुनै निजी विद्यालय भने सामान्य ढङ्गले थोरै शुल्क उठाएर चलाएका हुन्छन् । जहाँ शिक्षकको तलब सरकारी विद्यालयका तुलनामा ज्यादै कम हुन्छ । निजी विद्यालय सञ्चालकहरू शिक्षकका सेवा र सुरक्षाप्रति खासै संवेदनशील देखिँदैनन् । उनीहरूको सेवासुविधाका लागि सरकारले पनि नीति नियममा सुधार र कार्यान्वयनमा उचित ध्यान दिन सकेको छैन ।

शिक्षण पेसामा देखिएका समस्याहरू समाधानका लागि केही उपायहरू तल प्रस्तुत गरिएको छ :

(क) स्थानीय स्रोत र साधन परिचालन गरी स्वदेशमै रोजगार सिर्जना हुने किसिमको पाठ्यक्रम बन्नुपर्ने

(ख) प्रत्येक ठाउँका विद्यालयहरूमा पाठ्यपुस्तक समयमै पुर्‍याउनुपर्ने

(ग) सबै शिक्षकले शिक्षण प्रविधिहरूको ज्ञान राख्नुका साथै उनीहरूलाई प्रयोग गर्ने वातावरण बन्नुपर्ने

(घ) प्रविधिमैत्री शिक्षणको प्रयोग गर्नुपर्ने

(ङ) प्रभावकारी कक्षाकोठा व्यवस्थापनका उपायहरू अवलम्बन गर्नुपर्ने

(च) विद्यार्थी नियमित उपस्थित गराउने वातावरण तयार गर्नुपर्ने

(ज) शिक्षक तालिमलाई कक्षाकोठासम्म पुऱ्याउने वातावरण बनाउनुपर्ने

(झ) विद्यालयको भौतिक र शैक्षिक वातावरणमा ध्यान दिनुपर्ने

(ञ) शिक्षकलाई व्यवहारमूलक तालिम दिनुपर्ने

## सारांश

शिक्षकमा विषयवस्तुको राम्रो ज्ञान भएर मात्र हुँदैन । ऊ भित्र असल गुणहरू पनि हुनुपर्छ । शिक्षक असल हुन व्यक्तिगत, पेसातगत र सामाजिक गुणहरू हुनुपर्छ । यी गुणहरू भएका शिक्षकले मात्र आफ्नो काम र कर्तव्य पूरा गर्न सक्छ । शिक्षण पेसा आदर्श पेसा हो तापनि यो समस्याबाट टाढा रहन सकेको छैन । उक्त समस्या हल गर्नका लागि सरकारले उचित नीतिनियम बनाई कार्यान्वयन गर्नुपर्छ । सामुदायिक विद्यालयहरूमा विद्यार्थी नियमित गर्न उचित कार्यक्रमको व्यवस्था गर्नुपर्छ । निजी विद्यालयका सञ्चालकहरूले पनि शिक्षकका समस्याहरू सम्बोधन गर्नका साथै विद्यालयका भौतिक पूर्वाधारहरू सुधार गर्नुपर्छ । शिक्षकहरूले पनि आफ्नो शिक्षण कौशल समयअनुसार परिवर्तन गर्दै जान जरुरी छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस्:

(क) शिक्षकको अर्थ के हो ?

(ख) असल शिक्षकका गुणहरूलाई कति भागमा वर्गीकरण गरिएको छ ? ती के के हुन् ?

(ग) शिक्षकको राम्रो स्वास्थ्य हुन के गर्नुपर्छ ?

(घ) शिक्षकको आचार संहिता भनेको के हो ?

(ङ) शिक्षण कौशल भनेको के हो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

(क) शिक्षकका व्यक्तिगत गुणहरू के के हुन् ?

(ख) शिक्षामा किन सामाजिक गुणहरू हुनुपर्छ ?

(ग) शिक्षकका कुनै पाँचओटा काम कर्तव्य लेख्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :

(क) शिक्षकमा व्यक्तिगत गुणहरू नभएमा शिक्षण प्रभावकारी हुन सक्दैन । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) शिक्षकका पेसागत गुणहरूको वर्णन गर्नुहोस् ।

(ग) शिक्षकका पेसागत समस्याहरू कसरी समाधान गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।

## प्रयोगात्मक कार्य

तपाईंको समुदायमा रहेको कुनै विद्यालयका अभिभावकसँग भेटेर उनीहरूले कस्तो शिक्षक चाहँदारहेछन् भन्ने विषयमा शिक्षकको सहायताबाट प्रश्नावली तयार गरी प्रश्नहरू सोध्नुहोस् । उनीहरूले दिएको उत्तरका आधारमा शिक्षकको जिम्मेवारी शीर्षकमा एउटा प्रतिवेदन तयार गर्नुहोस् । उक्त प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ ९

# विद्यालयमा सञ्चालन गरिने पाठ्यान्तर क्रियाकलापहरू
(Co Curricular Activities in School)

## परिचय (Introduction)

यस एकाइमा विद्यालयमा सञ्चालन गर्नुपर्ने पाठ्यक्रमसँग प्रत्यक्ष रूपमा सम्बन्धित शिक्षण, सहजीकरण र सिकाइका क्रियाकलापका अतिरिक्त विशेष गरी समुदायसँग सम्बन्धित क्रियाकलापहरूका बारेमा चर्चा गरिएको छ । विद्यालयले सञ्चालन गर्ने पाठ्यान्तर क्रियाकलापहरूको वर्णन र त्यसबाट हुने फाइदा जस्ता विषयवस्तु समावेश गरिएको छ । बालबालिकालाई आफू बसेको समुदायमा हुने सामुदायिक क्रियाकलापमा समावेश गर्नुपर्ने, समुदायमा हुने मेला, पर्व, उत्सव आदिमा भाग लिन दिनुपर्नेमा जोड दिइएको छ । विद्यालयमा आवश्यक प्रविधि तथा विद्यालय विकासमा सहकार्य गर्ने सामाजिक सङ्घसंस्थाको भूमिकालाई समेत यस एकाइमा समावेश गरिएको छ ।

## ९.१ विद्यालय समुदाय अन्तरक्रिया/छलफल (School Community Interaction/ Discussion)

विद्यालय समुदायको अङ्ग हो । विद्यालयले समाजलाई पूणता प्रदान गर्न मदत पुऱ्याउँछ । समाज विकासका आधार शिक्षा हो भने शिक्षा विकासका आधार विद्यालय हो । समाजभित्र रहेको एउटा खास पेसा जाति, धर्म तथा खास पहिचान भएको व्यक्तिहरूको बसोबास भएको क्षेत्रलाई समुदाय भनिन्छ । यसरी बनेको समुदायहरूको बृहत् रूपलाई समाज भनिन्छ । त्यसकारण समाज बन्नका लागि त्यस्ता धेरै समुदायको आवश्यकता पर्छ । यसरी तयार भएको समुदायमा रहने विद्यालयलाई आफ्नो नियमित कार्यक्रम सञ्चालन गर्न वा शैक्षिक विकासका लागि समुदायसँग निरन्तर छलफल तथा अन्तरक्रिया गरिरहनुपर्छ । समुदायबाट प्राप्त हुने पृष्ठपोषणका आधारमा विद्यालयले योजनाहरू तयार गरी अगाडि बढाउनुपर्छ । विद्यालयको विद्यालय सुधार योजना (School Improvement Plan : SIP) लगायतका विभिन्न कार्यक्रम तयार गर्दा समुदायसँग विद्यालयले गहन छलफल तथा अन्तरक्रिया सञ्चालन गर्नुपर्छ । समुदायले आफ्नो भूगोल, संस्कृति, आर्थिक तथा धार्मिक पक्षका आधारमा कस्तो शिक्षा नीति तथा योजना आवश्यक पर्छ भनी सुझाव दिन सक्ने हुँदा छलफलले विद्यालयलाई सहयोग पुऱ्याउँछ । विद्यालयका आर्थिक, प्रशासनीक तथा प्राविधिक कार्य, भावी कार्यक्रमलगायतका विषयमा अभिभावकले निरन्तर, संवाद तथा अन्तरक्रिया गर्नुपर्छ ।

समुदायको विकासका लागि विद्यालयले र विद्यालयमा हुने सुधारका लागि समुदायको सहयोग परस्पर रहने हुँदा यस्ता छलफल तथा अन्तरक्रियाहरू निरन्तर सञ्चालन गर्नुपर्छ । विद्यालय र समुदायबिच छलफल तथा अन्तरक्रिया हुँदा छलफल गर्नुपर्ने खास विषयको निर्धारण गरी समुदायका बुद्धिजीवी, समाजसेवी, शिक्षाविद्, चन्दादाता तथा स्थानीय निकायका पदाधिकारीहरूबिच गहन छलफल एवम् अन्तरक्रिया सञ्चालन गर्नुपर्छ ।

## ९.२ विद्यालयबाहिर गरिने पाठ्यान्तर क्रियाकलापहरू (Co Curricular Activities Conductes Outside School)

शिक्षा लिनुको उद्देश्य बालबालिकामा सर्वाङ्गीण विकास गराउनु हो । विद्यालयभित्र सम्पन्न गरिने क्रियाकलापलेपाठ्यक्रमले तोकेको विषयगत ज्ञानसिप पूरा गर्छ । तर त्यतिले मात्र विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुन सक्दैन । उनीहरूलाई पूर्ण सफल र सक्षम बनाउनका लागि नियमित रूपमा विद्यालयबाहिर गरिने पाठ्यान्तर क्रियाकलापमा सहभागि गराउनुपर्छ । विद्यालयबाहिर गराइने पाठ्यान्तर क्रियाकलापले विद्यार्थीहरूमा समाजप्रतिको दायित्व, सामाजिक गतिविध तथा समाजमा आफ्नो भूमिकाबारे बुझ्ने मौका पाउँछ । विद्यार्थीहरूले विद्यालयमा हुने नियमित पठनपाठनको अतिरिक्त विद्यालयबाहिर गर्ने क्रियाकलापबाट निम्नलिखित फाइदाहरू लिन सक्छन् :

(क) समाज र समुदायको वास्तविक अवस्था बुझ्न सक्छन् ।

(ख) विद्यार्थीहरूको क्षमताको विकास हुन्छ ।

(ग) विद्यार्थीहरूले समुदाय र समाजप्रति आफ्नो भूमिका बुझ्न सक्छन् ।

(घ) समाजमा चेतनाको विकास गराउन सक्छ ।

(ङ) सामाजिक विकासमा सहभागी भई यसको महत्त्वका बारेमा बताउन सक्छन् ।

यसरी विद्यालयका बालबालिकाहरूलाई विद्यालयको आफ्नो वार्षिक कार्यतालिकामा विद्यालयबाहिर गरिने पाठ्यान्तर क्रियाकलापहरू के के छन् र कुन समयमा सम्पन्न गर्ने हो, प्रस्ट पार्नुपर्छ । सामान्यतया यस्ता क्रियाकलापहरू निम्नअनुसार रहेका छन्:

### सामुदायिक गतिविधिमा सहभागिता (Participation in Community Activities)

आफू बसेको समुदाय बालबालिकाको बृहत् घर हो । समुदायमा हुने हरेक गतिविधिहरूमा बालबालिकाले आफ्नो बाल्यकालदेखि अनुभव गरी रहेको हुन्छ । चाडपर्व, मेलापात, पूजा आदिका बारे बालबालिकाले बुझिसकेका हुन्छन् किनभने उनीहरूले आफ्नो घरबाट यस्ता क्रियाकलापमा सहभागिता जनाइसकेका हुन्छन् । समुदायमा हुने सामाजिक चेतना, सङ्घसंस्थाका कार्य, विकास निर्माण जस्ता कार्यहरूमा उनीहरूले संलग्न हुने मौका पाएका हुँदैनन् । यस्ता क्रियाकलापमा भाग लिन बालबालिकाहरूलाई विद्यालययले प्रबन्ध गर्नुपर्छ ।

विद्यालयमा रहेका हरेक बालबालिकाहरूको रुचि सामुदायिक र सामाजिक गतिविधिमा संलग्न हुने खालको नहुन पनि सक्छ । त्यस्ता बालबालिकाहरूलाई विद्यालयले संलग्न हुनुको फाइदा र त्यस्ता कार्य विद्यार्थीहरूको कर्तव्यभित्र पर्छ भनी रुचि जगाउन सक्नुपर्छ । सामाजिक कार्यमा रुचि नहुने तथा सहभागी हुन नसक्ने विद्यार्थीहरूले आफूले सिकेको सिप र ज्ञानलाई समाजमा लागु गर्न नसक्ने हुँदा उनीहरूलाई यस्तो क्रियाकलापमा निरन्तर सहभागी गराउनुपर्छ ।

विद्यालयले आफ्ना बालबालिकाहरूलाई उनीहरूको तह उमेरका आधारमा विद्यालय बाहिर निम्नानुसार कार्यमा सहभागि गराउन सक्छन्:

(क) बाटोघाटो, खानेपानी, सरसफाइ, सामुदायिक भवन, मन्दिर, चर्च, गुम्बा, मस्जिद आदिको निर्माण मर्मतमा जस्ता सामुदायिक विकास निर्माणका कार्यहरूमा सहभागी हुने

(ख) समुदायमा स्थापित सामाजिक सङ्घसंस्थाको सामाजिक कार्यहरूमा सहभागी हुने

(ग) स्थानीय बाल क्लब तथा बाल सङ्गठनमा सङ्गठित भई बालहितका कार्यहरूमा सक्रियता जनाउने

(घ) समुदायमा रहेका सार्वजनिक स्थान तथा पुरातात्त्विक वस्तुहरूको संरक्षणमा सहयोग पुर्‍याउने

(ङ) आफ्नो विद्यालय वरपर रहेका खाली जमिनमा वृक्षरोपण गर्ने र सोको संरक्षण गर्ने

(च) समाजमा विद्यमान सामाजिक कुरीति तथा अन्धविश्वासको विरुद्ध अभियान चलाउने

(छ) समाजमा हुने सामाजिक सांस्कृतिक कार्यक्रममा सहभागी हुने

(ज) समाजमा हुने विविध क्रियाकलापमा सहभागी भई सहयोग पुर्‍याउने

## सांस्कृतिक मेला, उत्सव, पर्व आदिमा सहभागिता (Participation in Cultural Festable Ceremony and Expo)

विद्यालयका बालबालिकालाई किताबी ज्ञानका अतिरिक्त बाह्य ज्ञान र सिपको विकास गराई समुदायको वास्तविक अवस्था बताउन विद्यालयले समुदायमा हुने मेला, पर्व तथा उत्सवहरूमा सहभागी गराउनुपर्छ । हिजोआज हरेक समुदायले आफ्नोस्थानीय स्तरको कला, सिप, उत्पादन, संस्कृतिलगायत अन्य वस्तुहरूको प्रचार प्रसार गर्नका लागि विभिन्न मेला तथा उत्सवहरू आयोजना गरिरहेका हुन्छन् । विद्यालयले आफूलाई पायक पर्ने स्थानमा सञ्चालन भएका यस्ता उत्सव तथा पर्वहरूमा विद्यार्थीको उमेरअनुसार देखाउन लैजानुपर्छ ।

हाम्रो देशमा मनाइने हरेक चाड पर्वका आआफ्नै महत्त्व छन् । विभिन्न पर्वको अवसरमा हुने कार्यक्रमहरू, दसैं मेला, होलीको कार्यक्रम, ल्होसार कार्यक्रम, उँभौली, उँधौली, इद, क्रिसमस कार्यक्रमहरूमा सहभागी गराई सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया गर्ने वातावरण मिलाइदिनुपर्छ । यसबाट विद्यार्थीहरूले आफूले मनाउने पर्वको अतिरिक्त अन्य चाडपर्वको महत्त्व बुझ्ने र सम्मान गर्ने बानीको विकास हुन्छ ।

हरेक समुदायले आआफ्नो स्थानको महत्त्व देखाउन विभिन्न उत्सवहरू तथा मेलाहरू आयोजना गरेका हुन्छन् । यस्ता आयोजनाहरूमा स्थानीय संस्कृतिको प्रदर्शन, उत्पादनको बिक्री वितरण जस्ता कार्यहरूलाई प्राथमिकता दिइएको हुन्छ । यस्ता कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी गराई अनुभव गर्ने मौका विद्यालयले प्रदान गर्नुपर्छ । यसबाट विद्यार्थीहरूआफ्नो मौलिक परम्परा, उत्पादन तथा संस्कृतिप्रति माया र सद्भावको विकास हुन्छ ।

## प्रविधि तथा उपकरणको प्रयोग (Use of Technology and Tools)

गुणस्तरीय शिक्षाको प्रमुख आधार प्रविधि हो । प्रविधिको ज्ञान र प्रयोग विना विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन सकिन्न । विद्यालयमा भएका प्रविधि र उपकरणहरू विद्यार्थीको ज्ञान र सिप विकासका लागि प्रयाप्त नहुन सक्छ । त्यसकारण विद्यालयले विद्यार्थीको आवश्यकताअनुसार विभिन्न समयमा प्रविधि र उपकरणको प्रयोग एवम् यसको महत्त्व प्रस्ट पार्न विद्यालयबाहिर अवलोकन गर्ने मौका प्रदान गर्नुपर्छ ।

विद्यार्थीहरूलाई आवश्यक पर्ने विज्ञानका उपकरण र यसको प्रयोग, कम्प्युटर, प्रोजेक्टर, फोन, स्मार्टफोन, इन्टरनेट, गणितका सामग्री र प्रयोग तथा अन्य उपकरणहरू प्रर्याप्त मात्रामा हेर्ने र प्रयोग गर्ने अवसर दिनुपर्छ । यस्ता सामग्रीहरू विद्यालयमा प्रर्याप्त मात्रामा हुन सक्दैन । त्यसैले विभिन्न सङ्घसंस्था, विश्वविद्यालय तथा अन्य सरोकाररवाला निकायहरूसँग सहकार्य गरी विद्यार्थीहरूमा प्रविधिको प्रयोग, महत्त्व र उपयोगिताका बारेमा प्रस्ट ज्ञान दिनुपर्छ । यससँग सम्बन्धित कार्यहरूको प्रदर्शन भएको समयमा विद्यालयले विद्यार्थीहरूलाई अवलोकन गर्ने, अनुभव गर्ने तथा प्रयोग गर्ने मौका प्रदान गर्नुपर्छ ।

## समुदायका सङ्गठित संस्थाहरूमा सहयोग (Coopration with Organized Agencies in Community)

हरेक समुदायमा सामाजिक कार्य गर्ने उद्देश्यले साना ठुला सामाजिक सङ्घसंस्थाहरू क्रियाशील भएका हुन्छन् । यस्ता संस्थाहरू सरकारले कानुनबमोजिम दर्ता गरी सामाजिक कार्य गर्न अनुमति दिइएको हुन्छ । यस्ता संस्थाहरू सामाजिक कार्य गर्न स्वतन्त्र हुन्छन् । त्यसकारण यस्ता संस्थाहरूलाई गैरसरकारी संस्थाहरू (Non Government Organization : NGOs) भन्ने गरिन्छ । यसका अतिरिक्त स्थानीय स्तरमा नै गठन गरी सामाजिक हितका लागि पनि सङ्घसंस्थाहरू सञ्चालन गरिएका हुन्छन् ।

जुनसुकै तरिकाबाट गठन भई समुदायमा सञ्चालित सङ्घसंस्थाले सम्पन्न गर्ने सामाजिक कार्यहरूमा विद्यार्थीलाई सहभागी हुन वा अवलोकन गर्ने मौका विद्यालयले प्रदान गर्नुपर्छ । यस्ता संस्थाहरूले समुदाय सरसफाइ, सामाजिक चेतना, रक्तदान, खेलकुद, सांस्कृतिक कार्यक्रम प्राकृतिक विपत्तिमा परेकाहरूलाई सहयोग गरिहरेका हुन्छन् । यस्ता संस्थाहरूमा जातिगत, वर्गीय, सामाजिक, पेसागत धार्मिक आदि हुन सक्छन् । यसका अतिरिक्त समाजका सक्रिय युवाहरूले पनि विभिन्न सङ्घ सङ्गठन स्थापना गरेका हुन्छन् । उपर्युक्त सबै सङ्घसंस्थाहरूले समाजमा निरन्तर कार्यक्रम सञ्चालन गरी रहेका हुन्छन् । त्यस्ता कार्यक्रमहरूमा विद्यार्थीहरूसमेत सहभागी बनाई प्रत्यक्ष अवलोकन गर्ने मौका दिनुपर्छ । यसबाट विद्यार्थीहरूमा सामाजिक भावनाको विकास सङ्गठनको महत्त्व र सामाजिक उत्तरदायित्वको जिम्मेवारी महसुस हुन्छ ।

## ९.३ बालबालिकामार्फत सामाजिक सचेतना (Social Awareness Through the Children)

शिक्षा र समाजको सम्बन्ध अत्यन्त सुमधुर तथा परस्पर सहयोगी हुन्छ । सचेत र विकसित समाज निर्माणमा बालबालिकाको भूमिका महत्त्वपूर्ण हुन्छ । बालबालिकाले विद्यालयबाट प्राप्त गरेको ज्ञान, अनुभव र सिपलाई समाजमा प्रस्तुत गर्दै समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । उनीहरूले सामाजिक अन्धविश्वास, कुलत तथा गलत वस्तुको सेवन जस्ता कार्यहरू मानव जीवनका लागि हानीकारक छन् भनी आफ्नो घरपरिवार र समाजमा प्रचारप्रसार गर्न सक्छन् ।

हरेक बालबालिकाहरू आआफ्नो घरपरिवारमा प्रिय हुन्छन् । परिवारको सदस्यको नराम्रो बानी व्यवहार परिवर्तन गर्न बालबालिका प्रभावकारी हुन सक्छ । आफ्ना प्रिय बालकालिकाले गर्ने अनुरोध वा दबाबका कारण परिवारका सदस्यहरूको बानी तथा व्यवहारमा परिवर्तन ल्याउन सम्भव हुन्छ । हरेक बालबालिकाले आआफ्नो घरबाट त्यस्ता कार्य गर्न सक्यो भने समुदाय र समाजमा ठुलो परिवर्तन ल्याउन सकिन्छ ।

समुदायका बालबालिकाहरूको समूह तथा बाल क्लबले सङ्गठित रूपमा समाजमा भएका कुसंस्कार तथा परम्परालाई विरोध गर्न र परिवर्तन गर्न सक्छ । उदाहरणका लागि खुला दिशामुक्त क्षेत्र घोषणा गर्न, घरआँगन सफा राख्नु स्वास्थ्य बानीको विकास गर्न प्राथमिक उपचार तथा घरेलु हिंसा रोक्न बालबालिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । त्यसकारण बालबालिकामार्फत समाजमा सामाजिक चेतनाको विकास गराउन सकिन्छ । यसका लागि बालबालिकाहरूलाई विद्यालयले विद्यालयबाहिर हुने पाठ्यान्तर क्रियाकलापमा उत्साहजनक ढङ्गले सहभागी हुने मौका प्रदान गर्नुपर्छ ।

## सारांश (Summary)

विद्यालयले आफ्नो हरेक कार्यक्रम सञ्चालन गर्दा, योजना निर्माण गर्दा वा शैक्षिक विकासका कार्यहरू अगाडि बढाउँदा समुदायसँग निरन्तर छलफल र अन्तरक्रिया गर्नुपर्छ । यसबाट विद्यालयप्रति समाजको पनि उत्तरदायित्व बढ्दै जान्छ भने विद्यालय प्रशासनलाई पनि सहयोग पुग्छ । विद्यालयले विद्यार्थीहरूको सर्वाङ्गीण विकास गर्दै उनीहरूमा रहेको प्रतिभाको विकास गराउन विद्यालयबाहिर हुने विभिन्न पाठ्यान्तर क्रियाकलापमा भाग लिने व्यवस्था मिलाउनुपर्छ। यसबाट विद्यार्थीहरूले समाजलाई बुझ्ने र आफूमा परिवर्तन ल्याउन सहयोग पुग्छ ।

त्यसै गरी विद्यार्थीहरूलाई सामुदायिक गतिविधिमा भाग लिन सहयोग गर्नुपर्छ । समाजको विकास निर्माणदेखि छलफल, गोष्ठी आदिमा सहभागी हुने मौका प्रदान गर्नुपर्छ । समाजमा हुने मेला, पर्व एवम् उत्सवहरूमा भाग लिने तथा अवलोकन गर्ने व्यवस्था मिलाउनुपर्छ । त्यसका साथै विद्यालयलाई प्रविधिमैत्री बनाई विभिन्न सामाजिक सङ्घसंस्थाहरूसँग सहकार्य गर्दै शैक्षिक विकासलाई अगाडि बढाउनुपर्छ । बालबालिकाहरूलाई समाजमा भएका अन्धविश्वास तथा परम्परागत वानी व्यवहारको विरुद्ध परिचाल गर्दै सामाजिक चेतनाको विकास गर्न समेत अग्रसर गराउन सकिन्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) विद्यालय समुदाय अन्तरक्रियाबाट कसलाई बढी फाइदा पुग्छ ?

(ख) विद्यालयबाहिर गरिने पाठ्यान्तर क्रियाकलापको एउटा उदाहरण दिनुहोस् ।

(ग) सामुदायिक गतिविधिमा सहभागिताले विद्यार्थीहरूमा के फाइदा हुन्छ ?

(घ) NGO को पूरा नाम के हो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) समुदाय भनेको के हो ?

(ख) पर्व भन्नाले के बुझिन्छ ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) विद्यालयबाहिर गरिने कुनै पाँच पाठ्यान्तर क्रियाकलापको सूची बनाउनुहोस् ।

(ख) समुदाय र विद्यालयबिच हुने अन्तरक्रियाको महत्त्व प्रस्तुत गर्नुहोस् ।

(ग) समुदायमा हुने विभिन्न सङ्घसंस्थाहरूको भूमिका उल्लेख गर्नुहोस् ।

(घ) विद्यालयबाहिर सम्पन्न हुने कुनै एक क्रियाकलापको वर्णन गर्नुहोस् ।

### प्रयोगात्मक क्रियाकलाप

१. आफ्नो समुदायमा हुने कुनै एक क्रियाकलापमा सहभागी भई त्यसबाट प्राप्त ज्ञान तथा अनुभवलाई समावेश गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

एकाइ
१०

# सिकाइ र उत्प्रेरणा
(Learning and Motivation)

## परिचय (Introduction)

सिकाइर उत्प्रेरणा शिक्षाको क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । यसको अभावमा शिक्षण प्रक्रियालाई सफल बनाउन सकिँदैन । पाठ्यक्रमले ताकेको सक्षमता पूरा गर्नु सिकाइ हो भने सफल सिकाइमा प्रयोग हुने कला प्रेरणा हो । यस्तो प्रेरणा जन्मजात र आर्जित दुई प्रकारको हुन्छ । उत्प्रेरणाको माध्यमबाट शिक्षकले कक्षालाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सक्छ । यस्तो उत्प्रेरणालाई पनि विभिन्न तत्त्वहरूले प्रभाव पारेको हुन्छ । सिकाइमा उत्प्रेरणा बढाउन विभिन्न उपायहरू अवलम्बन गर्न सकिन्छ । सिकाइ एउटा जटिल कार्य भएकाले यसमा प्रभाव पार्ने तत्त्वहरू रहेका हुन्छन् । यसलाई उचित ढङ्गले व्यवस्थापन गर्न सक्नुपर्छ । सिकाइमा रहेका अपवादहरूले सिकाइलाई अझ जटिल र कठिन बनाउन सक्छ । अपवादलाई पहिचान गरी समयमा नै व्यवस्थापन गर्न सक्नुपर्छ ।

## १०. १ उत्प्रेरणाको अर्थ र महत्त्व (Meaning and importance of Motivation)

अङ्ग्रेजी भाषाको Motivation शब्द Latin भाषाको शब्द Movers बाट आएको हो । Latin भाषामा Movers को अर्थ अगाडि बढ्नु वा क्रियाशील हुनु वा Active भन्ने हुन्छ । त्यसकारण शाब्दिक रूपमा उत्प्रेरणा(Motivation)को अर्थ अग्रसर हुनु वा क्रियाशील हुनु भन्ने हुन्छ ।

उत्प्रेरणालाई थप प्रस्ट पार्न विभिन्न मनोवैज्ञानिकहरूले परिभाषित गरेका छन् जसअन्तर्गत

शिक्षाविद् C. V Good काअनुसार उत्प्रेरणा क्रियाकलापहरूलाई नियमित गर्ने, जीवित राख्ने र जगाउने प्रक्रिया हो । B.F. Skinner काअनुसार विद्यालयमा गरिने सिकाइमा अपेक्षित व्यवहारका लागि प्रोत्साहन गर्ने, कार्यहरूलाई जारी राख्ने र निर्देशन गर्ने प्रक्रियालाई उत्प्रेरणा भनिन्छ ।Kelly का अनुसार उत्प्रेरणा सिकाइ प्रक्रियाको प्रभावकारी व्यवस्थापनमा केन्द्रित तत्त्व हो ।

विभिन्न शिक्षाविद्हरूले व्यक्त गरेका विचारअनुसार उत्प्रेरणा सिकाइलाई निरन्तरता दिन, पूर्ण बनाउन अपनाइने एउटा प्रक्रिया हो । उत्प्रेरणा भनेको शक्ति, जोस, जाँगर र उमङ्ग प्रदान गर्नु हो । मानव व्यवहार उसको आन्तरिक इच्छा, चाहना र आवश्यकताबाट निर्देशित हुन्छ । सबै किसिमका सिकाइमा कुनै न कुनै प्रेरणाको उपस्थिति हुनै पर्छ । त्यसका आधारमा उसले आफ्नो व्यवहार प्रस्तुत गर्छ । मानवीय व्यवहार प्रस्तुत गर्न सहयोग पुऱ्याउने तत्त्व नै उत्प्रेरणा हो । त्यसकारण बालबालिकालाई सिकाइमा प्रेरित गर्न र क्रियाशील बनाउन उत्प्रेरणा आवश्यक पर्छ । उत्प्रेरणा भनेको बालबालिकको इच्छा र चाहनालाई सक्रिय बनाउने प्रक्रिया हो । उत्प्रेरणाबिनाको सिकाइ प्रभावकारी हुन सक्दैन । त्यसैले सिकाइका आधार उत्प्रेरणा

भएको हुँदा कक्षा शिक्षण यसको भूमिका महत्त्वपूर्ण हुन्छ । उत्प्रेरणाको महत्त्वलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

१. सिकाइको व्यवहार परिवर्तन गर्न सहयोग पुऱ्याउँछ ।

२. सिकारुको उचित व्यवहारको छनोट गरी सिकाइ अगाडि बढाउन मद्दत गर्छ ।

३. शिक्षण सिकाइलाई निरन्तरता दिन सहयोग गर्छ ।

४. सिकाइलाई प्रभावकारी बनाउन सहयोग गर्छ ।

५. शिक्षण सिकाइ प्रक्रियालाई निर्देश गर्छर सफलता प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।

## १०.२ उत्प्रेरणाका प्रकारहरू (Type of Motivation)

सिकाइ प्रक्रियामा अत्याधिक प्रयोग हुने शब्द उत्प्रेरणालाई सहयोग पुऱ्याउने तत्त्वलाई उत्प्रेरक (Motivator) भनिन्छ । विभिन्न प्रकारका प्रेरकहरूको उचित प्रयोगबाट मात्र सिकारुमा उत्प्रेरणा जगाउन सकिन्छ । त्यसकारण उत्प्रेरणालाई विभिन्न विद्वान्हरूले आफ्नै तरिकाले विभाजन गरेका छन् । यसअन्तर्गत जैविक तथा सामाजिक, आन्तरिक तथा बाह्य भनेका छन् । उत्प्रेरणालाई दुई समूहमा विभाजन गर्न सकिन्छ ।

### जन्मजात तथा जैविक प्रेरणा (Inborn or Biological Motivation)

मानिसले जन्मको साथ लिएर आएको प्रेरकहरूलाई जन्मजात प्रेरणा भन्ने गरिन्छ । यस्ता प्रेरणाहरूलाई मानिसले सिक्न सिकाउन आवश्यक पर्दैन । उदाहरणका लागि मानिसको भोक, तिर्खा, काम, वासना, आवेग रिस, क्रोध, निद्रा, पीडा जस्ता प्रेरकहरू जन्मजात हुन् । उपर्युक्त कार्यहरू मानिसको जन्मसँगै स्वत: आर्जित हुन्छ । यसले गर्दा मानवीय व्यवहार अपेक्षित रूपमा अगाडि बढ्छ । यस्ता गुणहरू मानवीय आवश्यकता पनि भएको हुनाले यसलाई जैविक प्रेरणा पनि भन्ने गरिन्छ । यस्ता प्रेरकहरूलाई मानिसले दबाउन वा नियन्त्रण गर्न सक्दैन । यस्तो प्रेरणा स्वाभाविक रूपमा विकास हुने गर्छ ।

### आर्जित प्रेरणा (Acquired Motivation)

मानिसको जन्मपछि सार्थक जीवन जिउन वा सफलता प्राप्त गर्नका लागि पर्ने ज्ञान, सिप तथा अनुभवहरूलाई आर्जित प्रेरणा भनिन्छ । यस्ता प्रेरणाहरू मानिसले जन्मजात लिएर आएका हुँदैनन् । विद्यालय वा समाजबाट मानवीय व्यवहारमा परिवर्तन गर्न आवश्यक पर्ने प्रेरक नै आर्जित प्रेरणा हो । साथीभाइ, शिक्षक आमाबाबु तथा अग्रजहरूबाट निरन्तर सिक्दै आफूलाई सिकाइमा प्रभावकारी बनाउने र निरन्तरता दिने कार्यलाई आर्जित प्रेरणाको आवश्यकता पर्छ । आवश्यकताका आधारमा अरूको सहयताबाट प्राप्त गरिने प्रेरणा भएको हुनाले यसलाई आर्जित उत्प्रेरणा भनिएको हो । आर्जित प्रेरणाले मानिसलाई सफल बनाउन समाजमा समायोजन हुन र प्रभावकारी सिकाइमा सहयोग पुऱ्याउँछ । आर्जित प्रेरणालाई पनि व्यक्तिगत र सामाजिक गरी दुई भागमा विभाजन गर्न सकिन्छ :

## १०.३ उत्प्रेरणामा प्रभाव पार्ने तत्त्वहरू (Factors Affecting in Motivation)

कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउनका लागि प्रेरणाको भूमिका महत्त्वपूर्ण हुन्छ । जन्मजात प्रेरणा आफैँ क्रियाशील हुन्छन् भने आर्जित प्रेरणालाई उचित वातावरणमा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्छ । जुनसुकै समय र अवस्थामा प्रेरणाले प्रभावकारी काम गर्न सक्दैन । त्यसकारण प्रेरणामा प्रभाव पार्ने तत्त्वहरूलाई निम्नअनुसार व्याख्या गर्न सकिन्छ :

### बालबालिकाको उमेर

बालबालिकाको उमेरअनुसार उनीहरूको रुचि, आवश्यकता र इच्छाहरू भिन्न भिन्न रहेका हुन्छन् । त्यसकारण उनीहरूको उमेर र बालमनोविज्ञानलाई विचार गरी प्रेरणाको प्रयोग गर्नुपर्छ । हरेक उमेरमा बालबालिकाको विशेषता फरक पर्ने हुँदा प्रेरणामा प्रभाव पारेको हुन्छ ।

### तनाव

बालबालिकाहरूआफ्नो उमेरअनुसारको प्राप्ति, उपलब्धि आदिलाई लिएर क्रियाशील हुन्छन् । यस्ता उपलब्धिहरू पूरा गर्न नसक्दा हानी नोक्सानी हुँदा बढी तनावमा पर्ने हुन्छ । यस्तो अवस्थामा प्रयोग गरिने प्रेरणा प्रभावकारी हुँदैन ।

### गरिबी र अभाव

गरिबी र अभाव पनि प्रेरणामा प्रभाव पार्ने एउटा प्रमुख तत्त्व हो । यदि बालबालिकाहरूमा गरिबी तथा अभावले आफ्नो दैनिक कार्य सञ्चालन गर्न कठिन भइरहेको छ भने प्रेरणाले उनीहरूमा प्रभाव पार्न सक्दैन ।

### रोग वा भय

बालबालिकामा कुनै पनि प्रकारको रोग लागको छ वा उपचार भइरहेको छ भने उसको ध्यान आफ्नो स्वास्थ्यतिर केन्द्रित हुन्छ । त्यस्तै गरी आफूमा आउन सक्ने कुनै भय वा त्रासको सम्भावना छन् भने पनि प्रेरणाले प्रत्यक्ष रूपमा काम गर्न सक्दैन ।

### रुचि तथा आवश्यकता

बालबालिकालाई प्रेरित गर्नका लागि प्रयोग गरिएको विषयवस्तु उनीहरूको रुचि वा आवश्यकताभित्र परेन भने उनीहरूलाई प्रेरित गर्न सकिँदैन । त्यसैले बालबालिकालाई उत्प्रेरणा गर्नुपूर्व उनीहरूको आवश्यकता र रुचिको पहिचान गर्न पर्छ ।

### शिक्षण विधि र सामग्री

विद्यार्थीलाई कक्षाकोठामा प्रेरित गर्ने महत्त्वपूर्ण तत्त्व शिक्षण विधि र शैक्षणिक सामग्रीहरू छन् । विद्यार्थीहरूको

स्तर सुहाउँदो तथा पाठको प्रकृतिअनुरूपको शिक्षण सामग्री प्रयोग गर्न सकिएन भने विद्यार्थीहरूलाई प्रेरित गर्न सकिँदैन ।

### लक्ष्य

लक्ष्य उत्प्रेरणामा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व हो । सिकारु लक्ष्यकेन्द्रित छैनन् भने प्रेरणाले प्रभाव पार्न सक्दैन । लक्ष्यप्रति इमानदार वा प्रतिबद्ध विद्यार्थीहरूलाई मात्र प्रभावकारी ढङ्गले प्रेरित गर्न सकिन्छ । लक्ष्यविहीन विद्यार्थीहरूका लागि प्रेरणा निरर्थक हुन्छ ।

### उत्सुकता

उत्सुकताले सिकाइलाई प्रभावकारी बनाउनका साथै सिकारुलाई सिकाइप्रति प्रेरित गराउँछ । हरेक नयाँ कार्य प्रारम्भ र सम्पन्न गर्न सिकारु पूर्णरूपले उत्सुक हुनुपर्छ । सिकाइप्रति उत्सुकता उत्पन्न भएन भने विद्यार्थीलाई प्रेरणाले प्रभाव पार्न सक्दैन ।

## १०.४ कक्षा शिक्षणमा उत्प्रेरणा बढाउने उपायहरू (Measure of Improving Motivation in the Classroom)

कक्षा शिक्षणलाई प्रभावकारी बनाउन निरन्तर प्रेरणाको प्रयोग गर्नुपर्छ । प्रेरणालाई उचित ढङ्गले प्रयोग गर्न सक्नुपर्छ । प्रेरणाको उचित प्रयोगले सिकाइलाई प्रभावकारी र सफल बनाउँछ । शिक्षकले सिकाइलाई प्रभावकारी र सफल बनाउनका लागि प्रेरणाको उचित प्रयोग गर्नुपर्छ । विद्यार्थीलाई सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउन प्रेरणाको आवश्यकता पर्छ । शिक्षकले विद्यार्थीको वैयक्तिक भिन्नता पत्ता लगाई क्रमश: उत्प्रेरणाको प्रयोग गर्न सक्यो भने मात्र सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ। त्यसकारण कक्षाकोठामा उत्प्रेरणाको प्रयोग निम्नअनुसार गर्न सकिन्छ :

१. कक्षाकोठामा अध्ययनरत विद्यार्थीहरूको आवश्यकताको पहिचान गरी प्रेरणा प्रदान गर्ने
२. विद्यार्थीहरूको वास्तविक रुचि पत्ता लगाई सोहीअनुसार प्रेरणा प्रदान गर्ने
३. बालबालिकाहरूलाई सिकाइ र सिक्नुपर्ने विषयवस्तुप्रति उत्सुकता जगाई उत्प्रेरणा प्रदान गर्ने
४. कक्षाकोठामा गरिने कक्षाकार्यलगायत अन्य कार्यमा विद्यार्थी विद्यार्थी तथा शिक्षक विद्यार्थीबिच सहकार्य गराई प्रेरणाको प्रयोग गर्ने
५. सिकाइको अन्तमा प्राप्त हुने परिमाणको महत्त्व बताई उत्प्रेरणाको प्रयोग गर्ने
६. विद्यार्थीहरूको सिकाइलाई व्यापक बनाउन थप क्रियाशील गराई प्रेरणाको प्रयोग गर्ने
७. लक्ष्य तथा उद्देश्यकेन्द्रित क्रियाकलापमा जोड दिने

## १०.५ सिकाइमा प्रभाव पार्ने तत्त्वहरू (Factor Affecting in Learning)

कक्षा शिक्षणको माध्यमबाट विद्यार्थीको व्यवहारमा आउने अपेक्षित उपलब्धिलाई सिकाइ भनिन्छ । सामान्यतया कक्षा शिक्षणको नियमित क्रियाकलापबाट विद्यार्थीहरूमा सिकाइ हुन्छ भन्ने अपेक्षा राखिएको हुन्छ । सिकाइले बालबालिकालाई आफ्नो उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउँछ । नियमित रूपमा कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापबाट सिकाइ पूरा नहुन पनि सक्छ । यस्तो अवस्थामा सिकाइमा प्रभाव पार्ने तत्वहरूनिम्न अनुसार छन् :

### अभ्यास

सिकाइलाई प्रभावकारी बनाउने एउटा कार्य अभ्यास हो । कक्षाकोठामा वा अन्य समयमा बालबालिकाहरूले प्रशस्त अभ्यास गर्ने मौका पाउन सकेन भने सिकाइ प्रभावकारी हुन सक्दैन । बालबालिकाहरूलाई कक्षाकार्य, गृहकार्य तथा अन्य कार्यमा क्रियाशील बनाई प्रशस्त अभ्यास गर्ने मौका दिनुपर्छ । अभ्यासको अभावमा सिकाइ प्रभावकारी हुन सक्दैन ।

### वातावरण

सिक्ने सिकाउने वातावरण पनि सिकाइमा प्रभाव पार्ने तत्त्व हो । सिकाइ सफल हुनका लागि शिक्षक र विद्यार्थीमात्र क्रियाशील भएर हुँदैन । सिक्नका लागि विद्यालयको सिकाइ वातावरण पनि सकारात्मक हुनुपर्छ । कक्षाकोठा व्यवस्थापन तथा विद्यालय प्रशासनले सिकाइ वातावरणमा प्रभावकारी भूमिका खेलेको हुन्छ ।

### शिक्षकको पृष्ठभूमि

सिकाइ प्रभावकारी बनाउने एउटा महत्त्वपूर्ण कारक शिक्षक पनि हो । शिक्षक योग्य, कुशल, अनुभवी, अध्ययनशील, बालमनोविज्ञानको ज्ञान भएको तथा बालमैत्री हुनुपर्छ । यदि शिक्षकमा उपर्युक्त गुणहरू छैनन् भने सिकाइ प्रभावकारी हुन सक्दैन । त्यसकारण सिकाइ क्रियाकलापमा शिक्षकको पृष्ठभूमिले पनि सिकाइमा प्रभाव पारेको हुन्छ ।

### विद्यार्थीको व्यवहार

सिकाइलाई प्रभाव पार्ने अर्को महत्त्वपूर्ण कारक विद्यार्थीको व्यवहार पनि हो । सिकाइ क्रियाकलापमा क्रियाशील हुन नसक्ने, निरन्तर सहभागी नहुने, विषयवस्तुमा केन्द्रित हुन नसक्ने जस्ता व्यवहारहरू सिकाइमा प्रभाव पार्ने प्रमुख कारक हुन सक्छ । यसका अतिरिक्त सिकारुको क्षमता पनि सिकाइको कारक बन्न सक्छ । सिकारुको क्षमता उच्च, मध्यम र कमजोर हुने हुँदा उनीहरूको व्यवहार पनि सिकाइमा प्रभाव पार्ने कारक हुन सक्छन् ।

## समाज र समुदाय

समाज र समुदाय पनि सिकाइमा प्रभाव पार्ने तत्त्वअन्तर्गत पर्छ । बालबालिकालाई सिकाइमा प्रेरित गर्ने दायित्व समाज र समुदायको पनि हुन्छ । शिक्षाको आवश्यकता र महत्त्व, समाज तथा समुदायले बुझ्न सकेन भने अभिभावकले बालकबालिकालाई सिकाइमा सहयोग गर्न वा प्रेरित गर्न सक्दैनन् । यसले गर्दा सिकाइमा प्रभाव पर्न सक्छ ।

## प्रेरणा तथा पुनर्बल

प्रेरणा तथा पुनर्बलको उचित प्रयोगले मात्र सिकाइ प्रभावकारी हुन्छ । कक्षाकोठामा उचित ढङ्गले प्रेरणाको प्रयोग गर्ने र आवश्यकताअनुसार पुनर्बलको प्रयोग गर्न सक्नुपर्छ । विद्यार्थीलाई सकारात्मक पुनर्बलको प्रशस्त प्रयोग गर्न सकियो भने मात्र सिकाइ प्रभावकारी हुने हुँदा शिक्षकले प्रेरणा र पुनर्बललाई निरन्तर प्रयोग गर्नुपर्छ ।

## १०. ६ सिकाइमा अपवाद (Exception in Learning)

सिकाइ सामान्यतया सिद्धान्त विधि र पद्धतिका आधारमा सञ्चालन हुने प्रक्रिया हो । सिकाइ हुनका लागियोजना तथा व्यवस्थापनको आवश्यकता पर्छ । यसको अतिरिक्त विद्यार्थीलाई प्रेरणा, पुनर्बल, पृष्ठपोषण जस्ता तत्त्वहरू आवश्यक पर्छतर सिकाइमा कुनै बेला उपर्युक्त पक्षहरूको अभावमा पनि सम्पन्न गर्न सकिन्छ । सिकाइलाई सहज ढङ्गले अगाडि बढाउन वा सिकाइमा अपेक्षित व्यवहारको विकास गर्न प्रभाव पार्ने तत्त्वहरू नै वास्तवमा सिकाइका अपवादहरू हुन् । यस्ता तत्त्वहरू सिकाइका क्रममा निरन्तर देखा पर्छ ।

कक्षाकोठामा भएका विद्यार्थीहरको वैयक्तिक भिन्नताका आधारमा सिकाइमा पनि अपवादहरू देखा पर्छन् । एउटै कक्षामा उच्चतमदेखि न्यूनतम क्षमता भएको विद्यार्थी हुन सक्छन् । शारीरिक रूपले अपाङ्गता भएकादेखि श्रवण शक्ति कम भएका जस्ता विद्यार्थीहरू रहन सक्छन् । यस्ता विद्यार्थीहरूमा कक्षा शिक्षणका क्रममा विभिन्न प्रकारका व्यवहारहरू देखा पर्छ । त्यस्ता व्यवहारहरूलाई उचित व्यवस्थापन गर्दै कक्षालाई निरन्तर अगाडि बढाउनुपर्छ । सिकाइकाक्रममा कक्षाकोठामा देखिएको अपवादहरूलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

### १. सहज तथा स्वभाविक क्रियाकलाप

कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रममा विद्यार्थीले देखाउने स्वभाविक क्रियाकलापलाई अपवादका रूपमा लिन सकिन्छ । सिकाइका क्रममा सिकारुले आफ्नो सकारात्मक गति देखाउने र उपलब्धिहरू हासिल गर्दै अगाडि बढेको हुन्छ ।

### २. परिपक्वता

सिकाइका क्रममा विद्यार्थीले सिक्नुपर्ने वियवस्तुप्रति वा सिक्ने प्रक्रियामा देखाउने परिपक्वतालाई पनि सिकाइको अपवादका रूपमा लिन सकिन्छ । सिकाइमा पूरा गर्नुपर्ने सम्पूण कार्यहरूलाई इमानदारिता साथ सफल ढङ्गले पूरा गर्नु नै परिपक्वता हो ।

### ३. स्वाभाविक प्रतिक्रिया

सिकाइका क्रममा सिकारुले कक्षाकोठामा देखाउने सकारात्मक प्रतिक्रिया वा विषयवस्तुअनुरूपको प्रतिक्रिया नै स्वाभाविक प्रक्रिया हो । सिकाइरुको क्षमताका आधारमा उसले आफ्नो प्रतिभा प्रस्तुत गर्छ जसलाई स्वाभाविक प्रतिक्रिया भनिन्छ ।

### ४. अस्थायी वा क्षणिक अवस्था

सिकाइका क्रममा विद्यार्थीले दिने प्रतिक्रिया वा उपलब्धि अस्थायी हुने वा केही समयका लागि हुने अवस्थालाई पनि सिकारुको अपवादका रूपमा लिन सकिन्छ । सिकाइ उपलब्धि दीर्घकालीन हुन नसक्ने तर तत्काल प्राप्त भए जस्ते देखिने वा आवश्यकअनुसार व्यहारमा प्रयोगमा ल्याउन नसक्ने अवस्था पनि सिकाइको अपवाद हो ।

### ५. जन्मजात प्रवृति

विद्यार्थीहरूको स्वभाव, सिक्ने क्षमता तथा उनीहरूको व्यवहारमा हुने विविधता वा भिन्नता पनि सिकाइको अपवाद हो । तत्काल सिक्ने, तत्काल सिक्न नसक्ने, सिकाइ दीर्घकालीन हुने वा नहुने, सिकाइप्रति सकारात्मक हुने वा नहुने भन्ने कुरा विद्यार्थीको जन्मजात गुण हुने हुनाले यसलाई सिकाइको अपवादका रूपमा लिन सकिन्छ ।

## सारांश (Summary)

कक्षा शिक्षकबाट सिकारुमा आउने अपेक्षित परिवर्तन सिकाइ हो भने सिकाइमा सहयोग पुऱ्याउने तत्त्व उत्प्रेरणा हो । उत्प्रेरणाले सिकारुलाई सिक्न तयार गर्ने र क्रियाशील बनाउन छ । जन्मजात प्रेरणा र आर्जित प्रेरणा दुवैलाई सिकाइमा आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ । यसरी प्रयोग गरीने उत्प्रेरणालाई बालबालिकाको उमेर, लक्ष्य, उत्सुकता, तनाव, रोग, अभाव आदिले प्रभाव पार्छ । त्यस्तै गरी कक्षाकोठामा उत्प्रेरणा बढाउन विभिन्न उपायहरू अवलम्बन गर्न सकिन्छ । सिकारुको इच्छा, आवश्यकता, वैयक्तिक भिन्नता जस्ता तत्त्वले सिकाइमा प्रभाव पारेको हुन्छ । यसका साथै सिकाइमा हुने अपवादले समेत सिकाइमा जटिलता ल्याउँछ । सिकाइका अपवादहरू पहिचान गरी यसलाई उचित व्यवस्थापन गर्न सकियो भने सिकाइ प्रभावकारी बनाउन सकिन्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) व्यक्तिमा हुने भोक वा तिर्खा कस्तो प्रेरणा हो ?

(ख) उत्प्रेरणाले कुन कार्यमा सहयोग पुऱ्याउँछ ?

(ग) सिकाइमा प्रभाव पार्ने कुनै तीनओटा तत्त्वहरू उल्लेख गर्नुहोस्।

(घ) कक्षाकोठामा प्रेरणाको प्रयोग कसले गर्छ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) प्रेरणाको अर्थ के हो ?

(ख) सिकाइमा प्रेरणाको भूमिका लेख्नुहोस् ।

(ग) प्रेरणामा प्रभाव पार्ने कुनै दुई तत्त्वको व्याख्या गर्नुहोस् ।

(घ) सिकाइमा अपवाद भन्नाले के बुझिन्छ ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) उत्प्रेरणाको परिभाषा दिई यसको महत्त्व उल्लेख गर्नुहोस्।

(ख) प्रेरणाका प्रकारहरूको उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ग) सिकाइमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण गर्नुहोस्।

### प्रयोगात्मक क्रियाकलाप

१. आफ्नो कक्षाकोठामा शिक्षण सिकाइका क्रममा प्रयोग भएका उत्प्रेरणाको सूची बनाई त्यसबाट आफूले प्राप्त गरेको फाइदाहरूको सूची तयार गर्नुहोस् ।

एकाइ
११

# शिक्षक शिक्षा
(Teacher Education)

## परिचय (Introduction)

कुशल शिक्षक बन्नका लागि पेसामा रहेका वा शिक्षक बन्न चाहने व्यक्तिलाई पेसागत सिपमा आधारित भएर दिइने तालिमलाई शिक्षक शिक्षा भनिन्छ । तालिमले शिक्षकलाई पेसाप्रति निपूर्ण र दक्ष बनाउँछ । हरेक शिक्षकलाई पेसामा रहँदा तालिम आवश्यक हुन्छ । तालिम प्राप्त शिक्षकलाई शिक्षक नियुक्ति गर्नुपूर्व शिक्षक अनुमति पत्र प्रदान गर्नुपर्छ । तब मात्र त्यस्तो व्यक्ति योग्य शिक्षक बन्न सक्छ । शिक्षकले आफूले तालिममा सिकेको सिपलाई कक्षाकोठामा उचित ढङ्गले प्रयोग गर्नुपर्छ । नेपालमा वि.सं. २००४ सालदेखि हालसम्म विभिन्न नामको तालिम सञ्चालन हुँदै आएको छ ।

## ११.१ शिक्षक तालिमको अवधारणा, आवश्यकता र महत्त्व (Concept, Need and Importance of Teacher Training)

### शिक्षक तालिमको अवधारणा

कुनै पनि पेसामा रहेका वा पेसामा प्रवेश गर्न चाहने व्यक्तिलाई उसको योग्यताको अतिरिक्त प्रदान गरिने पेसागत सिप तथा कौशलताको विकास गर्ने काम तालिम हो । शिक्षण एक पेसा हो । शिक्षण पेसा विज्ञान र कला दुवै हो । एउटा असल शिक्षक बन्नका लागि उसको शैक्षिक योग्यता वा निजसँग भएको सैद्धान्तिक वा विषयगत ज्ञानले मात्र पुग्दैन । कक्षाकोठामा प्रभावकारी शिक्षण पूरा गर्न तालिमको आवश्यकता पर्छ । शिक्षण कार्य भनेको एउटा सफल योजनाको प्रभावकारी कार्यान्वयन पनि हो । त्यसैले कुशलतापूर्वक तयार गरिएको त्यस्तो शैक्षिक योजनालाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्छ ।

शिक्षण पेसामा प्रवेश गर्नका लागि तोकिएको न्यूनतम योग्यताको अतिरिक्त तालिमको आवश्यकता पर्छ । पेसामा प्रवेश गरिसकेका शिक्षकहरूले पनि समय समयमा नियमअनुसार तालिममा सहभागी हुनुपर्छ । जति धेरै तालिमको अवसर प्राप्त गर्न सक्यो शिक्षकको क्षमतामा त्यतिनै विकास हुन्छ । विद्यार्थीको वैयक्तिक भिन्नता छुट्याउँदै शैक्षिक योजनाहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न शिक्षकलाई अल्पकालीन, दीर्घकालीन, पुनर्ताजगी, पूर्वसेवाकालीन र सेवाकालीन तालिमहरू प्रदान गरिन्छ । तालिमले शिक्षकलाई आत्मबल बढाउने र पेसाप्रति इमानदार बनाउन सहयोग पुऱ्याउँछ ।

## शिक्षक तालिमको आवश्यकता र महत्त्व (Need and Importance of Teacher's Training)

शिक्षकककको पेसागत विकासका लागि तालिमको निकै महत्त्व छ । शिक्षा पेसामा प्रवेश गर्न, बढुवा हुन र प्रधानाध्यापक वा त्यस्तै अन्य जिम्मेवारी पाउन तालिमलाई एउटा महत्त्वपूर्ण आधार मान्ने गरिन्छ । तालिमले शिक्षकमा विद्यालगर्थीहरूको वैयक्तिक भिन्नता पत्ता लगाई सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने सक्षमताको विका गर्न सहयोग पुऱ्याउँछ । पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गराई विद्यार्थीहरूको क्षमताको विकास गर्न सहयोग पुग्छ । तालिम प्राप्त शिक्षकले कक्षाकोठालाई विद्यार्थीमैत्री बनाई शिक्षक र विद्यार्थीबिचको सम्बन्ध सुमधुर बनाउन सक्छ । यसबाट सिकाइका विभिन्न सिद्धान्तहरूको कक्षाकोठामा प्रयोग गर्न र यसबाट शिक्षण सिकाइमा नवीनता ल्याउन सकिन्छ । शिक्षण विधि, प्रविधि र सामग्रीको उचित प्रयोग गर्न सहयोग पुग्छ । विभिन्न परिस्थितिमा शिक्षण र सहजीकरण कार्यमा आवश्यकताअनुसार परिमार्जन गर्ने क्षमताको विकास हुन्छ । विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने कार्यलाई प्रभावकारी बनाउन मदत पुग्छ ।

(क) शिक्षक तालिमबाट शिक्षकमा योजनाबद्ध रूपमा शिक्षण सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने सिपको विकास हुन्छ ।

(ख) कक्षाकोठामा उपयुक्त शिक्षण सामग्रीको सफलतापूर्वक प्रयोग गर्न सहज हुन्छ ।

(ग) विद्यालय प्रशासनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ ।

(घ) विद्यार्थी र अभिभावकलाई उचित परामर्श दिन सकिन्छ ।

(ङ) पाठ्यक्रममा आधारित शिक्षण तथा मूल्याङ्कन पद्धतिको विकास गर्न सकिन्छ । तालिम प्राप्त शिक्षलाई पाठ्यपुस्तक र अन्य पाठ्यसामग्रीको अभावमा पनि सजिलै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्छ ।

(च) विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूको प्रभावकारी मूल्याङ्कनका लागि विभिन्न विधि तथा मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिन्छ ।

(छ) विद्यार्थीहरूलाई विभन्न पाठ्यान्तर क्रियाकलापहरूमा समावेश गराउन सहयोग पुग्छ ।

(ज) विद्यार्थीलाई उचित पृष्ठपोषण र परामर्श प्रदान गर्न सकिन्छ ।

(झ) शिक्षकलाई शिक्षण पेसासँग सम्बन्धित नयाँ नयाँ खोज तथा अनुसन्धानबाट प्राप्त ज्ञानसिपका बारेमा जानकारी दिई उनीहरूको रचनात्मक सिप र नयाँ नयाँ कुराको खोजी गरी प्रयोग गर्ने प्रवृत्ति तथा सक्षमताको विबास गर्न सहयोग पुग्छ ।

(ञ) उनीहरूमा सिकाइ सहजीकरण र आपसी सञ्चार एवम् सहकार्यलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, पेसागत विकासका लागि अवसरहरूको खोजी गरी निरन्तर किाइमा संलग्न रहने जस्ता सक्षमताहरूको विकास गर्न सकिन्छ ।

## ११.२ अध्यापन अनुमतिपत्र (Teachning License)

शिक्षण एक पेसा हो तर यो पेसा विज्ञान र कला दुवैको समिश्रण हो । सामान्य व्यक्ति कुशल शिक्षक बन्न सक्दैन । विषयगत वा सैद्धान्तिक ज्ञान हुँदैमा शिक्षक बन्न सकिँदैन । कुशल शिक्षक बन्नका लागि तालिमको आवश्यकता पर्छ । त्यस्तो तालिमबाट के कति सिप सिक्न सफल भयो ? वा उक्त सिप शिक्षक बन्न योग्य हो वा होइन परीक्षण गरीप्रदान गरिने प्रमाण पत्र प्राप्त नै शिक्षण अनुमति पत्र हो । अनुमति पत्र प्राप्त शिक्षकले मात्र शिक्षण सिकाइ प्रक्रियालाई कुशल र व्यवस्थित ढङ्गले सञ्चालन गर्न सक्ने हुँदा नेपाल सरकारले विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूलाई अनुमति पत्र अनिवार्य गरेको छ ।

वि. सं. २०२३ सालमा बागमती, नारायणी र गण्डकी अञ्चलका २० ओटा जिल्लाहरूमा प्राथमिक विद्यालय शिक्षक बन्न चाहने व्यक्तिहरूलाई अध्यापन अनुमति पत्र लिनुपर्ने नियम लागु गरिएको थियो । यसअन्तर्गत अल्पकालीन, नियमित र आजीवन गरी तीन किसिमको अध्यापन अनुमति पत्र वितरण गरिएको थियो ।

नेपालमा औपचारिक शिक्षाको सुरुआत वि.स. १९१० को दरबार स्कुलको स्थापनापछि भए तापनि शिक्षकलाई अनुमति पत्रको व्यवस्था गरेको थिएन । शिक्षकलाई तालिम दिने काम वि.सं. २००४ बाट सुरु गरिए तापनि शिक्षण अनुमति पत्र दिने चलन थिएन । तालिमको प्रमाण पत्रलाई नै कुशल तथा तालिम प्राप्त शिक्षक भनी सम्मान गरिन्थ्यो ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले अनिवार्य तालिमको व्यवस्था गरेको थियो भने उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनले विद्यालयमा अध्यापनरत सबै शिक्षकलाई अनुमिति पत्र अनिवार्य गर्न सिफारिस गरेको हो । उक्त सिफारिसअनुसार शिक्षा ऐन २०२८ को सातौँ संशोधन वि. सं. २०५८ मा सम्पन्न भएपछि शिक्षण अनुमति पत्रलाई अनिवार्य गरेको हो । विद्यालयमा अध्यपनरत शिक्षक र शिक्षण पेसामा लाग्न चाहने व्यक्तिहरूलाई शिक्षण अनुमति पत्र प्रदान गर्ने काम शिक्षक सेवा आयोग, भक्तपुरले गर्छ । नेपालमा हालसम्म प्राथमिक शिक्षक अनुमति पत्र, निम्नमाध्यमिक शिक्षण अनुमति पत्र र माध्यमिक तह शिक्षण अनुमति पत्र प्रदान गरिँदै आएको छ ।

शिक्षा ऐन २०२८ को आठौँ संशोधन, २०७३ ले विद्यालय संरचना आभारभूत तह र माध्यमिक तह गरी दुई तहमा विभाजन गरेको हुँदा शिक्षण अनुमति पत्रलाई पनि आधारभूत तह शिक्षण अनुमति पत्र र माध्यमिक तह शिक्षण अनुमति पत्रको व्यवस्थापन गर्ने काम शिक्षक सेवा आयोगले गरिरहेको छ । यसरी प्रदान गरिने शिक्षण अनुमति पत्रले शिक्षकहरूमा आत्मबलको विकास हने, सुरक्षित महसुस हुने र पेसाप्रति इमानदार भई

लाग्न मदत पुऱ्याउँछ । शिक्षण पेसामा आवश्यक हुने योग्यता, क्षमता, व्यक्तित्व तथा आचरणका आधारमा लिइने परीक्षा उत्तीर्ण गर्ने व्यक्तिलाई मात्र शिक्षण अनुमति पत्र प्रदान गरिन्छ ।

### शिक्षण अनुमति पत्रको महत्त्व (Importance of Teaching License)

१. योग्य र सक्षम शिक्षकबाट मात्र कक्षा शिक्षण गर्ने व्यवस्था मिलाउँछ ।

२. शिक्षण पेसामा कमजोर व्यक्तिको प्रवेशलाई निरुत्साहित गर्छ ।

३. शिक्षकहरूमा आत्मबलको विकास र सामाजिक मूल्यको विकास गराउँछ ।

४. शिक्षकहरूमा पेसागत प्रतिष्ठाको विकास हुन्छ ।

५. उच्च दक्षता र क्षमता भएको व्यक्तिहरूको आकर्षण शिक्षण पेसामा बढाउन सकिन्छ ।

६. शिक्षकहरूको सेवा, सुविधा र सर्तहरूमा एकरूपता कायम गर्न सकिन्छ ।

७. शिक्षाको गुणस्तर सुधार गर्न सहयोग पुऱ्याउँछ ।

८. उपयुक्त शिक्षकको छनोट गर्न सहयोग पुऱ्याउँछ ।

## ११.३ शिक्षक तालिम र कक्षाकोठामा यसको प्रयोग (Teacher Training and it's Implication in Classroom)

एउटा कुशल शिक्षकका लागि तालिम अनिवार्य हुन्छ । प्रभावकारी तालिमले मात्र शिक्षकलाई पूर्णता प्रदान गर्छ । पेसामा प्रवेश गर्न चाहने व्यक्तिलाई पूर्व सेवाकालीन तालिम र सेवामा रहेका शिक्षकहरूलाई सेवाकालीन तालिमको व्यवस्था गरेको हुन्छ । तालिमको मुख्य उद्देश्य कक्षा व्यवस्थापन र कक्षा शिक्षणलाई प्रभावकारी बनाउने हो । हरेक शिक्षकले तालिमपश्चात् आफूले प्राप्त गरेको सिपलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्छ । शैक्षणीक योजना निर्माण गर्ने, शिक्षण विधिको छनोट गर्ने, शिक्षण सामग्रीको निर्माण तथा प्रयोग गर्ने, उचित मूल्याङ्कन प्रक्रिया अपनाउने र विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्नका लागि तालिमले पूर्ण सहयोग पुऱ्याउँछ । शिक्षकले इमानदार भई तालिमका क्रममा सिकेको सिपको सदुपयोग गर्नुपर्छ । शिक्षकलाई दिने तालिम भनेको राज्यले शिक्षामा गरेको लगानी हो । त्यसैले तालिमलाई कक्षाकोठामा प्रभावकारी ढङ्गले प्रयोग गर्ने वातावरण विद्यालय व्यवस्थापन र प्रशासनले मिलाउनुपर्छ ।

### शिक्षक तालिम र कक्षाकोठामा प्रयोगका समस्याहरू

१. कक्षाकोठामा आउने समस्या र तालिमको प्रकृति फरक हुनु

२. शिक्षकलाई दिइने तालिम प्रयोगातमकभन्दा शैद्धान्तिक कार्य बढी हुनु

३. तालिममा प्राप्त सिपलाई कक्षाकोठा कार्यान्वयन गर्न आवश्यक सामग्री र उपकरणको अभाव हुनु

४. तालिमलाई कार्यान्वयन गर्ने उपयुक्त नीतिको अभाव हुनु
५. तालिम प्राप्त शिक्षकलाई तालिम कार्यान्वयनका आधारमा बढुवा र वृत्ति विकासको प्रवधान नहुनु
६. विद्यालय व्यवस्थापन र प्रशासनलाई तालिमको आवश्यकता तथा महत्त्वबारे न्यून ज्ञान हुनु
७. पुनर्ताजगी तालिमको व्यवस्था प्रभावकारीहुन नसक्नु
८. तालिम प्राप्त शिक्षकलाई विशेष जिम्मेवारी र सुविधाको व्यवस्था हुन नसक्नु

### तालिमलाई प्रभावकारी बनाउने उपायहरू

१. कक्षा शिक्षणमा देखा परेका समस्याहरूमा केन्द्रित रही तालिम कार्यक्रम तयार गर्ने
२. तालिमलाई सैद्धान्तिकभन्दा प्रयोगात्मक कार्यक्रममा जोड दिने
३. तालिमपश्चात् शिक्षकलाई आवश्यक सामग्री र उपकरण प्रर्याप्त मात्रामा उपलब्ध गराउने
४. तालिम कार्यान्वयनका लागि आवश्यक उपयुक्त नीति तयार गर्ने
५. तालिम प्राप्त शिक्षक र निजको कार्य कुशलताका आधारमा बढुवा वा अन्य अवसर उपलब्ध गराउने
६. विद्यालय व्यवस्थापन र विद्यालय प्रशासनलाई तालिमको महत्त्व एवम् आवश्यकताबारे जानकार बनाउने
७. तालिम प्राप्त शिक्षकलाई उचित जिम्मेवारी प्रदान गर्दै सम्मानित व्यवहार गर्ने
८. पुनर्ताजगी तालिम निरन्तर रूपमा सञ्चालन गर्ने

## ११.४ शिक्षक तालिमको वर्तमान अवस्था (Present Situation of Teacher Training)

नेपालमा शिक्षक तालिमको इतिहास धेरै पुरानो छैन । आधुनिक शिक्षाको सुरुदेखि मात्र शिक्षक तालिमको आवश्यकता महसुस गरिएको हो । राणा प्रधानमन्त्री पद्‌मशमशेरले २००४ मा सुरु गरेका आधार पाठशाला र उक्त पाठशालाका शिक्षकलाई प्रदान गर्ने तालिम नै पहिलो शिक्षक तालिम हो । नेपालमा सञ्चालित विभिन्न शिक्षक तालिमलाई निम्नअनुसार व्याख्या गर्न सकिन्छ :

### १. आधार शिक्षक शिक्षण केन्द्र

भारतको गान्धीवादी शिक्षाबाट प्रभावित भई तत्कालीन राणा प्रधानमन्त्री श्री ३ पद्‌मशमशेरले २००३ मा आधार पाठशालाको स्थापना गरेका थिए । सोही पाठशालामा अध्यापन गर्नका लागि काठमाडौँको ताहाचलमा वि.सं. २००४ मा आधार शिक्षक शिक्षण केन्द्रको स्थापना गरेका थिए । यस केन्द्रमा शिक्षकलाई आवासीय सुविधासहित १० महिनाको तालिम प्रदान गरिन्थ्यो ।

## २. राष्ट्रिय शिक्षक तालिम केन्द्र

वि.सं.२००७ को राजनीतिक परिवर्तनपछि बनेको राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११ को सिफारिसअनुसार राष्ट्रिय शिक्षक शिक्षण केन्द्रको स्थापना वि.सं. २०११ मा भएको हो । आधार शिक्षक शिक्षण केन्द्रलाई राष्ट्रिय शिक्षक शिक्षण केन्द्रमा परिवर्तन गर्ने नयाँ शिक्षकलाई छमहिनाको र सेवाकालीन शिक्षकलाई तीन महिनाको तालिम दिने व्यवस्था मिलाइएको थियो ।

## ३. शिक्षक शिक्षण महाविद्यालय (College of Education )

माध्यमिक विद्यालयको शिक्षक, प्रधानाध्यापक, शिक्षा निरीक्षक र शिक्षा प्रशासक तयार गर्न प्रशिक्षण महाविद्यालय अर्थात् कलेज अफ एजुकेसन वि.सं २०१३ भाद्र २४ गते स्थापना भएको हो । कलेज अफ एजुकेसनको एउटा शाखाका रूपमा नर्मल स्कुल (शिक्षकलाई तालिम दिने शाखा ) स्थापना भएको हो ।

## ४. घुम्ती नर्मल स्कुल

काठमाडौँमा रहेको नर्मल स्कुलले देशव्यापी रूपमा तालिम प्रदान गर्न सम्भव नहुन सकेकाले कलेज अफ एजुकेसनका प्रशिक्षकमार्फत विभिन्न ठाउँमा गई तालिम दिने काम सुरु गरिएको हुनाले यसलाई घुम्ती नर्मल तालिम कार्यक्रम भनिएको हो ।

## ५. प्राथमिक शिक्षक तालिम केन्द्र

सर्वाङ्गीण राष्ट्रिय शिक्षा पद्धतिको योजनाको प्रतिवेदन, २०१८ को सिफारिसअनुसार घुम्ती तालिम केन्द्रलाई स्थायी प्रकृतिको प्राथमिक शिक्षक तालिम केन्द्रका रूपमा स्थापना गरिएको हो । २०२१ सालमा यस्ता तालिम केन्द्रहरू देशको विभिन्न भागमा स्थापना भएका थिए ।

## ६. दुर्गम शिक्षक तालिम केन्द्र

वि.सं २०२२ सालमा दुर्गम भेगका शिक्षकहरूलाई तालिम प्रदान गर्ने उद्देश्यले यस्तो तालिम केन्द्रको स्थापना भएको थियो । यस्तो तालिम सञ्चालन भएका जिल्लाहरूमा सङ्खुवासभा, दोलखा, कर्णाली अञ्चलका सबै, सिन्धुपाल्चोक, रसुवा, गोरखा, मनाङ, बझाङ, बाजुरा, दार्चुला, ओखलढुङ्गालगायतका जिल्लामा सञ्चालन भएको थियो ।

## ७. ए लेभल तालिम (A Level)

राष्ट्रिय शिक्षा पद्धितिको योजना २०२८ को कार्यान्वयनपछि त्रि.वि.को प्रमाण पत्र तहको चार सेमेस्टरमध्ये पहिलो वर्षका दुई सेमेस्टर पूरा गर्ने शिक्षकलाई ए लेभल तालिम प्रमाण पत्र दिइन्थ्यो भने चारओटै सेमेस्टर पूरा गर्नेलाई प्रमाण पत्र तह उत्तीर्ण गरेको प्रमाण पत्र दिइन्थ्यो ।

## ८. बी लेभल तालिम (B Level)

तत्कालीन अवस्थाको एस.एल.सी. उत्तीर्ण हुन नसकेका तर शिक्षण पेसामा रहन चाहने शिक्षकलाई शिक्षाशास्त्र सङ्कायले दिने १० महिने शिक्षक तालिमलाई बी लेभल तालिम (B Level) भनिएको थियो ।

## ९. स्थलगत तालिम

विभिन्न कारणले तालिम केन्द्रसम्म आई तालिम लिन नसक्ने शिक्षकलाई उनीहरूको कार्यक्षेत्रमा गई तालिम दिने पद्धतिलाई स्थलगत तालिम (on the sport training) भनिएको हो ।

## १०. महिला शिक्षक तालिम कार्यक्रम

शिक्षण पेसामा रहेका शिक्षिका तथा शिक्षण पेसामा लाग्न चाहने कक्षा ८ उत्तीर्ण महिलाहरूलाई लक्षित गरी तयार गरिएको तालिमलाई महिला शिक्षक तालिम भनिएको हो ।

## ११. १५० घन्टे आधारभूत शिक्षक तालिम

२०४६ सालको परिवर्तनपछि तालिम प्राप्त शिक्षकको सङ्ख्या अत्यधिक बढेको र १० महिने लामो तालिम सबैलाई प्रदान गर्न सम्भव नभएको हुँदा १५० घण्टा, १८०घण्टा र ३३० घण्टाका आधारभूत शिक्षक तालिमको व्यवस्था गरिएको हो ।

## १२. रेडियो शिक्षा शिक्षक तालिम

दुर्गम भेगमा रहेका विद्यालयहरू जहाँ सीमित शिक्षकहरूबाट सञ्चालन भइरहेको हुँदा त्यस्ता शिक्षकहरूलाई तालिमको अवसर दिन नेपाल सरकारले अमेरिकन सरकारको सहयोगमा २०३५ सालमा रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रम तयार गरी रेडियो नेपालबाट यसको प्रसारण २०३७ साल भाद्र ४ गते भएको थियो । रेडियो नेपालबाट नियमित सञ्चालन भएको यस कार्यक्रमलाई २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रमा समायोजन गरिएको थियो ।

## १३. शैक्षिक जनशक्ति विकास केन्द्र र शिक्षक तालिम

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ को सिफारिसअनुसार २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भयो । उक्त केन्द्रमा यसभन्दा पूर्वका सबै तालिम केन्द्रहरू समायोजन भएका थिए र यसअन्तर्गत निम्नअनुसार तालिमहरू सञ्चालन भइरहेका छन् :

### (क) पूर्व सेवाकालीन शिक्षक तालिम

यस तालिम कक्षा १० उत्तीर्ण भई शिक्षण पेसामा लाग्न चाहने व्यक्तिलाई तालिम केन्द्रमा पाँच पाँच महिनाको हुने सेमेस्टरको तालिम दिइन्थ्यो । तर २०६६ पछि यो कार्यक्रम सञ्चालन भएको छैन ।

### (ख) सेवाकालीन तालिम

विद्यालयमा सेवारत शिक्षकलाई पहिलो, दोस्रो र तेस्रो चरणमा १० महिनाको तालिम सञ्चालन गरिएको थियो । पहिलो २.५ महिना ३३० घण्टा प्रत्यक्ष कक्षा, दोस्रो ५ महिना ६६० घण्टा दूर शिक्षा पद्धति र तेस्रो २.५ महिना ३३० घण्टा पुनः प्रत्यक्ष पद्धतिबाट सञ्चालन गर्ने गरिन्थ्यो ।

### (ग) विशेष तालिम

४ पाँच वर्ष पूरा गरेका शिक्षक तथा १५० घण्टाको तालिम पूरा गरी थप तालिम लिन नसकेका शिक्षकलाई २.५ महिना प्रत्यक्ष तालिम र १८० घण्टाको प्रत्यक्ष तालिम सञ्चालन गरिएको थियो ।

### (घ) निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम

निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई विभिन्न विषयमा २.५ महिना (३३० घण्टा), ५ महिना (६६० घण्टा) र २.५ महिना (३३० घण्टा)को तीन मोडुलका आधारमा प्रत्यक्ष तथा दूर शिक्षा पद्धतिका आधारमा तालिम दिइन्छ ।

### (ङ) व्यवस्थापन तालिम

शैक्षिक जनशक्ति विकास केन्द्रले प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र माध्यमिक (हाल आधारभूत तथा माध्यमिक विद्यालय) का प्रधानाध्यापकहरूलाई एक महिनाको व्यवस्थापन तालिमको व्यवस्था गरेको थियो । यसका अतिरिक्त यस केन्द्रले विद्यालय निरीक्षक, कर्मचारी तथा अन्य प्रशासकहरूलाई पनि आवश्यक तालिम दिने व्यवस्था गर्दथ्यो । हालको संरचनाअनुसार शैक्षिक जनशक्ति विकास केन्द्रले गरिआएका कार्यहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्ने व्यवस्था रहेको छ ।

### (च) शिक्षक पेसागत विकास तालिम (टिपिडी)

विद्यालय क्षेत्र सुधार कार्यक्रम लागु भएसँगै सुरु गरिएको शिक्षक पेसागत विकास तालिम पछिल्लो विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पनि निरन्तरता दिएको छ । यस तालिममा एक शिक्षकले पाँच वर्षको अवधिभित्र पाउने ३० दिन अवधिको तालिमलाई १५/१५ दिनको दुई मोडुलमा कार्यान्वयन गरिएको छ । १५ दिनको एक मोडुल शिक्षा तालिम केन्द्र केन्द्रमा दिइन्छ । यस्तो तालिम अभ्यास, परियोजना र प्रशिक्षणका आधारमा विज्ञद्धारा सञ्चालन गरिन्छ । शिक्षकले आफ्नो कार्यक्षेत्रमा बसेर तालिमको अवसर प्राप्त गर्ने हुनाले पेसागत विकास तालिम उपयोगी देखिएको छ ।

## सारांश (Summary)

शिक्षकलाई निपूर्ण बनाउन उसको शैक्षिक योग्यताको अतिरिक्त प्रदान गरिने पेसागत सिकाइलाई शिक्षक तालिम भनिन्छ । तालिमले शिक्षकलाई पेसागत निरन्तरता दिन र उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउँछ । एउटा शिक्षकलाई आफ्नो पेसामा सफल हुन अल्पकालीन, दीर्घकालीन र पुनर्ताजगी जस्ता तालिमको

आवश्यकता पर्छ । तालिमले शिक्षकको आत्मबलको विकास गर्दै सक्रिय बनाउँछ । शिक्षकलाई आवश्यक प्रक्रिया पूरा गराई अध्यापन अनुमति पत्र प्रदान गर्ने गरिन्छ । शिक्षक अनुमति पत्रले योग्य तथा इमानदार शिक्षक छनोटमा सहयोग पुऱ्याउँछ । शिक्षकले आफूले तालिममा सिकेको सिप र ज्ञानलाई कक्षाकोठामा सफल ढङ्गले प्रयोग गर्नुपर्छ । शिक्षकलाई प्रदान गर्ने तालिम शिक्षामा हुने लगानी भएको हुँदा यसलाई खेर जान दिन हुँदैन ।

शिक्षकलाई प्रभावकारी बनाउन यसमा नवीन प्राविधिको प्रयोग गर्नुपर्छ । आधुनिक प्रविधि र ज्ञानको समावेश गरी शिक्षकलाई तालिम प्रदान गर्नुपर्छ । नेपालमा शिक्षक तालिमको इतिहास वि.सं. २००४ सालबाट सुरु भएको हो । लामो कालखण्ड पूरा गर्दै हालसम्म पनि शिक्षकलाई तालिम दिने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दै आएको छ । यस्ता तालिम शिक्षकलाई मात्र नभएर शिक्षा प्रशासकहरूलाई समेत आवश्यक पर्छ ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) आधारभूत शिक्षक तालिम केन्द्र कहिले स्थापना भयो ?

(ख) शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना कहिले भयो ?

(ग) शिक्षा ऐन २०२८ को सातौँ संशोधन कहिले भयो ?

(घ) शिक्षकलाई अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यालय कुन हो ?

(ङ) शिक्षण पेसामा रहँदा शिक्षकलाई दिइने तालिमलाई के भनिन्छ ?

(च) शिक्षक शिक्षण महाविद्यालयको स्थापना कहिले भएको हो ?

### २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) शिक्षक तालिम भनेको के हो ?

(ख) शिक्षण अनुमतिपत्र भनेको के हो ?

### ३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) शिक्षक तालिमको आवश्यकता र महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) शिक्षक तालिमको कक्षाकोठामा प्रयोगको समस्या र समाधानहरूका उपायहरू व्याख्या गर्नुहोस् ।

### प्रयोगात्मक कार्य

१. आफूले अध्ययन गर्ने विद्यालयमा अध्यापयनरत शिक्षकहरूको शिक्षण अनुमतिपत्रको प्रकार तथा तालिमको विवरण सङ्कलन गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

एकाइ
१२

# शिक्षा र अधिकार
(Education and Right)

## परिचय (Introduction)

शिक्षा मानिसको व्यवहारमा परिवर्तन ल्याउने महत्त्वपूर्ण पक्ष हो भने शिक्षा प्राप्त गर्नु उसको अधिकार हो । समाजमा रहेका कुनै पनि बालबालिकालाई विभेदरहित ढङ्गले शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य हो । शिक्षालाई अधिकारका रूपमा प्रयोगमा ल्याउन कक्षाकोठालाई पूर्ण समावेशी बनाउनुपर्छ । त्यसै गरी शिक्षण सिकाइ प्रक्रियालाई समेत समावेशी बनाउन सक्नुपर्छ । सिकाइ प्रक्रिया जस्तै विद्यार्थी मूल्याङ्कनलाई समेत समावेशी बनाउनुपर्छ । कक्षाकोठाको व्यवस्थापन गर्दा समावेशितामा उचित ध्यान दिनुपर्छ । त्यसैगरी विद्यालय र समग्र शिक्षा प्रक्रियालाई शान्तिक्षेत्र घोषित गरी भयरहित वातावरणमा शिक्षा दिने काम गर्नुपर्छ । नेपालको संविधानले विद्यालय तहको शिक्षालाई नि:शुल्क किटानी गरी सबै बालबालिकालाई शिक्षा प्रदान गर्ने कार्य अगाडि बढाइएको छ । शिक्षा प्रदान गर्दा सामाजिक न्यायका आधारमा अगाडि बढाउनुपर्छ । देशको नयाँ संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारले कानुनमा व्यवस्था भएअनुसार शिक्षा व्यवस्थापनमा सक्रियता देखाउनुपर्छ । शिक्षालाई व्यवस्थापन गर्न विभिन्न संरचनाका आधारमा योजनाबद्ध ढङ्गले अगाडि बढाउनुपर्छ ।

## १२. १ कक्षाकोठामा समावेशीकरण (Inclusiveness in Classroom)

शिक्षा प्राप्त गर्नु मानिसको मौलिक अधिकार हो । नेपालको संविधानले शिक्षालाई मौलिक हकअन्तर्गत समावेश गरको छ । त्यसकारण शिक्षा प्राप्त गर्नु सबैको अधिकार हो । कानुनअनुसार सबैले शिक्षा प्राप्त गर्न पाउनुपर्छ अथवा शिक्षा प्राप्त गर्नु सबैको अधिकार हो । कुनै पनि बालबालिकालाई शिक्षा प्राप्त हुनबाट कसैले पनि रोक्न सक्दैन ।

### कक्षाकोठा व्यवस्थापनमा समावेशीकरण (Inclusiveness in Classroom Management)

देश विकासको आधार शिक्षा हो । देशका सम्पूर्ण नागरिकले बिना अवरोध आफ्नो क्षमताअनुसारको शिक्षा प्राप्त गर्नु हरेक नागरिकको अधिकार हो । त्यसैले विद्यालयको कक्षाकोठामा सम्पूर्ण वर्ग, क्षेत्र, धर्म, लिङ्ग तथा समुदायका बालबालिकालाई समानताका आधारमा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ । विद्यालयको कक्षाकोठामा विभिन्न जाति, धर्म, वर्ग तथा अन्य क्षेत्रका बालबालिकाहरूलाई बिनाभेदभाव समान व्यवहार गर्नुपर्छ । कक्षाकोठामा विद्यार्थीहरूलाई विभेदरहित ढङ्गले कक्षा शिक्षण गर्नुपर्छ । विद्यालयको कक्षाकोठा पूर्णरूपमा समावेशी हुन सक्यो सकेन भनी विद्यालय तथा कक्षा शिक्षकले विचार पुऱ्याउनुपर्छ । विद्यालय रहेको समाजमा रहेका सबै समूह तथा वर्गका बालबालिकाहरू सहज रूपमा कक्षाकोठामा व्यवस्थापन गर्न

सकियो सकिएन विचार पुऱ्याउनुपर्छ । विद्यालयको कक्षाकोठा सबैका लागि अपनत्व हुने, रमाउन सक्ने तथा वातावरण भएको हुनुलाई कक्षाकोठामा समावेशीकरण भनिन्छ । कक्षाकोठालाई अझ बढी समावेशी बनाउन विद्यालयले निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

१. कक्षाकोठालाई सम्पूर्ण बालबालिकाहरूको भावनाअनुरूप पूर्ण बालमैत्री बनाउनुपर्छ ।

२. सबै बालबालिका सजिलै बस्न, लेख्न, हिँड्न वा सिकाइ क्रियाकलापमा भाग लिन सक्ने गरी कक्षाकोठाको व्यवस्थापन गर्नुपर्छ ।

३. कक्षाकोठामा सम्पन्न हुने कक्षा कार्यक्रमहरूमा सबैले समान रूपमा भाग लिन पाउने व्यवस्था गर्नुपर्छ ।

४. कक्षाकोठामा लागु हुने नियम तथा नीतिहरू सबैलाई समान र एकनासको हुनुपर्छ ।

५. शिक्षणमा प्रयोग हुने शिक्षण सामग्रीहरू सबै बालबालिकाको रुचि, क्षमता, आवश्यकताअनुसार तयार गर्ने र प्रयोग गर्नुपर्छ ।

६. विद्यार्थीको सङ्ख्या हेरी सबै विद्यार्थीलाई कक्षाकोठामा बस्न सहज हुने गरी कक्षामा बस्ने व्यवस्थापन गर्नुपर्छ ।

७. विद्यालयले प्रदान गर्ने सम्पूर्ण अवसरहरू सबै बालबालिकाहरूले समान रूपमा उपयोग गर्ने व्यवस्थापन गर्नुपर्छ ।

८. कक्षाकोठाको आचार संहिता तथा नियम बनाउँदा सबै बालबालिकाहरूको प्रतिनिधित्व हुने गरी तयार गर्नुपर्छ ।

**शिक्षण सिकाइ प्रक्रियामा समावेशीकरण** (Inclusiveness in Teaching Learning activities)

विद्यालय समाज र समुदायको साझा घर हो । जहाँ समुदायका सम्पूर्ण बालबालिकाहरूले स्वतन्त्रापूर्वक सिक्ने, खेल्ने र रमाउने मौका पाएका हुन्छन् । कक्षाकोठालाई पूर्ण समावेशी बनाउन जरुरी भए जस्तै शिक्षण सहजीकरण प्रक्रियामा पनि समावेशीकरण हुनु जरुरी छ । शिक्षकले कक्षाकोठामा कक्षा शिक्षण गर्दा आफ्नो कक्षाकोठामा भएका सम्पूर्ण बालबालिकाहरूले समान रूपमा सिक्न सक्यो या सकेन हेक्का राख्नुपर्छ । कक्षाकोठामा रहेका छात्रा, अपाङ्ग, बालबालिका, विभिन्न वर्ग र समुदायका बालबालिका तथा कमजोर क्षमता भएका बालबालिकाहरूलाई समान व्यवहार एवम् उनीहरूको सिकाइ क्षमताका आधारमा कक्षाशिक्षण गर्नु नै सिकाइ प्रक्रियामा समावेशीकरण हो । सबै बालबालिकालाई जिज्ञासा राख्ने मौका दिने,उनीहरूको प्रतिक्रिया सुन्ने, छलफलमा भाग लिन दिने,वैयक्तिक क्षमतालाई ध्यान दिँदै सिकाइ प्रक्रिया अगाडि बढाउनेलगायतका क्रियाकलापमा जोड दिनुपर्छ ।

शिक्षकले आफ्नो कक्षाकोठाको सिकाइ क्रियाकलापलाई पूर्ण समावेशी बनाउन व्यक्तिगत शिक्षण तथा समूह शिक्षण जस्ता प्रक्रिया अपनाउनुपर्छ । विद्यार्थीहरूलाई कक्षाकार्यमा सहभागी गराउँदा वा गृहकार्यलगायत

विभिन्न कार्यहरू गराउँदा उनीहरूको क्षमता, रुचि तथा स्वभावलाई उच्च सम्मान गर्नुपर्छ । कक्षाकोठामा हुने सिकाइ क्रियाकलापले हरेक विद्यार्थीहरूको आत्मबलको विकास, अन्तरनिहित क्षमतको प्रस्फुटन, सहयोगी भावनाको विकास, लगनशीलता, इमानदारी, उत्तरदायी, अनुशासित, पूर्ण जिम्मेवार जस्ता गुणहरूको विकास समान ढङ्गले गर्न सक्ने हुनुपर्छ । यस्ता कार्यहरू पूरा गर्नका लागि कक्षाकोठामा सम्पन्न हुने सिकाइ क्रियाकलाप पूर्ण समावेशी हुनुपर्छ ।

## विद्यार्थी मूल्याङ्कनमा समावेशीकरण (Inclusiveness in Student Evaluation)

प्रभावकारी शिक्षा अथवा गुणस्तरीय शिक्षाको एउटा महत्त्वपूर्ण पक्ष विद्यार्थी मूल्याङ्कन हो । हरेक विद्यालयले पाठ्यक्रमले तोकेको ढाँचामा आफ्नो वार्षिक कार्यतालिका तयार गरी सोहीबमोजिम मूल्याङ्कन कार्यहरू निरन्तर सञ्चालन गरिरहेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापसँगै उनीहरूको सिकाइ उपलब्धि के कति भयो भनी विद्यालयले निर्माणात्मक मूल्याङ्कनहरू निरन्तर सञ्चालन गरिरहेको हुन्छ । यस्तो मूल्याङ्कन साप्ताहिक रूपमा, एकाइको अन्त्यमा, महिनाको अन्त्यमा, मासिक तथा अर्धवार्षिक एवम् वार्षिक रूपमा लिन सक्छन् । यसरी सञ्चालन गरिने मूल्याङ्कन पूर्णरूपमा समावेशी हुनुपर्छ । सबै परीक्षामा सबै खालका विद्यार्थीहरू सहज रूपमा समावेश हुने व्यवस्थापन गर्नुपर्छ। परीक्षामा सोधिने प्रश्नहरू सबै विद्यार्थीलाई उपयुक्त हुने गरी तयार गर्नुपर्छ ।

परीक्षामा गरिने व्यवहार, अङ्कन गरिने प्रक्रिया, पृष्ठपोषण तथा सुझावहरू समान ढङ्गले प्रदान गर्नुपर्छ । यसको अतिरिक्त विद्यालयमा हुने अवलोकन, निरीक्षण, घटना अध्ययन तथा अभिलेखको अध्ययन जस्ता कार्यहरू पनि पूर्ण समावेशी बनाउनुपर्छ । विद्यालयमा सञ्चालन हुने मूल्याङ्कन प्रक्रिया समावेशी हुन नसक्दा विद्यालयको गुणस्तर कायम हुन सक्दैन । त्यसकारण मूल्याङ्कन प्रक्रियालाई पूर्ण समावेशी बनाउन निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्छ :

१. विद्यार्थीको वैयक्तिक भिन्नता र समावेशिताका आधारमा प्रश्नपत्र तयार गर्ने

२. सम्पूर्ण विद्यार्थीहरूलाई सजिलो हुने गरी मूल्याङ्कन तालिका तयार गर्ने

३. सबै विद्यार्थीहरूको कमीकमजोरी पत्ता लगाउन सक्ने गरी मूल्याङ्कन कार्य सञ्चालन गर्ने

४. परीक्षाको सन्दर्भमा सबै बालबालिकाहरूलाई हौसला प्रदान गर्ने

५. विद्यार्थीहरूलाई बिनाभेदभाव न्यायपूर्ण ढङ्गले अङ्क प्रदान गर्ने

६. उत्कृष्ट विद्यार्थीहरूलाई प्रोत्साहन र कमजोर विद्यार्थीहरूलाई हौसला प्रदान गर्ने

७. विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण समान ढङ्गले प्रदान गर्ने ।

## १२.२ शान्ति र शिक्षा (Education and Peace)

अवोध बालबालिकाहरूले निर्वाधरूपमा स्वतन्त्र रूपले अध्ययन गर्ने, खेल्ने तथा रमाउने साझा थलो विद्यालय हो । विद्यालय समाजको साझा सम्पत्ति र आस्थाको केन्द्र पनि हो । सोही केन्द्रबाट बालबालिकाहरूले उचित शिक्षा लिने, सिप सिक्ने, व्यवहारमा निपूर्णत ल्याउने र सफल व्यक्ति बन्ने प्रयत्न गरिरहेका हुन्छन् ।

विद्यालय, शिक्षा आर्जन गर्ने पवित्र स्थल भएको हुनाले विद्यालयको वातावरण शान्त र मनोरम हुनुपर्छ । शान्त वातावरणको अभावमा सिकाइ प्रक्रिया अवरुद्ध हुने भएकाले शान्तिबिना शिक्षा सम्भव हुँदैन । विद्यालय व्यवस्थापन र विद्यालय प्रशासनले विद्यालयलाई कुनै पनि समय शान्त राख्ने प्रयत्न गर्नुपर्छ । यदि कुनै बाह्य वा आन्तरिक कारणले विद्यायष्को वातावरणमा असर पुऱ्याउने सम्भावना रह्यो भने तत्काल समाधानको उपाय अवलम्बन गर्नुपर्छ ।

समाजमा भएका सामाजिक विभेद, जातीय विभेद, लैङ्गिक विभेद, कुनै वर्ग र समुदायलाई अधिकारबाट वञ्चित जस्ता कार्यले समाजमा अशान्ति फैलन्छ । यस्तो कार्यले विद्यालयलाई प्रत्यक्ष असर गरेको हुन्छ । यसबाट बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने कार्यमा गम्भीर असर पर्छ । विद्यालयमा अशान्ति फैलन सक्ने सम्भावनाको समयमा नै पहिचान गरी त्यसको नियन्त्रणको प्रयास गरिनुपर्छ । विद्यालयमा शान्ति कायम गर्न स्थानीय तहमा प्रदेशमा र केन्द्रीय तहमा समेत जानकारी गराई प्रभावकारी नीति नियमको तयारी गर्नुपर्छ । विद्यालयलाई पूर्ण शान्तिक्षेत्र घोषणा गर्न अन्तर्राष्ट्रिय स्तरमा के कस्ता अभियानहरू सञ्चालन भएका छन्, अध्ययन गरी उपयुक्तताका आधारमा कार्यान्वयन गर्दै अगाडि बढ्नुपर्छ । विद्यालय शान्ति क्षेत्र भएकाले कुनै पनि व्यक्ति, समूह, दल आदिले प्रभाव पार्न हुँदैन ।

सम्पूर्ण वर्ग र क्षेत्रका बालबालिकालाई शान्त रूपमा विद्यालय जान र शिक्षा आर्जन गर्ने वातावरण मिलाउनु विद्यालय र समाजको पहिलो कर्तव्य हो । समाजमा हुने विभिन्न गतिविधिको असर विद्यालयमा पर्नु हुँदैन । अशान्त क्रियाकलापले विद्यार्थीको बालमनोविज्ञानमा नकारात्मक असर पर्ने हुँदा यसले सिकाइमा समेत नकारातमक प्रभाव पार्छ । त्यसैले विद्यालय पूर्ण रूपमा शान्त वातावरणमा शिक्षा प्रदान गर्न सक्षम हुनुपर्छ ।

## १२.३ शिक्षा र लोकतन्त्र (Education and Democracy)

शैक्षिक विकासको महत्त्वपूर्ण आधार लोकतन्त्र हो । जनताले आफ्नो अधिकार स्वतन्त्र रूपले उपयोग गर्न पाउने शासन प्रणालीलाई लोकतन्त्र भनिन्छ । पूर्ण लोकतन्त्र भएको मुलुकमा मात्र शिक्षालाई मौलिक हकका रूपमा प्रस्तुत गरिएको हुन्छ । लोकतान्त्रिक मुलुकमा शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हकका रूपमा किटान गरिएको हुन्छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा किटानी गरेको छ । नेपाल सरकारले विद्यालय तह कक्षा १० सम्म नि:शुल्क शिक्षा प्रदान गरेको छ भने माध्यमिक तहको कक्षा ११ र १२ लाई पनि नि:शुल्क बनाउने अभियान सञ्चालन गरेको छ ।

जनताद्वारा निर्वाचित जनप्रतिनिधिले शासन सञ्चालन गर्ने प्रणाली नै वास्तवमा लोकतन्त्र हो । लोक भनेको जनता र उनीहरूको प्रतिनिधिको शासनलाई लोकतन्त्र भनिएको हो । नेपालमा २००७ सालमा प्रजातन्त्र आयो । २००७ सालपूर्व जनताले शिक्षा लिने अवसर पाएका थिएनन् । त्यसपछिको प्रजातान्त्रिक कालमा समेत सबै बालबालिकाले समान शिक्षा पाउन सकेका थिएनन् । त्यसैले वि.सं. २०६२/०६३ सालमा सम्पन्न दोस्रो जनआन्दोलनको परिणाम स्वरूप नेपाल सङ्घीय गणतन्त्रात्मक राज्यका रूपमा स्थापना भयो । फलस्वरूप देश पूर्णरूपमा लोकतान्त्रिक राज्य हुन गयो । देशको माथिल्लो निकायदेखि तल्लो तहसम्म जनताका छोराछोरी निर्वाचित हुने मौका पाउने हुनाले उनीहरूले आफ्ना देशका बालबालिकाहरू शिक्षाबाट वञ्चित हुन नपरोस् भनी शिक्षाको नीति तयार गर्ने, बजेट विनियोजन गर्ने, विद्यालयको भौतिक पूर्वाधार तयार गर्ने जस्ता कार्य गर्छन् । हरेक जनताले आफ्नो क्षेत्रमा गर्नुपर्ने शैक्षिक विकासको आवाज देशको केन्द्रसम्म पुऱ्याउन सक्छन् । यस्तो वातावरण तयार गर्न देशमा लोकतान्त्रिक शासन व्यवस्था आवश्यक पर्छ । त्यसकारण शिक्षा र लोकतन्त्रको सम्बन्ध अत्यन्त सुमधुर हुन्छ । लोकतन्त्रले शिक्षा विकासमा सहयोग पुऱ्याउँछ भने शिक्षाले लोकतन्त्रको विकास र संस्थागत गर्न समेत सहयोग पुऱ्याउँछ ।

## १२.४ शिक्षा र सामाजिक न्याय (Education and Social Justice)

न्यायको अर्थ पक्षपातरहित, निष्पक्ष तथा न्याययुक्त भन्ने हुन्छ । समाजमा भएका हरेक अवसरहरू सम्पूर्ण जनतालाई निस्पक्ष, न्यायिक तथा पक्षपातरहित ढङ्गले उपयोग गर्न दिने व्यवस्थालाई सामाजिक न्याय भनिन्छ । समाजका हरेक बालबालिकाहरूलाई निष्पक्ष तथा न्यायिक ढङ्गले शिक्षा प्राप्त गर्ने वातावरण मिलाउनु नै वास्तवमा शिक्षामा सामाजिक न्याय हो । मानिसको व्यक्तित्व विकासको प्रमुख आधार शिक्षा भएको हुँदा समाजले बिनाभेदभाव सम्पूर्ण बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने वातावरण मिलाउनुपर्छ । यस्तो कार्यलाई शिक्षामा सामाजिक न्याय भनिन्छ । समाजमा हुने सामाजिक भेदभाव, जातीय, लैङ्गिक, वर्गीय तथा अन्य कारणले कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित वा भेदभाव गरिनु हुँदैन । यदि विद्यालयमा यस्तो अवस्था देखिएमा समाजले हस्तक्षेप गरी त्यस्तो अन्यायपूर्ण वातावरणाको अन्त्य गर्नुपर्छ ।

समाजमा विभिन्न जाति, धर्म, वर्ण, संस्कार, लिङ्ग, वेषभूषा, भौगोलिक बनावट र सोहीअनुसारको सामाजिक मूल्य र मान्यताहरू रहेका हुन्छन् । सोही विविधता र मूल्यका आधारमा निश्चित वर्ग तथा समुदायका बालबालिकाहरूलाई शिक्षामा विभेद हुन सक्ने सम्भावना रहन्छ । विद्यालयमा समेत समाजको प्रभाव प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पर्ने हुनाले शिक्षामा पनि विभेद देखिन सक्छ । त्यस्तो अवस्थामा समाजले निष्पक्ष रूपमा सम्पूर्ण बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने वातावरण मिलाउनुपर्छ ।

समाजमा सामाजिक न्याय, स्थापना गर्नका लागि देशमा प्रचलित नियम कानुनको अतिरिक्त विश्वमा प्रचलित विभिन्न अभियानहरूको समेत सहायता लिनुपर्छ । मानवअधिकार, बालअधिकार, मजदुर अधिकार, महिला अधिकार जस्ता अभियानहरूलाई सकारात्मक ढङ्गले व्यवहारमा लागु गर्नुपर्छ ।

## १२.५ प्रदेश तथा स्थानीय तहमा शैक्षिक व्यवस्थापन (Educational Management in providence and Local level)

वि.सं. २०६२/०६३ पछिको राजनीतिक परिवर्तनपछि सम्पन्न संविधान सभाको निर्वाचनमार्फत तयार गरिएको नेपालको संविधानले नेपाललाई सङ्घीय गणतान्त्रिक राज्यका रूपमा परिभाषित गरेको छ । यसपूर्व रहेको एकात्मक शासन प्रणालीलाई खारेज गरी देशलाई सात प्रदेश र ७५३ ओटा स्थानीय तहमा विभाजन गरेको छ । अब नेपालमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संविधान र कानुनले तोकको अधिकार प्रयोग गरी जननिर्वाचित प्रतिनिधिमार्फत शासन सञ्चालन गर्ने व्यवस्था अङ्गीकार गरेको छ । शिक्षा विकासको योजना र नीति निर्माण गर्न केन्द्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ भने सातओटै प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालयहरू रहेका छन् । त्यस्तै गरी हरेक गाउँ, महानगर, उपमहानगर र नगरपालिकाहरूमा शिक्षा कार्यालयहरू रहेका छन् । आफ्नो गाउँ वा नगरमा शिक्षाको विकास गर्नका लागि विद्यालय, गाउँ वा नगर र जिल्ला तहमा विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरू तयार गरिन्छ । यसलाई  निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

### विद्यालय सुधार योजना (School Improvement Plan : SIP)

विद्यालयले स्थानीय अभिभावक, शिक्षक, विद्यार्थी, स्थानीय सङ्घसंस्था आदिको संलग्नतामा पाँच वर्ष वा सोभन्दा कम अवधिका लागि विद्यालयले पूरा गर्ने कार्यक्रमको विस्तृत रूपरेखासहित तयार गरेको बृहत् कार्ययोजनालाई विद्यालय सुधार योजना (School Improvement Plan : SIP) भनिन्छ । विशेष गरी विद्यालय व्यवस्थापन र विद्यालय प्रशासनको नेतृत्वमा शिक्षक, अभिभावक तथा जनप्रतिनिधिहरूको सहभागितामा यस्तो योजना तयार गरिन्छ । विद्यालयको जनशक्ति, विद्यार्थी भर्ना, शिक्षाको गुणस्तर, भौतिक पूर्वाधार, बजेट तथा अन्य पक्षलाई समेटेर विद्यालयको समग्र सुधार गर्ने गरी तयार गरिने हुनाले यसलाई विद्यालय सुधार योजना भनिएको हो । यस्तो योजना विद्यालय व्यवस्थापनले अनुमोदन गरी सम्बधित गाउँ वा नगरपालिकामा पठाइन्छ । यस्तो योजना सफल बनाउन गाउँ वा नगर तथा जिल्ला कार्यालयले समेत सहयोग पुऱ्याएको हुन्छ ।

### गाउँ/नगर शिक्षा योजना (Rural Municipality/Municipality Plan)

नेपालमा रहेको ७५३ ओटा गाउँ वा नगरपालिकाले आआफ्नो क्षेत्रभित्र रहेका विद्यालयहरूको विकास र उन्नतिका लागि बढीमा पाँच वर्षका लागि बृहत् कार्यक्रम तयार गरेको हुन्छ यसलाई गाउँ वा नगर शिक्षा योजना भनिन्छ । यस्तो योजना गाउँ वा नगरपालिकामा रहेको शिक्षा कार्यालयले तयार गर्छ । हरेक विद्यालयले तयार गरेको विद्यालय सुधार योजना समेतका आधारमा सम्पूण सरोकारवाला व्यक्ति तथा निकाय, शिक्षाविद् तथा अन्य व्यक्तिको सहयोगमा यस्तो योजना तयार गरिन्छ । आफ्नो गाउँ वा नगरभित्रका विद्यालयको शिक्षाको समग्र विकास, पूर्वाधार, जनशक्तिदेखि स्तरोन्नतिसम्मका बृहत् कार्यक्रम यस योजनामा

समावेश गरिएको हुन्छ । यस्तो योजनालाई गाउँ वा नगर सभाबाट पास गराई जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइमा र आवश्यकअनुसार प्रदेशसरकार समक्ष पठाउन सकिन्छ ।

## सारांश (Summary)

सफल जीवनको प्रमुख आयाम शिक्षा भएको हुँदा शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको अधिकार हो । कुनै पनि बालबालिकालाई बिनाभेदभाव शिक्षा लिने वातावरण निर्माण गर्नु नै समावेशी शिक्षा हो । समावेशी शिक्षा कक्षाकोठा व्यवस्थापन, कक्षा शिक्षण मूल्याङ्कन जस्ता कार्यमा समेत अवलम्बन गर्नुपर्छ । शिक्षा प्रक्रियाको हरेक चरणमा समावेशिता हुन सकेन भने शिक्षालाई अधिकारका रूपमा प्रयोग भएको मान्न सकिँदैन ।

विद्यालयलाई शान्ति क्षेत्रका रूपमा घोषित गरी पूर्ण रूपमा कार्यान्वयन गर्न सक्नुपर्छ । हरेक समुदाय, वर्ग र क्षेत्रका बालबालिका भयरहित ढङ्गले विद्यालयमा गई शिक्षा आर्जन गर्न सक्ने अवस्थालाई निश्चित गर्नुपर्छ । समाजमा रहेका गरिब, निमुखा तथा मूलधारबाट बाहिरिएका समूहका बालबालिकालाई ससम्मान विद्यालय जाने र शिक्षा लिने व्यवस्थापन लोकतान्त्रिक सरकारले गर्नुपर्छ । समाजमा प्रचलित नियम कानुनको पूर्ण पालना गर्दै भेदभावरहित ढङ्गले सामाजिक न्यायलाई आत्मसात् गर्दै शिक्षा लिने वातावरण निर्माण गर्नुपर्छ । शिक्षालाई व्यवस्थित र योजनाबद्ध ढङ्गले अगाडि बढाउन विभिन्न तहहरूमा शिक्षा विकासका लागि योजना बनाउन र कार्यान्वयन गर्दै जाने व्यवस्था गरिएको हुन्छ ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस्:

(क) शिक्षा प्राप्त गर्नु कुन अधिकार हो ?

(ख) शिक्षण सिकाइ प्रक्रियामा हुने समावेशीकरणले कस्ता विद्यार्थीलाई सहयोग पुग्छ ?

(ग) विद्यालयलाई शान्ति क्षेत्र बनाउनुपर्ने कारण के हो ?

(घ) विद्यालय प्रशासनले विद्यालय सुधारका लागि तयार गर्ने योजनालाई के भनिन्छ ?

### २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्:

(क) समावेशी शिक्षा भनको के हो ?

(ख) विद्यार्थी मूल्याङ्कनमा समावेशीकरण भन्नाले के बुझिन्छ ?

(ग) विद्यालय शान्ति क्षेत्र हो भन्ने तथ्यलाई पुष्टि गर्नुहोस् ।

(घ) विद्यालय सुधार योजना भन्नाले के बुझिन्छ ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) कक्षाकोठामा समावेशीकरण किन आवश्यक छ, उल्लेख गर्नुहोस् ।

(ख) शिक्षा र सामाजिक न्याय भन्नाले के बुझिन्छ, प्रस्ट पार्नुहोस् ।

(ग) स्थानीय तहमा तयार गरिने विभिन्न शैक्षिक योजनाको वर्णन गर्नुहोस् ।

## प्रयोगात्मक कार्य

१. आफ्नो विद्यालयले तयार गरेको विद्यालय सुधार योजनाको अध्ययन गरी यसमा थप सुधार गर्न आवश्यक सुझावहरूको सूची तयार गर्नुहोस् ।

एकाइ
१३

# विद्यालय प्रशासन र समुदाय सम्बन्ध
(School Administration and Community Relation)

## परिचय (Introduction)

विद्यालय र समाजबिच अत्यन्त सुमधुर सम्बन्ध हुनुपर्छ । विद्यालय सञ्चालन गर्न विद्यालय प्रशासन रहेको हुन्छ । त्यस्तो प्रशासनको सम्बन्ध सामाजसँग सौहार्दपूर्ण हुनुपर्छ । विद्यालयमा हुने हरेक क्रियाकलापमा समाजको सहयोग र सहभागिता रहनुपर्छ । यसरी सहयोग पुऱ्याउनका लागि गाउँ वा नगर शिक्षा समिति, जिल्ला शिक्षा समिति, विभिन्न गैरसरकारी सङ्घसंस्थाहरू, समुदायमा आधारित सङ्घसंस्थाहरू क्रियाशील रहेका हुन्छन् । विद्यालयलाई यस्ता निकायहरूको निरन्तर सहयोगको आवश्यकता पर्छ । हरेक निकायले आफूले सम्पादन गर्नुपर्ने दायित्व निरन्तर पूरा गरिरहेका हुन्छन् । यसबाट विद्यालयको विकासमा सहयोग पुगेको हुन्छ ।

## १३.१ विद्यालय व्यवस्थापनमा विभिन्न निकायको भूमिका (Role of Various Agencies to the School Management)

विद्यालय समाजको प्रतिनिधित्व गर्ने एउटा साझा संस्था हो । समाजमा हुने सबै जातजाति, भाषाभाषी, संस्कृतिलगायतका विशेषताहरू विद्यालयमा प्रस्ट देख्न सकिन्छ । विद्यालयबाट समाजको अध्ययन गर्न सकिन्छ भने समाजबाट विद्यालयको अध्ययन गर्न पनि सकिन्छ । विद्यालयलाई सफल बनाउन समाजमा रहेका विभिन्न निकायहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालयमा विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिका अतिरिक्त विभिन्न निकायहरूले प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याइरहेको हुन्छ । त्यस्ता निकायहरूको उद्देश्य विद्यालयलाई सहयोग पुऱ्याउने रहेको हुन्छ । यस्ता निकायहरूमा जिल्ला शिक्षा समिति, गाउँ वा नगर शिक्षा समितिलगायत विभिन्न सङ्घसंस्थाहरू रहेका हुन्छन् । यस्ता निकायहरूले वार्षिक रूपमा बजेट तथा कार्यक्रम तयार गर्ने, विद्यालयका लागि निश्चित बजेट विनियोजन गर्ने तथा विकासमा सहयोग पुऱ्याइरहेका हुन्छन् । जिल्ला शिक्षा  समिति र गाउँ वा नगर शिक्षा समितिले विद्यालयलाई प्रत्यक्ष सहयोग पुऱ्याउँछन् भने सामाजिक सङ्घसंस्थाहरूले जिल्ला, गाउँ वा नगर शिक्षा कार्यालयसँग समन्वय गर्दै विद्यालयको व्यवस्थापनमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

### गाउँ र नगर शिक्षा समिति (Rural Municipality and Municipality Education Commitee)

नेपालको संविधानअनुसार नेपाललाई सात प्रदेश, ७७ जिल्ला र ७५३ ओटा स्थानीय तहमा विभाजन गरिएको छ । ७५३ ओटा स्थानीय तहहरूलाई महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी

चार समूहमा विभाजन गरेको छ । आफ्नो गाउँ वा नगरपालिकाभित्र रहेका विद्यालयलाई सहयोग पुऱ्याउनका लागि वा समग्र शिक्षाको विकास गर्नका लागि एउटा गाउँ वा नगर शिक्षा समिति गठन गर्ने व्यवस्था शिक्षा ऐन २०२८ को आठौँ संशोधनले गरेको छ । गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्नका लागि प्रत्येक गाउँ वा नगरपालिकामा देहायबमोजिमको गाउँ शिक्षा वा नगर शिक्षा समिति गठन गरिएको हुन्छ :

१. गाउपालिकाको अध्यक्ष वा नगरपालिकोको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति ..........................................................................................अध्यक्ष

२. गाउँ वा नगरपालिकाले तोकेको गाउँ वा नगरपालिका सदस्यहरूमध्येबाट कम्तीमा एक जना महिलासहित दुई जना ..................................................................सदस्य

३. सम्बन्धित गाउँ वा नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेका एक जना ....सदस्य

४. स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरूमध्येबाट गाउँ शिक्षा समिति वा नगर शिक्षा समितिबाट मनोनित एक जना दलित र दुई जना महिलासहित तीन जना ......... सदस्य

५. समबन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट सम्बन्धित गाउँ वा नगरपालिकाले मनोनित गरेको कम्तीमा एक जना महिलासहित दुई जना ...................................................सदस्य

६. सम्बन्धित गाउँ वा नगरपालिकास्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गतासम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँवा नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएको एक जना व्यक्ति ..............सदस्य

७. गाउँ शिक्षा समितिको हकमा सम्बन्धित स्रोत व्यक्ति र नगर शिक्षा समितिको हकमा सम्बीन्धत विद्यालय निरीक्षक एक जना ........................................सदस्य सचिव

यसरी हरेक गाउँ वा नगरपालिकामा ऐन बमोजिम ११ जना सदस्य रहेको गाउँ वा नगर शिक्षा समिति गठन गरिएको हुन्छ । यसरी गठन भएको समितिको अवधि दुई वर्ष रहेको हुन्छ । यस्तो समितिमा शिक्षक महासङ्घका प्रतिनिधि तथा प्रधानाध्यापकहरूलाई आवश्यकताअनुसार पर्यवेक्षकका रूपमा बैठकमा आमन्त्रित गरिन्छ ।

गाउँ वा नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारहरू निम्नानुसार रहेको छन्:

१. गाउँ वा नगर क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गराउने

२. हरेक वर्ष वैशाख महिनामा विद्यालय भर्ना अभियान चलाई सम्पूर्ण बालबालिकाको अभिलेख राख्ने

३. विद्यालयलाई शैक्षिक योजना बनाउन सहयोग गर्ने र त्यस्तो योजनाको स्वीकृत तथा अनुगमन गर्ने

४. गाउँ वा नगर क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चित गराउने

५. गरिब, अपाङ्ग तथा फरक क्षमता भएका बालबालिकाहरूलाई विद्यालय भर्नाको उचित प्रबन्ध गर्ने

६. विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गुणस्तर सुधार गर्न सहयोग पुऱ्याउने

७. विद्यालयका शिक्षक, कर्मचारीलाई तालिम तथा गोष्ठिको आयोजना गर्ने

८. विद्यालयहरूको चलअचल सम्पत्तिको अभिलेख राख्ने

९. विद्यालयमा शैक्षिक वातावरण तयार गर्न सहयोग गर्न

१०. उत्कृष्ट शिक्षक तथा कर्मचारीलाई कानुनबमोजिम पुरस्कार र दण्डका लागि सिफारिस गर्ने

११. विद्यालयमा विभिन्न पाठ्यान्तर क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई सहयोग पुऱ्याउने ।

## जिल्ला शिक्षा समिति (District Education Commitee)

नेपालको ७७ ओटै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ र जिल्ला शिक्षा समिति रहेका हुन्छन् । यस्तो समितिले जिल्लाभरका विद्यालयहरूको रेखदेख र विकासमा सहयोग पुऱ्याउने गरेको हुन्छ । शिक्षा ऐन २०२८ को आठौँ संशोधनबमोजिम जिल्लाभित्रका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने कार्यका लागि प्रत्येक जिल्लामा देहायबमोजिमको जिल्ला शिक्षा समिति गठन गरिएको हुन्छ :

१. जिल्ला समन्वय समितिको प्रमुख वा प्रमुखको काम गर्न तोकिएको व्यक्ति ............अध्यक्ष

२. प्रमुख जिल्ला अधिकारी ..................................................................सदस्य

३. जिल्ला समन्वय समितिका सचिव ..........................................................सदस्य

४. जिल्लाभित्रका समुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेको एक जना ................................................... सदस्य

५. जिल्लाभित्रका संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखले मनोनित गरेको एक जना .......................................सदस्य

६. अभिभावक वा शिक्षाविद्हरूमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेको कम्तीमा एक जना दलित र एक जना महिलासहित तीन जना ...................................................................सदस्य

७. नेपाल शिक्षक महासङ्घको जिल्ला अध्यक्ष ......................................................सदस्य

८. शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख.................................................सदस्यसचिव

यसरी गठन गरिएको जिल्ला शिक्षा समितिमा मनोनित सदस्यहरूको पदावधी दुई वर्षको हुने र अन्य व्यक्तिहरूको अवधि आफ्नो पदमा रहुन्जेल रहने छ ।

## जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकारहरू :

१. शिक्षासम्बन्धी जिल्लास्तरीय योजना तयार गर्ने

२. सामुदायिक विद्यालयलाई आर्थिक सहयोग पुऱ्याउन गाउँपालिका र नगरपालिकालाई अभिप्रेरित गर्ने

३. जिल्लाभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग पुऱ्याउने

४. जिल्लाको शैक्षिक गुणस्तर विकास गर्नका लागि स्रोत जुटाउने कार्य गर्ने

५. सामुदायिक विद्यालयको लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने

६. जिल्लाभित्रका सामुदायिक विद्यालयअन्तर्गतका कक्षा ५ सम्मका आधारभूत विद्यालयमा दुर्गम जिल्लाहरूको हकमा भौगोलिक विकटताका आधारमा र अन्य जिल्लाको हकमा विद्यार्थी सङ्ख्याका आधारमा न्यूनतम कक्षागत दरबन्दी कायम गरी र आधारभूत विद्यालयको कक्षा ६ देखि ८ सम्म तथा माध्यमिक विद्यालयलाई विषयगत आधारमा नेपाल सरकारद्वारा उपलब्ध दरबन्दी वितरण र मिलान गर्ने

७. विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने

## गैरसरकारी सङ्घसंस्थाहरू (Non Government Organizations –NGOs)

नेपाल सरकारको अङ्ग र निकायभन्दा फरक ढङ्गले शिक्षा तथा सामाजिक क्षेत्रमा क्रियाशील हुने उद्देश्यले गठन गरिएको समाजमा क्रियाशील सङ्घसंस्थालाई गैरसरकारी संस्था भने गरिन्छ । यस्ता संस्थाहरू संस्था दर्ता ऐन, २०३४ बमोजिम हरेक जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका हुन्छन् । निश्चित भूभागलाई आफ्नो कार्य क्षेत्र तोकी विधानबमोजिम सञ्चालन हुनेगरी दर्ता भएमा यस्ता संस्थाहरू सरकारले जस्तै गरी विकास कार्यमा संलग्न हुने हुनाले उनीहरूलाई गैरसरकारी संस्था भनिएको हो । यस्ता संस्थाहरू समाज कल्याण परिषद्मा आबद्ध भई सञ्चालन भएका हुन्छन् । प्रत्येक वर्ष आफूले गरेको कार्यविवरण र आगामी कार्यक्रमको विस्तृत रूपरेखासहितको प्रगति विवरण र अन्यकागजतका आधारमा जिल्ला प्रशासन कार्यालयबाट नवीकरण भई सञ्चालित भएका हुन्छन् । यस्ता संस्थाहरू पूर्ण त प्रजातान्त्रिक पद्धतिबाट सञ्चालन हुनुपर्ने व्यवस्था कानुनले गरेको छ ।

गैरसरकारी सङ्घसंस्थाहरूले स्वदेशी तथा विदेशी दातृ निकायहरूसँग आर्थिक सङ्कलन गरी आफ्नो कार्यक्षेत्रभित्रका विद्यालयमा भौतिक पूर्वाधार विकास, छात्रवृत्ति, खानेपानी, शौचालय, पुस्तकालय, स्वास्थ्य उपचार, विद्यार्थी पोसाकलगायतका कार्यक्रमहरू सञ्चालन गर्न सक्छन् । सङ्घसंस्थाहरूले कुनै पनि विद्यालयमा कार्यक्रम सञ्चालन गर्नु पूर्व जिल्ला, गाउँ वा नगरपालिकाबाट आफूले गर्ने कार्यविवरणसहित अनुमति लिनुपर्छ । सङ्घसंस्थाले सञ्चालन गर्ने कार्यालयको जिल्ला, गाउँ र नगरपालिकाले नियमित अनुगमन

तथा मूल्याङ्कन गर्नुपर्छ । राम्रो काम गर्ने संस्थालाई प्रसंशा र गलत कार्य गर्ने संस्थालाई कार्बाहीका लागि सिफारिस गर्न सक्छ । अन्तर्राष्ट्रिय दातृनिकायबाट प्राप्त सहयोग समाज कल्याण परिषद्को कार्यालयबाट स्वीकृत लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्छ । नेपालमा यस्ता गैरसरकारी सङ्घसंस्थाहरू धेरै छन् । हरेक संस्थाहरूआफ्नो उद्देश्य र कार्य क्षेत्रअनुसार सञ्चालित र क्रियाशील भइरहेका छन् । विशेष गरी २०७२ सालको विनाशकारी भूकम्पको कारण विद्यालयको पूर्वाधार सुधार गर्न यस्ता सङ्घसंस्थाहरू बढी क्रियाशील रहेका छन् ।

## समुदायमा आधारित सङ्घसंस्थाहरू (Community Based Organizations)

समुदायमा गैरसरकारी संस्थाको अतिरिक्त समुदायमा आधारित सङ्घसंस्थाहरू पनि क्रियाशील हुन्छन् । समाजमा रहेका क्रियाशीलव्यक्ति र समूहहरूले स्वस्फुर्त रूपमा गठन गरी क्रियाशील भएका हुन्छन् । यस्ता संस्थाहरूमा बाल क्लब, महिला समूह, आमा समूह, कृषि समूह, सहकारी संस्था, उपभोक्ता समिति आदि रहेका हुन्छन् । यस्ता सङ्घसंस्थाहरू आफ्नो समुदायमा केन्द्रित भई गठन भएका हुन्छन् । आफ्नो समुदायभित्र रहेका विद्यालयहरूमा यस्ता संस्थाहरूले आआफ्नो भूमिकाअनुसार सहयोग पुऱ्याइरहेका हुन्छन् । विद्यार्थी भर्ना अभियान, विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग, श्रमदान, कमजोर विद्यार्थीलाई सहयोग, विद्यालयलाई आर्थिक स्रोत जुटाउनेदेखि शिक्षा विकासका लागि विभिन्न गोष्ठी, सेमिनार र छलफल सञ्चालन गर्ने काम यस्ता सङ्घसंस्थाले गर्न सक्छन् । विद्यालय र समुदायबिचको सम्बन्ध प्रगाढ बनाउन पनि यस्ता सङ्घसंस्थाले सहयोग पुऱ्याउँछ । त्यसकारण गाउँ वा नगरपालिकाले पनि यस्तो समुदाय केन्द्रित सङ्घसंस्थालाई सहयोग र संरक्षण गरेको हुन्छ ।

## सारांश (Summary)

एउटा सभ्य समाजको सूचक विद्यालय हुन्छ भने विद्यालयको उन्नति र समृद्धिमा समाजको भूमिका रहेको हुन्छ । विद्यालय प्रशासन र समुदायको सहकार्यले नै  विद्यालयको विकास सम्भव हुन्छ । विद्यालयको विकासले समुदायको पनि पहिचान स्थापित हुन्छ । त्यसैले हरेक विद्यालयलाई सहयोग पुऱ्याउन गाउँ वा नगरपालिकामा शिक्षा समितिको निर्माण गरिएको हुन्छ । यस्तो समितिले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूमा सहयोग पुऱ्याउँछ । त्यस्तै गरी हरेक जिल्लामा जिल्ला शिक्षा समिति बनेको हुन्छ । त्यस्तो समितिले जिल्लाभरिको विद्यालयलाई व्यवस्थित गर्ने योजना तयार गर्छ । सरकारी निकायमा दर्ता भई सामाजिक कार्य गर्ने विभिन्न सामाजिक सङ्घसंस्थाले पनि विद्यालय विकासमा सहयोग गर्छ । विद्यालयको पूर्वाधार निर्माण तालिम तथा अन्य कार्यमा सहयोग गर्छ । त्यस्तै गरी समुदायमा क्रियाशील सङ्घसंस्थाहरूले विद्यालयको विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) गाउँ वा नगर शिक्षा समितिमा कति जना सदस्य रहेका हुन्छन् ?

(ख) गैरसरकारी सङ्घसंस्थाहरू कुन ऐनअन्तर्गत दर्ता गरिएका हुन्छन् ?

(ग) जिल्ला शिक्षा समितिको प्रमुखमा को रहन्छ ?

(घ) नगरपालिकामा विद्यालय व्यवस्थापनमा सहयोग गर्न गठन भएको समितिलाई के भनिन्छ ?

(ङ) जिल्ला शिक्षा समितिको मनोनित सदस्यहरूको पदावधि कति हुन्छ ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) विद्यालय व्यवस्थापनमा सहयोग पुऱ्याउने कुनै पाँचओटा निकायको नाम उल्लेख गर्नुहोस् ।

(ख) विद्यालय व्यवस्थापनमा गैरसरकारी संस्थाको भूमिका उल्लेख गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) गाउँ वा नगर शिक्षा समितिको कार्याहरू उल्लेख गर्नुहोस् ।

(ख) जिल्ला शिक्षा समितिको गठन, प्रक्रिया र यसका कार्यहरू उल्लेख गर्नुहोस् ।

### प्रयोगात्मक कार्य

१. तपाईंको समुदायमा क्रियाशील गैरसरकारी संस्थामध्ये कुनै एकको छनोट गरी उक्त संस्थाले विद्यालयमा पुऱ्याएको सहयोगको सङ्क्षिप्त विश्लेषण गर्नुहोस् ।

एकाइ
१४

# शैक्षिक परियोजनाहरू
(Educational Projects)

## परिचय (Introduction)

नेपालमा शैक्षिक विकासलाई गति दिनका लागि नेपाल सरकारको अनुमतिमा विभिन्न परियोजनाहरू सञ्चालन भए । यस्तो परियोजनाहरूले देशव्यापीरूपमा शिक्षालाई सर्वसुलभ बनाउन र भौतिक पूर्वाधार निर्माण गर्न सहयोग पुऱ्याएका थिए । शैक्षिक परियोजनाको सुरुआत वि.सं. २०३८ मा ग्रामीण विकासका लागि शिक्षा परियोजनाको नामबाट सुरु भयो । वि.सं. २०४१ सालदेखि प्राथमिक शिक्षा परियोजना सञ्चालन गरिएको थियो । वि.सं २०६१ देखि विद्यालय क्षेत्र सुधार कार्यक्रम एवं वि.सं. २०७१ देखि विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको छ ।

नेपालमा वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना सञ्चालन भएपछि देशैभरि विद्यालयको सङ्ख्या विद्यार्थीको सङ्ख्या र शिक्षकको सङ्ख्या थप हुँदै गयो । यसरी हरेक वर्ष बढ्दै गएको शिक्षक, विद्यार्थी र विद्यालयको सङ्ख्यालाई नेपाल सरकारको बजेटले मात्र सञ्चालन गर्न असमर्थ भएको कारण नेपालमा विभिन्न देशका अन्तर्राष्ट्रिय सङ्घसंस्थाको सहयोगमा शिक्षा विकासका कार्यक्रमहरू सञ्चालन भए । शिक्षा क्षेत्रमा सरकारको अनुमति वा रेखदेखमा निश्चित उद्देश्य प्राप्तिका लागि परियोजनाहरू सञ्चालन गरिन्छन् । परियोजना भनेको विकासको योजनाकै एउटा भाग हो । शिक्षाको विकासका लागि तोकिएको अवधिभित्र निश्चित उद्देश्य प्राप्त गर्न सञ्चालन गरिएको योजनालाई शैक्षिक योजना भनिन्छ । नेपालमा यस्तो परियोजना सर्वप्रथम २०३८ देखि २०४३ सम्म ग्रामीण विकासका लागि शिक्षा परियोजना (Education forRural Development Project) EPDP को नामले सञ्चालन भयो । यो परियोजना पश्चिम नेपालको सेती अञ्चलमा कार्यान्वयन भएकाले यसलाई सेती परियोजना (Seti Project) पनि भन्ने गरिन्छ ।

त्यस्तै गरी वि.सं. २०४१ देखि २०४५ सम्म प्रथम चरण र २०४६ देखि २०४९ सम्म दोस्रो चरण गरी आठ वर्षसम्म प्राथमिक शिक्षा परियोजना (Primary Education Project : PEP) सञ्चालन गरिएको थियो । प्रथम चरणमा यस परियोजना झापा, धनकुटा, तनहुँ, दाङ, कास्की र सुर्खेतसहित छओटा जिल्लामा सञ्चालन गरिएको थियो ।

वि.सं. २०४८ देखि २०५२ सम्म पाँच वर्षका लागि प्राथमिक शिक्षा विकास परियोजना पनि विद्यालयको भौतिक पूर्वाधार र शिक्षक तालिम तथा पाठ्यक्रम विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो । यस परियोजना ७५ ओटै जिल्लामा सञ्चालन गरिएको थियो ।

यसरी २०३८ सालदेखि सुरु भएको शैक्षिक परियोजनाको निरन्तरता हालसम्म पनि रहेको छ । उल्लिखित परियोजनाहरूको परिमार्जित स्वरूपसहित निम्नानुसार शैक्षिक परियोजनाहरू सञ्चालन भएका थिए :

## १४.१ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र द्वितीय (Basic and Primary Education Plan I & II)

आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको अवधारणा वि.स. २०४६ सालमासुरु गरिएको हो । २०३८ सालदेखि सुरु भएको सेती परियोजना २०४८ सालसम्म सञ्चालन गरिएको थियो । त्यस्तै गरी २०४१ मा सुरु भएको प्राथमिक शिक्षा परियोजना पनि २०४८ सालसम्म सञ्चालन भयो । यी दुवै परियोजनाहरू आफ्नो उद्देश्य पूरा गर्न सफल भएकाले नेपाल सरकार र दातृ निकायहरूको सहमतिमा यी दुवै परियोजनालाई एकीकृत गर्दै आभारभूत तथा प्राथमिक शिक्षा योजना (Basic and Primary Education plan : BPEP) २०४९ देखि २०५५ सम्म सञ्चालन भएको हो । प्रथम चरणमा ४० जिल्लामा र दोस्रो चरण २०५६ देखि २०६१ सम्म यो परियोजना तत्कालीन अवस्थाको ७५ ओटै जिल्लामा सञ्चालन गरिएको थियो । त्यसकारण पहिलो चरणलाई BPEP-I र दोस्रो चरणलाई BPEP-II भन्ने गरिन्छ ।BPEP- Iलाई परियोजना (Project) को ढाँचामा सञ्चालन गरिएको थियो भने BPEP- II लाई कार्यक्रम (Program) को ढाँचामा सञ्चालन गरिएको थियो । यस कार्यक्रमको कार्यान्वयन, रेखदेख तथा सुपरिवेक्षण गर्ने काम शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभागले गरेको थियो । यस परियोजनालाई IDA, DANIDA, UNICEFरJICA ले संयुक्तरूपमा आर्थिक सहयोग उपलब्ध गराएको थियो ।

### आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथमका उद्देश्यहरू

(क) प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्ने

(ख) प्राथमिक शिक्षामा बालबालिकाको पहुँच वृद्धि गर्ने

(ग) प्राथमिक शिक्षामा संस्थागत क्षमता अभिवृद्धि तथा शैक्षिक व्यवस्थापनमा सुदृढीकरण गर्ने

### आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम द्वितीयका उद्देश्यहरू

(क) प्राथमिक शिक्षालाई सर्वसुलभ गरी त्यसको गुणात्मक पक्ष वृद्धि गर्ने

(ख) बालबालिकाहरूमा शिक्षाको पहुँच वृद्धि गर्ने

(ग) विद्यालयको भौतिक पूर्वाधार सुधार गर्ने

(घ) पाठ्यक्रम विकासमा सहयोग पुऱ्याउने

(ङ) स्रोत केन्द्रहरूको विस्तार र विकास गर्ने

(च) शिक्षक तालिमको व्यवस्थापन गर्ने ।

### आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका प्रथम तथा द्वितीय क्रियाकलापहरू

(क) पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ को सुझावअनुसार विद्यालयतहको नयाँ पाठ्यक्रम तयार गर्ने कार्य २०४९ सालबाट सुरु गरिएको थियो । सोही कार्यक्रमलाई निरन्तरता दिन यस परियोजनाले सहयोग गरेको थियो । परियोजनाको आर्थिक सहयोगमा पाठ्यक्रम विकास केन्द्रले २०४९ सालमा कक्षा १ बाट लागु गरेको नयाँ पाठ्यक्रम २०५६ सालमा कक्षा १० सम्म लागु गर्न सफल भएको थियो ।

### (ख) प्राथमिक विद्यालयको भौतिक पूर्वाधार सुधार

प्राथमिक विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न भौतिक पूर्वाधार प्रमुख बाधक भएकाले यस परियोजनाले प्राथमिक विद्यालयको भौतिक पूर्वाधार सुधारमा ठुलो लगानी गरेको थियो । यस परियोजनाले १९ ओटा जिल्लामा जिल्ला शिक्षा कार्यालय, १४,२०७ ओटा नयाँ कक्षाकोठा निर्माण एवम् ७,५३७ ओटा पुराना कक्षाकोठाको मर्मत गरी ११,९७४ थान फर्निचर विद्यालयलाई हस्तान्तरण गरेको थियो । परियोजनाले विद्यालयमा खानेपानी, शौचालय, खेलमैदान तथा खेलसामग्रीसमेत उपलब्ध गराई विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सहयोग पुऱ्याएको थियो ।

### (ग) स्रोत केन्द्रको विस्तार र व्यवस्थापन

सेती परियोजना र प्राथमिक शिक्षा परियोजनाको अवधारणाअनुसार यस परियोजनाले पनि स्रोत केन्द्रको विस्तार र विकासमा उल्लेखनीय काम गरेको थियो । BPEP-I को अन्त्यसम्ममा ६६९ ओटा स्रोत केन्द्रको स्थापना गरिएकामा BPEP-II सम्म आइपुग्दा देशभर १०५० ओटा स्रोत केन्द्र स्थापना गरिएको थियो । हरेक स्रोत केन्द्रको भवन तथा प्रत्येक स्रोत केन्द्रमा एक जना स्रोतव्यक्ति नियुक्ति गरी विद्यालयको शिक्षण सिकाइ, तालिम, व्यवस्थापन, परीक्षा सञ्चालन विद्यालयको निरीक्षण तथा अनुगमन जस्ता कार्यमा प्रभावकारिता ल्याएको थियो ।

### (घ) अनौपचारिक शिक्षा कार्यक्रम

यस परियोजनाले अनौपचारिक शिक्षा कार्यक्रममार्फत साक्षरताका विकासमा ठुलो योगदान गरेको थियो । विद्यालय जानबाट वञ्चित भएका तर चार वर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई शिक्षा सदन कार्यक्रममार्फत औपचारिक शिक्षामा समायोजन गर्ने कार्य पूरा गरेको थियो । समाजका महिलाहरूलाई साक्षर बनाउन महिलाका लागि शिक्षा कार्यक्रम, जागरण कार्यक्रम तथा प्राथमिक विद्यालयमा महिला शिक्षिकाको व्यवस्थापन, विशेष शिक्षा जस्ता महत्त्वपूर्ण कार्यक्रम सञ्चालन गरेको थियो ।

## ५. शिक्षक तालिम कार्यक्रम

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले प्राथमिक शिक्षकलाई अनिवार्य तालिमको व्यवस्था गरेको थियो । यस अभियानलाई सफल बनाउन परियोजनाले आधारभूत शिक्षक तालिमअन्तर्गत १५० घण्टा, १८० घण्टा र ३३० घण्टाको तालिम सञ्चालन गरी हजारौँको सङ्ख्यामा शिक्षकलाई तालिम प्रदान गरेको थियो । यसको

अतिरिक्त शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत १० महिने तालिम, विषयगत तालिम प्याकेज आदि सञ्चालन गरी शिक्षकको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याएको थियो ।

## १४.२ विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Plan-SSRP)

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र द्वितीयको समाप्तिपछि यस परियोजनालाई निरन्तरता दिने सम्बन्धमा नेपाल सरकार, शिक्षा मन्त्रालय र दातृतिकायबिच बृहत् छलफल भयो । यस परियोजनाले सम्पन्न गरेको उपलब्धिमाथि गम्भीर समीक्षा भयो । परियोजनालाई परिमार्जितरूपबाट अझ व्यापक र परिणामुखी बनाई देशभर सञ्चालन गर्ने निष्कर्षसहित २०६१ देखि २०७१ सम्म विद्यालय क्षेत्र सुधार परियोजना (School Sector ReformProject-SSRP) को नामले सञ्चालन गरिएको हो । यस परियोजनाको दातृनिकायहरूमा अगिल्लो परियोजनामा संलग्न साझेदारलगायत फिन्डल्यान्ड, नर्वे, स्विडेन तथा डेनमार्कको समेत आर्थिक सहयोग उपलब्ध भएको थियो । यस परियोजना प्राथमिक विद्यालयमा मात्रकेन्द्रित नरही विद्यालय तहको कक्षा १ देखि कक्षा १० सम्मको शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो ।

### विद्यालय क्षेत्र सुधार परियोजनाका उद्देश्यहरू

(क) साक्षरताको वृद्धि गरी शतप्रतिशत पुऱ्याउने

(ख) विद्यालयका सम्पूर्ण शिक्षकलाई तालिम प्राप्त बनाउने

(ग) विद्यालयमा विद्यार्थीहरूको कक्षा छाड्ने प्रक्रियालाई निरुत्साहन गर्ने

(घ) विद्यालयको विद्यार्थी भर्ना शतप्रतिशत पुऱ्याउने

(ङ) विद्यालयमा हुने विद्यार्थी अनुत्तीर्ण प्रतिशतलाई न्यून बनाउने

(च) कक्षा १० को अन्त्यमा सम्पन्न हुने एस.एल.सी. परीक्षाको उत्तीर्ण प्रतिशत वृद्धि गर्ने

(छ) विद्यालयको भौतिक पूर्वाधार विकास गर्ने ।

उपर्युक्त उद्देश्यहरू पूरा गर्नका लागि नेपाल सरकारको सहकार्यमा यस परियोजनाले यस अगि सञ्चालन भएका कार्यक्रमहरूलाई निरनतरता दिएको थियो । अनौपचारिक शिक्षालाई व्यापक बनाई साक्षरता विकास गर्ने, शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत शिक्षकलाई तालिम प्रदान गर्ने भर्ना अभियान सञ्चालन गरी विद्यार्थी भर्ना वृद्धि गर्दै जाने जस्ता कार्यक्रम निरन्तर रूपमा सञ्चालन भयो । त्यस्तै गरी परियोजनाले स्रोत केन्द्रमार्फत विद्यालय अनुगमन गरी परीक्षा प्रणाली र व्यवस्थापनमा सहयोग पुऱ्याएको थियो । विद्यार्थीमैत्री कक्षा शिक्षण तथा उदार परीक्षा प्रणाली (Liberal evaluation sysem) बाट कक्षा ८ सम्मको परीक्षा सञ्चालन गर्ने काम भएको थियो । विद्यालय छाड्ने विद्यार्थीहरूलाई विशेष कार्यक्रममार्फत विद्यालय छाड्नबाट रोक लगाउने जस्ता प्रभावकारी कार्यक्रम यस परियोजनाले सञ्चालन गरेको थियो । यस योजनाले सात लाखभन्दा बढी युवा तथा वयस्कहरूलाई साक्षरता र सिपको विकास गराएको थियो । यसले १०५० बाल

विकास केन्द्रको स्थापना र सञ्चालन गरेको थियो । योजना अवधिमा विद्यालयको संस्थागत विकास गर्नुका साथै विद्यालयमा मातृभाषाको प्रयोग गरिएको थियो । विद्यालयको पूर्वाधार सुधारमा समेत यस परियोजनाले निरन्तरता दिएको थियो ।

## १४.३ विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan-SSDP)

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात बर्से विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाईसम्मको सात बर्से विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् ।

विद्यालय क्षेत्र सुधार योजनामा निर्धारण गरिएको उद्देश्यलाई अझ बढी प्रभावकारी ढङ्गले कार्यान्वयन गराउनु नै यस परियोजनाको उद्देश्य रहेको छ । विद्यालयका आधारभूत तह अनिवार्य र निःशुल्क गरी माध्यमिक तहलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने लक्ष्य यस परियोजनाले लिएको छ । माध्यमिक तहको पाठ्यक्रम परिवर्तन, परीक्षा प्रणाली, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार सुधार तथा व्यवस्थापनमा सुधार गर्नु यस परियोजनाको प्रमुख कार्य रहेको छ ।

### लक्ष्य

यस योजनाको लक्ष्य निर्धारण गर्दा मुलुकको भावी सङ्घीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरिएको छ । यस योजनाको लक्ष्य सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्ने गरेको छ । जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्नमार्फत मुलुकको सामाजिक आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनमा जोड दिइएको छ । विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य हासिल गर्नका लागि देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छः

(क) पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले शिक्षा प्रणालीमा पछाडि परेका समुदाय विशेष गरी समूह समूहका बिचमा हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि सुनिश्चित गर्नु

(ख) सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण सिकाइ सामग्री (पाठ्यपुस्तकलगायत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु

(ग) समग्रतामा सिकाइ वातावरण तथा शिक्षण सिकाइ पद्धतिका न्यूनतम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरीसुशासन तथा व्यवस्थापकीय सक्षमताको सुदृढीकरणबाट विद्यालय क्षेत्रलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउनु

(घ) पहिचान भएका आवश्यकता तथा सङ्घीवय स्वरूपलाई ध्यानमा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनर्संरचना गर्दै सङ्घीय, प्रान्तीय एवम् स्थानीय तहबिचलागत साझेदारीको अवधारणाअनुरूप दिगो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गर्नु

(ङ) विद्यालयहरूलाई द्वन्द्वबाट सुरक्षित भएको सुनिश्चित गर्न विद्यालय तहको विपत् व्यवस्थापन तथा विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदायबिच सहकार्य र सौहार्दता अभिवृद्धि गरी बृहत् विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण शिक्षालाई समग्रतामा मूलप्रवाहीकरण गर्नु ।

नेपालको संविधानले सबैका लागि नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने र नि:शुल्क माध्यमिक शिक्षा प्रदान गर्ने प्रत्याभूत गरेको सन्दर्भमा शिक्षा क्षेत्रको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीको पुनरवलोकन एवम् परिमार्जन आवश्यक छ । संविधानले स्थानीय निकायहरूको अधिकार वृद्धि गरेको हुँदा विद्यालय व्यवस्थापन समितिको भूमिकामा पुनर्विचार आवश्यक भएको छ । शिक्षा ऐनको आठौँ संशोधनले संरचनात्मक तथा कार्यमूलक सुधारलाई बल पुऱ्याएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रस्थान बिन्दु मानी यस कार्यक्रमबाट प्राप्त उपलब्धिको जगेर्ना गर्दै विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तर अभिवृद्धि र पहुँचको विस्तारलाई निरन्तरता दिने लक्ष्य लिएको छ । यस योजनाले दुर्गम क्षेत्रका आर्थिक सामाजिक रूपले पिछडिएका समुदाय एवम् अपाङ्गता भएका बालबालिकाबिच विद्यमान पहुँचको असमानता हटाउन जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजनाले दुई प्रकारका मुख्य चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । एकातर्फ २०७२ सालको भूकम्पले विद्यालयको सुरक्षाका सम्बन्धमा सिकाएका पाठ एवम् विपत् जोखिम न्यूनीकरणको आवश्यकतालाई आत्मसात् गर्दै नयाँ निर्माण तथा क्षतिग्रस्त भवनहरूको मर्मत सम्भार गर्नुपर्ने छ भने अर्कातर्फ मुलुकको सङ्घीय स्वरूपको आवश्यकताअनुरूप शिक्षा प्रणालीमा सुधार एवम् परिमार्जन गर्नुपर्ने छ । सुधारको स्वरूप भने विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको एक वर्षपछि मात्र स्पष्ट हुने छ । यी सुधारका कार्यक्रमहरू सरकारको प्राथमिकतामा रहने छन् । यस योजनाले शैक्षिक सेवा व्यवस्थापनमा सङ्घीयताको सङ्क्रमणकालीन अवस्थालाई समेत आँकलन गरेको छ ।

## सारांश (Summary)

वि.सं. २०३८ सालमा सेती अञ्चलको ग्रामीण जिल्लामा रहेको विद्यालयमा सहयोग पुऱ्याउने उद्देश्य लिएर सञ्चालन भएको ग्रामीण विकासका लागि शिक्षा परियोजना एउटा सफल परियोजना हो । यस परियोजनाको सफलतापछि वि.सं. २०४१ सालमा प्राथमिक शिक्षा परियोजना छओटा जिल्लामा सञ्चालन भएको थियो । यी दुवै परियोजना सफल भएकाले वि.सं. २०४९ देखि एकीकृत रूपमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सञ्चालन भएको हो । यस परियोजनाले विद्यालयको पूर्वाधार सुधार शिक्षक तालिम, पाठ्यक्रम विकास, साक्षरता विकास जस्ता महत्त्वपूर्ण कार्य गरेको थियो । यस परियोजनाको दुई कार्यकाल पूरा भइसकेपछि वि.सं. २०६१ देखि विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन भएको हो । वि.सं. २०७१ सालदेखि विद्यालय शिक्षामा थपसुधार गर्दै अगाडि बढाउन विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको छ ।

### *अभ्यास*

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो कति कति अवधिसम्म सञ्चालन गरिएको थियो ?

(ख) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथमको अन्त्यमा स्रोत केन्द्रहरू कति थिए ?

(ग) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोको अन्त्यमा स्रोत केन्द्रको सङ्ख्या कति पुगेको थियो ?

(घ) विद्यालय क्षेत्र विकास योजनाको अन्तिम अवधि कहिले हो ?

(ङ) ग्रामीण विकासका लागि शिक्षा योजनाको प्रचलित नाम के भयो ?

(च) प्राथमिक शिक्षा परियोजना प्रथम पटक कतिओटा जिल्लामा सञ्चालन गरिएको थियो?

(छ) स्रोत केन्द्रमा प्रमुख भई काम गर्ने व्यक्तिलाई के भनिन्थ्यो ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) विद्यालय क्षेत्र सुधार योजनाकाउद्देश्यहरू के के हुन् ?

(ख) विद्यालय क्षेत्र विकास योजनाबारे सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

**३. तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

(क) आधारभूत तथा प्राथमिक शिक्षा योजनाको क्रियाकलापहरूको वर्णन गर्नुहोस् ।

### प्रयोगात्मक क्रियाकलाप

१. आफ्नो वडाभित्र रहेका विद्यालयहरूमा BPEP – I /II अन्तर्गत भएका विकास कार्यको सूची बनाई साथी समुदायमा छलफल गर्नहोस् ।

एकाइ
१८

# नेपालका शिक्षा प्रशासनसम्बद्ध निकायहरू
(Agenices Related to Educational Administration in Nepal)

## परिचय (Introduction)

देशको हरेक गाउँ, टोल र समुदाय स्थापना भएका विद्यालयहरूको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा विभिन्न निकायहरूको व्यवस्था गरिएको छ । शिक्षा प्रशासनसँग सम्बन्धित निकायहरूको नेतृत्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दछ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहका निकायहरूमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । यसैगरी राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिषा तथा व्यावसायिक तालिम परिषद्, विद्यालय शिक्षक किताबखाना तथा शिक्षक सेवा आयोगले पनि केन्द्रीय तहमा रहेर आआफ्नो क्षेत्रका कार्य गर्दछन् ।

प्रदेश तहमा शिक्षा प्रशासनसम्बन्धी कार्य सामाजिक विकास मन्त्रालयले गर्दछ । यो मन्त्रालयअन्तर्गत शिक्षा प्रशासनसँग सम्बन्धित शाखाहरू रहेका छन् । यसका साथै प्रदेश तहमा शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रहरू रहेका छन् । जिल्ला तहमा शिक्षक व्यवस्थापन अभिलेख, परीक्षा सञ्चालनलगायतका कार्यहरूको सञ्चालन र समन्वय गर्न शिक्षा विकास तथा समन्वय एकाइ रहेका छन् । हरेक गाउँपालिका र नगरपालिकामा गाउँ र नगर शिक्षा कार्यालयले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको व्यवस्थापन र सञ्चालनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दछन् । उल्लिखित धेरै निकायहरूका बारेमा कक्षा ९ मा वर्णन गरिसकिएको छ । शिक्षा क्षेत्रका प्रदेश, जिल्ला, स्थानीय र विद्यालय तहका निकायहरूको परिचय तल दिइएको छ :

### (क) सामाजिक विकास मन्त्रालय (Ministry of Social Development)

नेपालको संविधानअनुसार सङ्घीय शासन पद्धतिअनुरूप नेपाललाई सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएको छ । यसअनुसार सातओटा प्रदेशहरू रहेका छन् । प्रत्येक प्रदेशमा कार्यपालिका र व्यवस्थापिकाको गठन गरिएको छ । हरेक प्रदेशको कार्यपालिकालाई प्रदेश सरकार भनेर चिन्ने गरिन्छ । प्रदेश संसद्बाट बहुमत प्राप्त सदस्यमध्येबाट मुख्यमन्त्री चयन गरिन्छ । मुख्यमन्त्रीको मातहतमा गठन हुने मन्त्रालयमध्ये एउटा सामाजिक विकास मन्त्रालय पनि हो । सामाजिक विकास मन्त्रालयमा प्रदेश संसदको एक जना सदस्य मन्त्री रहने व्यवस्था गरिएको छ । यस मन्त्रालयले प्रदेशभित्र शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, युवा खेलकुदलगायतका सामाजिक विकासका कार्यहरूको नीति निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने गर्छ । सामाजिक विकास मन्त्रालयमा प्रदेश सरकारले तोकेबमोजिमका कर्मचारी रहने व्यवस्था गरिएको हुन्छ ।

सामाजिक विकास मन्त्रालयको शिक्षासँग सम्बन्धित काम कर्तव्य र अधिकारहरू निम्नानुसार रहेका छन् :

(अ) प्रदेशभरि शिक्षा विकासको नीति तथा कार्यक्रम तयार गर्ने

(आ) प्रदेशमा सञ्चालित शैक्षिक निकायको अनुगमन र मूल्याङ्कन गर्ने

(इ) उच्च शिक्षाका आधार तयार गर्ने

(उ) शिक्षण संस्थाहरूको विकास कार्यमा सहयोग पुऱ्याउने

(ऊ) केन्द्र सरकार र स्थानीय सरकारबिच समन्वयात्मक कार्य गर्ने ।

### (ख) शिक्षा विकास निर्देशनालय (Directorate of Education Development)

शिक्षा विकासलाई व्यवस्थित बनाउन नेपालको सातओटै प्रदेशमा एक एकओटा शिक्षा विकास निर्देशनालयको स्थापना गरिएको छ ।

शिक्षा विकास निर्देशनालको कार्यकारी प्रमुखका रूपमा निर्देशक रहन्छ । निर्देशकको नेतृत्वमा आवश्यकताअनुसार विभिन्न तहका कर्मचारीको व्यवस्थापन गरिएको हुन्छ । यस कार्यालयलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालन भएका कार्यक्रमको कार्यान्वयन, अनुगमन र निर्देशन गर्ने जिम्मेवारी दिइएको छ ।

### शिक्षा विकास निर्देशनालयको कार्यहरू

(अ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा, तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालन भएको कार्यक्रमहरूको कार्यान्वयन तथा अनुगमन गर्नु

(आ) आफ्नो प्रदेशभित्रका विद्यालयको अभिलेख तयार गरी शिक्षा, तथा मानव स्रोत विकास केन्द र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु

(इ) आफू मातहका विद्यालयका शिक्षक तथा कर्मचारीहरूको अभिलेख राख्नु

(ई) प्रदेशभित्रका विद्यालयमा भएका समस्याहरूलाई सङ्कलन गरी समाधानका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु

(उ) जिल्ला तहमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने शिक्षा विकास तथा समन्वय एकाइलाई सहयोग पुऱ्याउनु

(ऊ) आफ्नो प्रदेशभित्रको शिक्षा विकासको योजना तयार गरी शिक्षा, तथा मानव स्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गर्नु

(ऋ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्रदेश मन्त्रालयले तोकेका कार्यहरू पूरा गर्नु

### (ग) शिक्षा विकास तथा समन्वय एकाइ (Education Development and Coordination Unit-EDCU)

पछिल्लो समयमा भएको शिक्षा सम्बद्ध निकायहरूको पुनर्संरचनासँगै हरेक जिल्लामा रहेको जिल्ला शिक्षा कार्यालयलाई शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण गरिएको छ । देशभरका७७ओटा जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ गठन गरिएको छ । एकाइमा एक जना प्रमुख र आवश्यकताअनुसार उपप्रमुख तथा विद्यालय निरीक्षक एवम् अन्य कर्मचारी रहने व्यवस्था गरिएको छ । यस एकाइ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र मातहत रहने व्यवस्था गरेको छ । केन्द्रीय सरकारको सङ्गठनअन्तर्गत हरेक जिल्लामा यस केन्द्रको गठन गरिएको हो । जिल्लाभित्रका सबै गाउँ वा नगर शिक्षा कार्यालय र विद्यालयहरूलाई सञ्चालन, व्यववस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्ने काम यस एकाइले गर्छ ।

#### शिक्षा विकास तथा समन्वय एकाइको काम, कर्तव्य र अधिकारहरू

(अ) नेपाल सरकारको मौजुदा नीतिअनुसार जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने

(आ) जिल्ला शिक्षा योजना तयार गरी पारित गर्ने

(इ) जिल्लाभित्रको विद्यालयको तथ्याङ्क अभिलेखीकरण गरी मन्त्रालयमा पठाउने

(ई) जिल्ला भित्रका शैक्षिक जनशक्तिलाई आवश्यक तालिम गोष्ठी तथा सेमीनार आयोजना गर्ने

(उ) आफ्नो जिल्लाभित्र रहेका विद्यालयको विभिन्न परीक्षा सञ्चालन गर्न व्यवस्था मिलाउने

(ऊ) जिल्लाभित्रका शिक्षकहरूको अभिलेख राखी बढुवा वा पुरस्कारका लागि सिफारिस गर्ने

(ऋ) विद्यालयको नियमित निरीक्षण गर्ने

(ए) पाठ्यक्रम विकास केन्द्रले तयार गरेको पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन गर्ने गराउने

(ऐ) तोकिएबमोजिमको अन्य कार्य गर्ने

### (घ) गाउँ र नगर शिक्षा कार्यालय (Rural Municipality and Municipality Education Office)

हाल देशमा ७५३ ओटा स्थानीय तहको गठन गरिएको छ । स्थानीय निर्वाचनबाट गठन भएको उक्त संरचनालाई स्थानीय सरकार पनि भन्ने गरिन्छ । हरेक गाउँ वा नगरपालिकालाई माध्यमिक तहसम्मको विद्यालय खोल्ने, सञ्चालन गर्ने र रेखदेख गर्ने अधिकार दिइएको छ । आधारभूत तहको परीक्षा सञ्चालन गर्ने सम्पूर्ण अधिकार गाउँ वा नगरपालिकालाई प्रदान गरिएको छ । यसकारण आफ्नो गाउँ वा नगरपालिकाअन्तर्गतको विद्यालयको व्यवस्थापन, सञ्चालन र अनुगमन गर्नका लागि हरेक गाउँ वा नगरपालिकामा एउटा शिक्षा कार्यालय रहने व्यवस्था गरिएको छ । यस्तो कार्यालयमा नेपाल सरकार शिक्षा सेवाको आवश्यक कर्मचारी

रहने व्यवस्था गरिएको छ । गाउँ वा नगरपालिकाको अधीनमा रही यस कार्यालयले शिक्षाको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्ने कार्य गर्नुपर्ने हुन्छ ।

## गाउँ वा नगर शिक्षा कार्यालयका कार्यहरू

(अ) गाउँ वा नगरभित्रका विद्यालयहरूको अभिलेख राख्ने

(आ) गाउँ वा नगर शिक्षा योजना तयार गरी गाउँ वा नगर परिषद्बाट अनुमोदन गराउने

(इ) नेपाल सरकारको नीतिअनुसार विद्यालय सञ्चालन गर्न सहयोग गर्ने

(ई) गाउँ वा नगरभित्रका शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने

(उ) आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाण पत्र वितरण गर्ने

(ऊ) विद्यालयको पूर्वाधार विकासमा सहयोग गर्ने

(ऋ) विद्यालयका लागि आवश्यक जनशक्ति थप तथा मिलान गर्न सहयोग गर्ने

(ए) शिक्षक तथा कर्मचारीको मूल्याङ्कन तथा अनुगमन गरी माथिल्लो निकायमा सिफारिस गर्ने

(ऐ) आवश्यकताअनुसार, स्थानीय तहको पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने

(ओ) प्रारम्भिक बाल विकास शिक्षा, अनौपचारिक, खुला तथा वैकल्पिक शिषा, विशेष शिक्षा, जीवनपर्यन्त र निरन्तर सिकाइका कार्यक्रमको योजना र कार्यान्वयन गर्ने

(औ) नेपाल सरकारबाट स्वीकृत गरिएको पाठ्यक्रम कार्यान्वयन गर्ने गराउने

(अं) सङ्घीय र प्रदेश सरकारले निर्माण गरेको शिक्षा ऐन तथा नियमावली नबाझिने गरी गाउँ तथा नगर शिक्षा ऐन तथा नियमावली तयार गर्ने र कार्यान्वयन गर्ने

(अः) प्राविधि शिक्षा तथा व्यावसायिक तालिम स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन, स्थानीय ज्ञान, सिप र प्रविधिको संरक्षण तथा प्रवर्धन गर्नेलगायत तोकिएका अन्य कार्य गर्ने गराउने

## (ङ) विद्यालय

हाम्रो देशमा विद्यालय शिक्षाले आधारभूत र माध्यमिक शिक्षा भन्ने बुझिन्छ । आधारभूत शिक्षा प्रारम्भिक बाल शिक्षादेखि कक्षा आडसम्मको हुन्छ । कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा माध्यमिक शिक्षा हो । नेपालमा विभिन्न तहका विद्यालयहरू सञ्चालनमा रहेका छन् । चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिइन्छ । यसलाई प्रारम्भिक बाल शिक्षा पनि भन्ने गरिन्छ । यस्तो शिक्षा दिने विद्यालयलाई पूर्व प्राथमिक विद्यालय भनिन्छ । कक्षा एकदेखि पाँचसम्मको शिक्षा दिने विद्यालयलाई प्राथमिक विद्यालय र प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्मको शिक्षा दिने विद्यालयलाई आधारभूत विद्यालय

भनिन्छ । कक्षा नौदेखि कक्षा बाह्रसम्मको शिक्षा माध्यमिक तहको शिक्षा हो । माध्यमिक विद्यालयमा प्रारम्भिक बाल शिक्षादेखि कक्षा बाह्रसम्म वा कक्षा नौदेखि बाह्रसम्मको शिक्षा दिने गरिन्छ ।

सरकारबाट नियमित अनुदान पाउने वा नपाउने आधारमा नेपालमा दुई प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त गरेका विद्यालयहरूलाई सामुदायिक विद्यालय भनिन्छ । नेपाल सरकारबाट यसरी नियमित रूपमा अनुदान नपाउने गरी खोलएका विद्यालयहरूलाई संस्थागत विद्यालय भन्ने गरिन्छ ।

विद्यालयले समाजका सबै बालबालिकाहरूका लागि सफल जीवन निर्वाहका लागि आवश्यक ज्ञान, सिप र दक्षताको विकास गर्दछ । उनीहरूमा आफ्नो अधिकार र कर्तव्यप्रति सचेत बनाउँछ । व्यावसायिक सिपको विकास गर्छ । संस्कृतिको संरक्षण र स्थानान्तरणमा सहयोग गर्दछ । विद्यालयमा विभिन्न जातजीत, पेसा, धर्म र संस्कृति भएका परिवारका बालबालिकाहरू आएका हुन्छन् । यसले गर्दा उनीहरूबिच आपसमा एकअर्काको चालचलन, परम्परा र रीतिथितिका बारेमा छलफल र अन्तरक्रिया गर्ने अवसर प्राप्त हुन्छ । वास्तवमा विद्यालय भनेको समाजको सानो रूप नै हो । यहाँ नयाँ नयाँ ज्ञान, सिप सिकेर वा विभिन्न अनुभवहरू प्राप्त गरेर बालबालिकाहरू पुनः सामाजिक जीवनमा प्रवेश गर्दछन् । यसबाट समाजमा सकारात्मक परिवर्तन र सुधार हुन्छ ।

विद्यालयको भौतिक संरचना निर्माण, शैक्षिक सामग्रीको व्यवस्था शिक्षकको व्यवस्था, विद्यार्थीको सिकाइका लागि उपयुक्त वातावरणको निर्माणका लागि विभिन्न नीति नियमहरू निर्माण गरिएका हुन्छन् । विद्यालयको सञ्चालन र व्यवस्थापनको काम प्रधानाध्यापले गर्दछन् । विद्यालयको व्यवस्थापनमा सहयोग पुऱ्याउन विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरिएको हुन्छ । विद्यालय तहको शिक्षाका सम्पूर्ण कार्यको जिम्मा स्थानीय तहका गाउँ वा नगरपालिकाको हुने व्यवस्था रहेको छ ।

### (च) प्रधानाध्यापक

विद्यालयको शिक्षण सिकाइ गतिविधि र प्रशासकीय कार्य सञ्चालनको नेतृत्व गर्ने काम प्रधानाध्यापकले गर्दछन् । प्रधानाध्यापकको काम विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीका गतिविधिहरूको सुपरीवेक्षण गर्नुहो । विद्यालयलाई कानुन एवम् नियमअनुसार सञ्चालन गर्ने र विद्यार्थीमा अनुशासन तथा नैतिक आचरणको पालना गराउने, विद्यालय र कक्षाकोठामा उपयुक्त शिक्षण सिकाइ वातावरणको सिर्जना गर्ने, शिक्षक, विद्यार्थी र समुदायसँग सुमधुर सम्बन्ध कायम गर्ने, उनीहरूलाई मार्गदर्शन गर्ने कार्यमा प्रधानाध्यापकले महत्त्वपूर्ण भूमिका खेल्छन् । विद्यालयको दैनिक प्रशासनिक कार्यका अतिरिक्त विद्यालयको सुधारका लागि छोटो र लामो अवधिको योजना बनाउने कार्य पनि प्रधानाध्यापकले गर्नुपर्दछ । दैनिक पठनपाठनका साथै पाठ्यान्तर क्रियाकलापहरूको आयोजना गर्ने र विद्यालय व्यवस्थापन समिति गाउँ वा नगरपालिका, जिल्ला र प्रदेश तहका शैक्षिक प्रशासन सम्बद्ध निकायहरूसँग सम्पर्क र सम्बन्ध स्थापित गर्ने कार्य पनि प्रधानाध्यापकले

गर्दछन् । विद्यालयभित्र बालमैत्री शिक्षण सिकाइ वातावरण तयार गर्ने र शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा प्रधानाध्यापकको महत्त्वपूर्ण भूमिका हुन्छ ।

### (छ) विद्यालय व्यवस्थापन समिति

विद्यालयको सञ्चालनमा अभिभावक र समुदायलाई सहभागी गराउने प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था गरिएको हुन्छ । विद्यालय समुदायको सम्पत्ति भएकाले यसको रेखदेख र व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले महत्त्वपूर्ण भूमिका खेल्छ ।

विद्यालय व्यवस्थापन समितिमा अभिभावकले छनोट गरेका व्यक्तिहरू, विद्यालय रहेको वडाको वडा अध्यक्ष वा सदस्य, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी र विद्यालयका लागि विशेष सहयोग गर्ने व्यक्तिहरू रहन्छन् । उनीहरूमध्येबाट छानिएको व्यक्ति अध्यक्ष र विद्यालयको प्रधानाध्यापकले सदस्य सचिवको भूमिका निर्वाह गर्नुपर्दछ । विद्यालयको सञ्चालनमा विद्यालय व्यवस्थापन समितिको महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यालयको भौतिक सम्पत्तिको सुरक्षा गर्ने, विद्यालय सञ्चालनका लागि प्राप्त स्रोतसाधनको परिचालन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिले पूरा गर्नुपर्छ । विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने, विद्यालयमा खटिई आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने, विद्यालयको भौँतिक, शैक्षिक र आर्थिक विवरणहरू आद्यावधिक गराई राख्ने, विद्यालयको वार्षिक लेखापरीक्षण गराउनेलगायतका कार्यहरू विद्यालय व्यवस्थापन समितिले गर्छ ।

### (ज) शिक्षक अभिभावक सङ्घ

शिक्षक अभिभावक सङ्घको उद्देश्य विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण तयार गर्न सहयोग गर्नु हो । विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न, विद्यालयको अभिभावक र समुदायका सदस्यहरूसँग सुमधुर सम्बन्ध स्थापना गर्न र आवश्यक परेको अवस्थामा विद्यालयका लागि भौतिक र आर्थिक सहयोगसमेत जुटाउन शिक्षक अभिभावक सङ्घले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । शिक्षक पनि स्थानीय समुदायकै सदस्य हो ।शिक्षक अभिभावक सङ्घको गठनले समुदायमा बसोबास गर्ने बुद्धिजीवी, शिक्षासेवी, समाजसेवी, समाजका अगुवा र प्रतिष्ठित व्यक्तिहरूलाई विद्यालयका गतिविधिहरूमा सहभागी गराउन ठुलो सहयोग पुग्छ । यसबाट समुदायका अगुवा सदस्यहरूले स्वयम्सेवी भावनाले विद्यालयको सुधारमा योगदान गर्ने वातावरण सिर्जना गर्न सघाउ पुग्छ ।

हाम्रो शिक्षा पद्धतिमा सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । अभिभावकको भेलाले समितिको अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र अभिभावक समेतको बढीमा एघार सदस्यीय शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति गठन गर्नुपर्ने व्यवस्था गरिएको छ । यस समितिले विद्यालयका शिक्षकको गुणस्तर कायम राख्न सहयोग गर्ने, विद्यालयले

निर्धारण गरेको शुल्कसम्बन्धी अनुगमन गरी सुझाव दिने, शैक्षिक गतिविधिसम्बन्धी अन्तर्क्रिया गर्ने जस्ता कार्य गर्ने व्यवस्था रहेको छ ।

## सारांश (Summary)

मुलुकका हरेक गाउँ वा समुदायमा रहेका सामुदायिक वा संस्थागत विद्यालयहरूको व्यवस्थापन, रेखदेख र अनुगमन र नियमन कार्यको राष्ट्रिय स्तरमा नीतिगत व्यवस्था, योजना, नियम कानुनको व्यवस्था र मापदण्ड निर्धारणलगायतका शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी कार्यहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दछ । सङ्घीय तहबाट निर्माण गरिएका ऐन, कानुन र नीतिअन्तर्गत रही प्रदेश तथा स्थानीय तहले आआफ्ना क्षेत्रका लागि कानुन, नियम, नीति, योजना र कार्यविधि तयार गरी कार्यान्वयन गर्दछन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षा क्षेत्रका विभिन्न विभागीय स्तरका निकायहरू रहेका छन् । मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । यी निकायहरूले राष्ट्रिय स्तरमा नीति नियमको कार्यान्वयन गर्ने र आआफ्नो कार्यक्षेत्र तथा जिम्मेवारीका कार्यहरू सञ्चालन गर्न मातहतका कार्यालयलाई निर्देशन दिने काम गर्दछन् ।

प्रदेश तहमा शिक्षासम्बन्धी कार्यहरू प्रदेश तहको सामाजिक विकास मन्त्रालयलेगर्दछ । यसले आफ्नो प्रदेशभित्र शैक्षिक विकास नीति तयार गर्ने कार्य गर्छ । शिक्षासम्बन्धी ऐन तथा नीति नियमको कार्यान्वयनका लागिसातओटै प्रदेशमा शिक्षा विकास निर्देशनालय रहेको छ भने प्रत्येक जिल्लामा केन्द्र मातहत रहने शिक्षा विकास तथा समन्वय एकाइ रहेको छ । शिक्षकहरूको तालिम तथा क्षमता विकासका लागि प्रदेश तहमा शैक्षिक तालिम केन्द्र रहेको छ । त्यसै गरी हरेक गाउँ वा नगरपालिकामा गाउँ वा नगर शिक्षा कार्यालय स्थापना भएका छन् । यसले आफ्नो गाउँ वा नगरपालिकाअन्तर्गतका विद्यालयहरूको सञ्चालन र व्यवस्थापन गर्दछ ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) प्रदेश तहमा शिक्षासम्बन्धी कार्य कुन मन्त्रालयले गर्दछ ?

(ख) जिल्ला स्थित शिक्षा हेर्ने कार्यालयलाई के भनिन्छ ?

(ग) शिक्षक अभिभावक सङ्घको मुख्य काम के हो ?

(घ) नेपालको वर्तमान संविधानले माध्यमिक शिक्षा सञ्चालन गर्ने अधिकार कसलाई दिइएको छ ?

(ङ) कस्तो विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) सामाजिक विकास मन्त्रालयको भूमिका उल्लेख गर्नुहोस् ।

(ख) शिक्षा विकास तथा समन्वय एकाइका कार्यहरू उल्लेख गर्नुहोस् ।

(ग) विद्यालय व्यवस्थापन समितिका कुनै पाँचओटा कार्यहरू उल्लेख गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) विद्यालयको विकासमा प्रधानाध्यापकले खेल्नुपर्ने भूमिकाका बारेमा चर्चा गर्नुहोस् ।

(ख) गाउँ वा नगर शिक्षा कार्यालयको भूमिका र कार्यहरू वर्णन गर्नुहोस् ।

## प्रयोगात्मक कार्य

१. आफू रहेको गाउँ वा नगरपालिकाअन्तर्गतका गाउँ वा नगर शिक्षा कार्यालय वा वडा कार्यालयमा जानुहोस् । शिक्षाको विकासका लागि गाउँ वा नगरपालिकाबाट गरिएका कार्यहरूका बारेमा सम्बन्धित पदाधिकारीहरूसँग छलफल गरी उक्त कार्यालयले गरेका शिक्षासम्बन्धी कार्यहरूको सूची बनाउनुहोस्।